१२५ वर्षमा

हाम्रो गौरव, राष्ट्रको पत्रिका

# गोरखापत्र

वि.सं. १९५८ देखि
निरन्तर प्रकाशित, बहुभाषी राष्ट्रिय दैनिक

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः। सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्जनः।

gorkhapatraonline.com




राष्ट्रिय संस्करण | विवेचना तिहारको सामाजिक महत्त्व | मुस्ताङमा आन्तरिक पर्यटकको ओइरो १४

वर्ष १२५ | अङ्क १६२ | २०८२ साल कात्तिक २ गते आइतबार | कार्तिक कृष्ण त्रयोदशी | नेपाल संवत् ११४५ कौलागा १३ | 2025 October 19 Sunday | पृष्ठ : १२+४ | मूल्य : दस रुपियाँ

### राष्ट्रपति पौडेल बहुपक्षीय विमर्शमा

# ‘निष्पक्ष र स्वतन्त्र निर्वाचनको वातावरण बनाऔँ’



तस्बिर : राष्ट्रपतिको कार्यालय

**राष्ट्रपति रामचन्द्र पौडेल अन्तरिम सरकारका प्रधानमन्त्री सुशीला कार्कीसहित मन्त्रीगण, सुरक्षा निकायका प्रमुखलगायतको सहभागितामा शनिबार राष्ट्रपतिको कार्यालय शीतल निवासमा छलफल गर्नुहुँदै ।**

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, कात्तिक १ गते*

राष्ट्रपति रामचन्द्र पौडेलले भयरहित वातावरणमा स्वतन्त्र, स्वच्छ र निष्पक्ष निर्वाचन हुन्छ भन्ने विश्वास दिलाउने वातावरण बनाउन सरकार र सुरक्षा निकायका प्रमुखलाई निर्देशन दिनुभएको छ।

राष्ट्रपति भवन शीतल निवासमा शनिबार भएको छलफलमा राष्ट्रपति पौडेलले राजनीतिक दल र आमनागरिकलाई चुनावबारे आश्वस्त बनाउन निर्देशन दिनुभएको हो। छलफलमा अन्तरिम सरकारका प्रधानमन्त्री सुशीला कार्कीसहित मन्त्रीहरू र चारै सुरक्षा निकायका प्रमुखको सहभागिता थियो।

राष्ट्रपति पौडेलले शान्तिसुरक्षा कायम गर्न र भयरहित वातावरणमा निर्वाचन गराउन सुरक्षा निकायले प्रभावकारी भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिनुभएको राष्ट्रपतिका प्रेस सल्लाहकार किरण पोखरेलले जानकारी दिनुभयो। राष्ट्रपति पौडेलले भदौ २४ गते लुटिएका हतियार र भागेका कैदीबन्दी सबैलाई अविलम्ब फिर्ता गर्न पनि आग्रह गर्नुभयो।

प्रधानमन्त्री कार्कीले स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा चुनाव गराउन सरकारले कुनै कसर बाँकी नराख्ने बताउनुभयो। उहाँले पूर्ण तयारी र सुरक्षा निकायलाई चाहिने सम्पूर्ण स्रोतसाधन उपलब्ध गराउन सरकार प्रतिबद्ध रहेको बताउनुभयो।

सुरक्षा निकाय प्रमुखले शान्तिसुरक्षा कायम गर्ने र भयरहित वातावरणमा निर्वाचन सम्पन्न गराउन सुरक्षा निकाय सक्षम रहेकाबारे आश्वस्त पार्नुभएको थियो। उहाँहरूले विगतमा योभन्दा कठिन परिस्थितिमा पनि शान्तिपूर्वक निर्वाचन सम्पन्न गराएको स्मरण गराउँदै सुरक्षा निकाय सम्पूर्ण रूपले निर्वाचनका लागि तयार रहेको पनि बताउनुभएको थियो। छलफलमा प्रधानमन्त्री कार्की, मन्त्रीहरू, प्रधान सेनापति अशोकराज सिग्देल, प्रहरी महानिरीक्षक चन्द्रकुबेर खापुङ, सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्याल र राष्ट्रिय अनुसन्धान विभागका प्रमुख टेकेन्द्र कार्कीको सहभागिता थियो। सरकारले आगामी फागुन २१ गते प्रतिनिधि सभाको निर्वाचनको मिति तोकेको छ। निर्वाचनलाई स्वतन्त्र, भयरहित र निष्पक्ष निर्वाचन गराउन आवश्यक तयारी गरिरहेको छ। निर्वाचन आयोगले पनि यसका लागि आवश्यक तयारी गरिरहेको जनाएको छ। पछिल्लो समय राष्ट्रपति पौडेलले पनि तोकिएकै मितिमा निष्पक्ष रूपमा निर्वाचन सम्पन्न हुने वातावरण बनाउन विभिन्न पक्षसँग संवाद गरिरहनुभएको छ।

## सन्तोषजनक प्रगति : प्रधानमन्त्री

प्रधानमन्त्री सुशीला कार्कीले फागुन २१ मा निर्धारित प्रतिनिधि सभाको निर्वाचन सम्पन्न गर्ने दिशामा सन्तोषजनक प्रगति भएको जानकारी दिनुभएको छ। उहाँले शनिबार सामाजिक सञ्जाल एक्समा लेख्नुभएको छ, “तयारी अझै द्रुततर गतिमा अघि बढाइँदै छ। सहज राजनीतिक निकासका लागि निर्वाचन सम्पन्न गर्न सबै पक्ष जिम्मेवार र ऐक्यबद्ध रहौँ।”

प्रधानमन्त्री कार्कीले राष्ट्रपति रामचन्द्र पौडेल, गृहमन्त्री ओमप्रकाश अर्याल र अन्य मन्त्रीसमेतको उपस्थितिमा चार वटै सुरक्षा निकायका प्रमुखसँग निर्वाचनको तयारी र सुरक्षा अवस्थाका विषयमा शनिबार शीतल निवासमा गम्भीर छलफल गरेको जानकारी दिनुभएको छ। उहाँले चुनावको वातावरण तयार गर्न भइरहेका प्रयासको समीक्षा भएको बताउनुभएको छ।


उहाँले भन्नुभएको छ, “सबै सुरक्षा प्रमुखले उच्च मनोबलका साथ सुरक्षा व्यवस्था मिलाउन तयार रहेको जानकारी गराउनुभएको छ। चुनावको वातावरण बनाउन राजनीतिक तहबाटै पहलकदमी लिइएको छ। राजनीतिक दलसँग संवादको सुरुवात भएको छ।”

### प्रबुद्ध समूहसँग राष्ट्रपतिको छलफल

राष्ट्रपति रामचन्द्र पौडेलले प्रबुद्ध एवं बौद्धिक अगुवासँग संवाद गर्नुभएको छ। राष्ट्रपति कार्यालय शितल निवासमा भएको संवादमा उहाँले देशको निकासका लागि प्रबुद्ध एवं बौद्धिक क्षेत्रका खबरदारी जारी रहनुपर्ने बताउनुभयो। राष्ट्रपति पौडेलले मुख्य तीन विषयमा परामर्श गर्नुभयो। उहाँले सरकारले घोषणा गरेको फागुन २१ गतेको निर्वाचन निष्पक्ष र भयरहित ढङ्गले सम्पन्न गर्नुपर्ने, राजनीतिक दलहरू निर्वाचनमा सहभागी हुनुपर्ने र जेनजीसँगै जनताको भावना अनुसार देश अघि बढ्नुपर्ने विषयमा संवाद गर्नुभयो।

» बाँकी पृष्ठ २ मा

## नामोनिसान छैन त्रिविका यी जग्गाको


तीनसय पचहत्तर रोपनी बिर्ता जग्गा
त्रिभुवन विश्वविद्यालयका निम्ति श्री ५ मुमा बडामहारानी-हरूबाट बक्सियो

काठमाडौं, आषाढ १७ गते। त्रिभु-वन विश्व विद्यालय समितिबाट प्राप्त खबर अनुसार श्री ५ मुमा बडामहारानीहरू-बाट ३७५ रोपनी ललितपुर इलाकाको नीजि बिर्ता जग्गा त्रिभुवन विश्व विद्या-लयका लागि चन्दा स्वरूप बक्सेको छ।

**२०१३ साल असार १७ गते गोरखापत्र दैनिकमै प्रकाशित समाचार ।**

**सूर्यप्रसाद पाण्डे**
*काठमाडौँ, कात्तिक १ गते*

त्रिभुवन विश्वविद्यालय (त्रिवि) स्थापनाको क्रममा दिइएको जग्गा अतिक्रमण तथा सीमा मिचिएका तथ्य सार्वजनिक भइरहँदा केही स्थानका जग्गाको अझैसम्म नामोनिसानसमेत भेटिएको छैन।

२०१३ सालमा त्रिवि स्थापनाका लागि ललितपुरको लुभु, काठमाडौँको छाउनी, स्वयम्भू, महाराजगन्ज, काभ्रेको नगरकोटलगायतका स्थानमा जग्गा अध्ययन गरिएको थियो, जसमध्ये तत्कालीन श्री ५ मुमा बडामहारानीहरू कान्ति राज्यलक्ष्मी शाह र ईश्वरी राज्यलक्ष्मी शाहले ललितपुरको लुभुमा ३७५ रोपनी निजी बिर्ता जग्गा विश्वविद्यालय स्थापनाका लागि दिएका विभिन्न अभिलेखबाट देखिन्छ तर यो जग्गा अहिले कुन ठाउँमा छ र कसले भोगचलन गरिरहेको छ भन्ने सामान्य जानकारी कसैलाई पनि छैन।

त्रिभुवन विश्वविद्यालयको जग्गा तथा अचल सम्पत्ति खोजबिन समितिको प्रतिवेदन, २०८१ ले पनि यसलाई उजागर गरेको छ। तत्कालीन अवस्थामा बडामहारानीहरूले जग्गा दिएको विषय २०१३ साल असार १७ गते गोरखापत्र दैनिकमै समाचार छापिएको छ। “त्रिविलाई जग्गा दिइएको भनेको क्षेत्रको धरातलीय यथार्थ बुझ्न विश्वविद्यालय कमिसनले २०१३ वैशाख २ गते निरीक्षण गरेको त्रिविकै पहलमा लेखिएको विश्वविद्यालयको इतिहास (२०१६-२०२०) सम्बन्धी पुस्तकमा उल्लेख छ,” प्रतिवेदनमा भनिएको छ।

प्रतिवेदन अनुसार उक्त स्थानका लागि आवश्यक पर्ने पानी गोदावरी खोला, ढुङ्गेमती, गोपालडोल, श्री ढुङ्गमतीबाट पाइप बिछ्याउनका लागि पाइपलाइनको दुरीसमेत गणना गरेको र त्यसरी दिइएको जग्गा गोदावरी नौधाराबाट ३.५ माइल उत्तरपश्चिममा र गुन्डुमती १.५ माइल दक्षिण पश्चिम कुनामा रहेको विश्वविद्यालयको इतिहाससम्बन्धी पुस्तकमा उल्लेख गरिएको छानबिन समितिले प्रस्ट पारेको छ। साथै २०१३ असार १४ गते कमिसनको नारायणहिटीमा बसेको बैठकले उक्त जग्गामा आवासीय विश्वविद्यालयसमेत स्थापना गर्न सकिने र उक्त जग्गा विश्वविद्यालयको कार्यमा राखिदिने निर्णय गरिएको विविध अभिलेखबाट पुष्टि भएको समितिको प्रतिवेदनमा छ तर समितिले गत वर्ष उक्त जग्गाबारेमा स्थानीयको सहयोगमा लुभु क्षेत्रको अवलोकन गरे पनि जग्गा यकिन हुन नसकेको बताएको छ। नापी कार्यालय ललितपुरको फिल्डबुकमा पनि साबिक लुभु पञ्चायत वडा नं. ९ (क) का विभिन्न कित्ताका जग्गा किसानले कमाइरहेको देखिएको थियो। २०२१ साल फागुनको नापी अनुसार जग्गावाला किसानको नाम, थर, वतन महलमा श्री ५ जिजुमुमा बडामहारानीको निजी बिर्ता जग्गा भनी उल्लेख भएको प्रमाण भेटिएको थियो।

> तत्कालीन श्री ५ मुमा बडामहारानीहरू कान्ति राज्यलक्ष्मी शाह र ईश्वरी राज्यलक्ष्मी शाहले ललितपुरको लुभुमा ३७५ रोपनी निजी बिर्ता जग्गा विश्वविद्यालय स्थापनाका लागि दिएका विभिन्न अभिलेखबाट देखिन्छ तर यो जग्गा अहिले कुन ठाउँमा छ र कसले भोगचलन गरिरहेको छ भन्ने सामान्य जानकारी कसैलाई पनि छैन।

साथै किसानको बेहोरामा पनि यो जग्गा श्री ५ बडा महारानीको बिर्ता हो मैले जोती खाएको भन्ने बेहोरा उल्लेख भएको पनि समितिका सदस्य बल्लभ अधिकारीले जानकारी दिनुभयो। यी सबै तथ्य केलाउँदा उक्त जग्गाको भौगोलिक अवस्थिति खोजबिन गर्न अझै केही समय लाग्ने देखिएको तर समितिको कार्यावधि सकिएकाले पूरा गर्न नसकिएको समितिले जनाएको छ। त्रिविले छुट्टै खोजबिन समिति गठन गरी थप अध्ययन गर्न उपयुक्त हुने सुझाव समितिले दिएको छ।

» बाँकी पृष्ठ २ मा

**» अन्तर्राष्ट्रिय**

## युद्ध रोक्न र शान्ति स्थापना गर्न आग्रह



**अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्प र युक्रेनका राष्ट्रपति भ्लोदिमिर जेलेन्स्की ह्वाइट हाउसमा भेटवार्ता गर्नुहुँदै ।**

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, कात्तिक १ गते*

अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले युक्रेनका राष्ट्रपति भ्लोदिमिर जेलेन्स्कीसँग ह्वाइट हाउसमा लामो भेटवार्तापछि युक्रेन र रुसलाई हालको सीमारेखामा युद्ध तुरुन्त रोक्न र त्यसलाई अन्त्य गर्न आग्रह गर्नुभएको छ।

“धेरै रगत बगिसकेको छ, अब दुवै पक्षले जितेको दाबी गर्न सक्छन् तर इतिहासले त्यसको निर्णय गर्ने छ,” ट्रम्पले भन्नुभयो, “तपाईंहरू जहाँ हुनुहुन्छ, त्यहीँ रोकिनुहोस्, आफ्ना परिवारमा फर्कनुहोस् र शान्ति कायम राख्नुहोस्।” यसअघि केही हप्ताअघि ट्रम्पले युक्रेनले रुसबाट कब्जा गरेको सम्पूर्ण भूभाग फिर्ता लिन सक्ने विश्वास व्यक्त गर्नुभएको थियो तर हालको अभिव्यक्तिले उहाँको दृष्टिकोणमा केही परिमार्जन आएको अन्तर्राष्ट्रिय समाचार संस्था एपीले जनाएको छ। जेलेन्स्कीले भन्नुभयो, “अहिले नै युद्ध रोकिनु आवश्यक छ र त्यसपछि वार्ता अगाडि बढाउनु पर्छ।” तर ट्रम्पले युक्रेनलाई भूभाग फिर्ता दिन दबाब दिएकोसम्बन्धी प्रश्नमा उहाँले स्पष्ट जवाफ दिनुभएन।

ट्रम्पले रुसका राष्ट्रपति भ्लादिमिर पुटिनसँगको टेलिफोन वार्तापछि युक्रेनलाई लामो दुरीका टोमाहक क्षेप्यास्त्र उपलब्ध गराउने विषयमा केही अनिच्छा देखाउनुभएको छ। यी क्षेप्यास्त्रले युक्रेनी सेनालाई

» बाँकी पृष्ठ २ मा

# कामको दाम नपाउँदा नर्स पलायन

**सरोज ढुङ्गेल**
*काठमाडौँ, कात्तिक १ गते*

नेपालमा काम अनुसारको दाम पाउन नसक्दा नर्स विदेश पलायन हुन बाध्य छन्। प्रमाणपत्र तह अध्ययनका लागि सात लाख रुपियाँभन्दा बढी खर्च हुने र स्नातक तहको अध्ययनका लागि १५ लाखभन्दा बढी खर्च हुने गरेकोमा सरकार तथा निजी अस्पतालले अत्यन्त न्यून पारिश्रमिकमा काममा लगाएपछि नर्स धमाधम विदेश पलायन भइरहेका छन्।

करिस्मा शर्मा (नाम परिवर्तन) उपत्यकाको एक सरकारी अस्पतालमा नर्सिङ निर्देशकका रूपमा कार्यरत हुनुहुन्थ्यो। उहाँको तलबभत्ता सातौँ तहको थियो तर पनि नेपालमा भविष्य नदेखेपछि उहाँ केही समयअघि मात्र अमेरिका जानुभयो। करिस्मा एक उदाहरण हो, नेपालमा करिष्मा जस्ता हजारौँ नर्सिङ जनशक्ति पलायन भइरहेका छन्।

सरकारी अस्पतालमा नर्सको न्यूनतम तलब ३४ हजार ७३० रहेको छ। उक्त तलबदेखि असन्तुष्टि प्रकट गर्दै सरकारी तथा निजी अस्पतालमा कार्यरत हजारौँ नर्स पलायन भइरहेका छन्। अमेरिका, अस्ट्रेलिया, क्यानडा र युरोप मात्र होइन, पछिल्लो समय कुबेत, साउदी, दुबईलगायतका देशमा पनि पलायन हुने क्रम बढेको छ।

नेपाल नर्सिङ परिषद्को तथ्याङ्क अनुसार हरेक वर्ष एक हजारभन्दा बढी नर्स बिदेसिने गरेका छन्। परिषद्को तथ्याङ्कबाहेकका नर्स पनि विदेश जाने गरेका छन्। कतिपय नर्सिङ अध्ययन गर्न जाने र त्यहीँ कार्यरत छन्। नर्सिङ परिषद्का अनुसार २०८२ असार मसान्तसम्ममा ५० हजार ७७६ जना नर्सले विदेश जानका लागि अनुमतिपत्र (एनओसी) लिएका छन्।




### सरकारी सरह तलब दिन निर्देशन

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले निजी अस्पताल तथा मेडिकल कलेजमा कार्यरत नर्स तथा स्वास्थ्यकर्मीको पारिश्रमिक सरकारी सरह दिन निर्देशन गरे पनि हालसम्म सरकारी निर्देशनको पालना हुन सकेको छैन।

पछिल्लो समय विभिन्न अस्पताल तथा मेडिकल कलेजमा कार्यरत नर्स कम पारिश्रमिक दिइएको भन्दै आन्दोलनमा उत्रिएका छन्। नर्स आन्दोलनमा उत्रिएपछि स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले निजी अस्पताललाई सरकारी सरह तलबभत्ताको व्यवस्था गर्न निर्देशन दिएको छ।

नेपालका मेडिकल कलेज तथा अस्पतालमा कार्यरत नर्सलाई ११ हजारदेखि तलबमा लगाएका छन्। सरकारले नर्सको आधारभूत तलब ३४ हजार ७३० तोकेको छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले नर्सिङ तथा स्वास्थ्यकर्मीको पारिश्रमिक सुविधाका सम्बन्धमा गत वर्ष २७ मङ्सिरमा भएको निर्णय तथा निर्देशन कार्यान्वयन गर्न स्वास्थ्य विज्ञान प्रतिष्ठान, सरकारी, सामुदायिक र निजी अस्पताल तथा मेडिकल कलेजलाई पाँचबुँदे निर्देशन दिएको छ। २०८१ मङ्सिर २७ गतेको निर्णय अनुसार जारी निर्देशन अझै पूर्ण रूपमा कार्यान्वयन नभएको भन्दै मन्त्रालयले अस्पतालहरूलाई तुरुन्त कार्यान्वयन गरी प्रतिवेदन मन्त्रालयमा बुझाउन निर्देशन दिएको हो।

नेपाल नर्सिङ सङ्घकी अध्यक्ष चन्द्रकला शर्माले नर्सको तलबभत्ता अत्यन्तै कम रहेको जानकारी दिनुभयो। उहाँले पछिल्लो समय मणिपाल मेडिकल कलेज र गण्डकी मेडिकल कलेजका नर्सलाई न्यून पारिश्रमिक दिने गरेको पाइएकाले सरकारलाई सङ्घका तर्फबाट ज्ञापनपत्र बुझाइएको बताउनुभयो। मन्त्रालयले स्वास्थ्यकर्मीलाई अनुभवको प्रमाणपत्र अनिवार्य रूपमा प्रदान गर्नुपर्ने र पारिश्रमिक बैङ्किङ प्रणालीमार्फत मात्र उपलब्ध गराउनुपर्ने व्यवस्था पनि स्पष्ट पारेको छ। मन्त्रालयले निर्देशन कार्यान्वयन नगर्ने अस्पताल र संस्थामाथि कारबाहीको प्रक्रिया अघि बढाइने चेतावनीसमेत दिएको छ।

### ‘सरकारी सरह तलब दिन सक्दैनौँ’

यसैबिच नेपाल प्राइभेट मेडिकल तथा डेन्टल कलेज एसोसिएसनले नर्सलाई सरकारले तोकेबमोजिमको तलबभत्ता दिन नसक्ने पत्र स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयलाई पठाएको छ। एसोसिएसनका अध्यक्ष प्राडा ज्ञानेन्द्रमान सिंह कार्कीले सरकारले भन्दैमा नर्सलाई सरकारी सरह तलबभत्ता दिन नसक्ने प्रस्ट पार्नुभयो। उहाँले पाँच वर्ष नर्सले जागिर नछाड्ने प्रतिबद्धता गरे ४० हजार पुऱ्याउन सकिने बताउनुभयो। सबै सेवासुविधा सरकारी सरह चाहिन्छ भने निजी मेडिकल कलेजलाई सरकारीकरण गर्न उहाँले चेतावनी दिनुभयो।

### आइतबार सर्वपक्षीय छलफल

प्रधानमन्त्री सुशीला कार्कीले आन्दोलनरत नर्सका समस्या समाधान गर्न निर्देशन दिएपछि स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले सर्वपक्षीय छलफल सुरु गरेको छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले शुक्रबार सरोकारवाला पक्षका रूपमा आन्दोलनरत नर्सका प्रतिनिधि, नेपाल नर्सिङ सङ्घका प्रतिनिधि, निजी मेडिकल तथा डेन्टल

» बाँकी पृष्ठ २ मा

## पार्टी खोल्ने तयारीमा जेनजी अभियन्ता

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, कात्तिक १ गते*



**मिराज ढुङ्गाना**

जेनजी अभियन्ताले नयाँ राजनीतिक पार्टी खोल्ने तयारी गर्दै छन्। अभियन्ता मिराज ढुङ्गानाले देश विकासका लागि राजनीतिक दल खोल्ने तर पार्टीको नाम, विचार आदि तय भइनसकेको बताउनुभएको छ।

जेनजी अभियन्ताले शनिबार काठमाडौँमा राखेको पत्रकार सम्मेलनमा ढुङ्गानाले राजनीतिक पार्टी खोल्नु भनेको चुनाव लड्न मात्रै नभएको प्रस्ट पार्दै भन्नुभयो, “हामीले राजनीतिक पार्टी खोल्नुको अर्थ चुनावमा जान मात्र कदापि होइन। यसमा स्पष्ट होस्। भिडले राजनीति हुँदैन। कि त मैले

» बाँकी पृष्ठ २ मा

**अग्रलेख**



## राजनीतिक निकासको मूल बाटो

सरकारले भ्रष्टहरूलाई कानुनबमोजिम कारबाहीको दयारामा ल्याओस्। पीडितलाई न्याय दिलाउन आवश्यक कार्य गरोस्। सहिद, घाइते र तिनका परिवारलाई आवश्यक सम्मान, सुरक्षा, सुविधा देओस्। आन्दोलनका क्रममा निर्दोष नागरिकलाई पर्न गएको क्षति अध्ययन गरेर आवश्यक प्रबन्ध गरोस्।

**• रामनारायण विडारी**

» विचार पृष्ठ ४

# सरकारको प्राथमिकता सुशासन : सञ्चारमन्त्री

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, कात्तिक १ गते*

सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले सुशासन प्रवर्धन र भ्रष्टाचार नियन्त्रणमा सरकार कठोर रूपमा प्रस्तुत हुने बताउनुभएको छ। ललितपुरको महालक्ष्मी नगरपालिका-२, इमाडोलमा अवस्थित गम्भीर समुद्र सेतु माध्यमिक विद्यालयको ७३ औँ वार्षिकोत्सव कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले सुशासन नै सरकारको प्राथमिकतामा रहेको बताउनुभएको हो।

उहाँले जेनजी आन्दोलनको जगमा बनेको नागरिक सरकारको स्पष्ट म्यान्डेट निर्धारित समयभित्रै निर्वाचन गर्ने, सुशासन कायम र भ्रष्टाचार नियन्त्रण रहेको बताउनुभयो। उहाँले भन्नुभयो, "जेनजीले उठाएको आवाज सुशासन र भ्रष्टाचार नियन्त्रण हो, यो सरकारले त्यो आवाजलाई मुखरित गर्छ। त्यसैले हामी (सरकार) ले भनेका छौँ। सुशासन प्राथमिकतामा छ।"

मन्त्री खरेलले विशेष परिस्थितिमा फरक भूमिकामा आफू मन्त्रीको जिम्मेवारीमा आएको बताउँदै सकेसम्म जनताले परिणाम अनुभूत गर्ने गरी काम गर्ने विश्वास व्यक्त गर्नुभयो। उहाँले जेनजी आन्दोलनका क्रममा क्षति भएका सिंहदरबार, राष्ट्रपति भवन, संसद् भवन, सर्वोच्च अदालतलगायतको पुनर्निर्माण अगाडि बढाउनुपर्ने अपरिहार्य रहेको बताउनुभयो। विद्यालयका प्रिन्सिपल नीराकुमारी श्रेष्ठले विद्यालयले शैक्षिक पाठ्यसामग्रीको र विद्यार्थीलाई व्यावहारिक शिक्षा प्रदान गर्दै आएको बताउनुभयो।

# औषधीमा जेनेरिक नाम अव्यावहारिक

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, कात्तिक १ गते*

सरकारले लागु गरेको औषधीका नाम जेनेरिक नाममा मात्र लेख्नुपर्ने प्रावधानप्रति नेपाल चिकित्सक सङ्घले विरोध जनाएको छ।

सङ्घले चिकित्सकलाई औषधीको जेनेरिक नाम मात्र लेख्नुपर्ने सरकारी नियम असान्दर्भिक, अव्यावहारिक र अवैज्ञानिक रहेको भन्दै विरोध गरेको हो। सङ्घका अध्यक्ष डा. अनिलविक्रम कार्कीले नेपालमा जेनेरिक औषधीको दर्ता र नियमन प्रणाली नै नहुँदा सरकारले लागु गरेको प्रावधान तथा नीति व्यवहारमा लागु गर्न असम्भव रहेको बताउनुभयो। उहाँले हाल नेपालमा औषधी व्यवस्था विभागद्वारा दर्ता र स्वीकृति प्राप्त सबै औषधीहरू 'ब्रान्डेड जेनेरिक' औषधी हो भन्दै उहाँले यी औषधीलाई नै जेनेरिक औषधीका रूपमा बुझ्न सकिने बताउनुभयो।



*तस्बिर : सागर बस्नेत*

**मकालु आधार शिविर अन्तर्गत लाङ्माले खर्कक्षेत्रबाट बिहानीपख देखिएको दृश्य। पृष्ठभूमिमा देखिने चाम्लाङ हिमाल शेर्पा तथा बौद्ध समुदायद्वारा पुजिने पवित्र हिमाल हो।**

# काठमाडौँका विभिन्न स्थानमा भेला प्रदर्शन गर्न निषेध

**राष्ट्रिय समाचार समिति**
*काठमाडौँ, कात्तिक १ गते*

जिल्ला प्रशासन कार्यालय काठमाडौँले विभिन्न स्थानमा आगामी दुई महिनासम्म भेला प्रदर्शन, धर्ना र जुलुस जस्ता विरोधका कार्यक्रम गर्न निषेध गरेको छ।

प्रमुख जिल्ला अधिकारी ईश्वरराज पौडेलद्वारा जारी आदेशमा पाँच जनाभन्दा बढी भेला नहुनसमेत भनिएको छ। विरोधका कार्यक्रम आयोजना गर्दा उत्तेजित भिडबाट तोडफोड, आगजनी जस्ता उच्छृङ्खल तथा अवाञ्छित गतिविधि हुन सक्ने र आपसी मुठभेड, भिडन्त एवं हुलदङ्गा वा अशान्ति हुन सक्ने आदेशमा उल्लेख छ।

स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा ३ 'क' बमोजिम राष्ट्रपति कार्यालय शीतल निवासलगायतका क्षेत्रमा दुई महिनासम्मका लागि पाँच जनाभन्दा बढी व्यक्ति भेला भई अनशन, धर्ना, घेराउ, जुलुस, प्रदर्शन तथा सभा जस्ता विरोधका कार्यक्रम गर्न निषेध गरिएको छ।

राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानअगाडिको चोकसम्म, सामाखुसी जाने मोडदेखि सय मिटर दक्षिणसम्म र दक्षिण पश्चिमतर्क सामाखुसी जाने मोडदेखि सामाखुसी खोलासम्म निषेध गरिएको छ।

हरित गृह (उपराष्ट्रपति कार्यालय) लैनचौर क्षेत्र, केशरमहल चोकदेखि लैनचौर मोड हुँदै मल्ल होटेलको सिमानासम्म नारायणहिटी दरबार सङ्ग्रहालय क्षेत्रमा भेला प्रदर्शन गर्न निषेध गरिएको छ।

त्यसै गरी केशरमहल चोकदेखि नारायणहिटी दरबार सङ्ग्रहालय दक्षिण गेट हुँदै जय नेपाल मोडसम्म, नारायणहिटी दरबार सङ्ग्रहालय दक्षिण गेटदेखि महेन्द्र सालिकसम्म पनि निषेध गरिएको छ। सिंहदरबार क्षेत्रमा भद्रकाली मन्दिर (तीनकुने आइल्याड) को पूर्वी कुनादेखि पूर्वतर्फ सिंहदरबार मूल गेटसम्म, सिंहदरबार मूलगेट अगाडिदेखि उत्तरतर्फ पद्मोदय माविको मोडसम्म भेला प्रदर्शन निषेध गरिएको आदेशमा उल्लेख छ।

पद्मोदय मोडदेखि पूर्वतर्फ महालेखा परीक्षक कार्यालयअगाडि हुँदै अनामनगरतर्फ जाने सिंहदरबारको उत्तरपूर्वी मोड र सो मोडदेखि सिंहदरबार पूर्वी गेट हुँदै हनुमानस्थान मन्दिरसम्म, सिंहदरबार मूलगेटअगाडिदेखि दक्षिणतर्फ सर्वोच्च अदालतअगाडि हुँदै पुरातत्त्व विभागको चोकसम्म, पुरातत्त्व विभागको चोकदेखि सिंहदरबार दक्षिण गेट हुँदै हनुमानस्थान मन्दिरसम्म कुनै पनि भेला प्रदर्शन गर्न निषेध गरिएको छ।

जिल्ला अदालतको पूर्वी मोडको प्रवेश मार्गदेखि जिल्ला प्रशासन कार्यालय उत्तरतर्फको मोडसम्म र प्रधानमन्त्री निवास बालुवाटार क्षेत्रमा पनि निषेध गरिएको छ। राष्ट्रिय सभा अध्यक्षको निवास, प्रधानमन्त्री निवास, प्रधानन्यायाधीश निवास तथा राष्ट्र बैङ्क चोकदेखि पूर्वतर्फ जाने सडकको सय मिटरसम्म भेला प्रदर्शन निषेध गरिएको आदेशमा उल्लेख छ।

# पुनर्निर्माणमा सहभागिताका लागि कोष जुट्दै

**भउचप्रसाद यादव**
*काठमाडौँ, कात्तिक १ गते*

जेनजी समूहका नाममा भदौ २३ र २४ गतेको प्रदर्शनका क्रममा भएको आगजनी, तोडफोड र लुटपाटबाट क्षतिग्रस्त भौतिक संरचनाको पुनर्निर्माणका लागि स्थापना गरिएको कोषमा नागरिकबाट उत्साहपूर्ण सहयोगको अपेक्षा गरिएको छ। स्थापना गरिएको करिब एक महिनाको अवधिमा कोषमा छ करोड नौ लाख रुपियाँ जम्मा भएको छ। क्षतिग्रस्त संरचनाको पुनर्निर्माणका लागि सरकारले असोज ८ गते सो कोषको स्थापना गरेको थियो।

अर्थ मन्त्रालयका सहसचिव तथा प्रवक्ता टङ्कप्रसाद पाण्डेयले 'भौतिक पूर्वाधार पुनर्निर्माण कोष' मा बिहीबारसम्मको तथ्याङ्क अनुसार छ करोड नौ लाख रुपियाँ जम्मा भएको जानकारी दिनुभयो। उहाँका अनुसार कोषमा सर्वसाधारण, व्यापारी र विभिन्न सङ्घ संस्थाबाट रकम जम्मा भएको देखिएको छ।

"यसअघिका विपत् तथा महामारी र अहिलेको क्षतिबारे आमनागरिकमा फरक बुझाइ रहेकाले समेत कोषमा अपेक्षित कम रकम जम्मा भएको नहुन सक्छ। "यसैबिच परेको चाडपर्व तथा अन्य बिदाले समेत सहयोगमा असर परेको हुन सक्छ," उहाँले भन्नुभयो, "त्यसै गरी कोषबारे प्रचारप्रसार गरिए पनि यसबारे आमजनतालाई बुझाउन नसकिएको पनि हुन सक्छ। तैपनि जति जम्मा हुन्छ त्यतिलाई नै राम्रो मान्नु पर्‍यो।"

प्रवक्ता पाण्डेयले थप्नुभयो, "सरकारले पैसैका लागि भन्दा पनि पुनर्निर्माणमा सार्वजनिक सहभागिता होस्, सबैलाई अपनत्व महसुस होस् भन्ने उद्देश्यले यस कोषको स्थापना गरिएको हो।"

सरकारद्वारा भौतिक पूर्वाधार पुनर्निर्माण समिति (गठन) आदेश, २०८२ जारी गरेर 'भौतिक पूर्वाधार पुनर्निर्माण कोष' स्थापना गरेको हो। राष्ट्रिय वाणिज्य बैङ्कमा 'भौतिक पूर्वाधार पुनर्निर्माण कोष' को '१९६०१००१०२०७०००४' खाता नम्बरमा सहयोग रकम जम्मा गर्न सकिने अर्थ मन्त्रालयले जनाएको छ। उद्योग प्रतिष्ठानले कोषमा जम्मा गरेको रकम चालु आर्थिक वर्ष २०८२/८३ को करयोग्य आयबाट कट्टी गर्न पाउने सुविधासमेत दिइएको जनाइएको छ।

### छ अर्ब रुपियाँ खर्च हुने अनुमान

प्रदर्शनका क्रममा क्षतिग्रस्त भवनको सबै भवनको मर्मतका लागि साढे छ अर्ब रुपियाँ खर्च हुने अनुमान गरिएको सहरी विकास तथा भवन विभागले जनाएको छ।

विभागका महानिर्देशक मचाकाजी महर्जनका अनुसार सो प्रदर्शनका क्रममा मुलुकभरि सङ्घीय सरकारी कार्यालयका ४४० वटा र राष्ट्रपतिको कार्यालय, प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय (सिंहदरबार), संसद् भवन, प्रधानमन्त्रीको निवास, विभिन्न मन्त्रालय र मन्त्री निवासलगायतका ५५ वटा विशिष्ट भवन क्षतिग्रस्त भएको थियो। क्षतिग्रस्त ४४० वटा सङ्घीय सरकारी कार्यालयमध्ये ३० वटा भवनमा सामान्य क्षति, १३४ वटा पूर्ण क्षति र १७६ वटा भवनमा आंशिक क्षति भएका छन्।

# विध्वंसले देश विकास हुन्न : ओली

**गोरखापत्र समाचारदाता**
*ललितपुर, कात्तिक १ गते*

नेपाल कम्युनिस्ट पार्टी (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले देशमा सकारात्मक परिवर्तन हुनु अनिवार्य रहे पनि भत्काउने र विध्वंस गर्ने परिवर्तन देशलाई नचाहिएको उल्लेख गर्नुभएको छ।

पार्टी मुख्यालय च्यासलमा शनिबार आयोजित शुभकामना आदानप्रदान कार्यक्रममा अध्यक्ष ओलीले भौतिक संरचना, तोडफोड गरेर देशको विकास कहिल्यै सम्भव नहुने दाबी गर्नुभयो।

नेपाली जनताले ठुलो सङ्घर्ष र बलिदान दिएर देशमा लोकतन्त्र ल्याएको चर्चा गर्दै अध्यक्ष ओलीले भन्नुभयो, "अर्काको घरमा आगो लगाउने, सरकारी भौतिक संरचना ध्वस्त गर्ने, सामाजिक सञ्जालमा अस्वस्थता र गलत भाष्य सिर्जना गर्नुले मुलुकमा शान्ति र विकास हुँदैन।"

कानुनी र राजनीतिक रिक्तताले मुलुक चल्न नसक्ने भन्दै अध्यक्ष ओलीले भन्नुभयो, "व्यक्तिगत रिसइबी गरेर मुलुकमा शान्ति आउँदैन, मसहित नेतालाई पक्राउ गर्ने भनिएको छ, के कारण देखाएर पक्राउ गर्ने? आधार त चाहिएला नि पक्राउ गर्ने? सम्पत्ति छानबिन गर्ने भनिएको छ, गर्नूस् छानबिन, निष्पक्ष छानबिन गर्नूस्।"

जेनजी युवाको टाउकोमा आरोप थुपारेर परिवर्तन तुहाउने प्रयास भइरहेको बताउँदै अध्यक्ष ओलीले भन्नुभयो, "व्यक्तिको घर जलाउन जेनजी गएका होइनन्, सार्वजनिक भौतिक संरचना जलाउन र तोडफोड गर्न जेनजी गएको होइन। जेनजीको आवरणमा आपराधिक गिरोहले सबै गलत काम गरेको हो। त्यसको उचित छानबिन हुनु पर्छ।"

"समय गतिशील भएकाले सबैले हेक्का राख्नुपर्ने भन्दै अध्यक्ष ओलीले आज गल्ती गर्नेहरू भोलि कठघरामा आउनु पर्छ भन्ने ख्याल गर्नु पर्छ," उहाँले सुझाव दिनुभयो। देश र जनताका पक्षमा काम गर्नेको जहिले सही मूल्याङ्कन हुने तर गलत काम गर्नेको ढिलोचाँडो पहिचान हुने उहाँले बताउनुभयो।

जेनजी आन्दोलनपछि पहिलो पटक पार्टी मुख्यालय च्यासलमा पुगेर धारणा राख्दै अध्यक्ष ओलीले सरकारका तर्फबाट जेनजीमाथि गोली चलाउने निर्देशन नदिइएको पुनः दोहोर्‍याउनुभयो। घटनाको निष्पक्ष छानबिन गर्न उहाँले माग गर्नुभयो।

# कांग्रेस बैठक स्थगित

**गोरखापत्र समाचारदाता**
*ललितपुर, कात्तिक १ गते*

नेपाली कांग्रेस केन्द्रीय कार्यसमिति बैठकमा नेताहरूले मङ्सिरभित्र नियमित महाधिवेशन गर्न माग गरेका छन्। असोज २८ देखि केन्द्रीय कार्यालय सानेपामा जारी बैठकमा नेताहरूले १५ औँ महाधिवेशन गरेर नेतृत्व र साङ्गठनिक रूपान्तरण गर्नुपर्ने विचार राखेका हुन्।

महामन्त्री गगनकुमार थापाले पेस गर्नुभएको १० प्रस्तावमाथि विचार राख्दै नेताहरूले जेनजी समूहको विद्रोहमा उठेका सवाललाई दृष्टिगत गरेर १५ औँ महाधिवेशन मङ्सिरमै गर्नुपर्ने बताएका हुन्।

कांग्रेस केन्द्रीय सदस्यद्वय मीनबहादुर विश्वकर्मा र मुक्ताकुमारी यादवका अनुसार बैठकमा फागुन २१ गतेको निर्वाचनभन्दा अघि महाधिवेशन गर्नुपर्ने र गर्न नसकिने विचार आएका छन्। नेता विश्वकर्माले भन्नुभयो, "केन्द्रीय सदस्यले बोल्ने क्रम जारी छ। १५ औँ महाधिवेशन गर्ने पर्छ तर मिति केन्द्रीय कार्यसमिति बैठकबाटै टुङ्गो लाग्छ।"

### शोक प्रस्ताव पारित

नेपालको लोकतान्त्रिक आन्दोलनका अथक योद्धा, कांग्रेसका पूर्वकेन्द्रीय सदस्य, पूर्वमन्त्री ८४ वर्षीय ऋषिकेश गौतमको निधनप्रति दुःख व्यक्त गर्दै शोक प्रस्ताव पारित गरी कांग्रेस बैठक स्थगित भएको छ। नेपाल विद्यार्थी सङ्घका संस्थापक केन्द्रीय सदस्य एवं नेपाली कांग्रेस बाराका पूर्वसभापति गौतमको असोज ३१ गते काठमाडौँको पेप्सीकोलास्थित निवासमा भएको हो। पूर्वमन्त्री गौतम २०३६ देखि २०४८ सम्म बारा जिल्ला सभापति, २०४८ र २०५६ मा बारा जिल्ला प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं. ३ बाट प्रतिनिधि सभा सदस्यमा निर्वाचित र नेपाली कांग्रेस संसदीय दलको पूर्वसचिव हुनुहुन्थ्यो।

कांग्रेस मुख्यसचिव कृष्णप्रसाद पौडेलका अनुसार नेपालमा लोकतन्त्र स्थापना र पुनर्स्थापनाका आन्दोलन र सङ्घर्षका क्रममा उहाँले पटक पटक जेल जीवन व्यतीत गर्नुभएको थियो। उहाँको निधनप्रति दुःख व्यक्त गर्दै कात्तिक १, २ र ३ गते पार्टीको केन्द्रीय कार्यालय, प्रदेश कार्यालय र जिल्ला कार्यालयमा झन्डा आधा झुकाउने लगायतका निर्णय भएको छ। कांग्रेस केन्द्रीय कार्यसमितिको बैठक कात्तिक १३ गते बस्ने छ।

# निर्वाचन नभए अर्को अराजकता : प्रचण्ड

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, कात्तिक १ गते*

नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) का संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड' ले फागुन २१ गतेको निर्वाचन संविधानसम्मत र लोकतान्त्रिक प्रक्रियाको हिस्सा भएको बताउनुभएको छ। निर्वाचन हुन नसके देशमा अर्को अराजकता आउन सक्ने चर्चा गर्दै घोषित निर्वाचनलाई भाँड्ने काम कसैले नगर्न पनि चेतावनी दिनुभयो।

पार्टी कार्यालय पेरिसडाँडामा शनिबार आयोजित शुभकामना आदानप्रदान कार्यक्रममा संयोजक प्रचण्डले सबैले राष्ट्रिय सहमतिका साथ चुनाव सम्पन्न गराउनु नै यतिबेलाको आवश्यकता रहेको बताउनुभयो। उहाँले भन्नुभयो, "यतिबेला अत्यन्त जटिल परिस्थितिबाट गुज्रिरहेका छौँ। संविधान र लोकतन्त्र जोगाउनु अहिलेको सबैभन्दा सहज, समावेशी र राष्ट्रहितको विकल्प भनेकै आगामी फागुन २१ गते तोकिएको निर्वाचन हो।"

संयोजक प्रचण्डले पटक पटक संसद् विघटन गरेकाले नै अहिले संसद् पुनर्स्थापनाको कुरा गर्नु हास्यास्पद भएको बताउनुभयो, "केपी ओली प्रधानमन्त्री हुँदा संसद् विघटन भयो, राष्ट्रपतिको भूमिकाले त्यो सङ्कट अझ चर्कियो। अहिले उनीहरूकै समूहले संसद्को कुरा गर्नु विडम्बनापूर्ण हो।" पूर्वप्रधानमन्त्रीसमेत रहनुभएको संयोजक प्रचण्डले भन्नुभयो, "निर्वाचन नगरे देशमा अर्को अराजकता आउन सक्छ। त्यसैले सबैले राष्ट्रिय सहमतिका साथ चुनाव सम्पन्न गराउनु जरुरी छ।"

प्रचण्डले जेनजीलाई क्रान्तिकारी आन्दोलनको उत्तराधिकारीका रूपमा सम्बोधन गर्दै भन्नुभयो, "२३ गते भएको आन्दोलनले देखायो हाम्रो युवापुस्ताले आफ्नो राजनीतिक उपस्थिति प्रमाणित गरिसकेको छ। उनीहरू अरूका होइनन्, क्रान्तिकारीका उत्तराधिकारी हुन्। उनीहरूमाथि अपमानजनक टिप्पणी गरिनुहुन्न।"

आधुनिक प्रविधि र युवापुस्ताको क्षमतालाई सही दिशामा परिचालन गर्न सक्नुपर्ने बताउँदै उहाँले भन्नुभयो, "डिजिटलाइजेसनको युगमा तपाईंहरूको प्राविधिक क्षमता र हाम्रो विचारको अनुभवलाई एउटै ठाउँमा जोड्न सके, दुनियाँको कुनै शक्तिले हामीलाई हराउन सक्दैन।"

कार्यक्रममा माओवादी नेता वर्षमान पुनले जेनजी आन्दोलनले सोच र अवस्था बदलिएको भन्दै यसलाई क्रान्तिकारीले वैज्ञानिक दृष्टिकोणबाट हेर्नुपर्ने बताउनुभयो।

### नामोनिसान...

त्यस्तै विद्वत् शिरोमणि हेमराज शर्माको स्मृतिमा उहाँका छोरा केशरीराज पाण्डे र बुहारी किरणकुमारी पाण्डेले त्रिविलाई दिएको काठमाडौँ कपनको जग्गाबारे पनि त्रिवि पदाधिकारी अनभिज्ञ देखिएका छन्। समितिका अनुसार पाण्डेको स्मृतिमा कपन गाउँ पञ्चायत वडा नं. ७ (क) को कित्ता नं. १९ को २९ रोपनी आठ आना जग्गा त्रिविलाई दिएको देखिन्छ।

२०४६ सालको त्रिवि कार्यकारी परिषद्को बैठकको निर्णय नं. १८४६ ले पाण्डे परिवारले दिएको जग्गा लिने र निजसँग लालपुर्जा र खरिदबमोजिमको जग्गा छोडपत्र गराई रजिस्ट्रेसन पास गराई लिने स्वीकृति भएको देखिन्छ तर विश्वविद्यालयको प्रशासन महाशाखाबाट कार्यकारीको निर्णय कार्यान्वयन गर्नेतर्फ चासो नदिएको समितिको ठहर छ।

समितिले यस जग्गाका सम्बन्धमा मालपोत कार्यालय चाबहिलसँग समन्वय गरेर कम्प्युटर अभिलेखमा खोजी गर्दा नभेटेपछि पुरानो लगत हेरेर खोजी गरिदिन पत्राचार गरेको थियो तर यही अवधिमा समितिको कार्य अवधि सकिएका कारण थप तथ्य केलाउन नसकिएको सदस्य अधिकारीले बताउनुभयो। यस विषयमा पनि त्रिविले छुट्टै समिति बनाएर खोजी गर्नुपर्ने सुझाव दिइएको छ।

यसअघि त्रिविले सम्पत्ति सङ्कलन, संरक्षण तथा व्यवस्थापनबारे अध्ययन गर्न, २०७२ चैत ४ गते प्राध्यापक अनुपकुमार श्रेष्ठको संयोजकत्वमा एक समिति गठन गरेको थियो। समितिले नीति, नियम र समन्वयको अभाव, दक्ष जनशक्तिका कारण अभिलेख र भण्डारणको समस्या रहेको औँल्याएको थियो।

### पार्टी...

देश विकास गर्न गैरसरकारी संस्था (एनजिओ) खोल्नु पर्‍यो नभए राजनीतिक पार्टी खोल्न पर्‍यो। हुलमुलबाट देशको विकास हुँदैन।" उहाँले आफूहरूको पार्टीको विधान, विचार, नामलगायत विषयमा छलफल भइरहेकाले साथीसँग सल्लाह गरेपछि सार्वजनिक गर्ने जानकारी दिनुभयो।

जेनजी अभियन्ता ढुङ्गानाले संविधान संशोधन गरेर मुलुकलाई विकासशील राष्ट्रमा स्तरोन्नतिमा लाग्नुपर्ने बताउनुभयो। उहाँले गौतम बुद्धदेखि सगरमाथा, पशुपतिनाथ जस्ता सांस्कृतिक सम्पदाबाट धेरै लाभ लिन सक्ने अवस्था भए पनि सुनको खानीमा बसेर मान्छे बेचेर बस्नु परेको उहाँले तर्क गर्नुभयो। जेनजी आन्दोलनको पहिलो दिन जेनजी मात्रै सहभागी भए पनि दोस्रो दिन सबै नेपाली सहभागी भएकाले सबै मिलेर देश बनाउनुपर्ने बताउनुभयो।

आफू राजनीतिमा होमिइसकेकाले नैतिकताले छाड्न नमिल्ने उहाँको भनाइ छ। "यस्तो खालको क्रान्ति धेरै समयपछि आएको छ। आज छोडियो भने भोलि आउँदैन। देश विकास गर्ने अभियानमा जोडिएर सँगसँगै काम गरौँ," उहाँले भन्नुभयो। विश्वका सबैभन्दा बढी जनसङ्ख्या भएका मुलुकको बिचमा भएकाले नेपालबाट बेच्न मिल्ने धेरै कुरा भएको उहाँले बताउनुभयो।

ढुङ्गानाले आफ्ना निश्चित बटमलाइन पूरा नभए निर्वाचनमा सहभागी नहुने प्रस्ट पार्नुभयो। "जनताबाट प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री प्रमुख बटमलाइन हो। आलङ्कारिक राष्ट्रपति हुनु पर्छ। यो पूरा नभए चुनावमा जानुको अर्थ छैन" उहाँले भन्नुभयो, "नेपालबाट बिदेसिएका ८० लाखलाई भोटिङ गर्ने व्यवस्था हुनु पर्छ। तीन करोड जनसङ्ख्यामा ८० लाखलाई छुटाएर हुँदैन। यो देश कता लैजाने उहाँहरूले भन्न पाउनु पर्छ।"

### युद्ध...

रुसको भित्री क्षेत्रमा लक्षित गर्न सक्षम बनाउने विश्वास गरिएको छ। पुटिनले यस विषयमा अमेरिकासँगको सम्बन्धमा असर पर्ने चेतावनीसमेत दिनुभएको छ।

ट्रम्पले भन्नुभयो, "हामीसँग आवश्यक क्षेप्यास्त्र भण्डार हुनु जरुरी छ किनभने जहिले पनि युद्धको अवस्था आउन सक्छ तर हामी चाहन्छौँ कि युद्ध सकिएपछि क्षेप्यास्त्र आवश्यक नपरोस्।" ट्रम्पले हङ्गेरीमा हुने बैठकमा पुटिन र जेलेन्स्की दुवैलाई भेट्ने सम्भावना रहेको सङ्केत गर्नुभयो। सन् २०२१ को फेब्रुअरी २४ देखि रुस र युक्रेनबिच युद्ध सुरु भएको हो। यो युद्धले दुवैतर्फ ठुलो क्षति पुर्‍याउनुका साथै विश्व अर्थतन्त्र नै प्रभावित भएको छ। युद्धका क्रममा रुसले युक्रेनको २० प्रतिशत भूभाग कब्जा गरेको छ।

### 'निष्पक्ष...

राष्ट्रपतिसँगको भेटमा बौद्धिक अगुवाले सरकार र दललाई निरन्तर खबरदारी गर्दै आएको प्रस्ट पार्नुभयो। राष्ट्रपतिसँगको भेटमा पूर्वराजदूत प्राडा लोकराज बराल, त्रिभुवन विश्वविद्यालयका पूर्वउपकुलपति एवं पूर्वराजदूत केदारभक्त माथेमासहित राजनीतिज्ञ एवं राजनीतिशास्त्री प्राध्यापक कृष्ण खनाल, हरि शर्मा, केशव दाहाल, तुलानारायण शाह, गेजा शर्मा वाग्ले, इन्द्र अधिकारी, मुमाराम खनाल, कसमस विश्वकर्मा र उद्धव प्याकुरेल सहभागी हुनुहुन्थ्यो।

### कामको...

कलेज सङ्घका प्रतिनिधि, जेनजी प्रतिनिधि चिकित्सा शिक्षा आयोगका प्रतिनिधिसहित छलफल गरेको छ। छलफललाई थप निष्कर्षमा पुर्‍याउन आइतबार सर्वपक्षीय छलफल हुने निर्णय गरेको छ। नेपाल नर्सिङ सङ्घकी अध्यक्ष प्राध्यापक चन्द्रकला शर्माले नर्सिङका समस्या, आन्दोलनरत नर्सले उठाएका माग र सेवासुविधाका विषयमा छलफल भएको जानकारी गराउनुभयो। स्वास्थ्य सचिव डा. विकास देवकोटाले शुक्रबार भएको छलफल सकारात्मक दिशातर्फ अघि बढेको बताउनुभयो। उहाँले आन्दोलनरत नर्सका विषयमा सरकार सकारात्मक रहेको जानकारी दिनुभयो।

# थासो उठाएर सडक सफा राख्ने महतो

**वसन्त पराजुली**
*नारायणगढ, कात्तिक १ गते*

निलो रङको टिसर्ट र सेतो कट्टु लगाएका काले महतोको हातमा सधैँ बेल्चा देखिन्छ। हातको बेल्चाले सडकमा हिँडेका हात्तीले गोब्र्याएको थासो (दिसा) सोहोरेर ठेलामा राख्नुहुन्छ। सौराहाको गैँडाचोकनजिकै थासो उठाउन व्यस्त रहेका महतोले आफ्नो काममा कुनै असजिलो नभएको बताउनुभयो। उहाँले भन्नुभयो, "थासो सफा गर्दा घिन लाग्दैन बरु आनन्द अनुभव हुन्छ। जे भए पनि अहिले सौराहा क्षेत्रमा हात्तीको थासो देख्न पाइँदैन।"

पूर्वी चितवनको रत्ननगर नगरपालिका बछ्यौली निवासी काले महतो बिहानको ७ बज्दानबज्दै सौराहाका सडकमा निस्किएर थासो सफा गर्न थाल्नुहुन्छ। सडकमा जम्मा भएको थासो सफा गर्ने महतोको दिनचर्या नै हो। यो काम उहाँले दिनको दुई पटक गर्नुहुन्छ। बिहान ७ देखि ९ बजेसम्म र दिउँसो २ देखि ४ बजेसम्म उहाँ थासो सोहोर्न व्यस्त रहनुहुन्छ। सौराहास्थित निकुञ्जको हात्तीसारदेखि गैँडाचोक, हात्तीचोक हुँदै बाघमारा सामुदायिक वनसम्मको उहाँले नियमित थासो सङ्कलन गर्नुहुन्छ। सौराहामा सबैभन्दा बढी हात्ती हिँडडुल गर्ने सडक नै यही हो।

"एक पटकमा ५० किलोभन्दा बढी थासो जम्मा हुन्छ। त्यसलाई कसैले घरमा मलका रूपमा प्रयोग गर्न माग्छन् पनि। त्योबेला उनीहरूको घरसम्मै लगिदिन्छु। अघिपछि बाघमारा वनको एकछेउमा थासो फाल्ने ठाउँ बनाइएको छ, त्यहीँ पुर्‍याउँछु," उहाँले भन्नुभयो। सौराहामा विशेष गरी पर्यटकलाई जङ्गल सफारीका लागि हात्ती पालिन्छ। चितवन राष्ट्रिय निकुञ्जभित्रका हात्ती भने जङ्गल गस्तीमा प्रयोग गर्ने गरिएको छ। यसरी जङ्गल सफारीका क्रममा सौराहाको सडक भएर हिँड्ने हात्तीले गोब्र्याएपछि सडक फोहोर हुने गरेको थियो।



**सडकबाट हात्तीको थासो उठाउँदै काले महतो।**

सौराहाका होटेल व्यवसायी गोकर्ण गिरी सडकमा थासो भइन्जेल भुसुना र झिँगाले दुःख दिने गरेको तर अहिले त्यो समस्या नभएको बताउनुहुन्छ। "हात्तीको दिसा सफा गरिदिएको छ र सौराहा अहिले सौराहा जस्तै सुन्दर देखिएको छ," गिरीले भन्नुभयो। हात्तीको थासोले भुसुना आउँदा निकै समस्या भएको थियो। कतिपय सडकमा हिँड्दा आँखामा भुसुना परेर समस्या हुन्थ्यो भने सडकछेउमा भएका होटेलमा पनि खानेकुरामा भुसुना र झिँगा बसेर फोहोर बनाइदिन्थे। सडक नियमित सफा हुन थालेपछि त्यो समस्या टरेको छ," उहाँले सुनाउनुभयो।

होटेल व्यवसायी सुमन घिमिरेले केही वर्षअघिसम्म जताततै हात्तीको थासोले पर्यटकीय नगरी सौराहा दुर्गन्धित देखिए पनि गरेकोमा अहिले त्यो समस्या हटेको बताउनुभयो। महतोलाई सोही संस्थाले नै सडक सफा गर्न परिचालन गरेको हो। सोबापत उहाँले न्यूनतम पारिश्रमिक पनि पाउनुहुन्छ। सहकारी संस्थाका अध्यक्ष दीपेन्द्र खतिवडा महतोको पारिश्रमिकभन्दा पनि कामप्रतिको लगाव महत्त्वपूर्ण भएको बताउनुहुन्छ। सौराहामा अहिले २९ वटा निजी क्षेत्रमा र ३३ वटा सरकारी तहमा हात्ती पालिएका छन्। निजी हात्ती पर्यटक घुमाउन प्रयोगमा ल्याइएको छ। सरकारीमध्ये आठ वटा निकुञ्ज गस्तीमा र २५ वटा प्रजननका लागि राखिएका छन्। विशेषतः निकुञ्ज सफारी गर्ने हात्ती नै सडकमा हिँड्ने हुँदा तिनीहरूकै फोहोर सफा गर्नुपर्ने भएको हो।

### थासो कागजको कच्चा पदार्थ

हात्तीको थासो कागज बनाउनका लागि राम्रो कच्चा पदार्थ हो। सौराहामा नै केही वर्षअघिसम्म थासोबाट कागज उत्पादन गरिन्थ्यो। अहिले उक्त उद्योग बन्द भइसकेको छ। सहकारी संस्थाका कर्मचारी मधुसूदन अधिकारी कागज उद्योग किन बन्द भयो भन्ने थाहा नभएको बताउनुहुन्छ।

लामो समयसम्म सौराहाका हात्तीको उपचार तथा स्याहारसुसारमा लागेका पशुचिकित्सक डा. विजय श्रेष्ठका अनुसार एउटा हात्तीले एक पटकमा १० वटासम्म डल्लो थासो गर्छ। एउटा डल्लो कम्तीमा आधा किलोको हुने भएकाले एकै पटकमा हात्तीले पाँच किलोसम्म थासो निकाल्छ। हात्तीले दिनमा पाँच पटकसम्म दिसा गर्ने भएकाले दैनिक २५ किलो थासो खसाल्ने गर्छ। सौराहामा मात्रै ६२ वटा हात्तीले दिनमै एक हजार ५५० केजी थासो निकाल्ने गरेकोमा उक्त थासो त्यसै खेर गइरहेको छ। श्रेष्ठ भन्नुहुन्छ, "थासोलाई पेलेर कागज बनाउने गरिएकै थियो। यो कार्य किन रोकिएको हो, सम्बन्धित निकायको ध्यान पुगे हुन्थ्यो।"

# सात वटा सवारीसाधन ठोक्किँदा एक्काइस जना घाइते



मुग्लिङ–नारायणगढ सडकखण्डको गाईघाटमा आपसमा ठोक्किएका सवारीसाधन ।

**नारायणगढ समाचारदाता**
*नारायणगढ, कात्तिक १ गते*

चितवनको मुग्लिङ–नारायणगढ सडकखण्ड अन्तर्गत गाईघाटमा सात वटा सवारीसाधन एक साथ दुर्घटनामा परेका छन् । उक्त दुर्घटनामा परी २१ जना घाइते हुनुभएको छ । घाइतेमध्ये दुई जनाको अवस्था गम्भीर रहेको जिल्ला प्रहरी कार्यालय चितवनका प्रवक्ता रवीन्द्र खनालले जानकारी दिनुभयो । घाइते हुनेमा अधिकांश नवलपरासी बर्दघाटपूर्वका रहेका छन् ।

शनिबार बिहान सवा ७ बजे सात वटा सवारीसाधन एकअर्कोमा ठक्कर खाएका थिए । भरतपुर महानगरपालिका–२९ स्थित गाईघाटमा मुग्लिङबाट नारायणगढतर्फ आइरहेको ना ८ ख ६६२९ नम्बरको ट्रक र विपरीत दिशाबाट जाँदै गरेको बा ४ ख ७४२० नम्बरको बस पहिले ठोक्किएका थिए । बसको पछाडि लस्करै रहेका ना ७ ख ९६०७ नम्बरको टेलर, बा.प्र– ०६–००१ ग ०४८४ नम्बरको विद्युतीय माइक्रो, ग २ ख १६२६ नम्बरको बस, त्यसपछाडिको ना ३ च ३२५६ नम्बरको बलेरो र बिएबी ८४७० नम्बरको कार ठोक्किएका हुन् ।

घाइतेको उपचार भरतपुरका विभिन्न अस्पतालमा भइरहेको छ । अहिलेसम्म नेसनल सिटी अस्पतालमा १३ जना, नयाँ मेडिकल कलेज भरतपुरमा चार जना, जनता केयर अस्पतालमा चार जनाको उपचार भइरहेको प्रहरीले जानकारी दिएको छ । घाइतेमध्ये दुई जनाको अवस्था गम्भीर रहेको प्रहरीले जानकारी दिएको छ । तनहुँको देवघाट गाउँपालिका–५ स्थित ५२ वर्षीय युवराज साखी, सोही ठाउँका सर्मिला साखी, अर्चना साखी, हेटौँडा उपमहानगरपालिका–७ का अजय स्याङताङ रहेका छन् ।

यस्तै नवलपरासी (बर्दघाट, सुस्ता पश्चिमका) ३२ वर्षीय प्रकाश पाण्डे, पवित्रा पाण्डे, सोही ठाउँका प्रज्ञा पाण्डे, आसुतोष पाण्डे, कलश पाण्डे, पुष्पा भण्डारी, चितवनको खैरहनी नगरपालिका–२ की कृपा नेपाल, केदार नेपाल, काव्य नेपाल, जुना तामाङ, रत्ननगर नगरपालिकाकी सरु चेपाङ, इस्मिरिका रानामगर, काठमाडौँकी १८ वर्षीय कला दुर्लाकोटी रहेका छन् । उनीहरूको उपचार नेसनल सिटी अस्पताल भरतपुरमा भइरहेको छ । उनीहरूमध्ये जुना र सरुको अवस्था गम्भीर रहेको प्रहरीले जानकारी दिएको छ ।

यस्तै नवलपरासी बा ४ ख ७४२० नं. को बसमा सवार नवलपरासीस्थित कावासोतीका श्रीराम रानाभाट, पार्वती रानाभाट, निशान रानाभाट, विपिन्सा रानाभाट घाइते भएका छन् । सडक दुर्घटना भएर अवरुद्ध भएको नारायणगढ–मुग्लिङ सडकखण्ड सञ्चालनमा आएको छ ।

## समाचार सङ्क्षेप

### करेन्ट लागेर घाइते

**हेटौँडा** (गोरखापत्र), कात्तिक १ गते । मकवानपुरको बकैया र हेटौँडामा करेन्ट लागेर दुई जना घाइते हुनुभएको छ । पूर्वी मकवानपुरको बकैया गाउँपालिका–६, बेलबोट शुक्रबार दिउँसो करेन्ट लागेर काभ्रे महाभारत गाउँपालिका बस्ने २१ वर्षीय आयुष लामा घाइते हुनुभएको छ ।


भित्री सडकखण्डमा बेलबोबाट काठ लोड गरी हेटौँडा आउँदै गरेको बा.प्र.०३–००१ ख २१६७ नं. को ट्रकको छतमा बसेर घर घरमा लगेको विद्युत्को तार पन्छाउँदै अगाडि बढ्ने क्रममा एक्कासि ११ हजार भोल्टको तारमा छोई करेन्ट लाग्दा लामा घाइते हुनुभएको हो । बागमती प्रदेश प्रहरीका अनुसार करेन्ट लागेर लामा ट्रकमाथिबाट सडकमा खस्नुभएको थियो ।

उहाँको मकवानपुर सहकारी अस्पतालमा उपचार भइरहेको छ । घाइतेको दुवै खुट्टा र शरीरको विभिन्न भागमा चोट लागेको अस्थायी प्रहरी पोस्ट गरगरेले जानकारी दिएको छ । ट्रक र ट्रकचालक (साहु) हेटौँडा–५ बस्ने ४० वर्षीय रमेशप्रसाद चौहानलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

त्यस्तै शुक्रबार दिउँसो हेटौँडा उपमहानगरपालिका–१०, कर्रा चोकमा करेन्ट लागेर एक जना घाइते हुनुभएको छ । हेटौँडा उपमहानगरपालिका–१६ उत्तर पानी बस्ने २५ वर्षीय विमल बम्जन पसल छेउमा रहेको तारमा छुन पुग्दा करेन्ट लागेर घाइते हुनुभएको हो । कर्रा चोकस्थित श्रीराम पान पसलमा पान किन्न आएका बम्जन पसल छेउको तार छुन पुग्दा घाइते भएको बागमती प्रदेश प्रहरीले जानकारी दिएको छ । घाइतेको हेटौँडा अस्पतालमा उपचारपश्चात् थप उपचारका लागि मोडेल अस्पताल रिफर गरिएको छ ।

# सयपत्री फूलको माग बढ्यो

**हेटौँडा समाचारदाता**
*हेटौँडा, कात्तिक १ गते*



तस्बिर : अनिल पराजुली

बकैयामा सयपत्री फूलको व्यावसायिक खेती गर्दै आउनुभएका नारायण घिमिरे ।

तिहारनजिकिएसँगै सयपत्री फूलको माग बढ्न थालेको छ । व्यावसायिक उत्पादन न्यून भएकाले बजारमा फूलको अभाव देखिएको हो ।

पूर्वी मकवानपुरको बकैयाका व्यवसायी नारायण घिमिरेलाई यतिबेला सयपत्री फूल बिक्री गर्न भ्याइनभ्याइ छ । हेटौँडा उपमहानगरपालिकासहित बकैया, बागमती र ललितपुरबाट पनि फूलको माग आएपछि उहाँलाई भ्याइनभ्याइ भएको हो । व्यावसायिक तरकारी खेतीसहित गत वर्षदेखि फूलखेतीमा लागेका घिमिरेले मखमली र सयपत्री फूलको खेती गर्नुभएको छ ।

करिब तीन कट्ठामा उहाँले टेनिस बल प्रजातिको सयपत्री फूलको खेती गर्नुभएको छ । चितवनबाट २५ सय बिरुवा ल्याएर उहाँले लगाउनुभएको थियो । हाल उहाँले प्रतिमाला एक सय रुपियाँदेखि १२० रुपियाँसम्ममा बिक्री गर्दै आउनुभएको छ । उहाँले फूल प्रतिकेजी पाँच सय रुपियाँका दरले बिक्री गरेको जानकारी दिनुभयो ।

"अहिले बजारको समस्या छैन, दिनहुँ फूलको माग आइरहेको छ, कतिपय त बारीमै लिन आउनुहुन्छ," घिमिरेले भन्नुभयो । तिहारअगाडि भएका सामाजिक कार्यक्रमका लागि पनि फूलको माग भइरहेको छ । हेटौँडा–१८, बकैया–३, ४ नं. वडालगायतका क्षेत्रमा १० हजार रुपियाँभन्दा बढीको फूल बिक्री गरिसकेको उहाँले बताउनुभयो । तिहार सुरु हुनुभन्दाअगाडिबाट फूलेको फूल एकादशीसम्म बिक्री हुने गरेको उहाँको भनाइ छ । फूल बिक्री गरेर डेढ लाख रुपियाँभन्दा बढी आम्दानी लिन सक्ने उहाँको अनुमान छ ।

अहिले स्थानीय तहले पनि प्लास्टिकको र बाहिरबाट आउने फूललाई प्रतिबन्ध गरेकाले यहाँका किसानले उत्पादन गरेको फूलले बजार पाएको छ ।

# आमा सुरक्षा कार्यक्रम स्थगित

**बनेपा समाचारदाता**
*बनेपा, कात्तिक १ गते*

सङ्घीय सरकारले पर्याप्त बजेट विनियोजन नगरेका कारण काभ्रेपलाञ्चोकको बनेपा नगरपालिकामार्फत सञ्चालन हुँदै आएको 'आमा सुरक्षा' कार्यक्रम रोकिएको छ ।

सङ्घीय सरकारको सहयोगमा बनेपा नगरपालिकाले विगत १४ वर्षदेखि बनेपामा रहेको शिर मेमोरियल अस्पतालसँग सहकार्य गर्दै 'आमा सुरक्षा' कार्यक्रम सञ्चालन गर्दै आएको थियो ।

चालु आव २०८२/८३ का लागि सङ्घीय सरकारबाट उपलब्ध गराइएको बजेटबाट उक्त कार्यक्रम सञ्चालन गर्न पर्याप्त रकम नभएकाले हालका लागि उक्त कार्यक्रम अघि बढाउन नसकिने नगरपालिकाले जनाएको छ । शिर मेमोरियल अस्पतालले बुधबार पत्रकार सम्मेलनको आयोजना गर्दै नगरपालिकाले बजेट अपर्याप्त रहेको कारण देखाउँदै तत्कालका लागि नगरपालिकाले उक्त कार्यक्रम सञ्चालन गर्न नसकिने भन्दै पत्राचार गरेको जनाएको हो । कार्यक्रममा अस्पतालका प्रमुख कार्यकारी अधिकृत डा. हेक्टर गायरसले नगरपालिकाले बजेटको अपर्याप्तता देखाउँदै विगत १४ वर्षदेखि अस्पतालसँग सहकार्य गर्दै सञ्चालन गरेको 'आमा सुरक्षा' कार्यक्रम स्थगन गर्न पत्राचार गरेकाले उक्त कार्यक्रम कात्तिक १ गतेबाट सञ्चालन गर्न नसकिने बताउनुभएको हो ।

उहाँले नगरपालिकाले सरकारमार्फत उपलब्ध गराउने रकम उपलब्ध गराउन नसकिने भन्दै कार्यक्रम स्थगन गरे पनि अस्पतालले प्रदान गर्दै आएको प्रयोगशाला जाँच, युएसजी, एक्सरेबाहेकका अन्य सेवामा जनरल वार्डमा सेवा प्राप्त गर्नेका लागि दिँदै आएको ५० प्रतिशत छुट र औषधीमा पाँच प्रतिशत छुट भने अस्पतालले उपलब्ध गराइराख्ने बताउनुभयो ।

अस्पतालले नगरपालिकासँगको सहकार्यमा विसं २०६८ फागुन ११ गतेदेखि मातृ सुरक्षा कार्यक्रम सञ्चालन गर्दै आएको थियो । अस्पतालमा दैनिक आठ/१० जना सुत्केरी हुने गरेका र अस्पतालमा उक्त कार्यक्रम लागु भएदेखि हालसम्म करिब २८ हजार महिलाले सेवा पाएको अस्पतालले जनाएको छ । उक्त कार्यक्रम अन्तर्गत नेपाल सरकारबाट ३२ प्रतिशत र सम्बन्धित बिरामीले २० प्रतिशत रकम बेहोर्दै आएका थिए भने अस्पतालले ४८ प्रतिशत योगदान दिएको अस्पतालकी भिपी मेडिकल अफेयर्स डा. एन्जेला बस्नेतले जानकारी दिनुभयो ।

नगरपालिकाले 'आमा सुरक्षा' कार्यक्रम अन्तर्गत आव २०८१/८२ मा सेवा उपलब्ध गराएका एक हजार ५४८ जनाको ९६ लाख ८५ हजार पाँच सय रुपियाँ भुक्तानी गर्न बाँकी रहेको अस्पतालले जनाएको छ । यस्तै चालु आवको साउन र भदौमा सेवा उपलब्ध गराएबापत अस्पतालले नगरपालिकाबाट १३ लाख ९० हजार रुपियाँ भुक्तानी लिनुपर्ने देखिएको छ । अस्पतालले काभ्रेपलाञ्चोक जिल्लाका साथै भक्तपुर, सिन्धुपाल्चोक, दोलखा, रामेछाप, ओखलढुङ्गा, सिन्धुलीलगायतका जिल्लाका बिरामीलाई समेत स्वास्थ्य सेवा प्रदान गर्दै आएको छ ।

# निःशुल्क शववाहन सेवा




**हेटौँडा समाचारदाता**
*हेटौँडा, कात्तिक १ गते*

हेटौँडा उपमहानगरपालिकाले निःशुल्क शववाहन सेवा सुरु गरेको छ । जेनजी समूहको आन्दोलनका क्रममा आगजनीबाट ध्वस्त भएको शववाहन बुधबारबाट पुनः हेटौँडा उपमहानगरपालिकाले सञ्चालनमा ल्याएको हो ।

हेटौँडा उपमहानगरसहित जिल्लाका अन्य स्थानबाट दाहसंस्कारका लागि शव सागरसम्म लैजाने समस्या अब हटेको छ । अघिल्लो कार्यकालमा उपमहानगरपालिकाले २३ लाख रुपियाँमा खरिद गरेको शववाहन जलेर पूर्ण रूपमा क्षति भएको थियो ।

"गत भदौ २४ गतेको आन्दोलनका क्रममा शववाहन पनि जलाइयो भन्ने सुनेपछि म निकै रोएकी थिएँ, जलाउन त हेटौँडामा रहनुभएका मेरा अग्रज, समकालीन र अनुज नेतासँगै मेरो घर पनि जलाइएको थियो । आफ्नै घरमा आगलागी हुँदा पनि मन दुःखेको थिएन, सिङ्गो देश जल्दै गर्दा मेरो घर जल्नु गौण बन्यो सायद," हेटौँडा उपमहानगरपालिका प्रमुख मीनाकुमारी लामाले भन्नुभयो ।

"उपमहानगरपालिकाको कार्यालय पनि जलाइएको थियो, यस्तो काम देशैभर भएका कारण मैले आफूलाई समालेकी छु तर उपमहानगरपालिकाको शववाहन पनि खरानी भयो भन्ने सुनेपछि मैले मन थाम्न सकिनँ, निकै रोएँ," नगरप्रमुख लामाले सामाजिक सञ्जालमार्फत पीडा पोख्नुभएको छ ।

जीवनको अत्यन्तै दुःखद समयमा शववाहनकै कारण नगरवासीले सास्ती झेल्नु नपरोस् भनेर सजिलैसँग शववाहन सम्बन्धित परिवारसम्म पुऱ्याउनका लागि तत्कालै शववाहनको व्यवस्था गरिएको हो । शववाहन सेवाले हेटौँडा उपमहानगरपालिका क्षेत्रभित्र निकै प्रभावकारी सेवा पुऱ्याएको थियो । हेटौँडा उपमहानगरपालिकाका १९ वटै वडामा निःशुल्क शववाहन सेवा पुऱ्याउन थालिएको छ ।

**नेपाल सरकार**
**नेपाल कृषि अनुसन्धान परिषद्**
**कृषि अनुसन्धान निर्देशनालय**
**लुम्बिनि प्रदेश, खजुरा, बांके**

**शिलबन्दी दरभाउपत्र आब्हानको सूचना**

(सूचना प्रकाशित मिति : २०८२/०७/०२)

यस कृषि अनुसन्धान निर्देशनालय, लुम्बिनि प्रदेश, खजुरा बांकेलाई आ.व. २०८२/८३ को लागि बाखा तथा मत्स्य आहाराको कच्चा पदार्थ/तयारी दाना शिलबन्दी दरभाउपत्र मार्फत खरीद गनुपर्ने भएकोले इजाजत पत्र प्राप्त उत्पादक कम्पनी वा आपुर्तिकर्त्ता फर्महरूबाट शिलबन्दि दरभाउपत्र पेश गर्न हुन यो सूचना आब्हान गरिन्छ । शिलबन्दि दरभाउपत्र फाराम सम्बन्धि कागजात यो सूचना प्रकाशित भएको मितिले १५ औ दिनसम्म कार्यालय समयभित्र तोकिएको दस्तुर (फिर्ता नहुने गरी) तिरी यस कृषि अनुसन्धान निर्देशनालय, लुम्बिनि प्रदेश, खजुरा, बांकेबाट खरिद गर्न सकिनेछ । खरिद गरिएको दरभाउपत्र सूचना प्रकाशित भएको मितिले १६ औ दिन दिनको १२:०० बजेसम्ममा तोकिए बमोजिमको जमानत बापतको रकम कोष तथा लेखा नियन्त्रक कार्यालय, बांकेको राष्ट्रिय बाणिज्य बैंक नेपालगंज स्थित धरौटी खाता नं. ४१३०१००१०२०३०००० कार्यालय कोड नं. ३१२४१५७०३ मा जम्मा गरेको सक्कलै भौचर वा नेपाल अधिराज्यभरको कुनैपनि मान्यता प्राप्त बाणिज्य बैंकबाट यस निर्देशनालयको नाममा जारी गरिएको कम्तिमा ७५ दिनको म्याद भएको (अन्तिम दर्ता मितिबाट) बैंक जमानत संलग्न गरी पेश गनुपर्नेछ साथै मु.अ.क. प्रमाणपत्र, इजाजत प्रमाणपत्र र आ.व. २०८१/८२ सम्मको कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपिहरू समेत संलग्न राख्नुपर्नेछ । रीतपूर्वक दर्ता गरिएको शिलबन्दि दरभाउपत्र सूचना प्रकाशित मितिले १६ औ दिन दिनको २:०० बजे यस निर्देशनालयमा खोलिने छ । उक्त दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट खोलिने छ । दरभाउपत्र सम्बन्धी थप विवरण बुझ्न परेमा यस निर्देशनालयमा सम्पर्क राख्नहुन सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

| क्र.सं. | ठेक्का नं. | सप्लाई गर्नुपर्ने वस्तुहरुको विवरण | दरभाउपत्र जमानत रकम रु. | दरभाउपत्र दस्तुर रकम रु. |
|---|---|---|---|---|
| १ | DOAR/SQ/ Goods/01-2082/83 | बाखा तथा मत्स्य आहाराको कच्चा पदार्थ/तयारी दाना | ४००००/- | १०००/- |

**काठमाण्डौ उपत्यका खानेपानी लिमिटेड**
**मुख्य कार्यालय, त्रिपुरेश्वर, काठमाडौं**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रकाशित मिति: २०८२/०७/०२

यस कार्यालयको लागि आवश्यक निम्न बमोजिम बोलपत्र आह्वान भए अनुसार प्राप्त बोलपत्रहरू मध्ये तपसिलमा उल्लेखित बोलपत्र न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिएकोले स्वीकृतिको लागि छनोट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) र दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| सि. नं. | बोलपत्रको विवरण | छनोट भएको बोलपत्रदाताको नाम ठेगाना | कुल कबोल रकम (भ्याट तथा PS बाहेक) |
|---|---|---|---|
| १ | The Procurement of Refilling and Supply of Liquid Chlorine (IFB No: KUKL/NCB/01/082/083) | Rohit Chemical Traders, Birgunj, Parsa | १,२९,२२,५००.०० |

साझा यातायात
साझा यातायात सहकारी

**Invitation for Bids**

**Sajha Yatayat**

**Invitation for Bids No. : *SY/NCB/Works/2082/83-01***
**Date of publication : 2082-07-02**

1. ***Sajha Yatayat*** invites electronic bids from Nepalese eligible bidders for the site clearance at new baneshwor (former trolley bus premises) under National Competitive Bidding procedures. The estimated amount for the works is Rs. 55,70,917.52 In words: Five Million, Five Hundred Seventy Thousand, Nine Hundred Seventeen Rupees and Fifty-Two Paisa only (including VAT).
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of ***Sajha Yatayat,Pulchowk, Lalitpur, 01-5452686/01-5424679 info.sajhayatayat@gmail.com*** or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder must submit their bid electronically and can download the bidding documents for e-submission from PPMO's Website www.bolpatra.gov.np/egp,. Bidders, submitting their bid electronically, should deposit the cost Rs. 3,000.00 of bidding document and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   **Name of the Bank:** Nepal Investment Mega Bank Ltd, **Name of Office:** Sajha Yatayat
   **Office Code no.** :040 **Account no.:** 0400103025092
4. Pre-bid meeting shall be held at ***Sajha Yatayat, Pulchowk, Lalitpur*** at ***1:00 pm*** on ***2082-07-21***
5. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egpon or before ***12:00PM*** on ***2082-08-01*** Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***2:00PM*** on ***2082-08-01*** at the office of ***Sajha Yatayat, Pulchowk, Lalitpur***. Bids must be valid for a period of ***60 days*** from the bid submission deadline and must be accompanied by a bid security and scanned copy of the bid security in .pdf format in e-bid, amounting to a minimum of ***1,25,000.00***, which shall be valid for 30 days beyond the validity period of the bid up to ***2082-11-03.***
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

**श्री ऋण असुली न्यायाधिकरण, कमलपोखरी, काठमाडौँको जग्गा लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना ।**
**दोस्रो पटक प्रकाशित मिति : २०८२।०७।०२**

वादी **एनएमबी बैंक लिमिटेड** र **न्यू डिजायर फेशन कलेक्सन** (२४२/०८०-DR-००२८) समेत भएको ऋण असुली मुद्दामा यस न्यायाधिकरणको मिति २०८२।०६।३० को आदेशानुसार वादी बैंकको धितोमा रहेको तपसिलमा उल्लिखित घर,जग्गा/सम्पत्ति जहाँ जे-जस्तो अवस्थामा छन्, सोही अवस्थामा लिलाम बिक्री गर्नुपर्ने भएकोले बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र बैंक तथा वित्तीय संस्थाको ऋण असुली नियमावली, २०५९ तथा अन्य प्रचलित कानूनको अधीनमा रही देहायका शर्तहरू पालना गर्ने गराउने गरी यो सिलबन्दी बोलपत्र आह्वान गरिएको छ ।

**(क) लिलाम बिक्री हुने सम्पत्ति र मूल्य :**

१. प्रस्तुत मुद्दामा पूर्णकला शर्माको नामको जिल्ला नवलपरासी (बर्दघाट सुस्ता पश्चिम), सुनवल वडा नं. ४/४ग कि.नं. २५३३ को क्षे.फ. ०-०-१२-० (२०३.१८) जग्गाको न्यूनतम एकमुष्ट मूल्य रु. १३,५०,०००।- र सोमा रहेको घरको एकमुष्ट न्यूनतम मूल्य रु. १६,०६,०००।-, ऐ.ऐ. स्वाठी वडा नं. १/१ज कि.नं. ३० को ०-०-१५-० (२५३.९८) जग्गाको न्यूनतम एकमुष्ट मूल्य रु. ३८,४७,५००।- गरी कुल जम्मा एकमुष्ट न्यूनतम मूल्य रु. ६८,०३,५००।- (अठ्सठ्ठी लाख तीन हजार पाँच सय रुपैयाँ मात्र) ।

**(ख) शर्तहरू :**

१. इच्छुक व्यक्ति, फर्म, सङ्गठित संस्था वा कम्पनीले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र कार्यालय समयमा रु. ३,०००/- बुझाई बोलपत्र फाराम खरिद गर्न सकिनेछ ।
२. यो सूचना प्रकाशित भएको मितिले १६औँ दिन अपराह्न १:०० बजेसम्म बोलपत्र पेश गर्नुपर्नेछ । यसरी पेश भएका बोलपत्रहरू सोही दिन १:३० बजे यसै न्यायाधिकरणमा बोलपत्र दाता वा निजको प्रतिनिधिको रोहबरमा खोलिनेछ । बोलपत्र दाता वा निजको प्रतिनिधिको उपस्थिति नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्नेछैन । बोलपत्र फाराम बिक्री गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा त्यसको भोलिपल्ट मध्याह्न १२:०० बजेसम्म तोकिएको शुल्क बुझाई बोलपत्र फाराम खरिद गर्न सकिने र बोलपत्र खोल्ने दिन सार्वजनिक बिदा पर्न गएमा उक्त कार्य सोको भोलिपल्ट हुनेछ ।
३. बोलपत्र पेश गर्ने व्यक्तिको हकमा निजले नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र फर्म, सङ्गठित संस्था वा कम्पनीले इजाजत पत्र, दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर, आयकर दर्ता प्रमाणपत्र र कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरू बोलपत्रसाथ पेश गर्नुपर्नेछ । बोलपत्र फाराममा बोलपत्र दाताले आफ्नो इमेल ठेगाना अनिवार्य रूपमा उपलब्ध गराउनुपर्नेछ । बोलपत्र फाराम लिन समेत सक्कल र प्रमाणित प्रतिलिपि सहित स्वयं उपस्थित हुनुपर्नेछ ।
४. उपरोक्त जग्गाहरू भएको क्षेत्रमा हाल साविक लागू भई हाल साविक गरी दाखिल खारेज गर्नुपर्ने अवस्था आएमा सो समेत गर्नमा मञ्जुर भई हाल साविकबाट क्षेत्रफल घटबढ भए सो समेतमा लिलाम सकारकर्ता मञ्जुर हुनुपर्नेछ ।
५. इच्छुक व्यक्ति, फर्म, सङ्गठित संस्था वा कम्पनीले कबुल गरेको अङ्कको १० (दश) प्रतिशत रकम धरौटी बापत कोष तथा लेखा नियन्त्रण कार्यालय, लैनचौर, काठमाडौँको भुक्तानी केन्द्र नं. ३ को नाउँमा राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, ठमेल शाखामा रहेको धरौटी खाता नं. ११००१००१०२०३०००० कार्यालय कोड नं. ३०५००३५०२ मा जम्मा गरी सोको सक्कलै भौचर बोलपत्र साथ पेश गर्नुपर्नेछ ।
६. इच्छुक व्यक्ति, फर्म, सङ्गठित संस्था वा कम्पनीको नाममा खरिद भएको बोलपत्र अर्को व्यक्ति, फर्म, सङ्गठित संस्था वा कम्पनीको नामबाट पेश गर्न पाइनेछैन ।
७. इच्छुक व्यक्ति, फर्म, सङ्गठित संस्था वा कम्पनीले एक्लै वा संयुक्त उपक्रमा मार्फत बोलपत्र प्रक्रियामा सहभागी हुनुपर्नेछ । यसरी सहभागी हुन चाहने बढीमा ३ (तीन) व्यक्ति, फर्म, सङ्गठित संस्था वा कम्पनीको मात्र संयुक्त उपक्रमा सम्झौता मान्य हुनेछ साथै सो उपक्रमा सम्झौताको प्रति बोलपत्र साथ अनिवार्य रूपमा संलग्न गर्नुपर्नेछ ।
८. रीतपूर्वक नभरिएको, म्याद नाघी प्राप्त भएको वा न्यूनतम मूल्यभन्दा घटी मूल्य अङ्कित भएको वा शर्तहरू राखी पेश भएका बोलपत्रहरू उपर कुनै कारबाही हुनेछैन ।
९. न्यायाधिकरणले बोलपत्र खुलेको मितिले १५ (पन्ध्र) दिनभित्र उक्त बोलपत्र उपर निर्णय गर्नुपर्नेछ । बोलपत्र स्वीकृत वा अस्वीकृत भए नभएकोबारे जानकारी लिन बोलपत्र दाता स्वयं लिखित पत्र सहित बोलपत्र खुलेको मितिले १५ दिनभित्र न्यायाधिकरणमा उपस्थित हुनुपर्नेछ र सोको जानकारी न्यायाधिकरणले सोही दिन लिखित रूपमा बोलपत्र दातालाई दिनुपर्नेछ ।
१०. त्यसरी बोलपत्र स्वीकृत भएको जानकारी पाएको मितिले १५ (पन्ध्र) दिनभित्र सम्बन्धित व्यक्ति, फर्म, सङ्गठित संस्था वा कम्पनीले कबुल गरेको अङ्कको बाँकी सम्पूर्ण रकम दाखिला गरी सो घर, जग्गा/सम्पत्तिको रोक्का फुकुवा र दाखिल खारेज पत्र लिइसक्नुपर्नेछ, अन्यथा धरौटी बापत जम्मा गरेको रकम स्वतः जफत भएको मानिनेछ । यसरी जफत भई प्राप्त भएको धरौटी रकम न्यायाधिकरणले १५ (पन्ध्र) दिनभित्र राजस्व खातामा सदरस्याहा गर्नुपर्नेछ ।
११. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस न्यायाधिकरणमा सुरक्षित रहनेछ ।
१२. घर, जग्गा/सम्पत्ति नामसारी गर्दा लाग्ने सम्पूर्ण दै-दस्तुर लिलाम सकार गर्ने व्यक्ति, फर्म, सङ्गठित संस्था वा कम्पनीले व्यहोर्नुपर्नेछ ।
१३. यस न्यायाधिकरणबाट लिलामी सूचना प्रकाशित भइसकेपछि वादी बैंक वा वित्तीय संस्था र ऋणीहरूबीच ऋण रकम चुक्ता सम्बन्धमा सहमति/मिलापत्र (Settle) को आधारमा ऋण चुक्ता गरी वा ऋण चुक्ता कार्यतालिका सहित लिलामी कारबाही स्थगित गरिपाऊँ भनी संयुक्त निवेदन प्राप्त भएको अवस्थामा वा ऋणीले फैसला बमोजिम तिर्नु बुझाउनुपर्ने सम्पूर्ण रकम यस न्यायाधिकरणमा दाखिला गरेमा लिलाम कारबाही स्थगित गर्न सकिनेछ ।
१४. बोलपत्र स्वीकृत नभएमा सोको जानकारी प्राप्त भएको मितिले ७ (सात) दिनभित्र सम्बन्धित बोलपत्र दाताले धरौटी बापत बैंकमा दाखिला गरेको रकम सोही बोलपत्रमा उल्लेख गरिएको बैंक खातामा जम्मा हुने गरी फिर्ता गरिनेछ ।
१५. लिलाम बिक्री हुने घर, जग्गा/सम्पत्तिको विस्तृत जानकारीका लागि वादी एनएमबी बैंक लिमिटेड र बोलपत्र सम्बन्धी अन्य थप जानकारीका लागि यस न्यायाधिकरणमा सम्पर्क राख्न सकिनेछ ।
१६. बोलपत्र फाराम भर्दा बोलपत्र दाताको इमेल ठेगाना अनिवार्य उल्लेख गर्नुपर्नेछ र यस न्यायाधिकरण र बोलपत्र दाताबीच हुने जुनसुकै पत्राचार एवं अन्य आवश्यक सूचना इमेल मार्फतबाट मात्र हुनेछ ।
१७. यो सूचना यस न्यायाधिकरणको Website www.drtribunal.gov.np मा हेर्न सकिनेछ ।

*मेरो सफलताको एउटै कारण कुनै पनि बहाना नबनाउनु हो।*
*– फ्लोरेन्स नाइटिङ्गेल*



सम्पादकीय

# कूटनीतिक विश्वास


**नेपाल विश्व समुदायमा शान्तिप्रिय मुलुक हो। गौतम बुद्धको जन्मभूमि नेपालले विश्व शान्ति कायम गर्न संसारका धेरै मुलुकमा योगदान पुऱ्याउँदै आएको छ। संयुक्त राष्ट्रसङ्घीय शान्ति मिसनमा सहभागी भएर नेपाली सेनाले सेवा गर्दै आएको छ। विश्व शान्तिमा योगदानकर्ता स्वयम्ले भने आर्थिक विकासमा लय समाउन सकेको छैन। मूलतः देशलाई समृद्धिको मार्गमा अगाडि बढाउन भ्रष्टाचार मूल बाधक भयो। सार्वजनिक कोषको दुरुपयोगले आर्थिक विकासका आधार खडा हुन सकेन। चार/पाँच दशकअघि नेपालकै हाराहारीमा रहेका एसियाकै कतिपय मुलुक अहिले आर्थिक तथा सामाजिक विकासको उचाइतिर अग्रसर छन्। बेरोजगारी, अभाव र न्यून आर्थिक वृद्धिको चक्रमा नेपाल परिरहेको छ। यसको मूल कारण भ्रष्टाचार र कुशासन नै हो। सुशासन र पारदर्शिताको अभावले आमसर्वसाधारणमा निराशा फैलिँदै जानु स्वाभाविक थियो। यो अवस्थालाई नवपुस्ता अर्थात् जेनजीले विद्रोहका रूपमा आकार दियो। भदौ २३ र २४ मा घुसपैठबाट आगजनी, तोडफोडका कतिपय अस्वाभाविक परिघटना देखिए पनि जेनजी विद्रोहको सार्थक उद्देश्य देशलाई भ्रष्टाचार मुक्त गर्दै आर्थिक विकासको नयाँ युगमा प्रवेश गराउनु हो। विद्रोहपछि स्थापित सरकार निर्धारित मितिमा निर्वाचन गरी देशलाई सही मार्गमा अग्रसर गराउने दिशामा क्रियाशील छ। यसै सिलसिलामा परराष्ट्र मन्त्रालयसमेतको कार्यभार समाल्नु भएका प्रधानमन्त्री सुशीला कार्कीले काठमाडौँस्थित विदेशी कूटनीतिज्ञलाई शुक्रबार सरकारको कार्यदिशाबारे ब्रिफिङ गर्नुभयो। स्वतन्त्र र निष्पक्ष आमचुनाव सम्पन्न गराउने सरकारको दायित्व सुस्पष्ट पार्नुभयो।**

**सरकारको प्रमुख दायित्व स्वतन्त्र र निष्पक्ष निर्वाचन सम्पन्न गरी नयाँ जनदेशप्राप्त सरकारलाई सत्ता हस्तान्तरण गर्नु नै हो। यो दायित्वप्रति सरकार क्रियाशील छ। निर्वाचन आयोगले सरकार बनेको पहिलो दिनबाटै निर्वाचनको आधार तयार गर्दै छ। राष्ट्रपति रामचन्द्र पौडेल र प्रधानमन्त्री कार्कीले राजनीतिक दलका साथै जेनजी पुस्तासँग आगामी निर्वाचनलाई लोकतान्त्रिक मूल्य र मर्म अनुरूप बनाउने वातावरणका निम्ति पटक पटक बैठक बस्नुभएको छ। निर्वाचनको तयारीसँगै सरकार भ्रष्टाचार निरूपणका निम्तिसमेत क्रियाशील छ। भ्रष्टाचार गरी अकुत सम्पत्ति आर्जन गर्नेविरुद्ध सम्बद्ध निकायको अनुसन्धान प्रक्रिया अगाडि बढ्न थालेको छ। भ्रष्टाचार र कुशासनले निराश आमजनताको विश्वास आर्जन गर्ने दिशामा सरकारले गहन ढङ्गले काम गरिरहेको छ। निर्वाचनलाई विश्वसनीय बनाउन शान्ति सुरक्षाको अवस्थामा सुधार गर्नु जरुरी हुन्छ। कानुनी संरचनाको अभाव परिपूर्ति गर्नुपर्ने हुन्छ। आगामी निर्वाचनमा नयाँ पुस्ताको मत समावेश गर्न अध्यादेशमार्फत कानुन ल्याई मतदाता नामावली सङ्कलन भइरहेको छ। मतदाता नामावलीमा नवपुस्ताको सहभागिता बढ्दो क्रममा छ। प्रधानमन्त्री कार्कीले सरकारले सम्पादन गरिरहेको कामको सविस्तार अन्तर्राष्ट्रिय समुदायलाई जानकारी गराउनुभयो। आगामी निर्वाचनबाट शान्तिपूर्ण र लोकतान्त्रिक ढङ्गले निर्वाचित सरकारलाई सत्ता हस्तान्तरण गर्ने दिशामा सरकार लागिरहेको विश्वास दिलाउनुभयो।**

**नेपाल सङ्घीय लोकतान्त्रिक गणतन्त्रको संवैधानिक संरचना अनुसार अगाडि बढिरहेको छ। लोकतन्त्रमा जनमत अनुरूपको शासन सरकारका निम्ति प्राण हो। आगामी २१ फागुनमा तोकिएको प्रतिनिधि सभा निर्वाचन नयाँ जनादेश लिने महान् अवसरसमेत हो। निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष र भयरहित बनाउँदै नयाँ पुस्ताले बढीभन्दा बढी प्रतिनिधित्व गर्न सक्ने दिशामा अग्रसर हुनु पर्छ। भ्रष्टाचारका पैसाले फेरि जनमत आफ्नो पक्षमा पार्ने विगतका कतिपय निर्वाचनको कुरूप स्वरूप आगामी निर्वाचनमा देखिनु हुन्न। जेनजी विद्रोहको मर्म र भावनाको मूल ध्येय स्वच्छ जनादेश हो। प्रधानमन्त्री कार्कीले अनिश्चित समयमा आफूलाई सरकारको कार्यभार आइपरेको र सो कार्यभार सम्पन्न गर्न अग्रसर रहेको विश्व समुदायलाई स्पष्ट पार्नुभएको छ। नेपालको परराष्ट्र नीति असंलग्नतामा आधारित छ। संयुक्त राष्ट्रसङ्घको बडापत्र, पञ्चशीलका सिद्धान्त र असंलग्नताका मूल्य र मर्मको विदेश नीतिका आधारभूत मान्यताप्रति नेपाल अडिग रहेको प्रधानमन्त्रीले सुस्पष्ट पार्नुभयो। शान्ति सैनिकको माध्यमबाट नेपालले विश्वशान्तिमा पुऱ्याएको योगदान सामान्य भए पनि अर्थपूर्ण भएको उहाँले अन्तर्राष्ट्रिय समुदायको ध्यानाकर्षण गराउनुभयो। विश्वका लोकतान्त्रिक मुलुकको निर्वाचनलाई देशभित्रै र बाह्य पर्यवेक्षणबाट स्वतन्त्र र निष्पक्ष बनाउन आवश्यक पर्ने छ। यस दिशामा कूटनीतिक संवादले अनुकूल अवस्था सिर्जना गर्ने विश्वास व्यक्त गरिएको छ। सरकार विदेशमा बस्ने नेपालीको मत निर्वाचनमा समावेश गर्न आवश्यक तयारीसमेत जुटिरहेको छ। यी यावत् सन्दर्भमा प्रधानमन्त्रीको कूटनीतिक नियोग प्रमुखसँग गरिएको संवादले निर्वाचन र सुशासनको दिशामा आयामिक सन्देश दिएको छ।**


## १२० वर्ष अघिको गोर्खापत्र

१९५८ साल वैशाख २४ गते सोमबार


दरवार.
वैसाप सुदी १५ रोज ६. मा दस्तुर बमोजिम् ४ बजे नोल्सि दर्वार मा नया रजिर्डट संग दर्वार भयो
सोहिदिन ५ बजे थापाथलि दर्वार मा दर्वार भयो

**दरवार.**

वैसाप सुदी १५ रोज ६. मा दस्तुर
बमोजिम् ४ बजे नोल्सि दर्वार मा नया
रजिर्डट संग दर्वार भयो
सोहिदिन ५ बजे थापाथलि दर्वार
मा दर्वार भयो



चिन्तन

शक्नोतीहैव यः सोढुं
प्राक्शरीरविमोक्षणात् ।
कामक्रोधोद्भवं वेगं स युक्तः
स सुखी नरः ॥

जुन मनुष्य शरीर नाश हुनुपूर्व नै काम र क्रोधबाट उत्पन्न वेग सहन समर्थ छ अर्थात् काम, क्रोधमाथि जसले विजय हासिल गरेको छ, त्यो मनुष्य यस लोकमा योगी हो र उही सुखी हो।

– श्रीमद्भगवद्गीता

**लेख प्रतिकियाका लागि**
gopafeature@gmail.com
gopashanibar@gmail.com (शनिबारका लागि)

# राजनीतिक निकासको मूल बाटो



रामनारायण विडारी



सरकारले भ्रष्टहरूलाई कानुनबमोजिम कारबाहीको दायरामा ल्याओस्। पीडितलाई न्याय दिलाउन आवश्यक कार्य गरोस्। सहिद, घाइते र तिनका परिवारलाई आवश्यक सम्मान, सुरक्षा, सुविधा देओस्। आन्दोलनका क्रममा निर्दोष नागरिकलाई पर्न गएको क्षति अध्ययन गरेर आवश्यक प्रबन्ध गरोस्। राष्ट्रिय सम्पदा, सम्पत्ति, सार्वजनिक सम्पत्तिमा आगजनी गर्ने, व्यक्तिको घर लुट्नेको पहिचान गरी कानुनबमोजिमको दण्ड सजाय गरोस्।

नेपालमा राणाकालमा वाक् तथा प्रकाशन स्वतन्त्रता थिएन। २००७ मा राणा शासनविरुद्धमा जनआन्दोलन भयो। त्यसपछि वाक तथा प्रकाशन स्वतन्त्रता आयो। राजा त्रिभुवनले दुई वर्षभित्र सर्वाधिकार सम्पन्न विधान सभाको निर्वाचन गर्ने भनेर घोषणा गरे। त्यसपछि राजनीतिक दल खुले। प्रतिक्रान्तिको प्रयास पनि प्रशस्त भयो। नेपाली कांग्रेसको नाममा लुटपाट मच्चाइयो। २०१५ सालमा पहिलो पटक दलसहितको वालिग मताधिकारको निर्वाचन भयो। कांग्रेसको सरकार गठन भयो। यसको नेतृत्व बिपी कोइरालाले गरे। दुई वर्ष बित्न नपाउँदै राजाले सो सरकारलाई अपदस्त गरेर शासन आफ्नो हातमा लिए। राजाको यो शासन दल प्रतिबन्धसहित पञ्चायत व्यवस्थाको नाममा तीन दशक चल्यो। २०३८ मा दलविहीन दोस्रो वालिग मताधिकारका लागि निर्वाचन भयो। जसले अप्रत्यक्ष रूपमा दल सञ्चालन गर्न मद्दत गऱ्यो। राजतन्त्र शासनकालमा पहिलो पटक निर्दलीय व्यवस्थामा दलीय अभ्यास जनमुखीको नाममा रूपचन्द्र विष्टले गरे।

विसं २०४३ मा कांग्रेस–कम्युनिस्टले निर्दलीय व्यवस्थामा जनपक्ष र प्रजातान्त्रिक नामबाट निर्वाचनमा अभ्यास गरे। फलस्वरूप राजनीतिक दलले जनआन्दोलन गरेर २०४६ मा दलीय व्यवस्था कायम गराए। राजाले पनि संवैधानिक राजतन्त्रको नाममा रहन सहमत भए। २०४७ को संविधान बन्यो चल्यो। २०५१ मा तत्कालीन एकता केन्द्र विभाजन भएर माओवादी बन्यो। सो दलले तत्कालीन राजतन्त्रात्मक बहुदलीय व्यवस्थाको विरुद्धमा 'जनयुद्ध' का नाममा सशस्त्र सङ्घर्ष सुरु गऱ्यो। जसले राजतन्त्रात्मक बहुदलीय व्यवस्थालाई कमजोर बनायो। यसैका कारणसमेत मिसिएर बहालवाला राजाको वंश नै नास भयो। नयाँ राजाले फेरि प्रत्यक्ष शासन हातमा लिए। नाटकीय चुनावको घोषणा पनि गरे/गराए। ससस्त्र सङ्घर्ष र दरबार हत्या काण्डको फ्युजनमा त्यो राजाको शासनविरुद्ध २०६२ मा जनआन्दोलन भयो। फलस्वरूप २०६३ मा संविधान सभा निर्वाचन हुने गरी अन्तरिम संविधान जारी भयो। यही संविधानका आधारमा संविधान सभा चुनाव भएर वर्तमान नेपालको संविधान २०७२ जारी भएको छ।

सङ्क्षिप्तमा यो राजनीतिक इतिहास किन स्मरण गराउनु परेको छ भने २०८२ भदौ २३ गते नेपालका युवाले नेपालमा भ्रष्टाचार चरम अवस्थामा पुगेकाले सोको निर्मूल गर्न र वाक् तथा प्रकाशन स्वतन्त्रता वा हालको आधुनिक सूचना सम्प्रेषित गर्ने सामाजिक सञ्जालको सहज सुचारु गर्न भनेर जुलुसको आयोजना गरे। यसलाई राजनीतिक दलले बेवास्ता गरे पनि आमजनसमुदायले सर्मथन गरे। फलस्वरूप विशाल जुलुस प्रदर्शन भयो। केपी ओली नेतृत्वको सरकारले सो जुलुसलाई नियन्त्रण गर्न सकेन। जुलुस अनियन्त्रित हुन पुग्यो। सत्ताले गोलीको साहाराबाट नियन्त्रण गर्छु भनेर गोली चलाउँदा १९ जना कलिला बालबालिकाको अकालमा मृत्यु भयो। उनीहरू सहिद हुन पुगे। यो कुरा आमनेपाली जनतालाई सह्य भएन। यसको प्रतिकारकमा व्यापक जुलुससहितको आन्दोलन हुने अवस्था आयो। यो देखेर सरकारले रिङरोडभित्र काठमाडौँ र ललितपुरमा कर्फ्यु जारी गऱ्यो।

आक्रोशित भिड रिङरोडबाहिर एकत्रित भयो। सो भिडलाई दुरुपयोग गर्न केही अराजक र केही दलका केही कार्यकर्तालाई धमिलो पानीमा माछा मार्न पल्लेकाहरूले परिचालित गरेर खास गरी प्रधानमन्त्री, मन्त्री भएकालाई आक्रमण गर्ने, लुटपाट र आगजनीका कार्य गर्न सुरु गरे। जसमा बिस्तारै विभिन्न पेसामा रहेका व्यवसायमा रहेका आपराधिक गतिविधिमा रहेर फरार भएका अनागरिक अङ्गीकृत नागरिकसमेत मिसिएर ठुलो सङ्ख्या हुन पुग्यो। जसले रिङरोडभित्र प्रवेश गर्न र कर्फ्यु अवज्ञा गर्न थालेपछि राष्ट्रिय सम्पत्ति, भवन, राज्यका पदाधिकारीका कार्यालय, न्यायपालिका, व्यवस्थापिका, कार्यपालिका तिनै अङ्गमा आगजनी गर्न थाल्यो। अचम्मको कुरा त बिपी, पुष्पलालको सालिक, कृष्णप्रसाद भट्राईको आश्रम रुपचन्द्र विष्टको सवारीसाधनसमेत खोजेर ध्वस्त पारे। यसको अर्थ के लाग्छ ? इतिहासले भन्ला।

सेनाको उपस्थिति भएपछि मात्र स्थिति समालियो। सेनाका उपस्थितिमा आन्दोलनकारी र राष्ट्रपतिबिच वार्ता भयो। यही वार्तामा आवश्यक सबै कुरा हुन सकेन। सरकार कस्तो बनाउने ? चुनाव कसरी कस्तो खालको गर्ने ? संविधानका कुन–कुन प्रावधान संशोधन गर्ने ? राज्यका अङ्गमा पुनर्नियक्ति गर्ने कि नगर्ने ? वास्तविक आन्दोलनकारी शक्तिको राज्य व्यवस्थामा सहभागी कसरी गर्ने ? संसद्लाई कहिले, कसरी र कसले विघटन गर्ने आदि विषयमा विस्तृत सम्झौता हुन आवश्यक थियो। यस्तो विषयमा किटान गर्न आन्दोलनरत जेनजी, राजनीतिक क्षेत्रका विश्लेषकबाट आवश्यक सहायोग लिन आवश्यक थियो। यस्तो गरेको भए दुई दिन ढिला हुन सक्थ्यो तर रोडम्याप तयार हुन्थ्यो र सो रोडम्याप अनुसार वर्तमान सरकार चल्न सक्थ्यो। देशलाई अस्थिरताबाट निश्चित बाटोमा लैजान सजिलो पर्दथ्यो। जे होस् यो कुरा बितिसक्यो। आन्दोलनकर्ताको माग पनि पूरा भएको छैन। आन्दोलन देखाएर स्वार्थ पूरा गर्न हिँडेकाहरूको पनि माग पूरा भएन। यस्तो अवस्थामा वर्तमान सरकार, देशका बुद्धिजीवी, राजनीतिक व्यक्तित्व, दल सबैले तोकिएको मितिमा निर्वाचनमा सहभागी हुने गरी सम्झौता गरौँ।

सम्झौता के–के विषयमा गर्ने ? कसरी गर्ने बारेमा विस्तृत सहभागी हुने गरी सरकारले नै कार्यक्रम आयोजना गरोस्। सरकारलाई सबैले सहयोग गरौँ, संविधानको कठोर व्याख्या नगरी आन्दोलनको मर्म र आवश्यकताको सिद्धान्त अनुरूप संविधान संशोधन, युवा जो १८ वर्ष पुगेका छन्, तिनले निर्वाचनमा भाग लिन पाउने गरी निर्वाचन प्रणालीको संशोधन जो जे गर्नु पर्छ गर्ने गरी सोही सम्झौताबमोजिम निर्वाचन गरौँ। विगतमा पनि आन्दोलनकारी र सरकारबिच सम्झौता भएर नै व्यवस्था परिवर्तन भएको हो।

सन् १९४९ मा जारी भएको भारतको संविधान आजसम्म सक्रिय छ। चीनको संविधान चलिरहेको छ। अमेरिकी संविधान अढाई सय वर्षसम्म चलेको छ। हाम्रो संविधान सभाले जारी गरेको २०७२ को संविधानलाई जेनजी पुस्ताका युवाको माग पूरा हुने गरी संशोधन गर्न सरकार, राजनीतिक दल, नागरिक समाज तयार हुनु देश र जनताका लागि हितकर हुन्छ। भावी पुस्ताले वर्तमान सरोकारवालालाई सम्मानका साथ राख्छन्। देशले राजनीतिक निकास पाउँछ। जनता विकास बाटोमा लाग्न सक्छन्। युवाले रोजगारीको अवसर पाउने छन्। यो कार्य देशमा कार्यरत दल र यसका नेताहरूले सुझबुझका साथ काम गरुन्।

सरकारले भ्रष्टहरूलाई कानुनबमोजिम कारबाहीको दायरामा ल्याओस्। पीडितलाई न्याय दिलाउन आवश्यक कार्य गरोस्। सहिद, घाइते र तिनका परिवारलाई आवश्यक सम्मान, सुरक्षा, सुविधा देओस्। आन्दोलनका क्रममा निर्दोष नागरिकलाई पर्न गएको क्षति अध्ययन गरेर आवश्यक प्रबन्ध गरोस्। राष्ट्रिय सम्पदा, सम्पत्ति, सार्वजनिक सम्पत्तिमा आगजनी गर्ने, व्यक्तिको घर लुट्नेको पहिचान गरी कानुनबमोजिमको दण्ड सजाय गरोस्। सुरक्षा निकायको मनोबल उचाल्न, सुरक्षाकर्मीको उपचार, मृत्यु भएको परिवारलाई उचित भरणपोषणको व्यवस्था गरियोस्। यी कार्य गर्न छानबिन आयोगको प्रतिवेदन कुर्न आवश्यक छैन। यो राज्यको सरकारको नियमित कार्य हो। सुशासनमा मसिनुसँग ध्यान दिइयोस्। हरेक पदाधिकारी र कार्यालयमा अनुगमन गर्ने निकाय सक्रिय बनाइयोस्। यति कार्य गरेर तोकिएको मितिमा निर्वाचन गराउने कार्य यो सरकारले गरेर नेपाल र नेपालीलाई गुन तिरोस्। विश्व समुदायमा नेपालको गरिमा उच्च बनाओस्। यसो गर्न सकिएन भने देशले सराप्ने छ। सतिले सरापेको देशमा निर्दोषलाई दोषी पारिने छ भन्ने मनभित्र गडेको कुरा बाहिर नै देखिने छ। उच्चस्तरीय छानबिन आयोगले आफ्नो कार्य गर्ने नै छ। यसबारेमा प्रतिवेदन आएपछि नै यसको निष्पक्षता र भरोसा बारेमा कुरा गर्न सकिन्छ। अहिले यस बारेमा अनुमान र अड्कलका कुराले देशलाई अल्मल्याउने काम नगरौँ।

# निर्वाचन प्रणालीमा सुधार



टिकेश भट्ट

नेपाल जस्तो विकासशील मुलुकमा स्थायित्व र दिगो प्रगति केवल भावनामा आधारित राजनीतिक प्रणालीले सम्भव छैन। भावनाले अल्पकालीन जनसमर्थन र लोकप्रियता त दिन सक्छ तर दीर्घकालीन नीति र विकासका लागि चेतनामा आधारित, वैज्ञानिक, समावेशी र सन्तुलित राजनीतिक प्रणाली अपरिहार्य छ। इतिहासले देखाएको छ, शक्ति एक व्यक्तिमा केन्द्रित हुँदा अधिनायकवाद र अस्थिरता जन्मिन्छ। विश्वका केही उदाहरणहरूले यसलाई प्रमाणित गरेका छन्। सिरिया, अफगानिस्तान, सुडान र हालको बङ्गलादेशमा राजनीतिक असन्तुलन, ध्रुवीकरण र संस्थागत कमजोरीले आन्दोलन, हिंसा, असुरक्षा र आर्थिक संकट निम्त्याएका छन्। यस्तो अस्थिर वातावरणले पर्यटन, वैदेशिक लगानी, रेमिट्यान्स र भन्सार राजस्वमा प्रत्यक्ष असर पुऱ्याउँछ, जसले दिगो विकास र आर्थिक समृद्धिलाई रोक्छ।

नेपालमा पनि यस्तै अवस्था दोहोरिन नदिन राजनीतिक सुधार आवश्यक छ। 'प्रि अनाउन्स्ड' प्रधानमन्त्री प्रणाली वा 'चेक एन्ड ब्यालेन्स' सहितको कार्यकारी राष्ट्रपति प्रणाली उत्तम विकल्प हुन सक्छ। यसले नेतृत्वलाई प्रत्यक्ष रूपमा जनतासमक्ष जवाफदेही बनाउँछ। संस्थागत सन्तुलन कायम राख्छ। शक्ति सन्तुलन भएको प्रणालीले केवल अस्थिरता रोक्दैन, निर्णय प्रक्रियामा पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्छ। जातीय, धार्मिक र क्षेत्रीय विविधता भएको समाजमा समावेशी प्रणाली अपरिहार्य छ। यी विविधतालाई सम्मान नगरी शक्तिको असमान वितरण भयो भने, सामाजिक असन्तोष बढ्छ र दीर्घकालीन विकासमा बाधा पुग्छ।

वर्तमान निर्वाचन प्रणालीमा केही सुधार आवश्यक छ। उम्मेदवारको योग्यताको मापदण्ड स्पष्ट हुनु पर्छ। उम्मेदवारले आफ्नो सम्पत्ति स्पष्ट र कानुनी मुद्दा नभएको प्रमाण पेस गर्नुपर्ने व्यवस्था हुनु पर्छ। यसले बहुदलीय प्रणालीमा पनि योग्य र पारदर्शी व्यक्तिलाई मात्र प्रतिनिधित्व गर्ने अवसर सुनिश्चित गर्छ। गुणस्तरीय नेतृत्व सुनिश्चित गर्न सामानुपातिक सांसदको सङ्ख्या घटाउनु आवश्यक छ। योग्य नेतृत्व मात्र दिगो र स्थिर सरकार निर्माण गर्न सक्छ, जसले राष्ट्र निर्माण, दिगो नीति र आर्थिक विकास सुनिश्चित गर्छ।

राजनीतिक दलहरूले निजी वा विदेशी दबाबमा नभई राज्यकोषमै आधारित भएर काम गर्दा भ्रष्टाचार घट्छ र नीति जनमुखी बनाउँछ। यसले उद्योग, व्यापार र लगानीमा स्वतन्त्रता दिन्छ, लगानीकर्तालाई सुरक्षित वातावरण प्रदान गर्छ र वैदेशिक लगानी आकर्षित गर्छ। नेपालका व्यवसायीले मुलुकमा स्वतन्त्र रूपमा लगानी गर्न सक्नुपर्ने वातावरण सिर्जना गर्नु अपरिहार्य छ। सरकारले व्यवसायी र युवा उद्यमीलाई सहज वातावरण दिनु, नीति र नियम सरल बनाउनु र उद्यमशीलता प्रोत्साहित गर्नु महत्त्वपूर्ण छ।

नेपालमा कृषि, जलविद्युत्, साना र ठुला उद्योगलाई केन्द्रमा राखेर दिगो विकास गर्न सकिन्छ। साना कृषिगत उद्यम, स्थानीय स्तरमा उत्पादन र कृषि–आधारित उद्योगलाई प्रोत्साहन गर्दा रोजगारी सिर्जना भई खाद्य सुरक्षा सुनिश्चित हुन्छ। कृषि क्षेत्रमा आधुनिक प्रविधि, बिउ, सिँचाइ सुविधा र बजार पहुँच प्रदान गर्नु अपरिहार्य छ। साना र मझौला उद्योगलाई कम ब्याजदरमा ऋण, प्राविधिक प्रशिक्षण र सहज बजार पहुँच उपलब्ध गराउनु पर्छ, जसले उद्यमशीलतालाई प्रवर्धन गर्छ। जलविद्युत् र ठुला औद्योगिक परियोजनामा निजी र वैदेशिक लगानी आकर्षित गर्दा दिगो ऊर्जा उत्पादन, निर्यात वृद्धि र रोजगारी सिर्जना हुन्छ। पर्यटन क्षेत्रलाई व्यवस्थित, सुरक्षित र दिगो वातावरणमा विकास गर्नु पर्छ, जसले वैदेशिक मुद्रा आम्दानी बढाउँछ र सांस्कृतिक संरक्षण सुनिश्चित गर्छ।

नेपालका युवा, विशेष गरी विदेशमा बसेका युवाले नेपालको विकासमा महत्त्वपूर्ण योगदान दिन सक्छन्। उनीहरूलाई लगानी र उद्यमशीलतामा भाग लिन प्रेरित गर्न स्थिर र विश्वासिलो सरकार आवश्यक छ। विदेशमा रहेका नेपाली युवा, आफ्नो सिप र अनुभव नेपालमा लगानी गर्न चाहन्छन् तर अस्थिरता र राजनीतिक अनिश्चितताले उनीहरूलाई रोक्छ। सरकारले युवालाई उद्यमशीलतामा स्वतन्त्रता दिनु, लगानीको वातावरण सहज बनाउनु र कर नीति, बैङ्किङ सुविधा तथा प्रोत्साहनात्मक कार्यक्रम उपलब्ध गराउनु आवश्यक छ। यसले युवालाई लगानी गर्न स्वतन्त्र महसुस गराउँछ र मुलुकको अर्थतन्त्रलाई बलियो बनाउँछ।

युवाको भूमिका दिगो विकासमा महत्त्वपूर्ण छ। पछिल्लो समय देखा परेको जेनजी आन्दोलन केवल विरोधको स्वर मात्र होइन, भविष्य निर्माण गर्ने आकाङ्क्षा हो। उनीहरूको आवाजलाई नीति र विकासमा आत्मसात् नगरी दीर्घकालीन स्थायित्व सम्भव छैन। युवाले मागेको पारदर्शिता, जवाफदेहिता र अवसर मात्र नयाँ नेपाल निर्माण गर्न सक्षम छ। राज्यले युवाको आवाज दबाएर दीर्घकालीन समाधान सम्भव हुँदैन।

दिगो विकासका लागि शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षामा लगानी अपरिहार्य छ। योग्य मानव संशोधन तयार गर्नुको अर्थ मात्र रोजगारी सिर्जना होइन, नवप्रवर्धन र उद्यमशीलता प्रवर्धन गर्नु हो। स्वास्थ्य र सामाजिक सुरक्षामा लगानीले जनताको जीवनस्तर सुधार्छ र दिगो समृद्धिको आधार तयार गर्छ। युवा सशक्तीकरण, उद्यमशीलता, विज्ञान र प्रविधिमा लगानी गरी नवप्रवर्धनलाई प्रवर्धन गर्नु आवश्यक छ।

आर्थिक नीति र उद्योग विकासमा सन्तुलन आवश्यक छ। कृषिमा आधुनिक प्रविधि, सिँचाइ, बिउ र बजार पहुँच सुनिश्चित गर्नु पर्छ। साना र मझौला उद्योगलाई प्रोत्साहन गर्दा गाउँपालिका र स्थानीय तहमा रोजगारी सिर्जना हुन्छ। जलविद्युत् र ठुला उद्योगमा वैदेशिक र निजी लगानी आकर्षित गर्दा दिगो ऊर्जा र रोजगारको स्रोत सिर्जना हुन्छ। पर्यटनलाई व्यवस्थित र सुरक्षित वातावरणमा विकास गर्नु आवश्यक छ। सरकारले कम ब्याजदरमा ऋण उपलब्ध गराउने नीति, 'इन्भेस्ट इन नेपाल' नीति र उद्यमशीलता प्रवर्धनमार्फत आर्थिक वातावरण आकर्षिक बनाउन सक्छ। यसले युवालाई उद्यमशीलतामा स्वतन्त्र महसुस गराउँछ र लगानीकर्तामा विश्वास बढाउँछ।

वैदेशिक सम्बन्धमा नेपालले बुद्धिमानीपूर्वक नीति अपनाउनु पर्छ। सकारात्मक विदेशी सम्बन्ध र सहयोगले लगानी, प्राविधिक हस्तान्तरण र बजार पहुँच सुनिश्चित गर्छ। विदेशी दबाबको सट्टा राष्ट्रिय हितलाई प्राथमिकता दिने नीति अपनाउनु आवश्यक छ। यसले दिगो विकास, आर्थिक समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न मद्दत गर्छ। राजनीतिक सुधार, युवा सशक्तीकरण, आर्थिक नीति र उद्यमशीलता, वैदेशिक सम्बन्ध सुधार र दिगो विकासका उपाय सँगसँगै लागु गर्दा मात्र नेपालले शिक्षा, रोजगारी, कृषि, उद्योग, जलविद्युत्, पर्यटन र समावेशी विकासमा लगानी गरेर दिगो समृद्धि हासिल गर्न सक्छ। नेताको व्यक्तिगत लोकप्रियता वा भावना मात्रलाई प्राथमिकता दिइयो भने, युक्रेन, अफगानिस्तान, सुडान वा बङ्गलादेशमा देखिएको अस्थिरता नेपालमा पनि दोहोरिन सक्छ। सचेत, समावेशी र सन्तुलित लोकतान्त्रिक प्रणाली, जहाँ युवाको विचार, सहभागिता र चाहना प्राथमिक हुन्छ, त्यहाँ मात्रै दिगो विकास, स्थायित्व र समृद्धि सुनिश्चित हुने छ।

समग्रमा नेपालले चेतनामा आधारित राजनीतिक प्रणाली, योग्य नेतृत्व, युवा सशक्तीकरण, उद्यमशीलता प्रवर्धन, कृषि र जलविद्युत्मा लगानी, वैदेशिक सम्बन्ध सुदृढीकरण र समावेशी नीति अपनाउँदा मात्र दिगो समृद्धि हासिल गर्न सक्छ। नेपालका व्यवसायी र युवाले स्वतन्त्र रूपमा लगानी गर्ने वातावरण सिर्जना गर्नु पर्छ। विदेशमा रहेका नेपाली युवालाई पनि नेपालको विकासमा सहभागी हुन प्रोत्साहित गर्नु पर्छ। यसरी मात्र नेपालले आर्थिक विकास, सामाजिक न्याय, शिक्षा, रोजगारी, नवप्रवर्तन र दिगो लोकतन्त्रको बलियो आधार निर्माण गर्न सक्षम हुने छ। स्थिर सरकार, पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्दा मात्र युवाले उद्यमशीलता र लगानीमा विश्वास राख्ने छन् र मुलुकको विकासमा सक्रिय योगदान दिने छन्।

# तिहारको सामाजिक महत्त्व



डा. गोविन्द टण्डन



तिहार उज्यालोको पर्व हो, जसले बाह्य जगत् र अन्तर्हृदय दुवैलाई प्रकाशित गर्छ भन्ने मान्यता राखिएको पाइन्छ। पद्मपुराणले दीपावलीलाई वैदिक यज्ञ अग्निहोत्रको निरन्तरताको रूपमा जोडेको छ। त्यहाँ दीपावलीलाई अन्धकार माथिको विजय, अज्ञानताको नाश र समृद्धिको प्रतीकको रूपमा वर्णन गरिएको छ।

कवि शिरोमणि लेखनाथ पौडेलले तिहारको सौन्दर्य र महत्त्वलाई सटिक रूपमा व्यक्त गरेका छन्– "सुखमय पारी सब संसार, आयो प्यारो चाड तिहार !" शरद्–उत्सवको यो पर्व नेपालीको मन र आँगनमा उमङ्ग, प्रेम र उज्यालोको सन्देश लिएर आइपुग्छ। अन्न बाली स्याहारेर वर्षाको समाप्तिपछि धुमधामसँग मनाइने तिहारको स्वागत घरको लिपपोत, बाटो–घाटोको सरसफाइ र मर्मत, मठमन्दिरमा सजावट आदिले गरिरहेको भान हुन्छ। तिहार, जसलाई दीपावली, यमपञ्चक भनिन्छ, कात्तिककृष्ण त्रयोदशीदेखि कार्त्तिकशुक्ल द्वितीया अर्थात् पाँच दिनसम्म मनाइने यो पर्व सांस्कृतिक सामाजिक र आध्यात्मिक महोत्सव हो। नेवारी भाषामा 'स्वन्ती' अर्थात् तीन दिने चाड भनेर म्हपूजा, लक्ष्मीपूजा र भाइ पूजालाई महत्त्व दिएको देखिन्छ।

हिमाल, पहाड, तराईदेखि विश्वभर छरिएका नेपाली डायस्पोरासम्म यो पर्वले सुख, शान्ति र समृद्धिको सन्देश बोकेर पुग्छ। नेवारी समुदायको 'म्हःपूजा' र तिहारको छ दिनपछि तराईको छठ पर्वले तिहारको माहोललाई थप भव्य र समावेशी बनाउँछ। वैदिक, बौद्ध, जैन, सिख समुदायमा समेत यो पर्व उल्लासमय रूपमा मनाइन्छ। बेलायत, अमेरिका, अस्ट्रेलिया जस्ता देशमा राष्ट्रप्रमुखले दीपावली विशेष कार्यक्रम आयोजना गर्न थालेको बर्सौं भइसकेको छ, जसले तिहारको विश्वव्यापी महत्त्व र सांस्कृतिक पहिचानलाई उजागर गर्छ।

नेपालीको 'तिहार' शब्द जस्तै हिन्दी, गुजराती भाषामा 'त्योहार' वा 'त्यौहार' शब्द निकै चलनचल्तीमा छ। उता त्यौहारको अर्थ तिथि अनुसारको दिन वा उत्सव भन्ने सामान्य अर्थमा जुनसुकै पर्व–उत्सवमा व्यवहृत हुन्छ भने नेपालीमा यमपञ्चकसहितको दीपावली भन्ने अर्थमा चलनचल्तीमा छ। यद्यपि यी दुवै शब्दको उत्पत्ति संस्कृतको 'तिथि+बार' कालान्तरमा 'तेवार,' 'तिहिवार' हुँदै नेपालीमा तिहार बन्न पुगेको देखिन्छ।

## सांस्कृतिक सौन्दर्य र सामाजिक एकता

तिहार उज्यालोको पर्व हो, जसले बाह्य जगत् र अन्तर्हृदय दुवैलाई प्रकाशित गर्छ भन्ने मान्यता राखिएको पाइन्छन्। पद्मपुराणले दीपावलीलाई वैदिक यज्ञ अग्निहोत्रको निरन्तरताको रूपमा जोडेको छ। त्यहाँ दीपावलीलाई अन्धकारमाथिको विजय, अज्ञानताको नाश र समृद्धिको प्रतीकको रूपमा वर्णन गरिएको छ। शास्त्रहरूले भन्छनः "ॐ असतो मा सद्गमय, तमसो मा ज्योतिर्गमय, मृत्योर्न्मा अमृतं गमय" –असत्यबाट सत्य, अन्धकारबाट उज्यालो, मृत्युबाट अमरतातिर। तिहार यो मन्त्रको जीवन्त रूप हो, जसले ज्ञान, प्रेम, सौहार्द र आत्मिक जागरणको सन्देश दिन्छ। प्राचीन कालदेखि दीपप्रज्वलनको परम्पराले वैदिक कार्यहरूमा अपरिहार्य स्थान पाएको छ। घर, मठमन्दिर, चैत्य, ढुङ्गेधारा, पाटीपौवामा दीप बालेर सजाउने चलनले तिहारलाई सांस्कृतिक सौन्दर्य प्रदान गर्छ। गाउँ टोल, छरछिमेक एकजुट भएर गाउँठाउँ सरसफाइ र सजावट गर्ने उत्साहले तिहारलाई सामुदायिक पर्व बनायो। आधुनिकताको प्रभाव र रोजगारीका लागि युवाहरूको विदेश पलायनले यो परम्परामा केही सुस्तता नआएको होइन, आएको छ। तैपनि तिहारको रौनकले सामाजिक एकता र सांस्कृतिक निरन्तरताको भावनालाई जीवन्त राखेको छ।

## पशुपन्छी र प्रकृतिप्रतिको कृतज्ञता

तिहारको पहिलो दिन काग तिहार, प्रकृतिसँगको प्राचीन संवादको स्मृति हो। उहिले कागलाई समाचारवाहक मानिन्थ्यो; यसको बोली र हाउभाउले शुभ अशुभको सङ्केत दिन्थ्यो। "सुबोल सुबोल, भलो–भलो समाचार ले" भन्दै दुनाबोतामा दालभात, तरकारी र पक्वान्न राखेर कागलाई समर्पित गर्ने चलनले पशुपक्षीप्रति कृतज्ञता दर्शाउँछ। कागले फोहोर खाएर वातावरण शुद्ध गर्छ र बिहानै सबेरै आफ्नो काममा सक्रिय भई साँझ ठिक समयमा गुँडमा फर्कने दिनचर्याले अनुशासनको पाठ सिकाउँछ। दोस्रो दिन, कुकुर तिहारमा यमराजका दूत मानिने कुकुरको पूजा हुन्छ। कुकुरको बफादारी र संरक्षक स्वभावले मानव पशु सहअस्तित्वको महत्त्व उजागर गर्छ। प्राकृतिक विपत्मा कुकुरले मानव प्राणरक्षा गरेको उदाहरण विश्वभर प्रख्यात छ। यमदीप दानको यो दिनले यमयातनाबाट मुक्ति दिन्छ भन्ने विश्वास छ, जसले पशुहरूको सम्मानलाई आध्यात्मिक आयाम दिन्छ। यो पर्व उत्सवमा मात्रै होइन सदैव हुनुपर्ने अपेक्षाको सङ्केत पनि यसभित्र समाहित छ।

## लक्ष्मीपूजा : समृद्धिको झिलिमिली

तेस्रो दिन हुने लक्ष्मीपूजा, धन र ऐश्वर्यकी देवीको आराधना हो। आँगनमा रङ्गी–विरङ्गी मण्डल, सयपत्री, मखमली र गोदावरी फूलहरूले सजिएको घर, अन्धकारमाथि उज्यालोको विजयको प्रतीक बन्छ। परम्परागत रूपमा माटोको पालामा तोरीको तेल र धागोको बत्तीले उज्यालो गरिन्थ्यो; आज विद्युतीय मालाले यो परम्परालाई आधुनिक रूप रङ दिएको छ। पौराणिक कथामा, नरकचतुर्दशीमा भगवान् कृष्णले नरकासुरको वध गरेर संसारलाई मुक्ति दिएका थिए, यसैको स्मरणमा दीपावली मनाइन्छ भन्ने पनि कतै कतै चर्चा पाइन्छ। यो दिन बिहान तेल लगाएर नुहाउने चलनले शारीरिक र मानसिक शुद्धीको प्रतीक बन्छ। लक्ष्मीपूजामा अष्टसिद्धि, कुवेर, इन्द्र, ऐरावत र चन्द्रमाको पनि पूजा हुन्छ, जसले पारिवारिक बन्धन र समृद्धिको सन्देश बोकेर आउँछ। फूलहरूको सुगन्ध र दीपको उज्यालोले वातावरणलाई मनमोहक बनाउँछ, जसले मन र आत्मालाई पनि शान्ति प्रदान गर्छ। तिहारमा दीपावली र फूलहरूको सजावट भएन भने कस्तो होला ? दीपावली र फूलबिनाको तिहारको कल्पनै गर्न सकिन्न।

पद्मपुराण, उत्तरखण्डको चौबिसौँ अध्यायको आठौँ श्लोकमा कात्तिक अमावश्यमा लक्ष्मीको पूजा गर्नाले धनधान्य प्राप्त हुन्छ भन्ने कुराको उल्लेख गरेको पाइन्छ।

## गाई तिहार र गोवर्धन पूजा : प्रकृतिको सम्मान

चौथो दिन, गाई तिहार र गोवर्धन पूजा मनाइन्छ। भगवान् कृष्णले गोवर्धन पर्वत उचालेर गोकुलवासीको रक्षा गरेको कथा, प्रकृति र गोवंशको संरक्षणको सन्देश बोकेर आउँछ। गोबरबाट पर्वत र कुण्ड बनाएर पूजा गर्ने चलनले सुख–शान्तिको प्रार्थना गर्छ। गाईलाई 'गोधन' र लक्ष्मीको स्वरूप मानिन्छ। गाईको दुध, दही, घिउ, गोबर र गहुँतको आयुर्वेदिक र पर्यावरणीय महत्त्व विश्वप्रसिद्ध छ। गहुँत र गोबर प्राङ्गारिक मलका रूपमा खेतीमा उपयोगी छन् भने दुध र घिउले स्वास्थ्यमा योगदान पुर्‍याउँछ। वैतरणी नदी तर्न गाईको सेवा सहायक हुन्छ भन्ने शास्त्रीय मान्यताले यसलाई मातृतुल्य सम्मान दिन्छ। हिजोआज व्यावसायिक दोहन र गाईपालनमा कमीले गाईप्रतिको सम्मान घट्दै गएको छ। गाईको संरक्षण र परम्परागत पालनपोषणले पर्यावरण, स्वास्थ्य र अर्थतन्त्रलाई सन्तुलनमा राख्न सकिन्छ। नेवारी समुदायको 'म्हःपूजा' र नयाँ वर्षले आत्मसम्मान, आत्मचिन्तन र नवप्रारम्भको भावलाई राम्ररी जगाउँछ। यसभित्र आत्मचिन्तन, आत्मानूति र र ब्रह्मतत्त्वको दर्शन लुकेको छ।

## भाइटीका : स्नेहको अमर बन्धन

पाँचौं दिन, भाइटीका, दिदीबहिनी र दाजुभाइबिचको स्नेहको अनुपम उत्सव हो। यमराज र यमुनाको कथाले यो दिनलाई यमपञ्चक बनायो। सप्तरङ्गी टीका, इन्द्रधनुष जस्तो उज्ज्वल र मखमली, सयपत्री, गोदावरीको मालाले सजिएको यो क्षण, दीर्घायु, स्वास्थ्य र सुखको कामना हो। दिदीबहिनीहरूले दाजुभाइलाई फलफूल, मेवा–मिष्ठान्न, कटुस, ओखर, काजु, किसमिस दिँदै आशीर्वाद दिन्छन्। दीप, गणेशको पूजन गर्दै तेल–पानीको धाराले सात फेरा लगाएर दाजुभाइलाई सँगै राखी देवस्वरूप मानी पूजन गर्ने, टीका लगाइदिने एवं दिदी–बहिनीले दाजु–भाइलाई सुख, शान्ति, उन्नतिको साथै दीर्घायुको आशीर्वाद दिने तथा दाजुभाइले दिदी–बहिनीलाई टीका लगाइदिई तत्पश्चात् गच्छे अनुसार दक्षिणा दिई ढोग्ने चलन विश्वमा दुर्लभ छ। दिदीबहिनीहीन दाजुभाइको पर्खाइ र रिक्तताले तिहारको करुण रसलाई उजागर गर्छ। काठमाडौँको रानीपोखरीमा 'बालगोपाल' मन्दिरमा गई उनैलाई दाजुभाइ सम्झेर पूजा गर्ने प्रचलन लामो समयदेखि चल्दै आएको छ।

केही वर्षदेखि काष्ठमण्डपमा सामूहिक भाइटीका लगाइदिने परम्परामा स्वदेशी मात्र होइनन्, काठमाडौँ घुम्न आएका पर्यटक चाख मानी सहभागी हुने चलन जसरी बढ्दै गएको छ, यसले तिहारलाई जीवन्त र समावेशी बनाउँदै गएको देखिन्छ। काष्ठमण्डपबाट सुरु भएको सामूहिक भाइटीकाको यो चलन हिजोआज देशभर फैलिएको छ, जसले सामाजिक एकताको सन्देशलाई प्रवाह गरेको छ भन्दा फरक पर्दैन।

## देउसी–भैलो : सामाजिक सद्भावको सङ्गीत

तिहारको रौनकमा देउसी–भैलोले सांस्कृतिक अभिव्यक्तिको जीवन्त रूप प्रस्तुत गर्छ। लक्ष्मीपूजामा भैलो र गोवर्धन पूजामा देउसी खेल्ने परम्परा, पौराणिक बलिराजा र वामन अवतारको कथासँग जोडिन्छ। 'देउ शिर' भन्ने बलिराजाको दानवीरताले देउसीको प्रारम्भ भएको मानिन्छ। प्राचीन कालमा महिला भैलो र पुरुष देउसी खेल्थे, हिजोआज मिश्रित समूहहरूले यो परम्परालाई निरन्तरता दिएका छन्। केटाकेटीले तयार पारेका गीत, भाका र नृत्यले प्रतिभा प्रदर्शनको अवसर साथसाथै प्रदान गरिरहेको उत्साहबर्द्धक मानिन्छ। घरबेटीले देउसी–भैलेहरूलाई सेलरोटी, मिठाई र दक्षिणा दिई बिदा गर्छन्, जसले सामाजिक सद्भाव र मैत्री बढाउन मद्दत जानीनजानी मद्दत गरिरहेको हुन्छ।

## ऐतिहासिक र पौराणिक गहनता

श्रीरामको चौध वर्षको वनबासको क्रममा राक्षसराज रावणले मृत्युवरण गरेकोलाई असत्यमाथि सत्यको जितको खुसियालीलाई तिहारको दीपावलीले एकातिर सम्झाउँछ भने अर्कोतिर भगवान् विष्णुको वामन अवतार र बलिराजाको कथाले दानवीरता र धर्मको विजयको सन्देश दिन्छ। रामको अयोध्या फिर्ती र कृष्णको नरकासुर वधले तिहारलाई धार्मिक र सांस्कृतिक गहनता प्रदान गरेका छन्, साथै यी कथाहरूले तिहारलाई पौराणिक आधारमा उभ्याउँदै विश्वास र संस्कृतिको मिश्रण प्रस्तुत गर्न पुगेका छन्।

## समकालिक चुनौती र समाधान

आधुनिकताले तिहारको सरल र सादगीपनलाई चुनौती दिएको छ। जुवा, तास, अत्यधिक खर्च र पटाकाको प्रयोग जस्ता विकृतिहरूले पर्वको मौलिकतामाथि बेला बेलामा प्रश्न उठ्ने गरेको छ। पद्मपुराणमा उल्लेखित सन्देश अनुसार, तिहारलाई रचनात्मक, सिर्जनात्मक र सामाजिक सन्देशसहितले हितकारी बनाउनु पर्छ। माटोको दीप, घरेलु मिठाई, स्थानीय फलफूल र कटुस, ओखर जस्ता प्राकृतिक उपहारको प्रयोगले आर्थिक र पर्यावरणीय सन्तुलन कायम गर्छ। सामाजिक सञ्जाल र प्रविधिको उपयोगले टाढा रहेका परिवारलाई आजभोलि सजिलैसँग जोड्न सकिने भएको छ। तिहारलाई पर्यावरणमैत्री र समावेशी बनाउन, सामुदायिक कार्यक्रम, सांस्कृतिक प्रदर्शनी र स्थानीय उत्पादनको प्रवर्धनमा जोड दिनु पर्छ। यस्ता प्रयासले तिहारको सांस्कृतिक धरोहर जोगिनुका साथै राष्ट्रिय उन्नति सम्भव हुन्छ।

## तिहारको सामाजिक र आर्थिक आयाम

तिहारले प्रकृतिका उपहारहरूको मूल्य सिकाउँछ। जङ्गली कटुस, ओखर, निबुवा जस्ता फलहरू, जुन अन्य समयमा उपेक्षित हुन्छन्, तिहारमा मूल्यवान् बन्छन्। यो पर्वले हरेक प्राकृतिक वस्तुको उपयोगितालाई उजागर गर्छ। स्थानीय बजारमा फूल, मिठाई र हस्तकलाको व्यापारले आर्थिक गतिविधिलाई प्रोत्साहन दिन्छ। यसले देशको जिडिपीमा ठुलो भरथेक गर्न सक्छ। तिहारको सामुदायिक भावनाले गाउँटोलमा सहकार्य र एकताको संस्कृतिलाई बलियो बनाउँछ। साथै, देउसी–भैलीबाट सङ्कलित रकम सामाजिक कार्यमा उपयोग हुँदा, पर्वले समाजसेवाको भावनालाई पनि प्रेरित गर्छ।

## उज्यालोको यात्रा, जीवनको सच्चा उत्सव

तिहार उज्यालोको पर्व मात्र होइन; यो प्रेम, सौहार्द, प्रकृति र आत्मिक जागरणको उत्साहबर्धक उत्सव हो। कागको पूजाले हामीलाई मृत्युपछि पनि सम्मानको सन्देश दिन्छ, कुकुरको पूजाले निष्ठा र बफादारीको महत्त्व सिकाउँछ, गाईको पूजाले जीवनदायिनी प्रकृतिप्रति कृतज्ञता जगाउँछ। यी सबैबाट लक्ष्मीपूजा र भाइटीकासम्मको यात्राले प्रकृति, परिवार र आत्मसम्मानलाई अटुट रूपमा जोड्छ। दीपावलीको झिलिमिलीले बाह्य अन्धकार मात्र होइन, हाम्रो आन्तरिक मनको अज्ञान र नकारात्मकतालाई पनि हटाउने हुनु पर्छ, जसले गर्दा हामी वास्तवमै साँचो उज्यालोतर्फ अघि बढ्न पाइला चाल्ने छौँ।

यो पर्वको सच्चा सुन्दरता सरल र सादगी, सात्त्विकता र पर्यावरणमैत्री दृष्टिकोणमा लुकेको छ। प्लास्टिकका मालाबत्ती होइन, प्राकृतिक माटोका दियोहरू बालेर, प्लास्टिकका नक्कली फूल होइन, प्राकृतिक फूलका मालाहरूले सजाएर, पटाका पड्काएर होइन, आफू, परिवार, समाज, राष्ट्र र विश्वको कल्याणको कामनासाथ मनाउँदा तिहारपर्वले समाजमा शान्ति, समृद्धि र एकता ल्याउँछ। कल्पना गर्नुहोस् – यदि हरेक घरमा यस्तो सरल र सादगीले भरिएको तिहार मनाइयो भने, हाम्रो हिमालदेखि तराईसम्मको वायु शुद्ध हुन्छ, नदीहरू स्वच्छ रहन्छन्, र जीवजन्तुहरू सुरक्षित रहन्छन्। यति मात्र होइन, यसले हाम्रो स्वास्थ्यलाई पनि मजबुत बनाउँछ, सात्त्विक भोजनले शरीर स्वस्थ, प्रेमपूर्ण व्यवहारले मन शान्त हुन्छ।

हरेक वर्ष तिहारले हामीलाई सम्झाएको हुन्छ–जीवनलाई सत्य, प्रेम र उज्यालोको मार्गमा हिँडाएर मात्र सच्चा उत्सव मनाउन सकिन्छ। यो पर्वको यो शाश्वत सन्देशले हामीलाई संस्कृति, प्रकृति र मानवताप्रति जिम्मेवार बनाओस्। अब प्रश्न आउँछ, तपाईं यो तिहार कसरी मनाउनुहुन्छ ? के तपाईंले प्लास्टिकका फूल होइन प्रकृतिको सुन्दर रचना फूल र फूलको मालालाई प्रश्रय दिई प्रकृतिको सम्मान गर्नुहुन्छ ? वा परिवारसँग भाइटीकामा मात्र होइन, वर्षभरि अरूलाई पनि प्रेम, भ्रातृत्व, स्नेह, सद्भावको सम्बन्ध जोड्दै जानुहुन्छ ? यही तिहारबाट सुरु गर्नुहोस् यो यात्रा – एउटा सानो कदमले ठुलो परिवर्तन ल्याउँछ। तिहारको उज्यालोले नेपाल र नेपाली तथा विश्वमा शान्ति र समृद्धिको दीप प्रज्वलित होस्। शुभ तिहार ! सबैको कल्याण होस् !

हरेक घरमा सरल र सादगीले भरिएको तिहार मनाइयो भने, हाम्रो हिमालदेखि तराईसम्मको वायु शुद्ध हुन्छ, नदीहरू स्वच्छ रहन्छन्, र जीवजन्तुहरू सुरक्षित रहन्छन्। यति मात्र होइन, यसले हाम्रो स्वास्थ्यलाई पनि मजबुत बनाउँछ, सात्त्विक भोजनले शरीर स्वस्थ, प्रेमपूर्ण व्यवहारले मन शान्त हुन्छ।

# मुलुक निर्माणको नयाँ मार्गचित्र



रामकृष्ण पोखरेल

सरकारी निकायमा पारदर्शिता, जिम्मेवारी, सबै पक्षको सहभागितामा सुनिश्चित गर्न र सूक्ष्म अनुगमन गर्न युरोपको बाल्कन क्षेत्रमा रहेको देश 'अल्बानियाको एआई मोडल' को नमुना नेपालमा पनि प्रयोग गर्न सकिन्छ। यो 'एन्टी करप्स्न' एआई डिजाइन गर्ने काममा संयुक्त राष्ट्रसङ्घीय कार्यक्रम प्राविधिक सहयोगले अल्बानियाको सरकारलाई प्रदान गरेको बुझिएको छ।

विश्व २१ औँ शताब्दी युवाको नेतृत्व स्थापित हुनेमा सबै तह र तप्काका मानिस विश्वस्त छन्। यो शताब्दी डिजिटल युग हुनेमा पनि सबै एकमत देखिन्छन्। यसको छनक एसियाबाटै देखिन थालेको छ। परिवर्तनका लागि सामाजिक सञ्जालका माध्यमबाट क्रान्तिको सुरुवात एसियाली देशहरूबाटै भएको छ। डिजिटल प्रविधिको अनुसन्धान, विकास र विस्तारको कार्य पश्चिमा देशबाट सुरु भयो। परिवर्तनको युवा आन्दोलन श्रीलङ्का, फिलिपिन्स, इन्डोनेसिया, बङ्गलादेश हुँदै नेपाल प्रवेश गरेको छ। देशकै दुई दल नेपाली कांग्रेस र नेपाल कम्युनिस्ट पार्टी ( एमाले ) को दुई तिहाइको सरकार नेपाली जेनजीको ४८ घण्टाको आँधीबेहेरीले ढल्यो।

विश्व परिवेशमा हेर्दा युवा जेनजीको आन्दोलन भारतीय महाद्वीपको अफ्रिकी देश मेडागास्करमा हुँदै गर्दा त्यहाँका प्रधानमन्त्रीसमेतले पदबाट राजीनामा दिएर सत्ताबाट बाहिरिएका थिए। हालै मोरक्कोमा पनि देशमा फजुल खर्चमा नियन्त्रण गर्न नसकेको भन्दै युवा जेनजी आन्दोलन भयो, जसले सरकार ढाल्यो। युरोपेली देश फ्रान्समा समेत फ्रान्सेली सरकारको सेवा प्रवाहप्रतिको असन्तुष्टिकै कारण त्यहाँका प्रधानमन्त्रीलाई समेत आफ्नो पदबाट राजीनामा दिन बाध्य पारिएको छ।

हरेक देशमा भएका जेनजी आन्दोलन स्थानीय समस्यासँग मात्रै जोडिएको देखिन्छ। राज्यका उच्च पद नेताका नातामा परेका र नेताहरूका कृपाबाट बाँचेका (नेपो बेबिज) हरूकै पोल्टामा छ। राज्यका संवैधानिक पद पनि पैसाको लेनदेनबाट बेचबिखन भएको खबर पनि एकपछि अर्को गरी आउन थालेका छन्। नेपालमा विगत दुई दशकदेखि मूलधारका राजनीतिक दलमा पनि यही प्रवृत्ति मौलाउँदो थियो। अब यसबाट माथि उठेर देश निर्माणमा लाग्ने म्यान्डेट आन्दोलनले दिएको छ।

जेनजी आन्दोलनबाट नेपाललाई रूपान्तरण गर्ने अवसर प्राप्त भएको छ। कृषिमा रूपान्तरण, जलविद्युत् जसमा सन् २०३५ सम्ममा २८ हजार पाँच सय मेगावाटका जलविद्युत् परियोजनाको स्थापनाबाट औद्योगिक रूपान्तरण, पर्यटन क्षेत्रमा रूपान्तरण, अव्यवस्थित नेपालका सहर स्मार्ट सिटीमा रूपान्तरण र आयातकर्ता देशबाट निर्यातकर्ता बन्ने अवसर आएको छ। युवापुस्ता, जेनजीहरू र यसका सहयोगीका लागि आगामी मार्गचित्र प्रस्तुत गर्ने जमर्को गरेको छु।

१. फागुन २१ गते हुने सङ्घीय संसद्को चुनावमा दलगत रूपमा जेनजी पुस्ताका युवकयुवती सहभागी हुने वातावरण अविलम्ब बनाउनु आवश्यक छ। नेपालबाहिर रहेका मतदान गर्न योग्यता पुगेका नेपालीलाई मतदान गर्न पाउने व्यवस्था गर्न सक्नु पर्छ। कथम्कदाचित फागुन २१ गते चुनाव हुन सकेन भने मुलुक अन्धकार युगतर्फ प्रवेश गर्ने छ। नेपालका चार शक्तिबिच द्वन्द्व सिर्जना हुने छ– जेनजीवादी, पूर्वराजावादी, वाम शक्ति र उदारवादी लोकतान्त्रिक शक्ति। यस अर्थमा जेनजीलगायतले सङ्घीय संसद्को चुनाव तोकिएको मितिमै गराउने वातावरण बनाउनु पर्छ। सरकार र सरोकारवाला राजनीतिक दलले पनि निर्वाचन गराउने वातावरण बनाउन आवश्यक छ। नत्र जेनजीको आन्दोलनबाट प्राप्त उपलब्धि गुम्न सक्छ। दलीय राजनीतिमा आस्था र विश्वास राख्ने दलका नेताहरूसँग पनि जेनजीका अगुवाले चुनावमा सहभागी हुन आह्वान गरी सक्रिय सहभागी हुने वातावरण बनाउन सक्नु पर्छ।

२. चुनावलाई पारदर्शी, स्वच्छ र निष्पक्ष गर्न गराउने वातावरण बनाउन अन्तरिम सरकार र नागरिक समाजलाई दबाब दिइराख्नु पर्छ।

३. सङ्घीय संसद्बाट नेपालको संविधानमा प्रत्यक्ष निर्वाचित कार्यकारीको व्यवस्थाका लागि संविधान संशोधन गर्ने वातावरण निर्माण गर्नु पर्छ। २०८३ सालमै कार्यकारी प्रमुख, प्रदेश सभा र स्थानीय सरकारको निर्वाचन गर्ने गराउने वातावरण बनाउन पर्छ। प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखको कार्यकाल पाँच वर्षको मात्र हुने व्यवस्था गर्नु पर्छ। नेपाली समाज अर्धसामन्ती सोचबाट ग्रसित छ, यस अर्थमा प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखलाई अङ्कुश लगाउन कार्यकारी प्रमुखको जिम्मेवारीबाट फिर्ता बोलाउने व्यवस्थासमेत संविधानमा राख्नु पर्छ। स्थानीय सरकारका सम्पूर्ण निर्वाचित प्रतिनिधि, प्रदेश सभाका प्रतिनिधि र सङ्घीय संसद्का सम्पूर्ण सदस्यको दुई तिहाइ प्रतिनिधिले कार्यकारी प्रमुखका विरुद्धमा मतदान गरी फिर्ता बोलाउन सक्ने प्रावधान राख्नु पर्छ। प्रत्यक्ष निर्वाचित कार्यकारीको व्यवस्थाबाट सरकारको स्थायित्व भए वैदेशिक लगानी भित्र्याउन सहज हुने छ। सङ्घीय संसद् र प्रदेश सभाका समानुपातिक तर्फका सांसद सङ्ख्यामा पुनरवलोकन जरुरी छ। सङ्घीय संसद्मा प्रत्यक्ष र समानुपातिक सांसदको सङ्ख्या २०५ को सीमाभित्र राख्न सक्नु पर्छ।

हिमाल, पहाड र मधेसमा गाउँपालिका र नगरपालिकाको सङ्ख्या ५५० भित्र राख्न सक्नु पर्छ। सडकको सुविधा भएका स्थानीय सरकारका कार्यालयलाई गाभेर जनतालाई आवश्यक सेवा सुविधा दिन सकिन्छ। ७. नेपाली जेनजीलाई नेपालमै उद्यमी बनाउन जेनजी 'स्टार्ट अप' (योजना स्थानीय तहबाटै सुरु गर्नु आवश्यक छ। स्टार्टपबाट साना एवं मझौला उद्योगको सुरुवात गर्न सकिन्छ। उद्योग दर्ता, जलविद्युत् योजना स्थापना आदिको दर्ता र सञ्चालन स्वीकृति एकद्वार प्रणालीबाट गर्ने व्यवस्था मिलाउन सक्नु पर्छ।

सरकारी निकायमा पारदर्शिता, जिम्मेवारी, सबै पक्षको सहभागितामा सुनिश्चित गर्न र सूक्ष्म अनुगमन गर्न युरोपको बाल्कन क्षेत्रमा रहेको देश 'अल्बानियाको एआई मोडल' को नमुना नेपालमा पनि प्रयोग गर्न सकिन्छ। यो 'एन्टी करप्सन' एआई डिजाइन गर्ने काममा संयुक्त राष्ट्रसङ्घीय कार्यक्रम प्राविधिक सहयोगले अल्बानियाको सरकारलाई प्रदान गरेको बुझिएको छ।

प्रत्यक्ष कार्यकारी प्रमुखको व्यवस्था भएपछि संविधानमा व्यवस्था गरी सङ्घीय सांसद र प्रदेश सांसद मन्त्री हुन नपाउनु व्यवस्था राख्नु पर्छ। निर्वाचित सांसदलाई मन्त्री बनाउनबाट रोक्ने व्यवस्था युरोपका नोर्डिक क्षेत्रका देशमा रहेको छ। ट्रान्सपरेन्सी इन्टरनेसनलको वार्षिक प्रतिवेदन अनुसार अति कम भ्रष्टाचार हुने मुलुकमा ती देश दर्ज हुने गरेका छन्। नेपालमा प्रतिस्पर्धाको सिद्धान्तलाई उपेक्षा गरिएको व्यवहारबाटै देखिएको छ। प्रत्येक तहमा चाहे त्यो आयोग होस् वा कूटनीतिक नियोगमा पदाधिकारीको नियुक्ति व्यक्तिको कार्य अनुभव, कार्यक्षमता, विगतमा गरिएको कामको व्यक्तिगत प्रोफाइलसमेत हेरी छनोट गर्ने व्यवस्था मिलाउनु पर्छ। सामाजिक सञ्जालबाट व्यक्ति छनोटको विधि अपनाउनु उचित हुन्न।

लोकतन्त्र सबल बनाउन र नेपाललाई स्वच्छन्द र स्वतन्त्र राख्न सबै नेपाली एक ठाउँमा आउनुको विकल्प छैन। नेपाल सरकारका धेरै जसो आयोग जुन सेता हात्तीका रूपमा राष्ट्रले पाल्नु परेको छ। जुन आयोग दलका कार्यकर्ताको भर्ती गर्ने केन्द्रका रूपमा स्थापित छन्। त्यसलाई आवश्यकताको सिद्धान्तका आधारमा पुनरवलोकन गरी खारेजी गर्नु पर्नेलाई खारेज गर्ने अथवा एकअर्कालाई गाभेर आवश्यक परेका आयोग राख्न सकिन्छ। राष्ट्रिय योजना आयोगको भूमिका परिवर्तन गरी राष्ट्रिय योजना तर्जुमा, नीति तथा लगानी आयोगमा रूपान्तरण गर्ने लगानी बोर्ड पनि खारेज गर्ने।

नेपाली भूभागसँग जोडिएका छिमेकी देशका साथै आकाश मार्गबाट जोडिएका छिमेकीसँग पनि सन्तुलित रूपमा सहकार्य गर्ने/गराउने वातावरण बनाउन सक्नु पर्छ। सन्तुलित कूटनीतिक यात्राबाट नेपालमा प्रत्यक्ष लगानी भित्र्याउन सकिने छ। लगानी भित्र्याउन सकिने देशसँग कूटनीतिक सम्बन्ध राख्न राजदूतावास नै राख्ने व्यवस्था मिलाउनु पर्छ। पर्यटक मात्र भित्र्याउने देशमा कन्सुलर अफिस मात्र राख्ने व्यवस्था गर्न सकिन्छ। आवश्यकताको सिद्धान्तमा आधारित कूटनीतिक नियोग राखेका मुलुकको ठुलो धनराशि बचत भई सामाजिक विकासमा लगानी बढाउन मद्दत पुग्ने छ।


विश्वमा आधुनिक युगका युवकयुवतीको माग अनुसारको सेवा प्रवाह गर्न नेपाल पनि डिजिटल युगमा प्रवेश गर्न ढिलो गर्न हुँदैन। सरकार, नेपाली जेनजी र राजनीतिक दलका इमानदार र सामर्थ्यवान् नेता र राजनीतिकर्मीले यसलाई मनन गर्न ढिला गर्नु हुन्न। सबै दल, बुद्धिजीवी र जेनजी युवकयुवती सँगै बसेर देशलाई निकास दिनु पर्छ।

नयाँ नेपाल

गोरखापत्र
gorkhapatraonline.com

समावेशीकरणको दिशामा एउटा फड्को :
गोरखापत्रद्वारा प्रकाशित

दराई भाषा पृष्ठ



# दराइक बड्क पाब्नि सोहराइँ



■ राज कुमार दराइ



सोहराइँक दिन फुलउ बोहाइके लेज्ते बेलाके खोलायँ निज जइलाहारसब मर्लक नाउयँ पानि राख्तेसब ।

दराइ जातिक संस्कार अनुसार सोहराइँ सबलेसे बड्क पाब्नि हखइ। इय पाब्नि मरन संस्कारसे जोडिल बाटइ। सोहराइँ खासयँ दुइ किसिमसे मान्ते पाउताहि। इय सोहराइँ बरखि फुकालाहार वा चोखोलाहार दिनक रुपयँ मान्तातसब र इय दिनयँ बर्सइभरि रहिरहल जुठो इहि दिनयँ चोखोतातसब। एक्टा चोखो गाउँक रुपयँ सोहराइँ धुमधामसे नाचगान करिकुन बाँसि बाजाइकुन रमाइल करिकुन मानातातसब कने अर्क खालक जुठो पर्ल गाउँक सोहराइँ करिकुन मानालाहार चलन बाटइ। जुठो पर्ल गाउँक सोहराइँयँ कजियाक जुठो सोहराइँयँ चोखेलाहार करिकुन संस्कार मान्लाहार चलन बाटइ। जोन परम्परासे चलि अइल चलन हखइ इय समाजक। इय सोहराइँक दुइ खालसे इछि चर्चा करिके खोज्ते बाटम जोन दराइ समाजयँ आचाल फेरि इहइ चलन अनुसार सोहराइँ मान्तातसब।

दुइ खालसे सोहराइँ मान्लाहार चलन बाटइ उक्र बारेयँ कहिके पर्तखना पहिला चोखो गाउँक सोहराइक बारेयँ जानहुँ। चोखा गाउँक सोहराइ कलाक उव गाउँयँ कोलउ फेरि मानुस सोहराइँ आघु निज बित्ल गाउँ भइल गुनेइँ चोखो गाउँक रुपयँ मान्लाहार चलन बाटइ। गाउँ चोखो भइल गुनेइँ उव गाउँयँ सोहराइँक दिनयँ सभइ गाउँलेसब सोहराइँ धुमधामसे मान्तातसब। बाँसि बाजाइकुन सोहराइँक खेलि, खाँगि, डगराउले जस्न गित गिदाइकुन गाउँभरि नाच्तातसब। मोद रक्सि खाइकुन नाच्तातसब घरघर सोहराइँ नाच नाचिकुन रमाइल कर्तातसब। दउसि भइलो खेलातातसब, भाइ टिका लागातातसब। इय चोखो गाउँक रुपयँ मान्तातसब। सोहराइँक दोस्र खालक मान्लाहार चलन चाहि जुठो पर्ल गाउँक रुपयँ मान्लाहार चलन बाटइ। कोलउ गाउँयँ सोहराइँ कते आघु मानुस बित्ल बाटइ र उव घरक कजिया सकिकुन सोहराइँयँ फुलउ राख्ल बाटइ कने इहइ सोहराइँक दिन चोखेलाहार भइत। आचाल अउसिक दिन फुलउ राखिकुन तिन दिनसमन बिभिन्न बिधि पुरा करिकुन तेस्रा दिन नारायनि वा खोलायँ बोहाइकुन जुठो चोखेतातसब। फुलापाति खोसिकुन किरहेर घरक सभइ परिवार चोखो भइतातसब। सोहराइँ दराइ जातिक मरन संस्कारसे जोडिल बड्क पाब्नि हखइ इय दिनयँ बरखि फुकालाहार वा चोखोलाहार दिनक रुपयँ तिन दिनसमन मान्तातसब र इय दिनयँ बर्सइभरि रहिरहल जुठो चोखोतातसब र कजियाक सभइ बिधि ओराइत।

> सोहराइँ दराइ जातिक मरन संस्कारसे जोडिल बड्क पाब्नि हखइ इय दिनयँ बरखि फुकालाहार वा चोखोलाहार दिनक रुपयँ तिन दिनसमन मान्तातसब र इय दिनयँ बर्सइभरि रहिरहल जुठो चोखोतातसब र कजियाक सभइ बिधि ओराइत ।

असे बर्सभरिक वा जुठो चोखो भइल कहि रक्तारि टिका लागातातसब र आबेसे सभइक पानि चलित कहि समाजेइँ कतातसब। सोहराइँक दिन तिन दिनसमन मानालाहार दिन फुलउ राखिकुन हखइ जोन गाउँयँ जुठो पोर्ल बाटइ उव गाउँक जोक्र घर दुखहेर हखइ उहइ घरयँ फुलउ राख्तातसब। आचालक अनुसार आउसि लेइकुन आउसिक दिन साँझपटि फुलउ राख्तातसब तर पहिलाक चलन चाहि बिहिबारसे लेतेरहतसब जोन बिहिबारके फुलउ राखिकुन सन्चरबारके फुलउ बोहाते रहतसब। फुलउ बाहाइके कते आघु घरयँ पहिला दिन सभइ गाउँले र जुवाइ चेलासब मिलिकुन साँझपटि जुठो पर्ल घरयँ केराक थाम आनिकुन फुलउ राखिके लागि नान्हि एक्टा फुलउक घर बानातातसब।

केराक थाम, डाडि उखुक, बाससे बानाल नान्हि छोप्रा जहिन उप्र रक्ताहि कजाडि गोर लुगाइँ ढाकिकुन राख्तातसब र उव भित्र तिनमुखे लुगा बनाइकुन र फर्लाक पातक फुलउ मुर्ति बनाइकुन बिच राख्तातसब। असे फुलामाला तरेवन झुन्डाकुन सिंगरातातसब। पहिलो दिन सभइ करिसकिकुन मोर्लक नाउयँ घरक र गाउँले बेटिसब भात राख्तातसब। इय बेला बाँसि बाजातातसब। फुलउक दिन बाँसि अनिवार्य भइत। अर्क दिन राँगो झम्कातातसब र तेस्रा दिन टाँटो र तेस्रा दिनक साँझपटि गाउँले घरपरिवार फुला बोहाइके टाँटो बोकिकुन खोला जइतातसब।

# फागुनयँ चुनाब काराइके तयारियँ सरकार





जेनजिक आन्दोलनेइँ २ दिनयँ सरकार पल्टाइकुन लउठा अन्तरिम सरकार बन्ल पाछु यख्निक सरकारेइँ २०८२ फागुनक २१ गते पर्तिनिधि सभाक निर्वाचन तोक्ल बाटइ। फागुनयँ निर्वाचन काराइकुन आबे बन्लाहार लउठा सरकारके यख्निक पर्धान मन्तरि सुसिला कार्किइँ देइत र उक्र लागि निर्वाचन अनिवार्य बाटइ। इक्र लागि यख्निक सरकारेइँ जस्के फेरि चुनाव काराइके कहि तयारियँ जुट्ल बाटइ। चुनावक लागि निर्वाचन आयोगके तयार भइके सरकारेइँ निर्देसन देइसक्ल बाटइ र निर्वाचन आयोग तयारियँ जुट्तिहिन बाटइ।

जइल भदउ महिनाक २३ र २४ गतेक जेनजि आन्दोलनेइँ सरकारके पल्टाइकुन जेनजिकइँ लउठा सरकार बानाल पाछु सरकारेइँ देसयँ परिबर्तन र जेनजिक मागके पुरा करिके कहि सरकार लागि राख्ल बाटइ। यख्नि सरकारेइँ भरस्टचारिके तह लागाइके, देसयँ सुसासन कायम करिके र बेलाहि चुनाब काराइके जेनजिक माग सहित पुरा करिके सरकारक दायित्व बन्ल बाटइ।

सरकारेइँ बेलाहि चुनाब काराइके लागि निर्वाचन आयोग र बिभिन्न दलसबके निर्वाचनयँ भाग लेइके र निर्वाचन काराइके लागि अनुरोध समेत कर्ल बाटइ र आफ्नि निर्वाचनक लागि तयार करिराख्ते कहि सरकारक बाटइ।

जेनजि आन्दोलनयँ बहतरसे धेरइक ज्यान जइलखाइ। सिंहदरबार सहित कयउ सरकारि कार्यलय आगिइ जर्लखाइ । दुइ दिनयँ सरा धवस्त भइलखाइ र नयाँ सरकार जेनजिइ छानिकुन बनालखाइ।

इय इतिहासयँ नइ यख्नि समन निज भइल घटना नेपालयँ भइल हखइ र इय यबडो आन्दोलनेइँ जोन नयाँ सरकार देसे पाउल बाटइ। नेपालयँ बढिरते भर्स्टाचार, बेथिति र सरकारेइँ नेपालि जनताके सुसासन कायम करिके कहि र समाजिक संजाल तत्कालिन पर्धान मन्तरि केपि सर्मा ओलिक सरकारेइँ समाजिक संजाल बन्द करिदेल बखत जेनजि पुस्ताइ २०८२ भदउ २३ देस ब्यापि रुपयँ देसक बिभिन्न मुख्य सहर काठमान्डु, पोखरा, भरतपुर, बिराटनगर, बुटवल लगायतकयँ ब्यापक पर्दरसन कर्लखाइ र पहिलाक पर्धान मन्तरि केपि सर्मा ओलिइक सरकारेइँ जेनजिक आन्दोलनके रोकिने खोज्ल र उव बेला आन्दोलन कारि र पर्हरि बिचयँ भिड्न्त भइकुन हिन्सात्मक आन्दोल भइल खाइ र पर्दरसनकारि जेनजिके पर्हसिक गोलि लागिकुन कयउक ज्यान जइलखाइ।

कयउ घाइते भइलखाइ। पाछेसे बल्ल नेपालक गिरिह मन्तरिइ राजिनामा देलखाइ। यसेकरि पहिलो दिनयँ गाहेनइ निज राम्र छेति नेपालयँ भइलखाइ। भखरक नाउनि केटकेटि गोलि लागिकुन मोर्दखाइ। सरकारेइँ आन्दोलनके सान्ति र सजिल बाताबरन बनाइके निज सक्लखाइ र इय घटनाक आरोप सरकारके लाग्लखाइ।

आबेक चुनाब बेलाहि काराइके लागि निर्वाचन आयोगेइँ आफ्निसब तयार भइसकिलालइ कहि बाटइ कने आबे लउठा सरकार बनाइके लागि चुनाबक बिकल्प निज धेरइक कहनाम बाटइ। जेनजिक आन्दोलन भर्स्टारचारके तह लागा, देसयँ सुसासनक राम्र बाना कलाहार जोने मुख्य उदेस्यसे आन्दोलन भइलखाइ उव सभइ नेपालिक चाहना उहइ रहइ कि देसयँ भर्स्चारके कार्बाहि करिके परित जोनसुकइ सरकार भइने फेरि। यख्निक सरकारेइँ भरस्चारिके कतिक तह लागाइ हेरिके बाटइ।

# हाम्र घरइ चिनारि

हा हामे दराइ जातक घरइ चिनारि। हा भन्सा भाँडार, सिक्कुवा भक्खे दुवार, मझेरि, हामे दराइ जातक घरइ चिनारि। हाम्र दराइ जातक धेरइ चिनारि। हा मत बाटम बइरागि मेरो कुरा सुनउरि हामे दराइ जातक घरइ चिनारि। दराइ संस्कारक सानु परित बाचाइके। हा आउदो बइसाख पुर्नेवाके झाउ होइ चुड्का नाचाइके। दराइ संस्कार सानु परित बाचाइके। हा मेर उमेर असि भइनेस अइतम चुड्का नाचाइके इय दराइ संस्कार सानु परित बाचाइके।


गाउतम म त सानु माया पिरतिको, हा मत मान्त धर्म पुजा कर्तम मुर्तिको, गाउतम सानु माया पिरतिको। म त गाउतम माया पिरतिको सानु। हा तिर्खा लाग्ने पानि अमल अझ खाइके सुर्तिको, गाउ तम सानु माया पिरतिको। बाचाइके परित सानु दराइ जातक संस्किर्ति, जस्नो पर्ने सहि परित कस्नो अइलो स्थिति। बाचाइ परित सानु हाम्र जातक संस्किर्ति। बाचाइ परित सानु दराइ संस्किरति जस्नो अइलो सहि परित कस्नो अइलो स्थिति। नाइ रोइके सानु लेजतम तेराके मइ बाटम एकसरो। कोइ नइजे घरयाँ नारोइके सानु लेजतम तेराइके। यसेकरि तनहुँ बइरेनिक मनिराज दराइ लेख्ल बाटत एक्टा इय गित र अर्क फेरि यस्न बाटइ उनेनक गित। दराइ जातिइँ समयक परीवर्तन सांगसांग घर बानाईके आवश्यक पर्लाहार सामाग्रीहरू पाईके गारो भैते जैलभैतेखेना घर संकटका पर्ल बाटै। तनहुँक भादगाउँ, साँखर, पतेनी, चिन्टुटार, कलेस्ती, दुम्सी, दुम्सीचौर, डिहीगाउँ, पोल्याङ्ग, पिपलटार, रूपटार जस्न ठाउँहरूआँ दरइ जातिक बाक्लो बस्ती भैल भने पनि दरइ जातिक घुमाउने घरक नमुना समेत देखिके नापाई। आजुकालु सबै दरइ बस्तिहरूआँ आधुनिक घरक प्रयोग भैल भैते घुमाउने घर देखिके र भेटिके मुस्किल भैल कुरा भादगाउँ दरइ समाजक कोषाध्यक्ष बिर बहादुर दरइइँ कहिके भैल।

> विं.सं. २०६८ क जनगणना अनुसार नेपालआँ करिब १८ हजार जनसंख्या भैल दरइ जातिक संस्कृति, धर्म, भाषाक सांगसांग ओनेन बस्लाहार घरक शैली समेत फरक भैल पाउथाईर ।

परम्परागत घुमाउने घर हेराथिन जैल कहथिन आचाल दरइ समुदाय नमुना घुमाउने घर बानाईके जुटिरहल बाटत्। सहज रूपआँ पर्यटकहरू पुगिपनि घुमाउने घरक अबलोकन, जातिय भाषा, संस्कृति, भेषभुषाक अवलोकन करिके सक्लार ठाउँकाँ घर बानाई पनि समाज संसक्षणकाँ जुटिरहल कुरा कहथिन दरइ समाज तनहुँक अध्यक्ष तिर्थबहादुर दरइइँ कहिके भैल('दरइ समुदायक हेराईसकिलाल घुमाउने घरका संरक्षणक लागि प्रत्येक बस्तीआँ नमुना घर बानईके प्रोत्साहन करिरहल बाटिर लकुरा ओनेनेइँ कहिके भैल। "तन्देरीहरू विदेशिलाहार र बाठुनीहरू व्या करिन् जैथात, इछि बसोबास कर्लाहार हायँ बुडाबुडी र बालबच्चाहरू मत्रै बाटिर, कसेकै बाँचाईके हाँर पहिचान?" व्यास ५काँ बसिकेभैलाहार टेक बहादुर दरइइँ दुखेसो पोखिके भैल। वि.सं. २०६८ क जनगणना अनुसार नेपालआँ करिब १८ हजार जनसंख्या भैल दरइ जातिक संस्कृति, धर्म, भाषाक सांगसांग ओनेन बस्लाहार घरक शैली समेत फरक भैल पाउथाईर।

तनहुँ जिल्लाआँ मत्रै करिब ५ हजार ८ सय दरइ जातिक जनसंख्या भैल तथ्याङ्कआँ उल्लेख बाटै। विदेशिलाहार र बाठुनीहरू व्या करिन् जैथात, इछि बसोबास कर्लाहार हायँ बुडाबुडी र बालबच्चाहरू मत्रै बाटिर, कसेकै बाँचाईके हाँर पहिचान?" व्यास ५काँ बसिकेभैलाहार टेक बहादुर दरइइँ दुखेसो पोखिके भैल।

# दराइ भासाक पहिलाक पुरान किताब





दराइक आफ्नइ भासा, संस्कार, रिति रिवाज र रहन सहन बाटइ। दराइक आफ्नइ भासा दराइ भासा वा दराइ कुरा कतातसब। दराइ भासा लोपन्मुख भासायँ परित। इय भासा संरछन करिके परित इक्र लागि बिभिन्न किताबसब निस्काइकुन पाछेक लागि राखिके सक्ताहि। इहि भासा संरछनयँ सहायता पुरेइत। ओस्नसे दराइ भासाक धेरइ किताबसब निज निस्कल बाटइ। फाटफुट रुपयँ निस्कल बाटइ तर ओतका धेरइ निज बाटइ। दराइ भासायँ बिभिन्न बिद्वानसभेइँ अलेलि किताब ओहाहि लेख्ल फेला पर्ल बाटइ। इय एक्टा बेलायति बिद्वानेइँ लेख्ल हखइ। जोन इछि आजु पर्स्ट पारिके खोज्ल बाटइ।

दराइ भासाक ब्याकरनक कुरा र दराइ भासाक सब्दकोस दराइ भासायँ लेख्लाहार बिद्वान हखत कार्ल कोतापिस र सारोन कोतापिस। उनेन बुढाबुढि दुल्हा दुल्हि हखत। उनेनसभेइँ १९७५ यँ नेपाल आइकुन दराइ भासाक अध्ययन करिकुन भासाक बारेयँ धेरइ कुरा लेख्ल बाटत। जोन मध्ये इछि फेला पर्ल बाटइ र ओसिनकरि उनेन २०८१ सालयँ नेपाल फेरि घुमिके अइल बेलाके दराइ भासायँ लेख्ल दसटा किताब दराइ भासा सम्पादक राज कुमार दराइके देइके भइल बाटत। सभइ किताबसभयँ दराइ भासायँ लेख्ल बाटइ। दराइ भासायँ कथा, गितसब बाटइ कने दराइ साछ्यरताक लागि फेरि किताबयँ उल्लेख कर्ल बाटइ। सन १९७३ से सुरु कर्ल र निस्काल किताबसब उनेनेइँ राज कुमार दराइके देल किताबसब पुरान करिब पचास बर्स भइसक्ल बाटइ।

यस्न पहिला दराइ भासायँ बिभिन्न किताब निस्कालाहार उनेनसब हखतसबख। उक्र पाछु बल्ल दराइ भासायँ लेख्ल किताबसब बाटइ। राज कुमार दराइक लेख्ल किताबसब दराइ भासायँ लेख्ल बाटइ। साछ्यरता कछ्याक किताब फेरि दराइ भासायँ लेख्ल बाटइ। दराइ भासायँ २०६९ सालसे गोरखापत्रयँ निस्कते आइरते दराइ भासाक लेखरचना, कलासब सहितक दराइ भासा पिरिस्ट हरेक २ गते निस्किरते बाटइ।

यसेकरि दराइ भासा बाचाइके लागि बिभिन्न ठाउँसे पर्यास भइतिहिन बाटइ। कार्ल कोतापिस र सारोन कोतापिसक देन दराइ समाजेइँ बिस्राइके नाइ सकइ।

भासा एक जातिक पहिचान हखइ। इख्राइके बाचाइके लागि दराइ समाज, राज्यक बिभिन्न निकायइँ इय कुरायँ चासो देइके परित।

दराइ भासाक पुरान किताब त पाइके नाइ सकिहि किकेकने उव बेला कोलउ दराइ निज पहडल रहतसब इय एक्टा कारन भइके त कने अर्को कारण

भासाक महत्व नबुझिकुन भइके सकित। जोन जुगसे दराइ भासाके बाचाइक अभ्यास भइरते बाटइ इय राम्र कुरा हखइ। दराइ भासाक बिकास जगेर्ना करिके लागि भासाक सब्दकोस ब्याकरन जस्न कुरा बनिके परित तर दराइ भासायँ निज निस्कल बाटइ। इय निस्काइके आवस्यक बाटइ र आफ्न भासा सभइ जेना बोराइके परित। भासा मोरिके देइके नाइ भवइ।

# बर्सयँ एक पल्ट नाच्लाहार फुलापाति



तनहुँक दराइसब फुलापाति नाच सोहराइ आउसिके नाच्तेसब ।

गाउँलेसब फुला टोरिके जाइके लागि एक ठाउँयँ तन्धेरि बुढापाका, बरखि बोक्लाहारपटिक जुवाइचेलासभइ जेना भेला भइतासब र फुला राखिके लागि एक्टा सुपा र सुपाके एक्टा लुगाइँ झाप्ल भइत। बाजालाहार मान्दरि लेतासब। गाउँलेसब गाउँ भरिक फुला टोरिकुन मुखियाक घरयँ जाइकुन किरहरेके फुला खोसिकुन उसबक बरखि फुकातासब र बाँकि रहल फुलासब पइडायँ लेजिकुन बोहातासब। आजिबाजेकइ पालासे चलिअइल रितिरिवाजके यख्नि मान्ते आइरतेबाटइ दराइसभइँ। खासयँ इछि मइ दराइ जातिक मरन संस्कार अनुसराक कुराकरिके खोज्ते बाटम जोन फुलापाति नाचक कुरा इय हरेक बर्स एक पल्ट मत्इ नाच्लाहार चलन बाटइ।

फुलपाति नाच बर्सइ दिन बोक्ल बरखि फुकालाहार नाच हखइ जोन बर्सक एक दिन सोहराइँक आउसियँ नाच्तासब। इय नाचक आफ्नइँ बिसेस्ता बाटइ। फुलपातिक अथवा आउसिक दिन जुठो पर्ल घरयँ बिधि अनुसार लिपपोत कर्तासब। दराइ समाजयँ बर्सक एक पल्ट मत्इ नाच्लाहार नाच हखइ फुलपाति नाच। फुलापाति नाच दराइ जातिक संस्कार अनुसार तिहारे आउसिक दिन मर्ल मानुसक जुठा चोखेइके लागि बिधि अनुसार नाच्लाहार नाच हखइ। परम्परासे चलि अइल इय नाचक छुटइ महत्व दराइ समाजयँ बाटइ। दराइ समाजयँ कलाउक घरयँ मानुस बित्ल भइने संस्कार अनुसार किरिया कर्तातसब र किरहेरइँ सालभरि बरखि बोक्तासब। सोहराइँक आउसियँ उव बोक्ल बरखि फुकाइके परित र बरखि फुलपाति नाच नाचिकुन फुकालाहार चलन बाटइ। फुलपाति नाच तनहुँ जिल्ला लगायत दराइ बसोबास जिल्लासभयँ सोहराइँक दिन नाच्लाहार चलन बाटइ। इय नाच ठाउँ अनुसार फरक फरक बाटइ। तनहुँयँ फुलपाति नाच सोहराइँक तिहारे आउसिक दिन एक दिन मत्इ नाच्तासब। इछि चर्चा पुनु तनहुँकइ दराइ सभेइँ मान्ते आइरते फुलापाति नचक करिके खोजिराख्ते बाटाम।

> फुलापाति नाच दराइ जातिक संस्कार अनुसार तिहारे आउसिक दिन मर्ल मानुसक जुठा चोखेइके लागि बिधि अनुसार नाच्लाहार नाच हखइ । परम्परासे चलि अइल इय नाचक छुटइ महत्व दराइ समाजयँ बाटइ । दराइ समाजयँ कलाउक घरयँ मानुस बित्ल भइने संस्कार अनुसार किरिया कर्तातसब र किरहेरइँ सालभरि बरखि बोक्तासब । सोहराइँक आउसियँ उव बोक्ल बरखि फुकाइके परित र बरखि फुलपाति नाच नाचिकुन फुकालाहार चलन बाटइ ।

फुला टोरि सकिकुन सभइजेना मुखियाक घर जइतासब। उछि टोर्ल फुला घरयँ भित्रातासब। घर भित्र कन्या छवडिसब भइतासब। उव कन्याक फुला देलाहार बेलाके फेरि एक्टा फुलाक गित गिदाइकुन फुला कन्याके देतासब। फुला देलाहार बेलाके यस्न गित बाटइ। इछिका रानि फुलो मंगेमंगे बास कलाहार गित यस्न बाटइ। देलाहारइँ यस्न कहित, हा, लेवना लेव लालि गुराँस फुलवा, ए, लेवना लेव होइ लालि गुराँस फुलो मंगेमंगे बास। मंगलाहारइँ यस्न कहित, हा, आनउन आनउ लालि गुराँस फुलोवा ए, आनउन आनउ होइ लालि गुराँस फुलो मंगेमंगे बास।

ओसिनकरि फेरि गिदातासब यस्के, हा, लेवना लेव कोदो मुखि फुलवा, ए, लेवना लेव होइ कोदो मुखि फुलो मंगेमंगे बास। मंगलाहारइँ यस्न कहित, हा, आनउन आनउ कोदो मुखि फुलोवा। ए, आनउन आनउ होइ कोदो मुखि फुलो मंगेमंगे बास। ओसिनकरि कन्या सभेइँ फुला पर्छतासब र यस्के करि गिदातासब। हा, परछउन परछउ सतम बेरे फुलवा। फुलापातिक चलन अनुसार गाउँलेसब फुला टोरिके लागि गाउँघरयँ फुला भइल ठाउँयँ फुला टोरिके निस्कतासब। फुला टोर्लाहार बेलाके सय पत्रि फुलाक गित बिभिन्न फुलाक गित गिदाते नाच्ते कर्तासब। फुला टोर्लाहार चार चरनक गित बाटइ। सुरुयँ फुला टोरिके कते आघु फुला रोपिके कहि फुला रोप्ते कहि कल्पनायँ फुला रोप्लाहार गित गिदातासब। फुला रोप्ते जहिन करिकुन फुलाक बिभिन्न नाउँ लेइकुन एक जेना सिपालु मानुसेइँ गिदाइत र अरु साँहिन गिदाते नाच्ते कर्तासब। इय सकिकुन बल्ल फुला टारिके थाल्तासब। उव बेला फेरि अर्कइ फुलाक गित बाटइ सभइ जातक फुलाक गित गिदाते फुला टार्ते कर्तासब। ए परछउन परछउ होइ चिचि चांगे फुलो मंगेमंगे बास। हा, परछउन परछउ चिचि चांगे फुलवा ए परछउन परछउ होइ चिचि चांगे फुलो मंगेमंगे बास। ए परछउन परछउ होइ चिचि चांगे फुलो मंगेमंगे बास। हा, परछउन परछउ गुरो लि फुलवा। ए परछउन परछउ होइ गुरो दलि फुलो मंगेमंगे बास। हा, परछउन परछउ मख मलि फुलवा। ए परछउन परछउ होइ मख मलि फुलो मंगेमंगे बास। हा, परछउन परछउ सुरजे मन्डल फुलवा। ए परछउन परछउ होइ सुरजे मन्डल फुलो मंगेमंगे बास। हा, परछउन परछउ बार मासे फुलवा। ए परछउन परछउ होइ बार मासे फुलो मंगेमंगे बास।

यस्न गित गिदाइकुन कन्याइँ फुला भित्राइकुन राख्तासब र किरहेरके फुला लागाइके तयार कर्तासब बाहार अँगनायँ। किरहरे र बरखि बोक्ल जुठो पर्लसबके फुला र टिका लागाइकुन चोखेइके लागि गुदक गुन्दरियँ बोसातासब। इय गुदक गुन्दरिक इछि गाहेनइ महत्व भइत। अरु चिजक बोस्लाहर नामिलइ। फुलपाति खोस्लाहार बेलाके पहिला मुखियाइँ किरहरेके रक्तारि टिका लागाइकुन उहइ टारिकुन आन्ल फुला लागाइ देइत।

समावेशीकरणको दिशामा एउटा फड्को : गोरखापत्रद्वारा प्रकाशित

**मैथिली भाषा पृष्ठ**

# मैथिली गीति-साहित्यके योगदान



मिथिलाक सामाजिक एवं सांस्कृतिक जीवनमे गीत-संगीतक परंपरा हजारो वर्षसँ अविच्छिन्न रूपें प्रवहमान अछि । मैथिली साहित्यक विकासमे गीति-साहित्यक सर्वाधिक योगदान अछि । कहबाक प्रयोजन नहि जे आदिकालसँ आधुनिक काल धरि मैथिली साहित्येतिहास गीतिमय रहल अछि । विविध विषयक अजस्र मैथिली लोकगीत ओ महाकवि विद्यापति रचित असंख्य पद मैथिली गीति-साहित्यक प्राचीनता ओ समृद्धिक सर्वोत्तम उदाहरण थिक ।

विविध प्रकारक मैथिली लोकगीतक अपन विशिष्ट गायन शैली अछि जकरा भास कहल जाइत अछि । गायन पद्धतिक रूपमे भास, रागक समकक्ष मानल जाइत अछि । अर्थात् जहिना राग विशेषक संगीत-संरचनामे स्खलन अस्वीकार्य अछि तहिना भास विशेषक स्वर-संयोजन सेहो निर्धारित होइत अछि आ तकर पालन गायक लोकनिक लेल आवश्यक होइत अछि ।

मैथिलीक पारम्परिक गीति-साहित्यमे मिथिलाक ग्राम्य-जीवनक सहज-सरल मनोभावक तीव्र अभिव्यक्ति भेल अछि । मैथिली लोकगीतमे सामाजिक तथा पारिवारिक जीवनक सुख, दुःख, प्रेम, करुणा आदिक मर्मस्पर्शी चित्रण भेल अछि। कन्यादानक पीड़ा, वैधव्यक शोक, बाल-विवाह, वृद्ध-विवाह आदिक उत्पीड़न प्रभृति विषयक समावेश एहि गीत सभमे भेल अछि। रवीन्द्रनाथ ठाकुरक मतानुसार-वस्तुतः मैथिलीमे जे गीत लोकगीतक नामे प्रचलित अछि से प्रगीतक कोटि केर गीत थीक। एहिमे सम्बोधन वैयक्तिकता, मन उमकय त॑ गाबी गीतक परिणामस्वरूप अन्तःस्फूर्त्ति, तन्मयताभावमयता, संगीतात्मकता, गति, प्रवाह सब विद्यमान रहैछ । विविध संस्कार गीत, देवी-देवताक गीत, ऋतुगीत, व्रत-त्योहार सम्बन्धी गीत, श्रमगीत, शिशुगीत आदि मैथिली लोकगीतक अनेक प्रकार भेटैत अछि । डा. जयकान्त मिश्र मैथिलीक एहि पारम्परिक गीतिकाव्यकें सात वर्गमे विभाजित कयने छथि-

- **भजन**
- **देवी-देवताक गीत**
- **पावनिक गीत**
- **सोहर**
- **संस्कार गीत**
- **समैया गीत आओर**
- **लगनी**

डाँ. अणिमा सिंह अपन पोथी 'मैथिली लोकगीत'मे सेहो मैथिलीक पारम्परिक गीतिकाव्यकें सात वर्गमे वर्गीकरण कयने छथि-

- **देवी-देवताक गीत**
- **व्रत आओर सामयिक उत्सवक गीत**
- **संस्कार सम्बन्धी गीत**
- **विवाह संस्कार सम्बन्धी गीत**
- **ऋतु सम्बन्धी गीत**
- **श्रम सम्बन्धी गीत एवं**
- **विविध प्रकारक गीत।**

मुदा हिनक वर्गीकरण कनेक भिन्न अछि । एहि वर्गीकरणमे विवाह-सम्बन्धी गीतकें अन्यान्य संस्कार-गीतसँ फराक राखल गेल अछि। तहिना विविध प्रकारक गीतकें फुटयबाक प्रयास कयल गेल अछि। डाँ. रामदेवझा अपन ग्रन्थ 'मैथिली लोक साहित्यः स्वरूप ओ सौन्दर्यमे पारम्परिक मैथिली गीति-साहित्यकै छओ प्रकारमे वर्गीकृत कयने छथि -

- **संस्कार गीत**
- **उत्सवव्रतोपासनाक गीत**
- **भक्तिपरक गीत**
- **श्रमापनोदक गीत**
- **समैया गीत तथा**
- **मनोरंजक गीत ।**

वैदिक परम्परामे सोलह प्रकारक कहल गेल अछि। एहिमे मनुष्यक जन्मसँ मृत्यु पर्यन्त धरिक संस्कार सन्निविष्ट अछि। प्रत्येक संस्कारक भिन्न-भिन्न विधक हेतु वेद-मन्त्रक पाठक विधान अछि। मुदा, मिथिलाक लोकजीवनमे एहि वैदिक मंत्रक समानान्तर गीत-गायनक परम्परा सेहो अछि। अर्थात् मैथिली संस्कार गीतकें वैदिक मन्त्रक मर्यादा प्राप्त छैक। कतहु-कतहु तँ ई लौकिक परम्परा, वैदिक विधानसँ अधिक महत्वपूर्ण भ॑ जाइत अछि । मैथिली संस्कार गीतक महत्ताक प्रसंग डाँ. रामदेव झाक कथन सर्वथा उचित छनि- मैथिलीक संस्कार गीतक, विभिन्न संस्कारक विधि-व्यवहारमे वैह स्थान प्राप्त अछि जे स्थान वैदिक, स्मार्त्त आ पौराणिक मन्त्रकै प्राप्त अछि । कोनो विधिक सम्पादनमे जाहि प्रकारक मन्त्र पढ़ल जाइत अछि ठीक ओही प्रकारें ओहि विधिक हेतु गीतक गायन सेहो आवश्यक होइत अछि ।

संस्कार गीतक मुख्यतः प्रभेद थिक- जन्म, मूड़न, उपनयन आ विवाह गीत । चुमाओन गीत, केसकट्टीक गीत, चर्खागीत, कुमड़मक गीत, भीखक गीत, पितरक गीत आदि मूड़न तथा उपनयनक अवसरपर मुख्यतः गाओल जाइबला प्रचलित गीति-प्रकार थिक । मिथिलामे विवाहक अवसरपर अनेक प्रकारक विध-व्यवहार सम्बन्धी गीत उपलब्ध अछि। एहिमे किछु गीत देवी-देवताक विवाहक कथापर आधारति अछि तँ किछु गीतमे वर-कनियाँक आनन्द, अतिथिक सत्कार, हँसी-मजाक आदिक वर्णन सेहो भेटैत अछि । आम-महु विवाह, परिछन, नैना-योगिन, कन्यादान, महुअक, सिन्दुरदान, घोघट, मिनती, गौरी-पूजन प्रभृति अनेक अवसरक अजस्र गीत मिथिलामे प्रचलित अछि । सम्मर, झुम्मरि, कोबर, उदासी आदि सेहो विवाहक अवसरपर गाओल जाइत अछि । द्विरागमनक अवसरपर मुख्यतः समदाउन गाओल जाइत अछि ।

सोहर संतानक जन्मोत्सवक गीत थिक । संतान प्राप्तिक उल्लास तथा परिजनक मंगलकामनाक संगहि देव-स्तुति एहि गीतक प्रमुख विषय होइत अछि। मिथिलामे 'सोहर' गीतक अन्तर्गत मुख्यतः गर्भावस्थाक गीत ओ मङ्गलगीत अबैत अछि। सोहर गानक प्रथाक मिथिलामे प्राचीन अछि। एहि विषयमे डाँ. लोकनाथ मिश्रक कथन छनि- सोहर शब्दक व्युत्पत्तिक मूलमे संस्कृतक शुभ धातु अछि जाहिसँ शोभन, शोभा आदि तत्सम तथा सोहना, सोहाओन आदि तद्भव रूप बनैत अछि। ब्रजमे सूतिकागारकै सोभर सेहो कहल जाइत अछि।

संस्कृतक शोकहर शब्दसँ सेहो सोहरक व्युत्पत्ति सम्भव अछि। साहित्यिक सोहर सेहो उपलब्ध अछि जाहिमे कृष्णजन्म वा राम-जन्मक वर्णन भेटैत अछि। सोहर मुख्यतः बेटाक जन्मक अवसरपर, बेटाक उपनयनक अवसरपर, एतय धरि जे पुत्र विवाहोत्सवक अवसर पर सेहो गाओल जाइत अछि। कतहु-कतहु पुत्रीक जन्मोत्सवपर सेहो सोहर गायनक प्रथा देखल जाइत अछि। मैथिली सोहर सभ अत्यन्त हृदयस्पर्शी अछि। अनेक सोहरमे पतिक अनुपस्थितिकँ अत्यंत कवित्वपूर्ण चित्रण कयल गेल अछि। पमरिया गीत, बक्खो गीत ओ झूला सेहो जन्मोत्सवक गीतक रूपमे प्रचलित अछि।

*(साभार : आधुनिक मैथिली गीतिकाव्य ओ परम्परा)*

# बिजली हुकिङ्गसँ जाइ छै जान, होउ सावधान



दियावाती आ छठि पर्वक अवसरमे घर, आङन आ टोल-महल्लाके इजोतसँ चकमक कर'लेल सजावटबास्ते बत्तीके प्रयोग हएब सामान्य अछि। मुदा सजावटबला बत्तीकेँ प्रयोग करैत काल बिजली चोरी अर्थात हुकिङ्गसँ दुर्घटना सेहो भ' सकैया। छोटछिन असावधानीसँ बड़का घटना सेहो भ' सकैया। तैँ एहिदिस सर्वसाधारणकेँ सचेत होबक चाही। हरेक साल दियाबाती आ छठिमे करेन्ट वा कहि जे आइग लाग'के घटना होइत अछि। छठिके घाटपर पोलसँ सीधा बिजली जोड़कालमे कतेको ठाम लोकके त मृत्यु सेहो भेल अछि।

छठि पूजा समिति, स्थानीय आयोजक समूह, युवा क्लबसभकेँ एहिदिस चौचंक रहबाक खगता अछि जे पाबनिक अवसर शोकमे नहि बदलि जाय। स्थानीय सरकार दिससँ घाट व्यवस्थापन होब'बला जगह सबमे सेहो सार्वजनिक सूचना होयबाक चाही। जाहिसँ लोकके जान बचै।

बिजलीसँ होब'बला एहन दुर्घटनासँ बँच'लेल नेपाल विद्युत प्राधिकरण सेहो आग्रह कएलक अछि। प्राधिकरण एकटा सूचना प्रकाशित करैत सावधानीके उपायसब बतौलक अछि। लक्षित समुदायधरि एहन सन्देश नहि पहुँच सकल अछि। जनचेतनाके अभावके कारण सेहो बिजली चोरीके घटना कतेको ठाम सामान्य भ'गेल अछि।

मुदा किछु पैसा बँचाब'के लेल बिजुलीके पोलसँ तार तानब जत्तेक सहज बुझाइछै ओइसँ होब'बला घटना खतरनाक भ' सकैया। मधेश प्रदेश बिजली चोरीमे आन प्रदेशसँ आगू रहल तथ्यांक अछि। एहनमे सम्भावित घटनासँ बँच'लेल जत्तेक पूर्व सूचना आ संवेदनशीलता देखाओल जयबाक चाही से नहि भ' सकल अछि।

### अस्थायी मिटर ल' लिय

**मनोज कुमार यादव**
प्रादेशिक प्रमुख, मधेश प्रदेश, नेपाल विद्युत प्राधिकरण

कोनो पाबनितिहार वा प्रयोजन होय हुकिङ्ग त करबे नहि करु। हमर आग्रह ई छै जे छठि घाटपर जँ बिजली चाही त अस्थायी मिटर ल' लिय। एहिके लेल लगके नेपाल विद्युत प्राधिकरण वितरण केन्द्रमे निवेदन देब' पड़ैछै। प्राधिकरणमे किछु धरौटी राख' पड़ैछै। तहन अस्थायी मिटर जडान कएल जाइछै। अनुमानित किछु पाइ जम्मा कर' पड़ैछै, पर्व सम्पन्न भेलाके बाद जत्तेक युनिट उठल रहैछै ओइके हिसाब क' क' बाँकी पाइ फिर्ता भ' जाइछै। दूर्गा पूजा जेहन अवसरपर कतेक ठाम त अस्थायी मिटर लेबो करै छै।

झिलमिल बत्ती लगबैत काल बिजलीके पोल, टावर, तारसब नहि छुआए ताहिमे सावधान रहबाक चाही। नेपाल विद्युत प्राधिकरणकके तारसँ सीधा हुकिङ्ग क' क' झिलमिल बत्ती नहि बार चाही। स्थानीयबासीसबसँ आग्रह जे मापदण्ड विपरीत वितरण तथा प्रशारण लाइनकेँ निचा धार्मिक तथा सांस्कृतिक कार्यक्रमकके लेल स्टेज आदि नहि बनाउ। बिजलीके तार तलरल वा टुटल हुअए त लगके नेपाल विद्युत प्राधिकरणक कार्यालयमे तत्काल जानकारी दियौ।

विद्युतीय प्रणालीमे रहल इन्सुलेटर, तार जेहन उपकरणमे कोनो क्षति भेल बुझाइया त विद्युत प्राधिकरणके जानकारी करेबाक चाही। तहिना बाँस, लत्ती, गाछवृक्ष बिजलीकेँ लाइनमे छुने वा छुब'लागल बुझेलापर लगके नेपाल विद्युत प्राधिकरणक कार्यालयमे स्थानीयकेँ जनतब देबाक लेल अनुरोध अछि ।

(हुकिङ्गके प्रतीकात्मक तस्वीर एआईद्वारा बनाओल गेल अछि।)

# नह केश

**मनोज झा मुक्ति**

गाममे अफरा तफरी मचल छै। घरघरमे एतवे चर्च भरहल छै जे आब कि हेतई ? बातो त ओहने छल। एहिसँ पहिने कहियो एहन विवाद गाममे नई देखल गेल छलै। सँ सामान्यरुपमे विमार रामानन्द मिसरके देहान्त आई भिनसरमे भेलनि। विवाद एहि बातक छल जे रामानन्द बाबूके मुखाग्नि के देतनि ?

मिसरजीक गन्ती गामक कहवैकामे होइत छलनि। निम्न मध्यमवर्गीए परिवारक होइतो जिल्लाभरिमे अपन हटले पहिचान छलनि मिसरजीकेँ। सन्तानकरुपमे दूटा बेटा आ दूटा बेटी छलनि। छोट बालक अनजातिमे विवाह कएने छलनि, ओहि विवाहमे मिसरजी दूनु प्राणी सहभागि भेल रहथि। आ तकरे बहन्ना बनाविक जेठ बालक मायबापक नामपर नह केश करालेने रहनि, नाता सम्बन्ध मायबाबूसँ तोडि लेने रहनि।

छोटका ननकिरवाक विवाहसँ पहिनही जेष्ठ बालकक जीद्दके देखैत दूनु बेटाके अंशवण्डा कदेने रहथिन्ह मिसरजी। जेठ बालकक ईच्छा अनुसार बिनु जिउका निकालने दूनु बेटाक नामपर आधाआधा सम्पति कदेने रहथिन्ह। शर्त ई रहैक जे सम्पति दूनु बेटाक नामपर भेलाक वादो, मिसरजी दूनूप्राणी आजीवन खेतक उबजा खएताह आ दूनू बेटा प्रतिमास पाँच-पाँच सौ टका तिमनतरकारी वास्ते देतनि। अंशवण्डा जहिया भेल रहैक तहिया जेठ बालक कोनो विदेशी अफिसमे काज करनि आ मोट पाई कामाइन, छोट बालक वेरोजगार रहनि। पारिवारिक पालनपोषणलेल मिसरजीद्वारा लेलगेल बैंकक कर्जके सेहो आधाआधा कयलजएवाक जेठ बालकक प्रस्ताव अएलनि। मिसरजीक ईच्छा विपरीत छोट बालक अपन जेष्ठ भ्राताक आकांक्षा अनुरुप मिसरजी दुनूप्राणीके सहमतिमे लाबि, कर्जक पाइयक बदलामे खेत जेठका भायक नामपर क॑देलकनि। छोट बालकक विवाहकवाद अपन हिस्साक खेतक उबजा सेहो जेष्ठ बालक अपने उठब लगलनि आ मायबाबूसँ नाता सम्बध तोडि लेलकनि। अंशवण्डाक समयमे प्रतिमास पाँचसौ गछल टका एक्को मास जेष्ठ बालक नई देलकनि। छोट त हूनकासबसंगे रहिते छलनि। मिसरजीक देहान्तक बाद जेष्ठ बालक कर्ताक भूमिका निर्वाह करबाकलेल देहान्तक खबरि सुनिते गामपर उपस्थित भ॑गेल रहनि। मुदा, छोट बालक जेठकाके मिसरजीके मुखाग्नि देबाक बातसँ सहमत नई भेलनि आ ई नौवत आएल छल।

गामक किछु व्यक्तिक कहब छलनि जे पिताके मुखाग्नि देवाक अधिकार जेष्ठ बालकके होइत छन्हि, ताँए जेष्ठ बालकके मुखाग्नि देवासँ केओ नई रोक सकैय। गामक बहुतोलोक मिसरजीक छोटका, बालकक अडानके पक्षधर छल। छोटका बालकके प्रश्न समाजसँ छल, एक्कहि व्यक्ति, एक्कहि व्यक्तिक नामपर कए वेर नह केश करौतैक ? जे अपन जिविते रहल मायबाबूक नामपर श्राध क॑ क॑ नह केश करालेने होए, ओ ओहि मायबाबूकेँ मुखाग्नि देवाक अधिकारी कोना अछि ? ओना जेठ बालकद्वारा मायबाबूक नामपर नह केश कराओलगेल बात गामक अधिकांश गोटेके बुझल छलनि।

स्कूलक प्राँगण गामक लोक आ बाट चलनिहारसँ खचाखच भरिगेल छल। किछुगोटे परम्परा आ संस्कृतिके दोहाई दैत ई विचार व्यक्त कयलन्हि, मिसरजीक जेष्ठ बालक गल्ती त कयलक मुदा, कि करबैक ? अपना समाजमे सबदिनसँ जेठे पुत्र मुखाग्नि दैत अएलैय, ताँय जेष्ठे बालक एकर अधिकारी अछि।

बदलैत परिवेश आ समयके ऐना देखवैत बहुत लोक मिसरजीक छोट बालकक अडानसंगे सहमत छलैथ। बैसारमे मिसरजीक छोट बालक सभके सम्बोधन करैत कहलथि, एखनिधरि समाजमे केओ कोनो जघन्य गल्ती क॑लेलाक बाद कि करबै ? गल्ती भेलै। माफी मंगौक। आदि ईत्यादि कहैत समाजमे गल्ती कयने लोकके माफी दैत अएलै, ताँए गल्ती कयनिहार एकर फायदा उठवैत गल्तीपर गल्ती करैत आएल, अपन कर्तव्यसँ मुकरैत अएबाक संस्कारमे दिनानुदिन बढोत्तरी होइत गेल। समाजक एहने उदार भावक फायदा उठबैत समाज दुषित भ॑गेल अछि। जकरा जखन जे मोन लागल ओ अपराध करैत गेल। जीवितमे कहियो नूनधरिक आग्रह नई कयने बेटा, मायबाबूकेँ बिनु जिउका निकालनही आधा सम्पति ल॑क॑ नाता तोडिलने बेटा, जिवीतेमे मायबाबूक श्राद्ध क॑देने घोषण करैत 'नह केश' करौने बेटाक हाथसँ मुखाग्नि देवयबाक बात जेसब क॑रहलछी से समाजमे केहन संस्कार देब॑ चाहैत छियै ? समाजमे ई आ एहन गल्तीके माफी द॑ एहि प्रकारक प्रवृतिके जौं प्रोत्साहन करबाक काज होइत रहतै त अप्पन हिस्सा ल॑क॑ मायबाबूसँ सम्बन्ध नई रखनिहारक संख्या बढैत-बढैत समाजसँ मायबाबूकप्रतिक बेटाक कर्तव्यक बात बिलीन नई भ॑जएतैक ? भाय आ बाँस त ओहने बँटल रहबाक प्रकृतिए बनौने छैक, त भायसँ मनमोटाव भ॑गेलापर मायबाबूके अनदेखी करब कतेक उचित ? एहन-एहन बेटाके परम्पराक नामपर मरनोपरान्त मुखाग्नि देवाक अधिकार किन्नहु नई भेटवाक चाही। बैसारमे उपस्थित अधिकांश लोकक थपडीसँ स्कूलक प्राँगण गड़गडागेल। माहौल पूर्णरुपेन शान्तिक चदरि ओढिलेलक। कानाफुसीक गुलगुलाहटि वातावरणमे कौतुहलता आनि देने छल। फरकीपर चढल मिसरजीक अन्त्येष्ठीक समयमे सेहो बिलम्ब भ॑रहल छलनि।

मुखियाजीके बेंतक सहारा लैत ठाढ होइत देखि वातावरणमे मौनता पसरिगेल। सबकियो निष्प्राण जकाँ होइत मुखियादिसँ टकटक्की लगाक देख॑लागल। ठाढ भ॑ मुखियाजी कह॑लगलाह, मिसरजी आ हूनका दुनू बेटाक खेरहा ओना सबके बीसो वर्षसँ बुझले अछि। सबबातके गौर करैत, समय आ समाजक मनोभावके देखैत हम जे निर्णयपर पहुँचलछी से अपने सबहक समक्ष रखैत छी। नमहर स्वाँसलैत मुखियाजी अपन बात आगु बढयलाह, ओना मुखाग्नि देवाक अधिकार अपना सबहक संस्कारमे जेष्ठे सन्तानके रहल अछि। जेष्ठ सन्तानद्वारा जीवित मायबाबूसँगे कुकृत्य एवम् दूर्व्यवहार कयलाकबादो मुखाग्नि देवाक परम्पराक नामपर जाहि प्रकारसँ आईधरि माफी दैत समाज आएल अछि, तकरे कारण आजुक दिन हमरासबके देख॑पड़ल अछि। जे बेटा जिवीत मायबाबूके सेवा नई करत, सम्बन्ध नई राखत, कोनो बहन्नामे जिवीते मायबाबूक नामपर श्राद्ध एवम् 'नह केश' कराओत ओहन बेटा जेष्ठे किया नई हुए, मुखाग्नि देवाक अधिकारी नई बनाओल जाए। एहन एहन कुसंस्कारी बेटाके जँ एखुनको समयमे माफ कयल जाए त समाजमे जएह संस्कार बाँचलखुचल अछि तकरा बचौनाई कठीन होएत। अतः मिसरजीके मुखाग्नि देवाक अधिकार जेष्ठ बालक गमाचुकल हमर बुझाई अछि। एतेक कहैत चुप्प भ॑ ठाढ़े रहलाह आ स्कूलक प्राँगणमे बैसल लोकसबदिस नजरि घुमाक देख॑ लगलाह। प्राँगणमे उपस्थित लोकसब अपन कर्तल ध्वनीसँ मुखियाजीक फैसलाकेँ अनुमोदन कएलक आ मिसरजीकेँ मुखाग्नि देवाक अधिकारी छोट बालकके बनाओल गेलनि।

# जीवनक बारेमे प्रश्न ठाढ़ करैत एक गोट महत्वपूर्ण संग्रह



**विजेता चौधरी**




वरिष्ठ कवि उपन्यासकार दिलीप कुमार झाक नवीनतम कविता संग्रह 'दुधिया इजोतमे भोतिआइत मोन' जहन हाथमे आएल तँ शीर्षक देखि लागल जे ई संग्रह अपन शीर्षक जँका सौम्य अर्थात 'सफ्ट' कवितासभक एक संग्रह हएत। मुदा जहन संग्रहक कवितासभ पढ़लहुँ तहन लागल अधिकांश कविता मनके उद्वेलित करैवला संवेदनाक स्वरसँ लवरेज छल।

'श्रमगीतमे बहैत संगीत' शीर्षक कवितामे कवि मजदुरसभक कोदारि आ गिट्टीक संघर्ष निकलैत एकटा संगीतकेँ सुनि लिखैत छथि,

'कोदारि आ गिट्टीक संघर्षसँ
निकलि रहलए एकटा संगीत
श्रमगीत
...
मजूरक ललाट परसँ झहरैत पसेना
खसैत अछि जमिन पर स्वातीक बुन्न जँका
जेकर प्रतापे ठाढ़ अछि
सड़क, स्कूल, अस्पताल
बड़का-बड़का माँल
माननीय लोकनिक महाप्रसाद...'

वरिष्ठ कवि झाक उक्त कविता संग्रह, मैथिलि साहित्य भण्डारक अमूल्य निधिक रूपमे उपस्थित भेल अछि। निधि एहु मानेमे जे कवि श्रमगीतमे बहैत संगीत सूनि सकैत छथि, श्रमके लय पकड़िक ओहिपर आखरक साज बैसा' सकैत छथि। ततबे नहि ई कविता आखरक पाथर मारि सुतलाहासभक भक्क तोड़िसकबाक सामर्थ्य सेहो रखैत अछि। 'श्रमगीतमे बहैत संगीत' कविता, संग्रहक श्रेष्ठ कविताक कोटिमे अबैत अछि।

हमर मान्यता अछि, जे सचेत कवि छथि ओ जीवनक बारेमे प्रश्न करैत छथि, करबाके चाहि। से, कविक अधिकांश कविता जीवन बारेमे प्रश्न करैत अछि।

'ओ कारी कपड़ाबाली छौंड़ी' कवितामे कवि वर्तमान अकर्मन्य राजनीतिक अवस्था ओ व्यवस्था पर प्रहार करैत, एकगोट उत्साहसँ भरल नायिकाकेँ ठाड़ करैत छथि यथाः

'एहन सन घुन लग्गु वातावरणमे
मनहूस समयमे
अनचोके जनपथपर ठाड़ होइये एकटा छौड़ी
जे कहैत छैक
हम कायम करब सरिपहुँ
एकटा नव सोच नव सरकार
जहिमे बेसीसँ बेसी लोक लए सृजित करब रोजगार
सभकेँ भेटतै अवसर
सभ करत निर्भिक रुपसँ कारोबार'

ई समय वास्तवमे एकगोट एहनेसन नयिकाक प्रतीक्षामे अछि जे देशक भूगोलसँ विलाइत जारहल मिथिलाकेँ एहि राजनीतिक जालसाज सभक पञ्जासँ बाहर निकालि सकए। बिहारक नवजवान नहि अपितु मैथिल नवजवानक लेल मिथिलेमे रोजगार आ स्वरोजगारक सृजना क' सकय। एहि कविताक तेवर बहुत आश्वस्त करैत छैक, यद्यपि कविताक जे भाव छैक से सुदूर कल्पनासन लगैत छैक। मुदा हम इहो कहब जे निःशन्देह पहिने समाज साहित्यक दर्पण होइत छल मुदा आब साहित्य समाजक पर्दण बनिरहल अछि, बनिगेल अछि। आब साहित्यमात्र काल्पनिकता किवां समाजक यथास्थितिक वर्णन नहि करैत अपितु दिशानिर्देश सेहो करैत अछि, दूरगामी सोंचदिस इगिंत करैत एकगोट भविष्यवेत्ताक भूमिकामे प्रकट होइत अछि, भ' रहल अछि। ई वास्तवमे बहसकेर एकगोट महत्वपूर्ण विषय छैक। यद्यपि अपन अभिव्यक्तिक आधारपर हम कहिसकैत छी जे ओ कारी कपड़ाबाली छौड़ीक प्रतीक्षा ई समय आ समाजकेँ छैक।

तहिना 'उपटि गेल बीटबाँस' संग्रहक नीक कविता अछि। कविता 'विचार जे नहि मरत'मे कवि सागरमतिक सन्तसँ प्रश्न पुछैत छथि जे

'जिनका सभके अपने उत्तराधिकारी बनेलियनि
सैह ग्राम स्वराजक अवधारणाकेँ उनटि देलनि'

कवि खादी सन गमैया उद्योगकेँ रसातलमे पहुँचाएब सन अदूरदर्शितापर क्षोभ प्रकट करैत छथि। ई कविता मिथिलाक समग्र विकासक अवरोध आ युवा पलायनके कारक तत्वके बहुत सरल ओ सुक्ष्म ढंगसँ प्रस्ततु करैत छथि। उक्त कविता बहुत महत्वपूर्ण प्रश्न ठाढ़ करैत छैक मुदा ई कविता समयसँ बहुत पहिनेक कथा कहैत अछि, जे समयसापेक्ष नहि मुदा कवि एकगोट संभावनाक बाट दिस सेहो इंगित क रहल छथि।

संग्रहमे संग्रहित 'गामक क्वारेन्टाइन' समकालीन नीक कविता अछि। 'भूमिका' संग्रह केर सशक्त कविता अछि यथाः

एकटा प्रहसन
जतय बौक छै विरोध
निर्वातमे डुब्बी मारैत प्रतिपक्ष
चारिम खाम्हके ध' नेने छैक नीक जँका घुन...

समाज व्यवस्थाके साँचे घुन ध' नेने छैक। कवि समाजसँ किवां परिवेषसँ निरपेक्ष भ' क' नहि बैसि सकैत अछि। से कविक चिन्ता, विरोध आ प्रतिकार प्रायः कवितामे देख्नाजाइत छैक। विरोध जतय बौक भ' जेतैक आ देशक चारिम अंगमे लागिजेतैक घुन ओही व्यवस्थाक की हाल हेतैक ? की हाल छैक ? ई कविता तेकर साकार तस्वीर आँखिक सोझा ठाढ़ क' दैत छैक।

संग्रहमे संग्रहित आन कवितासभ यथा 'मौन', 'एहि लीलामे राम कतय छथि','चिन्ता' लगायत महत्वपूर्ण कवितासभ अछि।

'बदलैत गाम' शीर्षक पाँचगोट कविताक सिरीजक रुपमे आयल अछि। जाहिमे गाम जे ने गाम रहल ने शहर भ' सकल इ जे स्वरुप फेरने अछि गाम ताहिमे कोनो हार्दिकता नहि छैक, अपनापन नहि छैक मात्र स्वांग रचैत गाम छैक जेकर वेदना गाबि रहल छथि कवि। इ स्वभाविक छैक। मात्र बदलैत गाम नहि गामकसंग बदलैत समाजक प्रति कविक चिन्ता छनि।

'एना नै रूसु हे कमलमुखी कमला' कवितामे कवि विकासक लेल नदीक दोहन आ बाध निर्माणसँ हुँकरैत नदीक वेदना आ विनाशक भाव प्रकट करैत कहैत छथि,

'हमरा देश-कोशक नायिका छथि कमला
जे पहिने कमलमुखी छलि, कलबल रहैत छलि
हलसल चलैत छलि
से कमला कातिके मास सुखायल छथि
मुखमंडल मौलायल छनि
बान्ह छेकसँ अकसल भेली, मोन भेलनि जबदाह'

'कृषिका' (कथाकाव्य) नीक प्रयोग कहि सकैत छी। हमरा जनैत ई प्रायः दीर्घ कविताक कोटिमे अबैत अछि। कथा-काव्यक एकगोट सम्पूर्ण संग्रह निकालल जासकैत अछि। मुदा छोटसन कवितामे कथा गढब आ से सम्पूर्ण जीवनक काव्यकथा संयोजनमे कवि सफल भेल छथि।

ओना कथा, उपन्यास हो किवां कविता कोनो विधामे सृजनात्मकता आवश्यक तत्व होइत छैक। से धरि कायम होबाक चाहि। कवि ताहिमे सफल भेल छथि।

संग्रहमे कूल ७६ गोट कविता संग्रहित अछि। मैत्रेयी प्रकाशन नई दिल्लीसँ प्रकाशित संग्रहक कवितासभ सशक्त एवं महत्वपूर्ण अछि। वैचारीक एवं राजनीतिक विषयकेँ कवि काव्यिक भाषामे अभिव्यक्त केने छथि। संगहि मिथिलाक वर्तमान सामाजिक-सांस्कृतिक अवस्था ओ जन-जीविकासँ जुड़ल महत्वपूर्ण कविता सभ एहि संग्रहमे समाहित भेल अछि जे प्रायः कम देखबामे अबैत अछि। ई संग्रहक मजबुत पक्ष अछि। मुदा किछु कवितासभमे कवि विषयवस्तुसँ इतर चलिजाइत छथि। यद्यपि संग्रह पठणीय एवं संग्रहणीय अछि।

# समाचार सङ्क्षेप

## रोकथामसम्बन्धी अभ्यास

**वासुलिङ** (गोरखापत्र), कात्तिक १ गते। सशस्त्र प्रहरी बल नेपाल मुख्यालय बैतडीको नेतृत्वमा घरेलु आगलागी नियन्त्रण तथा रोकथामसम्बन्धी व्यावहारिक अभ्यास गरिएको छ। दशरथ चन्द नगरपालिकास्थित खुला स्थानमा गरिएको सो अभ्यासमा ग्यास सिलिन्डरमा आगो लागेको अवस्थामा कसरी नियन्त्रण गर्ने भन्ने विषयमा व्यावहारिक प्रदर्शन गरिएको थियो। अभ्यासका क्रममा आगलागीका कारण, प्राथमिक नियन्त्रणका उपाय, आवश्यक सावधानी तथा आकस्मिक अवस्थामा अपनाइने कदमबारे जानकारी दिइएको थियो। कार्यक्रममा बैतडीका प्रमुख जिल्ला अधिकारी पुण्यप्रसाद गौतम दशरथ चन्द नगरपालिका नगरप्रमुख पुष्करराज जोशीलगायत विभिन्न स्थानीय तहका प्रतिनिधि, शिक्षक, विद्यार्थी, सुरक्षा निकायका प्रतिनिधि तथा सर्वसाधारणको सहभागिता रहेको थियो।

## बजार अनुगमन सम्पन्न

**बेलौरी** (गोरखापत्र), कात्तिक १ गते। नजिकिँदै गरेको तिहार र छठपर्वलाई लक्षित गर्दै महेन्द्रनगर बजारको अनुगमन गरिएको छ। वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय धनगढी, गुणस्तर तथा नापतौल विभाग धनगढी, जिल्ला प्रशासन कार्यालय कञ्चनपुर, घरेलु तथा साना उद्योग कार्यालय कञ्चनपुर र भीमदत्त नगरपालिकाले बुधबार र बिहीबार चाडपर्वलाई लक्षित गरेर संयुक्त रूपमा कञ्चनपुरस्थित महेन्द्रनगर बजारको अनुगमन गरेका छन्। जिल्ला प्रशासन कार्यालय कञ्चनपुरका सहायक प्रमुख जिल्ला अधिकारी मोहनचन्द्र जोशीले भीमदत्त नगरपालिका भासीस्थित एलिना वाटर इन्डस्ट्रिज, महेन्द्रनगर बजारस्थित मिठाई पसल, किराना पसल र होटेलको अनुगमन गरिएको बताउनुभयो।

## कर्मचारी हटाउने निर्णय

**कञ्चनपुर** (गोरखापत्र), कात्तिक १ गते। बाजुराको बुढीगङ्गा नगरपालिकाले पालिका तथा वडामा कार्यरत अस्थायी कर्मचारीलाई हटाउने निर्णय गरेको छ। पालिकाको बिहीबार बसेको ४९ औँ कार्यपालिका तथा यस आर्थिक वर्षको तेस्रो बैठकले झन्डै ८० अस्थायी कर्मचारीको कात्तिक १ गतेदेखि म्याद थप नगर्ने निर्णय गरेको हो। नगरपालिकाका प्रवक्ता एवं वडा नम्बर ६ का अध्यक्ष हेमराज जैशीले बिहीबार बसेको कार्यपालिका बैठकले यस्तो निर्णय गरेको बताउनुभयो। उहाँका अनुसार पालिकाले सङ्घीय सरकार र प्रदेश सरकारको पत्र अनुरूप पालिकामा कार्यरत अस्थायी कर्मचारीको म्याद थप नगर्ने, जेनजी आन्दोलनमा घाइतेको शीघ्र स्वास्थ्य लाभको कामना गर्नेलगायतका निर्णय गरेको छ। बुढीगङ्गा नगरपालिकामा हाल ८० जना कर्मचारीलाई विकासीय बजेटबाट तलब प्रदान गरिँदै आएको थियो।

# थपिँदै छन् नयाँ मतदाता

**अमरगढी समाचारदाता**
*डडेलधुरा, कात्तिक १ गते*

आगामी फागुन २१ गतेका लागि तोकिएका निर्वाचनका लागि मतदाता सङ्ख्या थपिँदैछन्। निर्वाचन कार्यालयले गरिरहेको मतदाता नामावली सङ्कलनमा जेनजी उमेर समूहका युवा बढी रहेको पाइएको छ। २०७९ को निर्वाचनसम्म डडेलधुरा जिल्लामा ९४ हजार ३१४ मतदाता थिए। जिल्ला निर्वाचन कार्यालय डडेलधुराका कार्यालय प्रमुख करुणाकर अवस्थीका अनुसार हाल सङ्कलन भइरहेको मतदाता नामावली सङ्कलनमा दैनिक मतदाताको सङ्ख्या थपिँदै गइरहेका छन्।

उहाँका अनुसार शुक्रबार कार्यालय समयभित्र १२९ जना नयाँ मतदाताहरूले नाम दर्ता गराउनुभएको छ। यो सङ्ख्यामध्ये जेनजी उमेर समूह करिब ९० प्रतिशत भएको उहाँले बताउनुभयो। नयाँ नागरिकता बनाउनेको सङ्ख्या धेरै र केही छुटेका मतदाताहरू नाम दर्ताका लागि कार्यालय पुग्ने गरेको उहाँले बताउनुभयो। हालसम्म नाम दर्ता गराउनु भएका मतदातामध्ये पुरुष ८६ र महिला ४३ रहनुभएको छ। अरू जिल्लाभन्दा कम जनसङ्ख्या हुनु र अधिकांश युवा विदेशतिर रहेकाले मतदाता नामावली सङ्कलनमा चाप कम देखिएको उहाँले बताउनुभयो।

२०७४ को निर्वाचनमा डडेलधुराको मतदाताको सङ्ख्या ८८ हजार ४५ थियो। सो कार्यालयका कम्प्युटर अपरेटर भवानीदत्त भट्टका अनुसार २०७८ सम्म छ हजार २६९ मतदाता थप



डडेलधुराको जिल्ला निर्वाचन कार्यालय। *तस्बिर : पुष्कर भण्डारी*

भएर डडेलधुराको कुल मतदाता सङ्ख्या ९४ हजार ३१४ पुगेको थियो। यस वर्षको चुनावमा उथलपुथल नै हुने गरेर मतदाता नथपिने अनुमान गर्न सकिने उहाँले बताउनुभयो। प्रतिनिधि सभातर्फ एक मात्र निर्वाचन क्षेत्र रहेको डडेलधुरामा प्रदेश सभातर्फ दुई वटा निर्वाचन क्षेत्र रहेका छन्। राष्ट्रिय जनगणना २०७८ अनुसार डडेलधुराको कुल जनसङ्ख्या एक लाख ३९ हजार ४२० रहेको छ। बाजुरा समाचारदाताका अनुसार बाजुरामा नयाँ मतदाता नामावली बनाउनेको सङ्ख्या वृद्धि भएको छ।

आगामी प्रतिनिधि सभा निर्वाचनका लागि सरकारले नयाँ मतदाता नावली बनाउन सहज गरेसँगै यहाँका युवायुवती धमाधम आफ्नो मतदाता नामावली बनाउन जिल्ला निर्वाचन कार्यालय मार्तडी पुग्ने गरेका हुन्। नामावली बनाउन छुटेका र अहिले बल्ल १८ वर्ष उमेर पुगेकाले निर्वाचन कार्यालय मार्तडीमा आफ्नो मतदाता नामावली बनाउने गरेका छन्। असोज १० गतेदेखि अहिलेसम्म यहाँ ८४ महिला र १२७ पुरुष गरेर २११ जनाले नयाँ मतदाता नामावली बनाएको जिल्ला निर्वाचन कार्यालय बाजुराका प्रमुख अङ्ग महतले बताउनुभयो। बाजुरामा २०८२ भदौसम्म ४१ हजार ९२० महिला, ४४ हजार ५३५ पुरुष र तीन जना अन्य गरेर ८६ हजार ५७५ जना मतादाता रहेको महतले बताउनुभयो।

# आयोग पुनर्स्थापनाको माग

**बेलौरी समाचारदाता**
*कञ्चनपुर, कात्तिक १ गते*

सरकारले विघटन गरेको भूमि समस्या समाधान आयोग तत्काल पुनर्स्थापनाको माग गरिएको छ। अखिल नेपाल किसान महासङ्घ तथा भूमि अधिकार तथा श्रमिक सङ्गठनले बिहीबार संयुक्त रूपमा जिल्ला प्रशासन कार्यालय कञ्चनपुरमार्फत प्रधानमन्त्री सुशीला कार्कीलाई ज्ञापनपत्र पठाउँदै भूमि समस्या समाधान आयोग तत्काल पुनर्स्थापना गरिनुपर्ने माग गरेको हो।

उनीहरूले कञ्चनपुरका सहायक प्रमुख जिल्ला अधिकारी मोहनचन्द्र जोशीमार्फत प्रधानमन्त्रीलाई ज्ञापनपत्र पठाएका हुन्। निवर्तमान प्रधानमन्त्री केपी शर्मा ओली सरकारले गठन गरेको भूमि समस्या समाधान आयोग वर्तमान सरकारले असोज २३ गते विघटन गरिदिएको थियो। आयोग नै विघटन गरिएपछि भूमिहीन सुकुमवासी, भूमिहीन दलित र अव्यवस्थित बसोबासी बिचल्लीमा परेका छन्। भूमि अधिकार तथा श्रमिक सङ्गठनका जिल्ला अध्यक्ष सुरेश विकले विगतका वर्षदेखि नै सरकार परिवर्तन हुँदै गर्दा आफूहरूका समस्या झन् बल्झिँदै गएको बताउनुभयो। सरकार जति आए पनि आयोगलाई पहिलो प्राथमिकतामा राखिनुपर्ने उहाँले माग गर्नुभयो। जुनसुकै सरकार भए पनि पहिलो निसानामा यो आयोग नै पर्ने गरेको छ, उहाँले भन्नुभयो, "आयोग विघटन गरिँदा भूमिहीनका समस्या बल्झिँदै गएका छन्।"

दलित, गरिब, किसानका समस्या समाधान आयोगबाट हुने भएकाले यसमा सरकार गम्भीर बन्नुपर्ने उहाँले बताउनुभयो। गरिबसँग जमिन

> निवर्तमान प्रधानमन्त्री केपी शर्मा ओली सरकारले गठन गरेको भूमि समस्या समाधान आयोग वर्तमान सरकारले असोज २३ गते विघटन गरिदिएको थियो।

भएको तर पुर्जा हातमा नभएको अवस्थामा अन्तरिम सरकारले पूर्वाग्रही ढङ्गले सो आयोग खारेज गरेको भन्दै आपत्ति जनाएको छ। राज्यले निर्णय फिर्ता लिएर यसै आयोगलाई निरन्तरता दिएर काम अगाडि बढाइनुपर्ने माग उनीहरूको छ। विज्ञप्तिमा भनिएको छ, "भूमिसम्बन्धी समस्याको दिगो समाधान निकाल्न १० महिनापहिले गठन गरिएको भूमि समस्या समाधान आयोगले सुकुमवासी, अव्यवस्थित बसोबासी र भूमिहीन दलितको आँकडा लिने, विद्यमान ऐन तथा नियममा रहेका कमी पहिचान गरी संशोधन गर्ने तथा विज्ञ विशेषज्ञ एवं दक्ष कर्मचारीको संरचना निर्माण गरेर जग्गाधनी प्रमाणपत्र पुर्जा वितरणलाई द्रुत ढङ्गबाट काम गरिरहेको थियो।" तर अन्तरिम सरकारले पूर्वाग्रही ढङ्गले उक्त आयोग खारेज गरेको भन्दै आपत्ति जनाइएको छ। भूमि समस्या समाधान आयोगको पुनर्स्थापना गर्न देशका विभिन्न भागमा पीडित नेपाली श्रमजीवी किसानको प्रतिनिधित्व गर्दै आएका दुई सङ्गठनले पीडित नागरिकको मागप्रति पूर्ण सहमति जनाउँदै ऐक्यबद्धता समेत जाहेर गरेको जनाएका छन्। भूमि आवास र पहिचान नागरिकको संविधान प्रदत्त मौलिक अधिकार भएकाले राज्यले दलित, भूमिहीन र सुकुमवासी समुदायका समस्या समाधानलाई सामाजिक न्याय समानताको दृष्टिकोणबाट हेर्न आग्रह गरिएको छ।

# सामाजिक, सांस्कृतिक र नीतिबिच तालमेलको कमी

**कैलाली समाचारदाता**
*धनगढी, कात्तिक १ गते*

सरकारले बनाउने नीति र सामाजिक सांस्कृतिकबिच तालमेलको अभाव रहेको सरोकारवालाले बताउनुभएको छ। सरकारले आवश्यक नीति बनाएर तदनुरूप ऐनकानुन, नियमावली र कार्यविधिका साथै बजेट र कार्यक्रम बनाउनुपर्नेमा कतिपय सन्दर्भमा उल्टो हुने गरेको उहाँहरूको धारणा छ।

शुक्रबार धनगढीमा भएको 'लैङ्गिक समानता र सामाजिक समावेशीकरण नीति, २०८१ बारेको समीक्षात्मक अन्तर्क्रिया' कार्यक्रममा सुदूरपश्चिम प्रदेश सभामा सामाजिक विकास समितिका सभापति धर्मराज पाठकले नीति बनाएर कार्यक्रम बनाउन सुझाव दिनुभयो। बनेका नीति पनि बजेट, संरचना तथा जनशक्तिको अभावमा बर्सौंसम्म थन्किने अवस्था रहेको उहाँले टिप्पणी गर्नुभयो।

सभापति पाठकले छाउपडी, बालविवाह, छुवाछुतलगायतका कुरीतिको उन्मूलनका लागि नीति, ऐनकानुन बने पनि शताब्दियौँदेखिको सामाजिक, सांस्कृतिक संरचना र मानसिकताका कारण अहिले पनि कायम रहेको चर्चा गर्नुभयो।

प्रदेश सभामा विशेषाधिकार समितिका सभापति तुलसी देवकोटाले प्रदेश सभा र विषयगत समितिले सामाजिक, सांस्कृतिक मुद्दामा निरन्तर अनुगमन गर्दै सरकारलाई आवश्यक निर्देशन दिने गरेको बताउनुभयो।

प्रदेशका पूर्वमन्त्री तथा प्रदेश सभा सदस्य लक्ष्मी विकले नीति बनाएर ऐनकानुन, नियमावली, निर्देशिका र कार्यविधि बनाउनुपर्नेमा कतिपय सन्दर्भमा उल्टो काम भइरहेको औँल्याउनुभयो।

पूर्वमन्त्री इन्दिरा गिरी तथा प्रदेश सभा सदस्य ललिता सुनारले भूमि आयोग खारेज हुँदा भूमिहीन दलित, सुकमवासी, मुक्त कमैया, मुक्त हलियालगायतका सीमान्तकृत वर्ग समुदाय आधारभूत अधिकारबाट समेत वञ्चित हुनु परेको चर्चा गर्नुभयो। कार्यक्रममा सुदूरपश्चिम प्रदेशको लैङ्गिक समानता र सामाजिक समावेशीकरण नीति, २०८१ का बारेमा प्रस्तुति गर्दै सामाजिक विकास मन्त्रालयका सचिव डा. हेमराज रेग्मीले नीतिहरू दीर्घकालीन हुने भएकोले एक/दुई वर्षमै उपलब्धि नदेखिने बताउनुभयो।


## Invitation for Electronic Bids

**IFB No: RBBL/GSD/G/NCB/AC/01-082/83**

**Date of publication: 2082/07/02 (Oct 19th , 2025)**

Rastriya Banijya Bank Ltd (RBBL) invites the electronic bids from eligible bidders for **The Procurement of Supply, Delivery & Installation of Automatic Door System for Entry & Exit (RFID Tracking System)** under National Competitive Bidding procedures as specified in Public Procurement Act & Regulation. Interested bidders can download the bidding document for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp.

Bidder must submit their bid electronically before **November 18th, 2025 (Mansir 02, 2082), 12:00 Noon** along with the Bid document fee receipt amount of **Nrs. 3,000.00 (Three thousands only),** deposited in AC No. 9505062601 (Revenue others), RBBL Thapathali Branch and scanned pdf of bid security (except of RBBL) amount of **NRs. 1,20,000.00 (One Lakh Twenty Thousand Only)** which shall be valid for minimum 30 days beyond the bid validity period. If the bidder intends to deposit cash for the bid security, it may be deposited at Acc. No. 1000100000001120 (Earnest Money NPR- GSD Procurement), RBBL. The electronic bids shall be opened on **November 18th, 2025 (Mansir 02, 2082), 12:00 12:30 P.M**. at the office of RBBL, General Service Department, Central Office, Singhadurbar plaza.

**RASTRIYA BANIJYA BANK LTD.**
**Central Office**
**General Service Department**
Phone: 5721220 Ext. no. 1317,2411 email:gsd.admin@rbb.com.np


# सयपत्री धनगढी पठाइँदै

**अमरगढी समाचारदाता**
*डडेलधुरा, कात्तिक १ गते*

यहाँ उत्पादन भएका सयपत्री फूल सुदूरपश्चिम प्रदेशको अस्थाई राजधानी धनगढी निर्यात हुन थालेका छन्। फूलको चाड भनेर समेत चिनिने तिहारको यो समयमा यहाँ उत्पादन गरिएका सयपत्री फूल कैलाली निर्यात गरिन थालिएको हो।

डडेलधुरामा सबै फूल खपत नहुने हुँदा धनगढी पठाउनुपर्ने बाध्यता रहेको अजयमेरु गाउँपालिका-५ का पुष्प व्यवसायी किसान टेकराज पाठकले बताउनुभयो। बाह्रै महिना पुष्प खेती गर्दै आउनुभएका पाठकको बगैँचा जिल्ला सदरमुकाम बागबजारभन्दा करिब २४ किलोमिटरको दुरीमा छ। पहिले स्थानीय जातको सयपत्री लगाउने गरेको भए पनि गत वर्ष यता टेली स्मल नामक उन्नत जातको सयपत्री लगाउने गरेको उहाँले जानकारी दिनुभयो। फूलको बिउ भने प्रतिकेजी दुई लाखसम्म पर्ने उहाँले बताउनुभयो।

डडेलधुरामा बजारको समस्या भएपछि गत वर्षदेखि धनगढीतिर सम्पर्क गरेर उतै निर्यात गर्ने गरेको उहाँले बताउनुभयो।


**नेपाल वायुसेवा निगम**
**साधारण सेवा तथा सम्पत्ति व्यवस्थापन विभाग**
**कान्तिपथ, काठमाडौँ**

## बोलपत्र आह्वान सम्बन्धमा

**(प्रथम पटक सूचना प्रकाशित मिति २०८२/०७/०२)**

नेपाल वायुसेवा निगमको त्रि.अ.वि. स्थित ग्राउण्ड सपोर्ट विभाग अन्तर्गत Ground Handling Service Management & Operation Control Centre (GHSMOCC) संरचना निर्माण गर्ने कार्यका लागि निगमबाट उपलब्ध गराएको बोलपत्र फाराममा उल्लेखित शर्तहरूको अधीनमा रही योग्य बोलपत्र दाताहरूबाट गोरखापत्रमा प्रकाशित भएको मितिले ३१औं दिनको १२:०० बजेभित्र बोलपत्र (E-bidding/E-GP) को माध्यमबाट पेस गर्न सूचना प्रकाशित गरिन्छ र सोही दिन दिनको २:०० बजे निगमको केन्द्रीय कार्यालयस्थित सम्पत्ति व्यवस्थापन तथा सवारी महाशाखामा बोलपत्र दाता वा निजको प्रतिनिधिको रोहबरमा खोलिनेछ। यदि उक्त दिन सार्वजनिक वा कुनै आकस्मिक बिदा पर्न गएमा ती कार्यहरू त्यसपछि लगत्तैको कार्यालय खोल्ने दिनमा हुनेछ। बोलपत्रको कागजात सम्बन्धमा सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाइट www.bolpatra.gov.np/egp, यस सूचनाका सम्बन्धमा निगमको वेबसाइट www.nepalairlines.com.np का साथै थप केही जानकारीका लागि निगमको सम्पत्ति व्यवस्थापन तथा सवारी शाखा/महाशाखामा समेत सम्पर्क राख्न सकिनेछ। **सम्पर्क फोन नं. ४२२०७५७**



**नेपाल नागरिक उड्डयन प्राधिकरण**
**त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय**
**प्राप्ति शाखा, गौचर, काठमाडौं।**

## बोलपत्र (e-bid) आह्वानको सूचना !

*प्रकाशित मिति २०८२।०७।०२ (19th Oct., 2025)*

यस कार्यालयका लागि आवश्यक तपसिल बमोजिमका सामान/सेवा खरिद गर्ने सम्बन्धमा e-bid को माध्यमबाट बोलपत्र आह्वान गरिएको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। विस्तृत विवरण तथा बोलपत्र सम्बन्धी सम्पूर्ण काम/कारबाहीका लागि PPMO को website www.bolpatra.gov.np/egp मा Login गर्नुहुन अनुरोध छ।

| S.No. | Description of Work |
|---|---|
| 1. | Supply, Delivery, Installation, and Testing of Exhaust SCR System and Other Parts of Rosenbauer LFT at TIACAO, NCB/06/PROSEC/2082/83 |
| 2. | Supply, Delivery, Installation, and Testing of Parts of Main Pump System for Rosenbauer LFT at TIACAO, NCB/07/PROSEC/2082/83 |


# एक सय दुई कैदीबन्दी अझै फरार

**बेलौरी समाचारदाता**
*कञ्चनपुर, कात्तिक १ गते*

गत भदौ २४ गते कञ्चनपुर कारागारबाट फरार रहेका झन्डै साढे तीन सय कैदी बन्दीमध्ये १०२ कैदी बन्दी अझै फरार छन्।

जसमध्ये भारतका ११ कैदीसहित जबरजस्ती करणी उद्योगमा कैद भुक्तान गरिरहेका अत्यधिक ३० कैदी बन्दी अझै फरार छन्। कञ्चनपुर कारागार प्रशासनका अनुसार लागुऔषधसम्बन्धी मुद्दाका आठ जना भारतीय कैदी र २३ जना नेपाली कैदी बन्दी अझै फरार छन्। यसै गरी जबरजस्ती करणी उद्योग मुद्दाका २९ जना नेपालीसहित एक भारतीय कैदी फरार छन्।

कारागार प्रशासनका निमित्त जेलर रामदत्त जोशीका अनुसार हालसम्म कर्तव्य ज्यान मुद्दाका १० जना, चोरी मुद्दाका एक भारतीयसहित ११ जना, मानव बेचबिखन तथा ओसारपसार मुद्दाका पाँच जना, बैङ्किङ कसुरसम्बन्धी मुद्दाका तीन जना, बहुविवाह मुद्दाका चार जनालगायत अन्य विभिन्न मुद्दाका गरी कारागारबाट एक सय दुई कैदी बन्दी फरार रहेका छन्।

फरार रहेका कैदीबन्दीहरूलाई असोज २० गते कारागार प्रशासनले अन्तिम पटक सूचना जारी गर्दै सम्पर्कमा आउन आग्रह गरेको थियो। त्यसको दुई/तीन दिनसम्म केही कैदी कारागार फर्किए पनि अझै अत्यधिक कैदीबन्दी भने फरार रहेको निमित्त जेलर जोशीले बताउनुभयो।


**सुदूरपश्चिम विश्वविद्यालय**
**सेवा आयोगको कार्यालय**
**महेन्द्रनगर, कञ्चनपुर**

## विशेष आन्तरिक प्रतियोगिता (समायोजन) अन्तर्गत कर्मचारी प्रशासन तर्फका विभिन्न पदको अन्तर्वार्ता सम्बन्धी सूचना

**मिति २०८२/०७/०२**

सुदूरपश्चिम विश्वविद्यालय सेवा आयोगद्वारा विशेष आन्तरिक प्रतियोगिता (समायोजन) अन्तर्गत पूर्व प्रकाशित कर्मचारी प्रशासनतर्फ अन्तर्वार्ता मार्फत छनोट हुने विज्ञापन नं. १५५/२०८१-०८२ देखि १५९/२०८१-०८२ सम्मका विभिन्न पदको अन्तर्वार्ता मिति २०८२/०७/२१ गते लोक सेवा आयोगको केन्द्रीय कार्यालय कमलपोखरी काठमाडौँमा र विज्ञापन नं. १६०/२०८१-०८२ देखि १७०/२०८१-०८२ सम्मका पदहरूको अन्तर्वार्ता २०८२/०८/०५ गतेदेखि महेन्द्रनगर, कञ्चनपुरमा सञ्चालन गरिने व्यहोरा सम्बन्धित सबैको जानकारीकालागि यो सूचना प्रकाशित गरिएको छ। अन्तर्वार्ताको विस्तृत समय सारणी आयोगको वेबसाइट https:www.servicecomission.fwu.edu.np मा पछि प्रकाशित गरिने छ।

नोट : अन्तर्वार्तामा आउँदा शैक्षिक, योग्यता, अनुभव लगायतका सक्कल कागजात, प्रवेश पत्र सहित कम्तीमा आधाघण्टा अगाडि अन्तर्वार्ता स्थलमा उपस्थित हुनुपर्ने छ। सहायक प्रशासकभन्दा माथिका पदकालागि ५ प्रति व्यक्तिगत विवरण (बायोडाटा) समेत साथमा ल्याउनुपर्ने छ। प्रवेश पत्र आयोगको वेबसाइट (आवेदन गर्दाको युजरआईडी) बाट लगइन गरी डाउनलोड गर्न सकिने छ। **- सेवा आयोगको कार्यालय**



**भानु नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**फुस्रेटार, तनहुँ, गण्डकी प्रदेश, नेपाल**

## आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना

**(प्रकाशित मिति : २०८२।०७।०२)**

भानु नगरपालिकाबाट मिति २०८२/०४/२८ गते सार्वजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय खरिद प्रणाली **www.bolpatra.gov.np/egp** मा प्रकाशित सूचना अनुसार समय सीमाभित्र रीतपूर्वक दर्ता हुन आएका बोलपत्रहरू मिति २०८२/०५/३१ गते खोली प्राविधिक प्रस्ताव मूल्याङ्कन गर्दा तपसिलमा उल्लिखित बोलपत्र दाताहरूको प्राविधिक प्रस्ताव सारभूत रूपमा प्रभावग्राही भई आर्थिक प्रस्ताव खोल्नका लागि उपयुक्त देखिएकाले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ङ) को उपनियम (५) बमोजिम तपसिलको मिति, समय र स्थानमा आर्थिक प्रस्ताव खोलिने भएको हुँदा सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल:**

| सि. नं. | ठेक्का नं. | कामको विवरण | प्राविधिक प्रस्ताव सारभूत रूपमा प्रभावग्राही देखिएको बोलपत्र दाताको नामावली | आर्थिक प्रस्ताव खोल्ने मिति र समय |
|---|---|---|---|---|
| 1 | BHMUN/NCB/ROAD/2082/83/01 | Upgrading of Amarsingh Motor Marga | Diamond Infra Engineering Pvt.Ltd, Palungtar-1,Gorkha | 2082/07/09 12:00 Hrs. |

**प्रमुख प्रशासकीय अधिकृत**



**भानु नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**फुस्रेटार, तनहुँ**

## भानु नगरपालिकाको क्षेत्राधिकार भित्रको नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) सङ्कलन, उपयोग र बिक्री वितरणका लागि विद्युतीय र गोप्य सिलबन्दी बोलपत्र आह्वानको सूचना।

**(प्रथम पटक प्रकाशित मिति : २०८२।०७।०२)**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ (घ) १ र (घ) ६ बमोजिम भानु नगरपालिकाको आ.व. २०८२/८३ का लागि देहाय बमोजिमको आन्तरिक आय सम्बन्धी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले प्रदेश आर्थिक ऐनबाट पारित दररेट तथा मर्स्याङ्दी नदीका लागि स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदनको क्षेत्र निर्धारण प्रतिवेदनमा उल्लिखित क्षेत्रहरूबाट स्वीकृत परिमाणभन्दा बढी उत्खनन नहुने गरी रोडा, ढुङ्गा, बालुवा, ग्राभेल सङ्कलन तथा बिक्री शुल्कको ठेक्का लिन इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरूबाट तपसिल बमोजिम तोकिएको न्यूनतम अङ्कमा नघट्ने गरी निम्नानुसारको विषय क्षेत्रभित्र बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ। रीत नपुगी या म्याद नाघी प्राप्त हुन आएका बोलपत्र उपर कुनै कारबाही गरिने छैन।

**तपसिल :-**

| क्र. सं. | ठेक्का नं. | घाटको विवरण | आ.व. २०८२/८३ मा बिक्रीका लागि तोकिएको अधिकतम परिमाण (घ.मी.) | आ.व. २०८२/८३ मा बिक्रीका लागि तोकिएको न्यूनतम (मू.अ.क. बाहेक) रु. | बोलपत्र फाराम दस्तुर रु. | बोलपत्र खरिद गर्ने अवधि |
|---|---|---|---|---|---|---|
| १ | BHMUN/GHAT/2082/83/01 | बालुवा घाट, भानु १ | १८,००० | ४८,९४,६५९।०० | ३,०००।०० | ३० दिनभित्र |
| २ | BHMUN/GHAT/2082/83/002 | अँधेरी घाट, भानु १ | १,२०० | ३,२६,३१०।६० | १,५००।०० | १५ दिनभित्र |
| ३ | BHMUN/GHAT/2082/83/03 | बुडुवा घाट, भानु २ | ४,५०० | १२,२३,६६४।७५ | १,५००।०० | १५ दिनभित्र |
| ४ | BHMUN/GHAT/2082/83/04 | आम्बोटे घाट, भानु २ | १,१२५ | ३,०५,९१६।१९ | १,५००।०० | १५ दिनभित्र |
| ५ | BHMUN/GHAT/2082/83/05 | कुर्कुना घाट, भानु ३ | ५०० | १,३५,९६२।७५ | १,५००।०० | १५ दिनभित्र |
| ६ | BHMUN/GHAT/2082/83/06 | ढुकुर्दी घाट, भानु ३ | २,९२५ | ७,९५,३८२।०९ | १,५००।०० | १५ दिनभित्र |
| ७ | BHMUN/GHAT/2082/83/07 | बलीफाँट घाट, भानु ८ | ३,६०० | ९,७८,९३१।८० | १,५००।०० | १५ दिनभित्र |
| ८ | BHMUN/GHAT/2082/83/08 | बेनी घाट, भानु ८ | ५,४०० | १४,६८,३९७।७० | १,५००।०० | १५ दिनभित्र |
| ९ | BHMUN/GHAT/2082/83/09 | लखु ढुङ्गा घाट, भानु ९ र १० | १,४०० | ३,८०,६९५।७० | १,५००।०० | १५ दिनभित्र |
| १० | BHMUN/GHAT/2082/83/10 | रयाले घाट, भानु १० | २,५८७ | ७,०३,४७१।२७ | १,५००।०० | १५ दिनभित्र |

**धरौटी रकम (कबोल अङ्कको मू.अ.कर) सहितको ५ प्रतिशतले हुन आउने रकम।**

**दर्ता गर्ने अन्तिम समय र मिति** : ठेक्का नं. BHMUN/GHAT/2082/83/01 का लागि २०८२/०८/०२ गते दिनको १२ बजे र अन्य ठेक्का नं. हरूका लागि (२०८२/०७/१७) गते दिनको १२ बजेसम्म।

**खोल्ने समय र मिति** : ठेक्का नं. BHMUN/GHAT/2082/83/01 का लागि २०८२/०८/०२ गते दिनको २ बजे र अन्य ठेक्का नं. हरूका लागि (२०८२/०७/१७) गते दिनको २ बजेसम्म।

अन्य सूचना तथा सर्तहरूको विस्तृत जानकारीका लागि यस कार्यालयको वेबसाइट **www.bhanumun.gov.np** र सार्वजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय खरिद प्रणाली **www.bolpatra.gov.np/egp** बाट पनि प्राप्त गर्नुहोला वा यस कार्यालयमा सम्पर्क गर्नुहोला।

**प्रमुख प्रशासकीय अधिकृत**

# सडक खुलेपछि अलपत्र पर्यटकको उद्धार



न्यालु लेकमा जमेको हिउँ ।

**राजन रावत**
*हुम्ला, कात्तिक १ गते*

नाम्खा गाउँपालिका–६ को न्यालु लेकमा अवरुद्ध भएको सडक सञ्चालनमा आएको छ। पाँच हजार मिटर अग्लो सडकमा जमेको हिउँ एक्साभेटरबाट पन्छाउने कार्य सम्पन्न भएपछि यातायात सुचारु भएको हो।

सडक खुलेसँगै यात्रामा रहेका बेला अलपत्र परेका आन्तरिक तथा बाह्य पर्यटकको उद्धार गरिएको हो। सिमकोटबाट गएको ११ दिनपछि फिर्ता हुन पाएको भन्दै लाप्चा पुगेर व्रतबन्ध गर्नुभएका सिमकोट गाउँपालिका–५ का पवन रोकायाले बताउनुभयो। न्यालुमा जमेको हिउँ फालेर सडक सुचारु भएपछि आउन पाएकोमा उहाँले खुसी व्यक्त गर्नुभयो। उहाँहरूको टोली लाप्चातर्फ जाँदै गर्दा गत असोज २३ र २४ गते हिमपात भएको थियो। त्यसयता पाँच हजार मिटर उचाइको न्यालु सडक अवरुद्ध हुँदा उहाँहरू अलपत्र पर्नुभएको थियो।

सडक अवरुद्ध भएपछि सात जना भारतीय, चार जना अन्य देशका पर्यटक, चार जना चितवन, एक जना मुगु, हुम्लाका आठ जना गरी २४ जना पर्यटक र पाँच जना चालक सदरमुकाम सिमकोट आइपुगेको जानकारी उहाँले दिनुभयो। यो बिचमा धेरै समस्या भोगेर तुम्लिङमा बास बस्नु परेको बताउँदै तर पनि सबै पर्यटक सकुसल सिमकोट फिर्ता हुन पाएकोमा उहाँले खुसी व्यक्त गर्नुभयो। उहाँहरू आठ जना हिमपातमै लाप्चा पुगेर फर्कनुभएको थियो। बाह्य पर्यटक भने लिमी उपत्यका घुम्न गएका थिए। भारतीय पर्यटक भने ताक्चीबाट हिल्सा हुँदै सिमकोट फिर्ता भएका छन्। असोज २५ गते एक्साभेटर पठाएर न्यालु लेकको सडकमा जमेको हिउँ फालेपछि सडक सुचारु गरिएको पूर्वाधार विकास कार्यालय हुम्लाका प्रमुख नरेशराज जैसीले बताउनुभयो।

झन्डै तीन किलोमिटर सडकमा जमेको चार फिट हिउँ पाल्न एक्साभेटरलाई तीन दिन लागेको थियो। सडकमा जमेको हिउँ पन्छाएर यातायात सुचारु गरी ताक्चीमा फसेका पर्यटक फिर्ता आउन पाएकोमा उहाँले खुसी व्यक्त गर्नुभयो। न्यालुमा यस वर्ष असोज महिनामै हिमपात भएर सडक अवरुद्ध भएको हो।

## विद्युतीकरण ढिलाइ भएपछि प्राधिकरण घेराउ

**सल्यान समाचारदाता**
*सल्यान, कात्तिक १ गते*

सल्यानको दार्मा गाउँपालिकामा ठेकेदार कम्पनीले विद्युतीकरणको काम लामो समयदेखि अलपत्र पारेपछि गाउँपालिका अध्यक्ष निमबहादुर केसीकै नेतृत्वमा जनप्रतिनिधि र स्थानीयवासीले नेपाल विद्युत् प्राधिकरणको कार्यालय घेराउ गरेका छन्।

लामो प्रतीक्षापछि पनि पूर्ण विद्युतीकरण कार्य अघि नबढेपछि दार्माबाट आएका जनप्रतिनिधि तथा स्थानीयले सदरमुकाम खलङ्गामा पुगेर जिल्ला वितरण केन्द्रलाई ध्यानाकर्षण गराएका हुन्। उनीहरूले 'दार्माको पूर्ण विद्युतीकरणमा भएको ढिलासुस्ती बारे ध्यानाकर्षण गराउँछौँ' भन्ने प्लेकार्डसहित नारा जुलुस प्रदर्शन गर्दै प्राधिकरण कार्यालयअगाडि विरोध जनाएका थिए। प्रदर्शनपछि अध्यक्ष केसीको नेतृत्वमा प्रतिनिधि टोलीले प्राधिकरण कार्यालय प्रमुखलाई विद्युतीकरण कार्यमा देखिएका समस्या र ढिलाइप्रति गम्भीर आपत्ति जनाउँदै सशक्त ध्यानाकर्षणपत्र बुझाएको थियो।

दार्मालगायत जिल्लाको विद्युतीकरण कार्य महाशक्ति–क्रिस्टल जेभी नामक निर्माण कम्पनीले ठेक्का पाएको हो तर कम्पनीले प्राविधिक कारण र प्रदेश कार्यालयसँग समन्वय अभाव देखाउँदै लामो समयदेखि काम रोकिरहेकाले कामले गति लिन नसकेको गाउँपालिका अध्यक्ष केसीले बताउनुभयो। उहाँले भन्नुभयो, "हामीले पटक पटक अनुरोध गर्‍यौँ, सूचना जारी गर्‍यौँ, जिल्लामा सरोकारवालासँग बैठक गर्‍यौँ तर काम अघि बढेको छैन।" दार्मा गाउँपालिका–३ का स्थानीय सेतीराम रोकायाका अनुसार धेरै स्थानमा पोल गाडिए पनि तार र ट्रान्सफर्मर जडान नहुँदा ती पोल जीर्ण बन्दै गएका छन्। ध्यानाकर्षणपत्र बुझाइएपछि नेपाल विद्युत् प्राधिकरण वितरण केन्द्र सल्यानका इन्जिनियर दिनेश पौडेलले विद्युतीकरण कार्यलाई अगाडि बढाउने बताउनुभयो। गाउँपालिकाले सम्बन्धित निकायलाई तत्काल समन्वय गरी सल्यान जिल्लाको पूर्ण विद्युतीकरणलाई प्राथमिकता दिन आग्रह गरेको छ।

## घामडाँडामा सूचना प्रणाली जडान

**सिँजा समाचारदाता**
*सिँजा (जुम्ला), कात्तिक १ गते*

जुम्लाको चन्दननाथ नगरपालिकाले बहुप्रकोप साइरन उपकरण जडान गरेको छ। चन्दननाथ नगरपालिका–६, घामडाँडामा जडान गरिएको साइरनले करिब एक किलोमिटर वरिपरिका बस्तीका नागरिकलाई सूचना दिने छ। नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत टेकबहादुर बुढ्थापाले अडियो आपत्कालीन चेतावनी र सूचना प्रणालीसहितको साइरन जडान गरिएको बताउनुभयो।

विपत्सम्बन्धी सूचना समयमै नागरिकसम्म पुगोस् भन्ने उद्देश्यले साइरन प्रणाली स्थापना गरिएको जानकारी उहाँले गराउनुभयो। चन्दननाथ नगरपालिकाको स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रबाट उक्त उपकरण सञ्चालन गरिएको छ। मौसम पूर्वनुमान, बाढीपहिरो, आगलागी र असिनापानीलगायत विपत्को सूचना दिन बहुप्रकोप सूचना प्रणाली (साइरन) जडान गरिएको बुढ्थापाले बताउनुभयो। उपकरणमार्फत माइकिङ गर्न मिल्ने, साइरन बज्ने र नागरिकको मोबाइलमा म्यासेज जाने बनाइएको छ। नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा जुम्लाद्वारा सञ्चालित सुपर परियोजना र चन्दननाथ नगरपालिकाको छ लाख ९१ हजार रुपियाँमा बहुप्रकोप साइरन जडान गरिएको छ।

## स्थायी आवास पुनर्निर्माण सम्झौता

**जाजरकोट समाचारदाता**
*जाजरकोट, कात्तिक १ गते*

जाजरकोट भूकम्पपीडितका स्थायी आवास निर्माणका लागि जाजरकोटमा सम्झौता सुरु भएको छ। भेरी नगरपालिकाले राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले निजी आवासको विस्तृत क्षति आकलन गरेर पठाएका लाभग्राहीको सम्झौता प्रक्रिया अगाडि बढाएको हो।

जस अन्तर्गत स्थानीय विपत् व्यवस्थापन समिति भेरी नगरपालिकाले आफ्नो विपत् व्यवस्थापन समितिको बैठकबाट ५६६ घरधुरीको पुनर्निर्माण र ६३७ जना लाभग्राहीको प्रबलीकरणका लागि सम्झौता गरिएको छ।

भेरी नगरपालिकाका नगरप्रमुख चन्द्रप्रकाश घर्तीले प्राधिकरणबाट आएको विवरण अनुसार पुनर्निर्माणका लागि अगाडि बढाउन निर्णय गरेर जिल्ला विपत् व्यवस्थापन समितिमा रकमसमेत माग गरेर पठाइएको बताउनुभयो।

जाजरकोटका प्रमुख जिल्ला अधिकारी राजुप्रसाद पौडेलले नगरपालिकाबाट सम्झौता भएर आएका लाभग्राहीका लागि जिल्ला विपत् व्यवस्थापन समितिको बैठक बसेर रकम माग गरिएको बताउनुभयो। राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले निजी आवासको विस्तृत क्षति आकलन गरेर आएको विवरण अनुसार पुनर्निर्माणको प्रक्रिया अगाडि बढ्ने छ। सबै पालिकामा राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले निजी आवासको विस्तृत क्षति आकलनको विवरण सात वटै पालिकाको आइसके पनि अन्य पालिकाबाट सम्झौताको प्रक्रिया अगाडि नबढेको उहाँले बताउनुभयो।

## देउसीभैलो ९ बजेसम्म

**हुम्ला समाचारदाता**
*हुम्ला, कात्तिक १ गते*

हुम्ला जिल्लाभर तिहारको समयमा राति ९ बजेपछि देउसीभैलो खेल्न नपाइने निर्देशन जारी भएको छ। पर्व मनाउँदा कुनै पनि उच्छृङ्खल घटना हुन नदिन स्थानीय प्रशासनले यस्तो निर्देशन जारी गरेको हो।

देउसी, भैलो, नाचगान जस्ता कार्यक्रममा मर्यादित एवं अनुशासित रूपमा रातको ९ बजेसम्म मात्र सञ्चालन गर्न सहायक प्रमुख जिल्ला अधिकारी राजेन्द्रकुमार चन्दले बताउनुभयो। स्थानीय प्रशासनले एक सूचना जारी गर्दै तिहार मौलिक परम्परा, संस्कृति र प्रचलित कानुनको पालना गरी भयरहित वातावरणमा निर्धक्क भई पारस्परिक सद्भाव, एकता र मित्रता सुदृढ गर्दै हर्षोल्लास साथ सामाजिक अनुशासनको पालना गर्दै राति ९ बजेसम्म मनाउन भनिएको छ।

## राष्ट्रिय परिचयपत्रका सेवा विस्तार

**खलङ्गा समाचारदाता**
*जाजरकोट, कात्तिक १ गते*

जिल्ला प्रशासन कार्यालय जाजरकोटमा राष्ट्रिय परिचयपत्रका लागि दुई ठाउँबाट सेवा दिन थालेपछि सेवाग्राहीलाई सहज भएको छ। सामाजिक सुरक्षा भत्ता लिने ज्येष्ठ नागरिकलाई राष्ट्रिय परिचयपत्रको अनिवार्य व्यवस्था गरेपछि केही महिनाअघि सर्वसाधारणको भिड हुने गरेको थियो। ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अन्य सर्वसाधारणले दुःख पाउन थालेपछि सेवा विस्तार गरिएको छ। दुई ठाउँबाट अनलाइनमा काम गर्न थालेपछि सेवा प्रवाहमा सहज भएको छ।

प्रमुख जिल्ला अधिकारी राजुप्रसाद पौडेलका अनुसार राष्ट्रिय परिचयपत्र बनाउन सहयोग पुर्‍याउन सेवाग्राहीलाई छिटोछरितो सेवा दिन दुई ठाउँमा काम गर्न थालिएको छ। राष्ट्रिय परिचयपत्रका लागि सात वटा स्थानीय तहबाट सर्वसाधारण आउन थालेपछि समयमा काम नभएको गुनासो बढ्न थालेपछि सेवालाई प्रभावकारी बनाउन एक महिनाअघि दुई ठाउँबाट सेवा दिने व्यवस्था गरेपछि सहज भएको छ। उहाँका अनुसार इलाका प्रशासन कार्यालयबाट अफलाइन, जिल्ला प्रशासन कार्यालयको दुई ठाउँबाट राष्ट्रिय परिचयपत्रका लागि सेवा दिन थालेको बताउनुभयो।

इलाका प्रशासन कार्याल चङ्खेलीमा प्रमुख नहुँदा नागरिकताको प्रमाणपत्र पनि जिल्ला प्रशासन कार्यालयबाट दिने गरिएको छ। राष्ट्रिय परिचयपत्र अफलाइन फाराम सोही ठाउँमा भर्ने व्यवस्था भए पनि अनलाइन इन्ट्री जिल्ला प्रशासन कार्यालयबाट हुने गरेको छ। इलाका प्रशासन कार्यालय चङ्खेली चार महिनादेखि प्रमुखविहीन भएकाले गृह मन्त्रालयसँग पदपूर्तिका लागि माग गरिएको प्रमुख जिल्ला अधिकारी पौडेलको भनाइ छ।

## टेलिकमको सेवा विस्तार

**छिन्चु समाचारदाता**
*सुर्खेत, कात्तिक १ गते*

नेपाल टेलिकम कर्णाली प्रदेशले सञ्चार सेवा विस्तारलाई तीव्रता दिएको जनाएको छ। नेपाल दूरसञ्चार कम्पनी लिमिटेड (नेपाल टेलिकम) कर्णाली प्रादेशिक निर्देशनालय, सुर्खेतका निर्देशक डा. कमल लामिछानेका अनुसार बुलबुले, एयरपोर्ट र रङ्गशाला क्षेत्रमा नयाँ टावर निर्माण सम्पन्न भइसकेको छ। त्यससँगै जुम्ला रोड, प्रदेश अस्पताल र लेकफर्सा क्षेत्रमा पनि टावर स्थापनाको काम पूरा गरिएको छ।

निर्देशनालयका अनुसार दशरथपुर र मेहलकुना क्षेत्रमा पनि टावर निर्माण सम्पन्न भइसकेको छ भने चौकुने, गुटु र पञ्चपुरी नगरपालिकामा सात वटा नयाँ टावर निर्माण गर्ने योजना अघि बढाइएको छ। प्रदेशभर स्तरीय सेवा विस्तारका लागि फोरजी नेटवर्क विस्तारलाई प्राथमिकता दिइएको बताइएको छ। धुलियाबिट, रामघाटलगायतका क्षेत्रमा रिङरोड स्वरूपको टावर सञ्जाल विस्तार कार्य भइरहेको छ। पछिल्ला आन्दोलनले केही असर पारे पनि जिल्लाबाहिर फाइबर सेवा विस्तारको काम निरन्तर जारी रहेको निर्देशनालयले जनाएको छ। हालसम्म कर्णाली प्रदेशका विभिन्न स्थानमा तीन सयभन्दा बढी ठाउँमा बिटिएस टावर सञ्चालनमा आएका छन्। थप ३० वटा टावरका लागि आवश्यक विद्युतीकरण कार्यका लागि नेपाल विद्युत् प्राधिकरणलाई पेस्की रकम हस्तान्तरण भइसकेको छ।

यस्तै टेलिकमका सेवाहरू १६ वटा स्थानीय तहका मुख्य सहरमा विस्तार गर्ने काम सुरु गरिएको छ। डोल्पाको जगदुल्लामा फोरजी सेवा सञ्चालनमा आइसकेको छ भने हुम्लाको हिल्सामा तिहारपछि माघ मसान्तभित्र सेवा सुरु गर्ने तयारी भइरहेको निर्देशक लामिछानेले जानकारी दिनुभयो। हालसम्म कर्णाली प्रदेशका ३७ स्थानीय तहमा नेपाल टेलिकमको सेवा विस्तार भइसकेको छ। साथै ग्राहकमैत्री सेवा कक्ष आगामी माघभित्र सञ्चालनमा ल्याउने तयारी पनि गरिएको निर्देशनालयले जनाएको छ।

## अभिभावकलाई सकारात्मक कक्षा

**खलङ्गा समाचारदाता**
*जाजरकोट, कात्तिक १ गते*

यहाँका स्थानीय तहमा अभिभावकसँग सकारात्मक कक्षा सञ्चालन गर्न थालिएको छ। जाजरकोटको भेरी नगरपालिका, छेडागाड नगरपालिका, नलगाड नगरपालिका, कुसे गाउँपालिकाको साझेदारीमा पाँचतारा युवा संरक्षक मञ्च अन्तर्गत सेभ दी चिल्ड्रेन, वर्ल्ड भिजनको सहयोगमा अभिभावकसँग सकारात्मक कक्षा सञ्चालन गरेपछि बालबालिकामा परिवर्तन आएको हो।

गरिब, दलित, विपन्न, आर्थिक अवस्था कमजोरीका कारण समाजमा पछाडि परेका जनताको जीवनस्तर परिवर्तन ल्याउन, माया, सद्भाव, बालबालिकालाई गर्ने व्यवहार, जोखिममा परेका, परिवारलगायत विद्यालय पोसाकको अभावमा विद्यायल जानबाट वञ्चित भएका बालबालिकालाई शैक्षिक सामग्री, अभिभावकको समूह निर्माण गरी बालबालिकासँग गर्ने व्यवहार, उनीहरूको कुरा सुन्ने बानी, सकारात्मक कक्षा, सकारात्मक अभिभावकत्व कक्षाबाट बालबालिका, सासूले बुहारीमा गर्ने व्यवहार तथा घरपरिवारमा परिवर्तन आएको छ। छेडागाड नगरपालिका–१३ का वडाध्यक्ष मोतीलाल खत्रीका अनुसार स्थानीय सरकार, सेभ दी चिल्ड्रेनको आर्थिक सहयोगमा दुई जना बालकलाई घरमै शिक्षकको व्यवस्था गरी शिक्षा दिने गरिएको छ। जोखिममा परेका बालबालिकालाई पढाइमा सहयोग, व्यवसाय गर्ने सोच बनाएका परिवारलाई आर्थिक लगानी गरिएको छ। सकारात्मक कामलाई निरन्तरता दिने उहाँको भनाइ छ।

समुदायमा समूह निर्माण गरी प्रतिदिन दुई घण्टा सञ्चालन हुने अभिभावकसँग सकारात्मक कक्षामा बस्ने गरेपछि बालबालिकालाई गालीभन्दा मायाले आकर्षित गर्ने, भावना अनुसार अघि बढ्ने, गल्ती, कुटपिट नगरी मायाप्रेमले बालबालिकाको मन जित्न सकारात्मक कुरा आदानप्रदान गर्नुपर्ने रहेछ। विपत्मा परेका परिवार, जोखिमा रहेका बालबालिकाले पाएको सहयोगले परिवर्तन ल्याएको छ।

मधेश प्रदेश सरकार
**भौतिक पूर्वाधार विकास मन्त्रालय**
जनकपुरधाम, धनुषा

**स्तर वृद्धिका लागि निवेदन दर्ता गर्ने सम्बन्धी सूचना**

**सूचना प्रकाशन मिति :- २०८२।०७।०२**

इन्जिनियरिङ सेवाको सिभिल समूहको (जनरल, हाइवे र बिल्डिङ एन्ड आर्किटेक्ट उपसमूह) र जियोलोजी समूहका प्रदेश निजामती कर्मचारीहरूले यो सूचना प्रकाशन भएको मितिले २१ (एक्काइस) दिनभित्र अधिकृत स्तर छैटौँ र आठौँ तहमा प्रदेश निजामती सेवा ऐन २०७७ को दफा ४० बमोजिम स्तर वृद्धि हुन योग्यता पुगेका सम्बन्धित सेवा समूहको एक तह मुनि कार्यरत कर्मचारीहरूले यस मन्त्रालयको Website: **www.mopid.p2.gov.np** मा उपलब्ध स्तर वृद्धि फाराम भरी यस मन्त्रालयमा पेस गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि स्तर वृद्धि समितिको मिति २०८२/०६/३१ गतेको निर्णयानुसार अनुरोध छ।

**देहायः**

- **स्तर वृद्धि हुने तहभन्दा एक तह मुनिको पदमा तीन वर्ष सेवा अवधि पुगेको प्रमाण खुल्ने कागजातहरू, (नियुक्ति पत्र, समायोजन पत्र तथा पदस्थापन पत्रको प्रमाणित प्रतिलिपि),**
- **सम्बन्धित सेवा/समूहसँग सम्बन्धित विषयमा कम्तीमा ३० (तीस) कार्यदिने सेवाकालीन तालिम प्राप्त गरेको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि,**
- **पछिल्लो तीन आ.व. हरूमा कार्यरत रहेको कार्यालयको नाम र ठेगाना।**

**भक्तपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
भ.न.पा. २, ब्यासी, भक्तपुर

**अनलाइन पुनः बोलपत्र (Re-tender) आह्वानको सूचना**

**गोरखापत्रमा प्रकाशित मिति : २०८२।०७।०२**

भक्तपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको चालू आ.व. ०८२/८३ का लागि तपसिलमा उल्लेख भए बमोजिमको निर्माण सम्बन्धी कार्यका लागि यसअघि मिति २०८२/०५/२३ गते प्रकाशित सूचना अनुसार तोकिएको म्यादभित्र कुनै पनि बोलपत्र प्राप्त नभएकोले देहायका योग्यता पुगेका इजाजत प्राप्त गरेका इच्छुक निर्माण व्यवसायीहरूले इजाजत प्राप्त प्रमाण पत्र, आयकर दर्ता प्रमाण पत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि समेत संलग्न गरी सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सार्वजनिक खरिद अनुगमन कार्यालयको webportal (www.bolpatra.gov.np) मार्फत Online Bid Submission गर्नुहुनका लागि Re-tender को यो सूचना प्रकाशन गरिएको छ। यस बोलपत्र सम्बन्धी विस्तृत जानकारीका लागि Online Bid Document हेर्न/योजना तथा प्राविधिक शाखा (फोन नं. ६६१४८१३)मा सम्पर्क गर्न समेत अनुरोध गरिन्छ।

**बैङ्कको नाम** : नेपाल बैङ्क लिमिटेड, भक्तपुर | **खातावालाको नाम** : भक्तपुर नगरपालिका
**कार्यालय कोड नं.** : ८०३३३४०२ | **धरौटी खाता नं.** : ०१९०३००००००३००००००००३
**राजस्व खाता नं.** : ०१९०३०००००१००१०००००३ | **राजस्व शीर्षक नं.** : १४२१३

**तपसिल**

| सि. नं. | ठेक्का नं | कामको विवरण | Bidding Procedure | बोलपत्र फाराम दस्तुर | बोलपत्र जमानत |
|---|---|---|---|---|---|
| १ | bktmun/NCB/works/03/082/83/ | Road upgrading work from Dhalakhusi to Tapake | Single Stage Two Envelope | रु. ५,०००।– | ८,८०,०००।– |

**प्रि–बिड मिटिङ हुने मिति/समय** : २०८२।०७।११ गते, दिउँसो १ बजे
**बोलपत्र पेश गर्ने अन्तिम मिति/समय** : २०८२।०७।१६ गते, दिउँसो १२:०० बजे
**बोलपत्र खोलिने मिति/समय** : २०८२।०७।१६ गते, दिउँसो १:०० बजे

**Jeetpursimara Sub-Metropolitan City**
**Office of Municipal Executive**
Jeetpur, Bara

**Invitation for Electronic Bids**

**Date of publication: 2082/07/02**

1. The Jeetpursimara Sub metropolitan city, office of Municipal Executive invites electronic bids from eligible bidders for the following works. A complete set of Bidding Documents is available Online and can be downloaded from e-GP system:www.bolpatra.gov.np/egp

| Contract No | Description of work | Exclusive of VAT and Contingencies | Bid Security Amount (NRs) | Fee (NRs) |
|---|---|---|---|---|
| JSMC/NCB/GOODS/3-2082/83 | The Procurement Of Stationary Items | 3043725.00 | 86000 | 3000.0 |
| JSMC/NCB/GOODS/4-2082/83 | The Procurement Of Printing Related Items | 2099700.00 | 60000 | 3000 |
| JSMC/NCB/WORKS/1-2082/83 | Construction Repair And Maintenance Of Office Building | 4661088.51 | 117000 | 3000 |

2. Date of Pre - bid meeting, Last Date of Purchasing, Submission and Opening of Bids

| Contract No | Bid Validity Period | Bid Security Validity Period | Last date of Purchase of Bids | Last date of Submission of Bids | | Opening of Bids | |
|---|---|---|---|---|---|---|---|
| | | | | Date | Time | Time | Date |
| NCB Contracts | 90 Days from Bid Opening | 120 Days from Bid Opening | 2082/08/02 | 2082/08/02 | 12:00 Noon | 2082/08/02 | 14:00 PM |

| Name of Bank | Name of Office | Office Account No | |
|---|---|---|---|
| | | For Bid Fee | For Bid Security |
| Nepal Bank Ltd, Jeetpur, Bara | Jeetpursimara Sub-metropolitan City, Jeetpur, Bara | 10003000001001000001 | 10003000003000000001 |

3. Detail Information About Notice shall be obtained from Online Bid Document.
4. The Employer reserves the right to accept or reject any bid, and to annul the bidding process and reject all bids at any time prior to contract award, without thereby incurring any liability to Bidders.

***Chief Executive Officer***

# समाचार सङ्क्षेप

## स्रेस्ता कायम गराउन आग्रह

**बुटवल** (गोरखापत्र), कात्तिक १ गते । मालपोत कार्यालय बुटवल, रुपन्देहीले जग्गाधनीलाई स्रेस्ता कायम गराउन आग्रह गरेको छ । भदौ २४ को जेनजी आन्दोलनका क्रममा मालपोत बुटवलमा आगजनी र तोडफोड भएको थियो। आगजनीबाट हजारौँ जग्गाधनीका स्रेस्ता जलेर नष्ट भएका थिए। मालपोतले सूचना जारी गरेर भनेको छ, "साबिक गजेडी, मक्रहरका सम्पूर्ण जग्गाको स्रेस्ता–अभिलेख, आनन्दवन तथा सेमलारको गुठीसम्बन्धी जग्गाको स्रेस्ता–अभिलेख र विभिन्न समयमा सुकुमवासी आयोगबाट वितरित बुटवल, आनन्दवन, गजेडी, सेमलार, मक्रहर, परोहा, दुधराक्ष, करहिया, केरवानी गाविसको जग्गाका स्रेस्ता–अभिलेख जलेर पूर्ण रूपमा क्षति भएका छन्।"

मालपोतले सो सम्बन्धमा उक्त स्रेस्ता तथा अभिलेखलाई साबिकबमोजिम तयार गर्न र नियमित रूपमा कार्य सञ्चालनका लागि जग्गाधनीलाई प्रमाणसहित स्रेस्ता कायम गराउन आउन आग्रह गरेको छ। मालपोतले स्रेस्ता कायम गराउन आउँदा नागरिकता प्रमाणपत्रको सक्कल र प्रतिलिपि, जग्गा रहेको स्थानीय तहबाट जोतभोग सिफारिस, जग्गाधनीसँग रहेको सक्कल जग्गाधनी प्रमाणपुर्जा तथा लिखत, चालु आर्थिक वर्षको तिरो बुझाएको रसिद, आवश्यकता अनुसार ३५ दिने सार्वजनिक सूचना, स्थलगत सर्जमिन तथा कार्यालयले आवश्यक देखेका अन्य प्रमाण पेस गर्न भनेको छ।

## पैँतिस जना एचआइभी सङ्क्रमितको मृत्यु

**अर्घाखाँची** (गोरखापत्र), कात्तिक १ गते । अर्घाखाँचीमा एचआइभी सङ्क्रमित ३५ जनाको मृत्यु भएको छ। जिल्लामा १८० जना सङ्क्रमितमध्ये हालसम्म ३५ जनाको मृत्यु भएको हो।

सन्देश सहयोग समूहका कार्यक्रम अधिकृत पार्वता थापाले जिल्लामा हाल सङ्क्रमित १४५ जना रहेको बताउनुभयो । पोजेटिभमध्ये १८ वर्षमुनिका सात जना बालबालिका रहेको जनाइएको छ। थापाले सङ्क्रमितले एआरटी नामक औषधी सेवन गरिरहेको जानकारी दिनुभयो। अर्घाखाँचीमा रहेका छ वटा स्थानीय सरकारले पोषण कार्यक्रममार्फत मासिक रूपमा सङ्क्रमितलाई रकम उपलब्ध गराउँदै आएका छन्।

## फूल प्रवर्धन अभियान

**बिजुवार** (गोरखापत्र), कात्तिक १ गते। तिहारलाई लक्षित गर्दै प्युठानका स्थानीय तहले प्लास्टिकजन्य फूल र मालाको बिक्रीवितरणमा रोक लगाएका छन्। वातावरणीय प्रदूषण र मानव स्वास्थ्यमा प्रतिकूल प्रभाव पर्ने भन्दै स्वर्गद्वारी नगरपालिका, गौमुखी गाउँपालिका र सरुमारानी गाउँपालिकाले यस्तो निर्णय गरेका हुन्।

पालिकाले सूचना जारी गर्दै फूलको पर्वका रूपमा मनाइने तिहारमा प्राकृतिक फूल र माला प्रयोग गर्न सबै स्थानीयवासीलाई आग्रह गरेका छन्।

सरुमारानी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत त्रिविक्रम खड्काका अनुसार प्लास्टिकजन्य फूल तथा सामग्रीको प्रयोगले वातावरण प्रदूषण बढाउँछ, त्यसैले यसपालि पालिकाभित्र त्यसको प्रयोगमा पूर्ण प्रतिबन्ध लगाइएको छ।

स्वर्गद्वारी नगरपालिकाले प्राकृतिक फूल प्रवर्धनका लागि पुष्प खेती प्रवर्धन कार्यक्रमसमेत सञ्चालनमा ल्याएको छ। प्रमुख प्रशासकीय अधिकृत केशवराज भट्टराईले आर्थिक वर्ष २०८१/८२ का लागि स्वीकृत योजना अनुसार नगरपालिकाले विपन्न महिलालाई लक्षित गरी फूल खेती कार्यक्रम अघि बढाएको जानकारी दिनुभयो । उहाँका अनुसार दसैँतिहारको समयमा फूलको माग उच्च हुने भएकाले व्यवसायीहरू फूल खेतीतर्फ आकर्षित भएका छन्।

# घडियाल गोही प्राकृतिक वासस्थानमा छोडियो



प्राकृतिक स्थानमा गोही छोडिँदै ।

**गुलरिया समाचारदाता**
*गुलरिया (बर्दिया), कात्तिक १ गते*

बर्दिया राष्ट्रिय निकुञ्जमा रहेको गोही प्रजनन केन्द्रमा हुर्केका १० वटा घडियाल गोहीलाई निकुञ्जभित्र रहेको खौराहाखोलामा छोडिएको छ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका महानिर्देशक डा. बुद्धिसागर पौडेल र नेपाली सेनाको वन्यजन्तु आरक्ष निर्देशनालयका सहायक रथी पुरनभक्त घलेसमेतको टोलीले गोहीलाई प्राकृतिक वासस्थानमा छोडेको हो।

योसहित गरेर बर्दियामा तेस्रो पटक घडियाल गोही प्राकृतिक वासस्थानमा छोडिएको हो । खौराहाखोलामा छोडिएका घडियाल गोही पाँच वटा भाले र पाँच वटा पोथी रहेको कुरा निकुञ्जका वरिष्ठ संरक्षण अधिकृत डा. अशोककुमार रामले बताउनुभयो।

प्राकृतिक वासस्थानमा छाडिएका गोही तीनदेखि आठ वर्ष उमेरका रहेका छन्। हाल प्रजनन केन्द्रमा १४० ठुला र साना ७० वटा गरी ११० वटा गोहीका बच्चा रहेको बर्दिया निकुञ्जका सूचना अधिकारी सरोजमणि पौडेलले बताउनुभयो।

बर्दिया राष्ट्रिय निकुञ्जमा २०३९ सालमा गोही प्रजनन केन्द्र स्थापना गरिएको थियो। २०७२ सालदेखि घडियाल गोहीको प्रजनन प्रक्रियाको सुरुवात भएको थियो । २०७४ सालमा गोहीलाई पहिलो पटक प्राकृतिक वासस्थानमा छाडिएको थियो । यसअघि बर्दियाको बबई नदीमा १३ र बाँकेको राप्ती नदीमा १० गरी जम्मा २३ वटा बच्चालाई प्राकृतिक वासस्थानमा छोडिएको थियो।

प्रजनन केन्द्रमा हाल दुई वटा भाले र चार वटा पोथी गरी छ वटा प्रजननयोग्य घडियाल गोही रहेका छन्। यसै वर्ष एकै पटक ११५ वटाभन्दा बढी गोहीका बच्चा जन्मिएका थिए । प्रजनन केन्द्रमा हुर्काएर तीन वर्ष पुगेपछि प्राकृतिक वासस्थानमा घडियाल गोहीका बच्चा छोडिने गरिन्छ । वरिष्ठ संरक्षण अधिकृत डा. अशोकले गोही प्रजनन केन्द्रमा जन्मेका बच्चा हुर्काएर प्राकृतिक स्थानमा बाँच्न सक्ने भएपछि मात्र नदीमा छोडेर गोहीको सङ्ख्या वृद्धि गर्ने योजना रहेको बताउनुभयो।

घडियाल गोही स्वच्छ पानी र ताजा माछा खाने संरक्षित सूचीमा रहेको जीव हो । बर्दिया राष्ट्रिय निकुञ्जले गोहीको वासस्थान व्यवस्थापन गर्ने, चोरीसिकार नियन्त्रण गर्नेलगायतका संरक्षणमुखी काम सञ्चालन गर्दै आएको छ।

बर्दियाको कर्णाली र बबई नदीमा घडियाल गोही पाइन्छन् । सरकारले वन्यजन्तु संरक्षण ऐन, २०२९ अनुसार घस्रने जन्तु घडियाल गोहीलाई संरक्षित वन्यजन्तुको सूचीमा सूचीकृत गरेर संरक्षण गर्दै आएको छ।

गाउँघरमा तिहार

# स्वदेश फर्किनेको सीमानाकामा घुइँचो

**नेपालगन्ज समाचारदाता**
*नेपालगन्ज, कात्तिक १ गते*

दसैँमा घर फर्किन नपाएका नेपाली तिहारका लागि फर्किने क्रम फेरि बढेको छ। भारतमा रोजगारी गर्न गएका नेपाली तिहार मनाउन अहिले ठुलो सङ्ख्यामा स्वदेश फर्किरहेका छन्। जसले गर्दा यहाँस्थित नेपाल–भारत जमुनाह नाकामा भिडभाड धेरै बढेको छ।

इलाका प्रहरी कार्यालय जमुनाहले लुम्बिनी र कर्णाली प्रदेशका विभिन्न जिल्लाका मानिस अहिले नेपाल फर्किरहेकाले सिमानामा निकै चहलपहल र भिड बढेको जनाएको छ। सो कार्यालयका अनुसार तिहार सुरु भइसकेकाले अहिले दैनिक पाँच हजारभन्दा बढी नेपाली भारतबाट रोजगारी गरेर घर फर्किन सीमानाकाबाट स्वदेश फर्किरहेका छन्।

जिल्ला प्रहरी कार्यालय बाँकेले स्वदेश फर्किनेलाई सहज रूपमा नाका पार गरेर गन्तव्यतर्फ जाने राम्रो वातावरण बनाउन सुरक्षाकर्मीले सहयोगी भूमिका खेलिरहेको दाबी गरेको छ। जिल्ला प्रहरी कार्यालय बाँकेका प्रवक्ता प्रहरी नायब उपरीक्षक दीपक पातलीले यसअघि विगतका वर्षमा सीमानाका पारि र सिमानामै विभिन्न प्रकारका ठगी र लुटपाटमा नेपाली पर्दै आएकाले यस पटक दुवैतर्फ समन्वय गरेर कडा निगरानी बढाइएको बताउनुभयो।

उहाँले अहिले सल्यान, दैलेख, सुर्खेत, कालीकोट र जाजरकोटलगायतबाट रोजगारीका लागि भारत गएकाहरू फर्किने क्रम तीव्र रहेको बताउनुभयो । भारतको सिमला, कुल्लु मनाली र हरिद्वारबाट काम गरेर उनीहरू तिहार मनाउन फर्किएको प्रहरीले जनाएको छ । सल्यानको थारमारेबाट रोजगारीका लागि भारतको सिमला पुगेर फर्किनुभएका श्यामबहादुर थापाले दसैँमा आउने योजना बनाए पनि पैसा पाउन ढिलो हुँदा तिहारको मौका छोपेर घर फर्केको बताउनुभयो। सुर्खेत, दैलेख, जाजरकोट, सल्यान, रुकुम, रोल्पा, प्युठानलगायतका जिल्लाबाट भारतमा रोजगारीका लागि हरेक वर्ष सयौँ युवा भारत जाने गरेका छन्।

# सुस्तायो बुटवल–गोरुसिङ्गे सडकको काम



निर्माणाधीन बुटवल–गोरुसिङ्गे सडकखण्ड ।

**बुटवल समाचारदाता**
*बुटवल, कात्तिक १ गते*

गत वर्ष माघ १० गते शिलान्यास गरिएको बुटवल–गोरुसिङ्गे सडक विस्तार आयोजनाको काम हालसम्म १५ प्रतिशत मात्र पूरा भएको छ भने वित्तीय प्रगति जम्मा १२ प्रतिशतमा सीमित छ । पूर्वपश्चिम राजमार्ग अन्तर्गत बुटवलदेखि चन्द्रौटासम्मको ६९ किलोमिटर सडक विस्तार योजनामा पहिलो चरणमा बुटवल–गोरुसिङ्गेसम्मको करिब ५० किलोमिटरमा निर्माणको काम जारी छ। बाँकी १९ किलोमिटर (गोरुसिङ्गे–चन्द्रौटा खण्ड) विस्तारको प्रक्रिया सरकारले चाँडै अघि बढाउने तयारी गरेको छ।

हाल निर्माणाधीन ५० किलोमिटर सडकलाई दुई भागमा विभाजन गरिएको छ । बुटवलदेखि कपिलवस्तुको सीमा क्षेत्र कोठीनदीसम्म २५ किलोमिटर र कोठीदेखि गोरुसिङ्गेसम्म २५ किलोमिटरलाई छुट्टाछुट्टै भागमा विभाजन गरिएको छ । यो सडक विस्तार काम पूर्वपश्चिम राजमार्ग निर्माणको छ दशकपछि सुरु गरिएको हो । यसको ठेक्का चिनियाँ कम्पनी सान्सी कन्स्ट्रक्सन इन्जिनियरिङ ग्रुप कर्पोरेसन र चितवनको आशिष निर्माण सेवा जेभीले लिएका छन् । कुल १३ अर्ब ५५ करोड ९५ लाख रुपियाँ लागतमा तीन वर्षभित्र काम सम्पन्न गर्ने गरी गत असार १३ गते सम्झौता गरिएको थियो।

आयोजनाका प्रमुख इन्जिनियर कुशलता न्यौपानेका अनुसार वर्षायाम, जेनजी आन्दोलन र दसैँतिहार जस्ता चाडपर्वका कारण कामदार अभाव हुँदा निर्माणको काम पछिल्लो समय केही सुस्त भएको हो। सामान्यतया आठ सय कामदार रहने ठाउँमा अहिले १५०–२०० जना मात्रै छन्। उहाँले भन्नुभयो, "काम तीव्र गतिमा हुँदा महिनामा तीन/चार प्रतिशतसम्म प्रगति गर्न सकिन्थ्यो तर पछिल्ला केही महिनामा त्यो सम्भव भएको छैन।" सडक विस्तार अन्तर्गत पुल, कलभर्ट, अन्डरपास, नाली र पर्खाल लगाउने काम भइरहेको छ।

हाल आरसिसी रिटेनिङ वाल, बक्स कलभर्ट, बक्स ब्रिज, एनिमल क्रसिङ स्ट्रक्चर र पुलहरूको फाउन्डेसनका काम तीव्र रूपमा भइरहेका छन् । वाणगङ्गा नदीमा तीन सय मिटर लम्बाइको पुल निर्माण भइरहेको छ । इन्जिनियर न्यौपानेले यसको जटिल आधार संरचना (फाउन्डेसन) पूरा भइसकेको र अब संरचनात्मक जडानका लागि तयारी भइरहेको बताउनुभयो।


NEPAL AIRLINES CORPORATION
GROUND SUPPORT DEPARTMENT
Tribhuvan International Airport, Kathmandu, Nepal

**NOTICE OF INVITATION FOR BIDS (IFB)**

**First Date of Publication: 2082/07/02 (19/10/2025)**

**"The Procurement of Operation Control System Module for NAC-GSP (Re-Tender)"**
(IFB No.: OCSMNACGSP2081N15R1C23Y82B1E81T26)

Nepal Airlines Corporation (NAC) is the flag carrier of Nepal, incorporated under NAC Act, owned by the Government of Nepal and has been operating air transport services since 1958. Apart from flight operations, it has been providing ground handling services at Tribhuvan International Airport (TIA), Gautam Buddha International Airport (BWA) and Pokhara International Airport (PHH).
This project aims to review and assess business processes of NAC Ground Handling Service Provider (NAC-GSP) Work Centers and to formulate enterprise-grade information system and software platform in the form of Operation Control System Module (OCSM) having primary goal to enhance overall performance and operational efficiency.
The OCSM shall be exclusively owned by Nepal Airlines Corporation with Full Intellectual Property (FIP) rights. Hence;

1. Ground Support Department, Nepal Airlines Corporation, Kathmandu, Nepal invites electronic bids from the eligible bidders for the **Procurement of Operation Control System Module for NAC-GSP (Re-Tender) under National Competitive Bidding (NCB).**
2. Interested eligible Bidders may download the IFB and Bidding Documents for e-submission from PPMO's web portal **www.bolpatra.gov.np/egp**
3. This notice can also be viewed at the Corporation's official website **http://nepalairlines.com.np/home/notices**

Refer bid documents for detail information.
Employer Name: **Ground Support Department, Nepal Airlines Corporation**
Location: **Tribhuvan Int'l Airport, Kathmandu, Nepal**
Attention: Manager - Standardization, Development & Facilitation
Tel: **+977 1 4113098**
Email: **mgrsdf.grsd@nac.com.np ; supportteam@nac.com.np**

**Nepal Airlines Corporation**
**Ground Support Department**
**at Tribhuvan Int'l Airport**
**Kathmandu, Nepal**



नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
पुरातत्व विभाग

**बोलपत्र/शिलबन्दी दरभाउपत्र आव्हानको सूचना**

**सूचना प्रकाशन मिति २०८२।०७।०२**

यस विभागको सूचना नं ०१/०८२/८३ मिति २०८२।०७।०२ मा प्रकाशन भएको बोलपत्र/शिलबन्दी दरभाउपत्र आव्हानको सूचना यस विभागको सूचना पाटी र विभागको वेभसाइट **www.doa.gov.np** तथा सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभसाइट **www.bolpatra.gov.np/egp** मा समेत राखिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।



**भूमिसुधार तथा मालपोत कार्यालय ललितपुरबाट ललितपुर जिल्ला, साविक ललितपुर महानगरपालिका वडा नं. १२ बस्ने ज.ध. मधुकर जोशी समेतका नाममा रहेको तपसिल बमोजिमको जग्गाको मोही सुर्गवहादुर थापा क्षेत्रीसँग मोही बाँडफाँट गरिपाऊँ भनी मागदाबी गरेको हुँदा जग्गा बाँडफाँट सम्बन्धी हकदाबी गर्न आउन विशेष अदालत ऐन, २०५९ को दफा १० को उपदफा ९ बमोजिम म्याद सरहको ३० दिने सार्वजनिक सूचना ।**

उपरोक्त सम्बन्धमा तपाई मोही रहेको तपसिलको कित्ता जग्गाको मोही बाँडफाँट गरिपाऊँ भनी ज.ध. मधुकर जोशी समेतको निवेदन परी तपाईंको नाममा उपस्थित हुन आउने बारे १५ दिने म्याद जारी गरिएकोमा तपाईंले म्याद बुझ्न नमानी म्याद फिर्ता गरेको भनी तामेलदारले प्रतिवेदन पेश गरेको हुँदा तपाई वा तपाईंको हकवालाका नाममा यो म्याद सरहको ३० दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। उक्त कित्ता जग्गाको मोही बाँडफाँट हुन नपर्ने कुनै कारण भए यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३० दिनभित्र लिखित जवाफ सहित आफूसँग भएको प्रमाण सहित आफैँ वा कानून बमोजिम वारेस मार्फत उपस्थित हुन आउनुहोला। अन्यथा म्यादभित्र उपस्थित नभई म्याद गुजारी बसेमा कानून अनुसार जग्गा बाँडफाँट भइजाने व्यहोरा यसै सूचनाबाट जानकारी गराइन्छ।

| क्षेत्र | वडा नं. | सिट नं. | कि.नं. | क्षे.फ. | ज.ध. हरूको मागदाबी | मोहीको नाम, थर |
|---|---|---|---|---|---|---|
| इमाडोल | ८ | १०२ १२६ ७१४ | २६० | २०६.०० व.मि. | उक्त कित्ता जग्गालाई पश्चिम तर्फबाट कि.का. गरी आधा जग्गा पाऊँ। | सुर्गवहादुर थापा क्षेत्री साविक इमाडोल गा.वि.स. वडा नं. ८ हाल, महालक्ष्मी नगरपालिका वडा नं. ४ |



**भूमिसुधार तथा मालपोत कार्यालय भक्तपुरको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना।**

भ.पु.जि., सुडाल वडा नं. ४ को हाल चा.न.पा. वडा नं. ८ बस्ने राम शरण कार्की समेतले हामीहरूको हजुरबुबा, बुबा, जेठा बुबा, माइला बुबा, साहिलो बुबा, तथा कान्छा बुबा रमेश भन्ने चन्द्र बहादुर कार्की, नशे भन्ने दिल बहादुर कार्की, खड्ग बहादुर कार्की र दल बहादुर कार्की समेत जना–४ को नाउँमा नापनक्सा भई दर्ता बाँकी रहेको तपसिल बमोजिमको कित्ता जग्गा साविक लगत ३६ नं. थाकलमाथ मौजा रैकर तर्फको सि.नं. १२९ न.नं. ३७१ रो– २।।।১ दिल बहादुर कार्की र खड्ग बहादुर कार्की समेत जना–२ का नामबाट भिडी दर्ता हुने जग्गा भएकोमा, मिति २०१७ सालको सम्मानित सर्वोच्च अदालतले मान्यता दिएको घरायसी अंशवण्डामा चारै जनाको भागमा परेको, दर्तावालामध्ये चन्द्र बहादुर कार्कीको २०५०/०९/१५ मा, निजकी पत्नी मैना कार्कीको मिति २०२८ सालमा मृत्यु भई हक खाने छोराहरू बेल बहादुर कार्की, गोपाल कार्की, हेम बहादुर कार्की, राम बहादुर कार्की, लछुमन कार्की भएकोमा, बेल बहादुर कार्कीको मिति २०४१ सालमा मृत्यु भई हक खाने हकदारहरूमा निजकी पत्नी ठुली कार्की, छोराहरू भक्त बहादुर कार्की, केशव कार्की भएको, त्यस्तै गोपाल कार्कीको २०६०/०४/०५ मा, निजकी पत्नी ज्ञानु कार्कीको २०४५/०७/०३ मा मृत्यु भई हक खाने छोराहरू नातीबाबु कार्की, प्रकाश कार्की भएको, त्यस्तै हेम बहादुर कार्कीको २०७३/०४/०३ मा, निजकी पत्नी ढकन कुमारी कार्कीको २०७९/०३/०७ मा मृत्यु भई हक खाने छोराहरू श्याम कार्की र रण बहादुर कार्की भएको, त्यस्तै राम बहादुर कार्कीको २०७८/१०/१५ मा मृत्यु भई हक खाने निजका दुई श्रीमतीमा जेठी पत्नी कमला भन्ने मैना कार्की र कान्छी पत्नी ज्ञानु कार्की भएकोमा, जेठी पत्नी कमला भन्ने मैना कार्कीको मिति २०२५/१०/१५ मा मृत्यु भई हक खाने छोराहरू राजेन्द्र कार्की, निर्मल कार्की, नारायण कार्की भएकोमा राजेन्द्र कार्कीको २०७८/१०/१२ मा मृत्यु भई हक खाने हकदारहरूमा, निजकी पत्नी दुर्गा कार्की, छोराहरू रबिन्द्र कार्की र उपेन्द्र कार्की भएको, त्यस्तै दर्तावालामध्ये दिल बहादुर कार्कीको २०४९/१२/१३ मा, निजकी पत्नी धन कुमारी कार्कीको २०२०/०७/२० मा मृत्यु भई हक खाने छोराहरू मिन बहादुर कार्की, सिद्धि बहादुर कार्की र सुरथ बहादुर कार्की भएकोमा, मिन बहादुर कार्कीको २०६४/०४/०९ मा, निजका दुई पत्नी भएकोमा, जेठी पत्नी धर्म कुमारी कार्कीको २०६६/१०/०४ मा, कान्छी पत्नी बिल कुमारी कार्कीको मिति २०६६/०८/२६ मा निःसन्तान अवस्थामा मृत्यु भएको। त्यस्तै सिद्धि बहादुर कार्कीको २०५३/०२/२४ मा मृत्यु भई निजका दुई पत्नी भएकोमा जेठी माहिली कार्की र कान्छी पत्नी उषा कार्की भएकोमा जेठी पत्नी माहिली कार्कीको २०८१/११/२३ मा मृत्यु भई निजहरूको तर्फबाट कुनै पनि सन्तानहरूको जायजन्म नभएको, त्यस्तै सुरथ बहादुर कार्कीको २०८०/०५/१८ मा, निजकी पत्नी कान्छी कार्कीको २०५६/०७/३० मा मृत्यु भई हक खाने छोराहरू उत्तम कार्की, पुरुषोत्तम कार्की र दशरथ कार्की भएको, त्यस्तै दर्तावालामध्ये खड्ग बहादुर कार्कीको २०४३/०८/१३ मा, निजकी पत्नी हरि कुमारी कार्कीको २०५२/०४/२५ मा मृत्यु भई हक खाने छोराहरू सुर्य बहादुर कार्की, बुद्धि बहादुर कार्की, साधुराम कार्की, मनहरि कार्की र अविवाहिता छोरी माईली मुया कार्की भएको, त्यस्तै दर्तावाला मध्येका दल बहादुर कार्कीको मिति २०६८/०३/२५ सालमा, निजकी जेठी डम्बर कुमारी कार्की मिति २०१८ सालमा, कान्छी पत्नी धन कुमारी कार्कीको २०५८/०९/२३ मा मृत्यु भई हक खाने छोराहरू रामशरण कार्की, कृष्ण बहादुर कार्की, राज कुमार कार्की र श्रीराम कार्की भएकोमा राज कुमार कार्कीको २०६७/०४/३१ मा मृत्यु भई हक खाने हकदारमा निजकी पत्नी रुपा कार्की, छोरा दिपेश कार्की भएको, त्यस्तै श्रीराम कार्कीको २०८०/०४/११ मा मृत्यु भई हक खाने हकदारमा निजकी पत्नी मथुरा कार्की, छोराहरू मनिष कार्की र सुजन कार्की भई हामी हकदारहरू जम्मा २९ भए तापनि मुलुकी देवानी संहिता ऐन, २०७४ को दफा २३९ बमोजिम दर्तावालाहरूमध्ये चन्द्र बहादुर कार्कीको हकदारहरूको नाउँमा ४ खण्डको १, दिल बहादुर कार्कीको हकदारहरूको नाउँमा १ खण्ड, खड्ग बहादुर कार्कीका हकदारहरूको नाउँमा १ खण्ड र दल बहादुर कार्कीको हकदारहरूको नाउँमा १ खण्ड हुने हकहिस्सा हुने गरी संयुक्त छुट जग्गा दर्ता/ना.सा. गरिपाऊँ भनी माग निवेदन गरेको, ७ नं. फाँटवारी पेश गरेको, १ नं. मोही लगत २ अनुसूची रेकर्डबाट फेला नपरेको भनी लेखिआएको। उक्त कित्ता जग्गाको स्रेस्ता खोजबिन गर्दा अभिलेख (स्रेस्ता) फेला नपरेको भनी मोठ फाँटबाट लेखिआएको, रमेश कार्की भन्ने चन्द्र बहादुर कार्की र नशे कार्की भन्ने दिल बहादुर कार्की अलग–अलग व्यक्ति नभई एकै व्यक्ति हो भनी सम्बन्धित वडा कार्यालयबाट सिफारिस भई आएको देखिँदा यसमा निवेदकहरू बाहेक अन्य कसैको हक लाग्ने भए वा माग बमोजिम हुनु नपर्ने कुनै मनासिव कारण भए वा अन्यत्र कसैले कुनै कारबाही चलाएको भए वा सरकारी, सार्वजनिक, सामुदायिक, गुठी, निजी गुठी लगायत व्यक्तिगत तथा अन्य जग्गा तथा संरचनालाई असर पर्ने भए यो सूचना प्रकाशित मितिले ३५ दिनभित्र स–प्रमाण हकदाबी गर्न आउनुहोला। अन्यथा कानून बमोजिम भइजाने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ। **फिल्डबुकको व्यहोरा**

| क्षेत्र | वडा नं. | कि.नं. | क्षे.फ. | मोही | किसानको व्यहोरा |
|---|---|---|---|---|---|
| सुडाल | ७/ग | ७२ | २–९–०–० | सानु लाल बहादुर लामा भ.पु.ई मझुवा बागेश्वरी। | यो जग्गा जितपुर बस्ने रमेश कार्की, खड्ग बहादुर कार्की, नशे कार्की र दल बहादुर कार्कीको हो। निजहरूलाई कुत तिरी जोती आएको छु। |



**नेपाल सरकार**
**वन तथा वातावरण मन्त्रालय**
**वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र**
**बबरमहल, काठमाडौं**

**सवारी साधन भाडामा लिने सम्बन्धी बोलपत्र आह्वानको सूचना**

**(प्रथम पटक प्रकाशित मिति २०८२।०७।०२)**

यस केन्द्रको चालु आ.व. ०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रमहरूको फिल्डकार्य सञ्चालन, अनुगमन तथा सुपरिवेक्षणको लागि सवारी साधन भाडामा लिनुपर्ने भएकोले इच्छुक फर्म, कम्पनी तथा संस्थाहरूबाट सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाइट www.bolpatra.gov.np/egp मा प्रकाशित तपसिल बमोजिमको सूचना बमोजिम रितपूर्वक विद्युतीय बोलपत्र पेस गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। **तपसिल**

| सूचना नं | विवरण | बोलपत्र पेश गर्ने अन्तिम मिति | बोलपत्र खोल्ने मिति |
|---|---|---|---|
| FRTC/VEHICLE/ NCB/०८२/०८३/०१ | Procurement of Vehicle Rental Service | २०८२।०८।०२ १२:०० बजेसम्म | २०८२।०८।०२ २:०० बजे |

नोटः बोलपत्र सम्बन्धी विस्तृत जानकारी सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाइट www.bolpatra.gov.np/egp बाट प्राप्त गर्न सकिने छ।



**डाक्नेश्वरी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**पातो, सप्तरी**

**औषधी आपूर्ति सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानसम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति २०८२।०७।०२**

यस नगरपालिकाको लागि आवश्यक औषधी तथा सर्जिकल सरसामानहरू सिलबन्दी दरभाउपत्र माध्यमबाट खरिद गर्नुपर्ने भएकोले सम्बन्धित इजाजतपत्र प्राप्त इच्छुक व्यक्ति, फर्म तथा कम्पनीबाट निम्न सर्तहरूको अधीनमा रही चालु आ.व. २०८२/०८३ को लागि रितपूर्वक १५ दिने शिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ। तोकिएको म्याद भित्र कानूनी प्रक्रिया पूरा गरेका इच्छुक फर्म/कम्पनीहरूले सार्वजनिक खरिद अनुगमन कार्यालय **(PPMO)** को वेबसाइट http://bolpatra.gov.np.egp मा गई विद्युतीय खरिद प्रणालीबाट सिलबन्दी दरभाउपत्र प्रस्ताव दर्ता गर्न हुन सूचित गरिन्छ। अन्य थप जानकारीका लागि यस डाक्नेश्वरी नगरपालिकाको सूचनापाटी, वेबसाइट https://dakneshworimun.gov.np/ तथा कार्यालय समयभित्र यस कार्यालयको स्वास्थ्य शाखामा सम्पर्क राख्न सकिनेछ। **तपसिल**


| सि.नं. | ठेक्का आई.डि. | विवरण | लागत अनुमान (मु.अ.कर समेत) रु. | सिलबन्दी दरभाउपत्र दस्तुर रु. | सिलबन्दी दरभाउपत्र जमानत रकम रु. |
|---|---|---|---|---|---|
| १ | DKMUN–SQ–GOODS–01 -2082-83 | Supply & Delivery of various type of Medicines & Surgical Goods | ३९,६४,९९६।१८ | ३,०००।०० | १,१८,०००।०० |

**प्रमुख प्रशासकीय अधिकृत**

# रातो पहाडमा बनाइएको लो निफु गुम्बा

बुद्धका मूर्ति र पोस्टरहरू, लिपि, बहुमूल्य धातु, पेन्टिङलगायत सामग्री राखिएको गुम्बासम्म पुग्ने सडक सञ्जाल भएकाले ल्होमन्थाङ-छोसेर-कोरला पुगेका पर्यटक फर्किने बेलामा अवलोकनका लागि पुग्ने गरेका छन् ।

**मुक्तिनाथ समाचारदाता**
*मुक्तिनाथ (मुस्ताङ), कात्तिक १ गते*



**उपल्लो मुस्ताङको ल्होमन्थाङ गाउँपालिका छोसेरको पहाडमा रङरोगन गरी झ्याल हालिएको लो निफु गुम्बा ।**

पहाडलाई नै भवन जस्तो बनाएर रङरोगनसहित झ्याल हालिएको उपल्लो मुस्ताङको ल्होमन्थाङ गाउँपालिका–१, छोसेरमा अवस्थित चिटिक्कको परेको लो निफु गुम्बा छ । कलात्मक सिन्दुरे रङका चट्टान र रातो बलौटे पहाडमा १५ औँ शताब्दीमा निर्मित पहाडभित्रको गुम्बा र सो गुम्बाको तल्लो भाग गरी लामा शिक्षाका लागि १५ वटा कोठा रहेका छन् । समुद्री सतहदेखि करिब तीन हजार ८९० मिटरको उचाइमा पहाडभित्र रहेको गुम्बासँगै तल नयाँ गुम्बासमेत बनाइएको छ ।

लामा शिक्षासँगै पर्यटकको समेत आकर्षकको केन्द्र बनेको महिला वडा सदस्य छिरिङ युटिन गुरुङले बताउनुभयो । गुरुङले भन्नुभयो, “पुरानो गुम्बा मर्मत भइरहेको छ, गुम्बा संरक्षणमा स्थानीयको समेत चासो छ ।”

उपल्लो मुस्ताङमा आउने बौद्ध धर्मावलम्बी लो निफु गुम्बाको अवलोकन तथा लामो समयसम्म बिताउने गरेको पर्यटन व्यवसायीसमेत रहनुभएका गुरुङले बताउनुभयो । गुम्बाभित्र लामा शिक्षा, अध्ययन तथा गुम्बाको इतिहाससहित योगदान दिनेहरूका बारेमा पर्यटकलाई समेत जानकारी गराउने गरिन्छ । बुद्धका मूर्ति र पोस्टरहरू, लिपि, बहुमूल्य धातु, पेन्टिङलगायत सामग्री राखिएको गुम्बासम्म पुग्ने सडक सञ्जाल भएकाले ल्होमन्थाङ–छोसेर–कोरला पुगेका पर्यटक फर्किने बेलामा अवलोकनका लागि पुग्ने गरेका छन् । सडकखण्डबाट करिब १० मिनेटरमा गुम्बा अवलोकन गर्न स्थानमा पुगिन्छ । प्राचीनकालीन शैलीमा निर्मित गुम्बा वर्षा र भूकम्पबाट समेत क्षति पुगेपछि विभिन्न दातृ निकायको सहयोगमा पुनर्निर्माण गरिएको र अझै सहयोग जुटाएर थप व्यवस्थित बनाउने प्रयास भइरहेको छ ।

मौलिक स्वरूपलाई जीवितै राखेर पुनर्निर्माण गरेपछि अहिले गुफामा आवतजावतमा सहज भएको स्थानीय तामदिङ गुरुङले बताउनुभयो । पर्यटकीय मौसममा दैनिक पाँच सय बढी पर्यटक गुफा अवलोकन गर्न आउने गरेको टिकट बिक्री काउन्टरका प्रमुखसमेत रहनुभएका गुरुङको भनाइ छ ।

तत्कालीन राजा आगुन साङ्वोका तेस्रो छोरा सोनाम लोवो खेनचेनले गुफामा ध्यान बस्नका लागि गुम्बा स्थापना गरेको उल्लेख छ । निर्फु गुम्बा अन्तर्गत सन् २००४ देखि सञ्चालन भएको लामासम्बन्धी पठनपाठनका लागि नेपाल र भारतबाट समेत आउने गरेका छन् । भोट, नेपाली, अङ्ग्रेजी भाषाको पठनपाठनका लागि समेत विभिन्न निकायबाट सहयोग लिने गरिन्छ । भारतीय राजदूतावास र ल्होमन्थाङ गाउँपालिकाको लागत साझेदारीमा छात्रावास भवनसहित अन्य संरचनासमेत तयार भएको गाउँपालिका अध्यक्ष टसी न्हर्बु गुरुङले बताउनुभयो । गुफा र गुम्बा अवलोकनका लागि पुरातात्त्विक अवलोकन प्रवेश व्यवस्थापन समितिमार्फत नेपालीलाई एक सय रुपियाँ र विदेशी पर्यटकलाई एक हजार रुपियाँ शुल्क लाग्ने गरेको छ ।

समितिमार्फत यस वर्ष स्थानीय लाप्पा टास्सीले २३ लाख लागतमा टेन्डर हालेर लो गर्फु गुम्बा र लो निफु गुम्बालाई २५ प्रतिशत चेन्पा कोन्छोक्लिङ गुम्बालाई १८ प्रतिशत, सिजा जोङ गुम्बालाई २३ प्रतिशत मर्मतसम्भारमा खर्च हुन्छ भने केही स्थानीय युवा क्लब, आमा समूहलाई समेत सहयोग गर्ने गरिएको छ । छोसेर क्षेत्रमा स्थानीयसमेत पुग्न नसक्ने तिब्बती क्षेत्रसँग जोडिएको रातो बलौटे पहाडहरूमा छो खोपिएको पहाडमा गुफाहरू रहेका छन् । १५ औँ शताब्दीमा प्रयोग भएका धेरै गुफा अहिले संरक्षणको अभावमा प्रयोगविहीन भएकाले पुरातत्त्व विभाग तथा विभिन्न निकायले अवलोकन गरी खोज गर्न स्थानीय समुदायले अनुरोध गरेका छन् ।

# ‘दलहरू सच्चिनुको विकल्प छैन’

**सुलीकोट समाचारदाता**
*सुलीकोट, कात्तिक १ गते*

पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराईले देशमा भएका राजनीतिक दलहरू सच्चिनुको विकल्प नभएको बताउनुभएको छ । गृहजिल्ला गोरखा सदरमुकाममा पत्रकार सम्मलेन गर्दै डा. बाबुराम भट्टराईले सो कुरा बताउनुभएको हो । उहाँले देशको राजनीति दलगत स्वार्थ, भ्रष्टाचार र अवसरवादले ग्रसित भएर अघि बढेको बताउनुभयो ।

डा. भट्टराईले जेनजी आन्दोलन युवाको असन्तुष्टि र परिवर्तनको चाहनालाई इमानदारीका साथ सम्बोधन गर्न नसक्नुका साथै दलहरूले आफ्नो स्वार्थका लागि सत्ताको खेलमा रमाउँदा युवामा विश्वास हराउँदै गएको बताउनुभयो । डा. भट्टराईले वर्तमान नेतृत्वले विगतको गल्तीबाट पाठ सिकेर पारदर्शी, जवाफदेही र नीति निष्ठाको राजनीति गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले भन्नुभयो, “मैले पहिलेदेखि नै भन्दै आएको विषय देशको रूपान्तरण र युवाका चाहनाको सम्बोधन हो । दलहरूले युवाले उठाएको जायज मागलाई सम्मानपूर्वक सम्बोधन गर्नुपर्छ, होइन भने राष्ट्रले अर्को धनजनको क्षति बेहोर्नुपर्ने हुन्छ ।” जेनजी आन्दोलनले देशमा राजनीतिक चेतना र जवाफदेहिताको मागलाई बलियो बनाएको तर पुरानो सोचका साथ दलहरूले त्यसलाई संस्थागत गर्न नसकेको उहाँको भनाइ थियो । उहाँले अब दलले जनताका वास्तविक एजेन्डा सम्बोधन गर्न नसके नयाँ पुस्ताले पुरानो राजनीति विस्थापित गर्नेसमेत उल्लेख गर्नुभयो ।

# कारागारमा ज्वरोको प्रकोप

**तनहुँ समाचारदाता**
*तनहुँ, कात्तिक १ गते*

तनहुँ कारागारमा भाइरल ज्वरोको सङ्क्रमण फैलिँदै जाँदा कैदीबन्दी स्वास्थ्य समस्यामा परेका छन् । पुरुष कैदीबन्दी बस्ने ब्लक भाइरल ज्वरोबाट बढी प्रभावित रहेको जेलर टेकप्रसाद भट्टराईले जानकारी दिनुभयो ।

भट्टराईका अनुसार पुरुष राखिएको ब्लकका कैदीबन्दीमा ज्वरो, टाउको दुखाइ, रुघाखोकी र ज्वरोका लक्षण देखिएपछि तत्काल प्रदेश अस्पताल दमौलीका चिकित्सक टोली बोलाएर स्वास्थ्य परीक्षण र आवश्यक उपचार गरिएको हो । जेलर भट्टराईले भन्नुभयो, “सुरुवाती लक्षणका आधारमा यो भाइरल ज्वरो भएको अनुमान गरिएको छ । सङ्क्रमित कैदीबन्दीलाई विश्राम दिइएको छ र स्वास्थ्यकर्मीको निरन्तर निगरानीमा राखिएको छ ।”

कारागारमा हाल १४८ पुरुष, १४ महिला कैदी, ८४ पुरुष थुनुवा र तीन जना महिला थुनुवा गरी जम्मा २४९ जना कैदीबन्दी रहेका छन् । कैदीबन्दीको सङ्ख्याको तुलनामा बसोबासको ठाउँ सीमित भएकाले सङ्क्रमण अझै फैलिन सक्ने जोखिम रहेको जनाइएको छ ।

सङ्क्रमण नियन्त्रणका लागि कारागार प्रशासनले सरसफाइ अभियान र स्वास्थ्य सचेतना कार्यक्रम सुरु गरेको छ । खानेपानी, खाना पकाउने स्थान र वासस्थानको स्वच्छता सुधारका कामलाई तीव्र बनाइएको जेल प्रशासनले जनाएको छ ।

# पर्यटकीय गन्तव्य सिरसिरेडाँडा



**लमजुङको सुन्दरबजार भोटेओडारस्थित सिरसिरेडाँडा ।** *तस्बिर : नवीनराज कुइँकेल*

**लमजुङ समाचारदाता**
*लमजुङ, कात्तिक १ गते*

वरिपरि सुन्दरडाँडा, फेदीमा देखिने सुन्दर सिउँडीबार र फूलबारी बजार अनि राष्ट्रिय झन्डा फर्फराउँदै सरर चल्ने हावाले सिरसिरेडाँडालाई मनमोहक बनाएको छ । लमजुङको सुन्दरबजार नगरपालिका–९, भोटेओडारस्थित सिरसिरेडाँडा अचेल आन्तरिक पर्यटकको गन्तव्य बनेको छ । प्राकृतिक सुन्दरता, मनमोहक दृश्य र गर्मी मौसममा बहने सिरसिरे हावाले यस स्थानलाई आराम र ताजगी खोज्नेका लागि स्वर्ग सरह बनाएको छ । नजिकैको ठाउँमा शान्त वातावरण र रमणीय दृश्य अवलोकन गर्न चाहनेका लागि सिरसिरेडाँडा अब छुटाउन नहुने स्थल बन्न थालेको छ ।

सिरसिरेडाँडाबाट भोटेओडारको फूलबारी क्षेत्रका बस्ती, मर्स्याङ्दी नदीको गहिरो खोँच, पहाडी हरियाली र हिमशृङ्खलानजिकबाट हेरे झैँ देखिन्छ । साँझ पर्नुअघि पश्चिमतर्फ ढल्किँदै जाने सुनौलो घामको दृश्य र चाँदनी रातमा देखिने बजारको दृश्य कैद गर्न त्यहाँ पुग्नेहरूद्वारा सामाजिक सञ्जाल भरिभराउ हुन्छ । मोटरसाइकल र अटो सजिलै पुग्ने भएका कारण बिदाको समयमा यहाँ बालबच्चासहित रमाउन आउनेको घुइँचो लाग्ने गरेको स्थानीय बताउँछन् । आन्तरिक पर्यटन प्रवर्धनका लागि स्थानीय युवा क्लब र वडाले सिरसिरेडाँडामा लिङ्गेपिङ, राष्ट्रिय झन्डा, घुम्ती बस्ने ठाउँलगायतका संरचना निर्माण गरिसकेका छन् । वडा कार्यालयले झन्डा राख्ने स्थान तथा वरपरका संरचनामा सुधार गरेको छ । आगामी दिनमा विश्राम कुटी, फोटो प्वाइन्ट, भ्यु टावर निर्माण गर्ने योजना अघि बढेको वडाध्यक्ष मनराज गुरुङले बताउनुभयो ।

सुन्दरबजार नगरपालिका–९, सिउँडीबार हुँदै करिब आधा घण्टाको उकालो पैदल यात्रापछि यस स्थानमा पुग्न सकिन्छ । त्यस्तै सुन्दरबजारको पहिरे हुँदै मोटरसाइकल र अटोमार्फत सहजै पुग्न मिल्ने सडक निर्माण भएपछि यहाँ आउनेको सङ्ख्या बढेको छ । सिरसिरेडाँडाबाट चण्डीमन्दिरसम्म जाने पदमार्गले यो ठाउँलाई धार्मिक पर्यटनसँग पनि जोडेको छ ।

# आयोग पुनर्स्थापना गर्न माग

**लमजुङ समाचारदाता**
*लमजुङ, कात्तिक १ गते*

नेकपा (एमाले) निकट अखिल नेपाल किसान महासङ्घ र भूमि अधिकार तथा श्रमिक सङ्गठनले सरकारले हालै खारेज गरेको भूमि समस्या समाधान आयोगको पुनर्स्थापना गर्न माग गरेका छन् ।

दुवै सङ्गठनले लमजुङका प्रमुख जिल्ला अधिकारीमार्फत प्रधानमन्त्रीलाई ज्ञापनपत्र पठाउँदै सरकारले गत असोज २३ गते खारेज गरेको आयोग पुनर्स्थापनाको माग गरेको हो । आयोगले तीन वटै तहका सरकारसँगको समन्वयमा सुकुमवासी, अव्यवस्थित बसोबासी र भूमिहीन दलितको आँकडा लिने र जग्गाधनी प्रमाणपुर्जा वितरणलगायतका काम गरिरहेका बेला आयोग विघटन गर्नु गैरजिम्मेवारपूर्ण निर्णय भएको दुई सङ्गठनले बताएका छन् ।


**त्रि.वि. शिक्षण अस्पताल, महाराजगञ्ज**
**प्राविधिक प्रस्ताव पेश गर्ने बारेको सूचना**
**प्रकाशित मिति : २०८२/०७/०२**

यस अस्पतालमा नयाँ निर्माण गरिने भौतिक संरचना, पुरानो संरचनाको पुनर्निर्माण र Re-Modeling का साथै अस्पतालको आवश्यकता र औचित्यको आधारमा समय समयमा आवश्यक पर्ने निर्माण सम्बन्धी सबै प्रकारका कार्यको Drawing, Design, Specification, Cost Estimation तयार गर्ने र समय समयमा Project को अवलोकन गरी अन्तिम मूल्याङ्कन समेत गर्ने कार्यका लागि Architecture Engineer, Biomedical Engineer सम्बन्धी दक्षता प्राप्त र Civil Engineer सम्बन्धी विज्ञता प्राप्त ठूलो अस्पतालमा काम गरेको अनुभवी इजाजत पत्र प्राप्त फर्मलाई त्रि.वि. कार्यकारी परिषद्को निर्णय नं. २०७ ले निर्धारण गरेको सेवा शुल्कमा कार्य गर्ने गरी प्राविधिक परामर्श दाता नियुक्ति गर्नुपर्ने भएकाले आवश्यक कागजात सहित फाराम शुल्क बापत हिमालयन बैंक लि., महाराजगञ्जको चल्ती हिसाब नं. खाता नं. ००२००५५३६५००१८ मा रु. ३,०००।०० (तीन हजार मात्र फिर्ता नहुने गरी) मिति २०८२।०७।१६ गते ११:०० बजेभित्र फाराम खरिद र सोही दिन ०१:०० बजेभित्र प्राविधिक प्रस्ताव यस अस्पतालको योजना, निर्माण तथा कार्यक्रम शाखामा पेश गर्न हुन सूचित गरिन्छ ।

**नेपाल स्वास्थ्य सेवा सहकारी संस्था लि.**
**मानव संशाधन ब्यवस्थापन उप–समिति,**
**स्वयम्भू, काठमाण्डौं**
**कर्मचारी आवश्यकता सम्बन्धी सूचना**

यस संस्था र अन्तर्गतका निकायको लागि निम्न कर्मचारीको आवश्यक भएको हुँदा सेवा करारमा काम गर्न ईच्छुक योग्य नेपालीहरुबाट मिति २०८२ साल कार्तिक १६ गते भित्र आवेदन बुझाउने गरि आह्वान गरिएको छ ।

**१. मेडिकल अफिसर २. नर्सिङ्ग प्रशिक्षक ३. कार्यालय सहायक**

**विस्तृत जानकारीको लागि:**
**www.nehconepal.org.np, mmihs.edu.np**

Government of Nepal
Ministry of Agriculture and Livestock Development
Department of Agriculture
**Center for Agricultural Infrastructure Development and Mechanization Promotion**
Harihar Bhawan, Lalitpur
Tel: 01-5522439/5524227, Email: campid2075@gmail.com

**Invitation for Bids**

**Date of Publication: 19 October, 2025**

Center for Agricultural Infrastructure Development and Mechanization Promotion, Harihar Bhawan, Lalitpur invites electronic bids from Nepalese eligible bidders for the following works under National Competitive Bidding procedures. Eligible Bidders may obtain further information from above office or may visit **eGP portal www.bolpatra.gov.np/egp.**

| S.N. | Detail of the Works | Estimated Amount with VAT (NPR) | Bid Document Fee (NPR) | Bid Security Amount (NPR) | Bid Submission Deadline |
|---|---|---|---|---|---|
| 1 | Interlocking Block Paving in Agricultural Wholesale Market, Kawasoti, Nawalparasi East (Contract ID: CAIDMP/Works/NCB/2082-083/#1) | 96,57,772.18 | 3,000.00 | 2,50,000.00 | Date: 23 November, 2025 Time: 12:00 PM |

**Chief of the Office**

**Government of Nepal**
**Ministry of Health and Population**
**Ramshapath, Kathmandu, Nepal**
**Invitation for Electronics Bids**
**Date of publication : 19 October 2025**
**Invitation for Bids No: MOHP/G/NCB-1/2082-083**

1. The **Ministry of Health and Population** invites ***electronic*** bids from eligible bidders for the procurement of Stationeries and Office Suppliers under National Competitive Bidding – Single Stage Single Envelope procedures.
2. The bidder may submit the bid for single package as mentioned below and offer discounts/ cross discounts. Evaluation will be done for package, with contracts awarded based on the award combination that is of least cost to the Purchaser.
3. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Ministry of Health and Population Ramshapath, Kathmandu, Nepal or may visit PPMO egp system **www.bolpatra.gov.np/egp**.
4. The Bidder Shell submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document NRs. 3,000.00 in the following Rajaswa (revenue) account as specified below.
   **Information to deposit the cost of bidding document in Bank:**
   **Name of the Bank : Rastriya Banijya Bank, Teku Kathmandu**
   **Name of the Office : Ministry of Health and Population**
   **Office Code No. : 370003501**
   **Office Account No. : 1000200010000**
   **Revenue Head No. : 14229**
5. Electronic bids must be submitted to the office **Ministry of Health and Population Ramsahapath *Kathmandu*** by through PPMO's e-GP system **www.bolpatra.gov.np/egp** on or before ***13:00 Hr*** on ***18 November 2025***. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***14:00 Hr 18 November 2025*** at the office of ***Meeting Hall of* Ministry of Health and Population Ramsahapath *Kathmandu*.** Bids must be valid for a period of ***90 days*** from the date of bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of NRs. ***1,35,680.00*** which shall be valid for 30 days beyond the validity period of the bid **(i.e. 18 March 2026)**
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the **bid and** bid security shall remain the same as specified for the original last date of bid submission.

**Banphhikot Rural Municipality**
**Office of the Rural Municipal Executive Banphikot (Rukum west)**
**INVITATION FOR BIDS**
**(Publication: 2025-10-19)**

1. The Banphikot Rural Municipality, Banphikot Rukum West invites electronic bids from eligible bidders for the following items.

| S. N. | Contract no. | Description of works | Bid Fee | Bid Security | Bid Amount | Last date of submissions | Bid opening date |
|---|---|---|---|---|---|---|---|
| 1 | 01/BRM/ GOODS/ NCB/082-083 | Procurement of Supply and delivery of medicine and medical items | Rs 3,000/- | 1,07,500/- | 42,56,983/- | 2025-11-19, 11:59:AM | 2025-11-19, 02:00:PM |

2. Information to deposit, cost of bidding document and bid bond in the bank

| Name of Account | Account number | Bank |
|---|---|---|
| ANTARIK RAJASWO KHATA GA -1-1 BANPHIOT GA.PA | 09403000116 | Laxmi Sunrise Bank Banphikot Branch (for Bid fee) |
| DHARAUTI KHATA GA3-BANPHIOT GA.PA | 09403000073 | Laxmi Sunrise Bank Banphikot Branch (for Dharauti) |

3. Electronic bid is allowed, for e-submission from PPMO's e-GP [www.bopatra.gov.np/egp]. Bidders, submitting their bid electronically.
4. Any condition so for not cover shall be as per Public Procurement ACT, 2063 and Regulations 2064. Any amendments in tender notice shall publish in EGP system of PPMO website. https://bolpatra.gov.np.
5. Banphikot Rural Municipality Rukum West reserves the right to accept or reject any bid and to annual the process and reject all bids at any time prior to contract award.

**Chief Administrative Officer**

**बी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पताल, भरतपुर, चितवन**
**सूचना प्रकाशन मिति : २०८२।०७।०२**
**बोलपत्र/दरभाउपत्र (e-bidding) आह्वानको सूचना**

| S.No. | Name of Procurement | IFB No. | Type |
|---|---|---|---|
| 1. | Phlebotomy Related Goods Re Invitation (Third Notice) | BPKMCH/NCB/05/082/083 | Goods/NCB-Re Invitation |
| 2. | Hepa Filter for Modular Operation Theatre | BPKMCH/NCB/17/082/083 | Goods/NCB |
| 3. | Construction Related Goods | BPKMCH/NCB/18/082/083 | Goods/NCB |
| 4. | Liquid Based Cytology (LBC) Gynae and Non Gynae Kit | BPKMCH/NCB/19/082/083 | Goods /NCB |
| 5. | Miscellaneous Goods – Re Invitation | BPKMCH/SQ/05/081/082 | Goods /SQ |
| 6. | Immunoserology and Microbiology Related Goods Package First-Re Invitation | BPKMCH/NCB/13/082/083 | Goods/NCB |

यस सम्बन्धमा सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाइट **www.bolpatra.gov.np/egp** मा गई माथि उल्लिखित बमोजिमको विवरण तथा यस अस्पतालको नामबाट विस्तृत विवरण हेर्न तथा डाउनलोड गर्न सकिनेछ ।

**इन्टर्नेट सेवा प्रदायकहरू र आम उपभोक्ताहरूमा**
**नेपाल दूरसञ्चार प्राधिकरणको अत्यन्त जरूरी सूचना !**
**(प्रकाशित मिति २०८२।०७।०२)**

नेपाल दूरसञ्चार प्राधिकरणबाट इन्टर्नेट (इमेल सहित) अनुमतिपत्र सेवा प्रदायकहरूले सेवा प्रदान गरे बापत ग्राहकहरूसँग लिने सेवाको शुल्क/महसुलदर दूरसञ्चार ऐन, २०५३ को दफा ४२ तथा अनुमतिपत्रको शर्त बमोजिम प्राधिकरणबाट स्वीकृत हुनुपर्ने व्यवस्था रहेको छ । यस्तो सेवाको शुल्क/महसुलदर प्राधिकरणबाट स्वीकृत भएको मिति उल्लेख गरी ग्राहक तथा सर्वसाधारणको जानकारीका लागि सूचना प्रकाशन गरे पश्चात मात्र लागू गर्नुपर्ने व्यवस्था रहेको छ । सबै इन्टर्नेट (इमेल सहित) अनुमतिपत्र सेवा प्रदायकहरूले दूरसञ्चार ऐन, २०५३ को दफा ४२ बमोजिम शुल्क/महसुलदर स्वीकृत गराएर मात्र लागू गराउनुहुन तथा आम उपभोक्ताले समेत स्वीकृत भएको महसुलदर अनुसारको शुल्क/महसुलदर मात्र भुक्तानी गर्नुहुन सम्बन्धित सेवा प्रदायकहरू र आम उपभोक्ताहरूलाई जानकारी गराइन्छ ।

**नेपाल दूरसञ्चार प्राधिकरण**
**आर्थिक विश्लेषण शाखा**
**जमल, काठमाडौं ।**
**फोन नं.** : ९७७-१-५३५५४७४, ५३५७१७, **फ्याक्स** : ९७७-१-५३५५२५०, **पो.ब.नं.** ९७५४
**Email : ntra@nta.gov.np, Website : www.nta.gov.np**

**ग्रामीण दूरसञ्चार विकास कोष व्यवस्थापन सम्बन्धी सूचना**
**(प्रथम पटक प्रकाशित मिति २०८२।०७।०२)**

यस प्राधिकरणको ग्रामीण दूरसञ्चार विकास कोषतर्फको लगानी योग्य रकम ६ महिना देखि १ वर्षका लागि मुद्दती खातामा लगानी गर्नुपर्ने भएकोले तपसिलका विवरणहरू खुलाई नेपाल राष्ट्र बैंकबाट स्वीकृत प्राप्त “क” वर्गका वाणिज्य बैंकहरूले आफूले राख्न चाहेको रकम तथा उक्त रकमका लागि प्रस्ताव गरिएको ब्याजदर समेत खुलाई मिति २०८२।०७।१४ गते शुक्रबार दिनको ३:०० बजेभित्र यस प्राधिकरणको आर्थिक प्रशासन शाखामा सिलबन्दी कोटेसन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

(क) **सिलबन्दी कोटेसनको आवेदनका साथ उल्लेख गर्नुपर्ने सूचकाङ्कहरू (Indicators)** :
1. Capital Adequacy Ratio
2. NPL-Non Performing Loan Percentage
3. Credit Capital Deposit Ratio
4. Statutory Liquidity Ratio (SLR)
5. Net Liquidity Ratio (NLR)

(ख) **सिलबन्दी कोटेसनसँग सम्बन्धित अन्य आवश्यक सूचनाहरू** :
१. माथि उल्लिखित सूचकाङ्कहरू २०८२ अषाढ मसान्तको प्रकाशित वित्तिय विवरणको आधारमा हुनुपर्नेछ ।
२. प्रस्तावित ब्याज दर कम्तिमा १५ दिनसम्मको लागि कायम (Valid) हुनुपर्नेछ ।
३. माथि (क) र (ख) मा माग गरिएको विवरणहरू उपलब्ध नगराउने बैंकहरूको प्रस्ताव स्वतः रद्द हुनेछ ।

**नेपाल दूरसञ्चार प्राधिकरण**
**आर्थिक प्रशासन शाखा**
**जमल, काठमाडौं ।**
**फोन नं.** : ९७७-१-५३५५४७४, ५३५७१७, **फ्याक्स** : ९७७-१-५३५५२५०, **पो.ब.नं.** ९७५४
**Email : ntra@nta.gov.np, Website : www.nta.gov.np**

# समाचार सङ्क्षेप

## त्रियुगा नदीमा शव फेला

**कल्याणपुर (सप्तरी)** (गोरखापत्र), कात्तिक १ गते। सप्तरीको कञ्चनरूप नगरपालिकामा एक युवकको शव फेला परेको छ। त्रियुगा नदीले बगाउँदै गरेको अवस्थामा सोही ठाउँका १८ वर्षीय दिलीप मुखियाको शव फेला परेको हो। आठ दिनदेखि बेपत्ता रहेका मुखियालाई स्थानीयले नदीले बगाइरहेको अवस्थामा देखेपछि शव नदीबाहिर निकालेर घटनाबारे प्रहरीलाई खबर गरेका थिए।

मानसिक सन्तुलन ठिक नभएका मुखिया असोज २३ मा त्रियुगा नदी किनारमा बाख्रा चराउन जानुभएको थियो। त्यसपछि घर नफर्किएकाले उहाँका परिवारजनले खोजतलास गरिदिन प्रहरीमा समेत निवेदन दिएकोमा खोजतलासका क्रममा उहाँको शव फेला परेको इलाका प्रहरी कार्यालय कञ्चनपुरका प्रहरी नायब उपरीक्षक माधवप्रसाद काफ्लेले जानकारी दिनुभयो।

## रूपनीमा आगलागी

**कल्याणपुर (सप्तरी)** (गोरखापत्र), कात्तिक १ गते। सप्तरीको रूपनी गाउँपालिकामा आगलागीबाट ११ लाखभन्दा बढीको धनमाल जलेर नष्ट भएको छ।

गाउँपालिकाको वडा नं. २ पौँवामा भएको आगलागीबाट दुई घर जलेर नष्ट हुँदा सो मूल्य बराबरको क्षति भएको हो। स्थानीय रामलोचन मण्डलको घरमा कोही नभएका बेला अचानक आगलागी हुँदा काठको खम्बा बाँसको टाटी बेरा टिनको छानो भएको दुई वटा घर र घरभित्र रहेका धान, गहुँ, चामल, लत्ताकपडा, फर्निचरलगायत नगद ४५ हजार रुपियाँसहित जलेर नष्ट भएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरीक्षक डम्बरबहादुर पुरीले जानकारी दिनुभयो।

## शैक्षिक सामग्री वितरण

**महोत्तरी** (गोरखापत्र), कात्तिक १ गते। महोत्तरी जिल्लाका मटिहानी र सम्सी पालिकाका विद्यालयमा रहेका अशक्त, अपाङ्ग, विपन्न, गरिब, दलित र अल्पसङ्ख्यक समुदायका ५० बालबालिकालाई शैक्षिक सामग्री वितरण गरिएको छ।

सेभ दी सप्तरीका महोत्तरी शिक्षा अधिकृत प्रमोदकुमार महतोले मटिहानी नगरपालिका तथा सम्सी गाउँपालिकासँगको समन्वय र सहकार्यमा दुवै ठाउँमा २५/२५ जना बालबालिकालाई शैक्षिक सामग्री वितरण गरिएको जानकारी दिनुभयो। सम्सी गाउँपालिकामा मावि सम्सी परवाहा, मावि पोखरभिन्डा र मदरसामा शैक्षिक सामग्री वितरण गरिएको छ। सम्सीका शिक्षा संयोजक विनोद यादव तथा मावि सम्सी परवाहाका प्रधानाध्यापक महेश्वरप्रसाद यादवमार्फत विद्यार्थीलाई शैक्षिक सामग्री वितरण गरिएको छ। त्यसै गरी मटिहानी नगरपालिकाको श्री राम माध्यमिक विद्यालय, राष्ट्रिय जनता आधारभूत विद्यालयसहितमा शैक्षिक सामग्री वितरण गरिएको छ।

### बेथितिको पुनरावृत्ति

# निमित्तलाई नै अख्तियारी



रौतहटको राजदेवी नगरपालिका भवन।

**चन्द्रपुर समाचारदाता**
*चन्द्रपुर (रौतहट), कात्तिक १ गते*

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तहमा पुनः निमित्त प्रमुख प्रशासकीय अधिकृतलाई आर्थिक तथा प्रशासनिक जिम्मेवारी दिन थालेको छ। मन्त्रालयले रौतहटको राजदेवी नगरपालिकामा निमित्त प्रमुख प्रशासकीय अधिकृत खटाएर विवादमा तानिएको छ।

नगरपालिकाका वरिष्ठतम कर्मचारी अधिकृत सातौँ तह इन्जिनियरिङ सेवाका सञ्जयकुमार पाण्डेलाई मन्त्रालयले असोज ३१ गते शुक्रबारका दिन आर्थिक तथा प्रशासनिक जिम्मेवारी दिएको छ।

जिम्मेवारी दिइएको पत्रमा उल्लेख गरिएको छ। सो पत्रमा लेखिएको बेहोरा अनुसार प्रस्तुत विषयमा नगरपालिकाको च. नं. ६९० मिति २०८२ असोज ३० को पत्रबाट आर्थिक तथा प्रशासनिक जिम्मेवारी दिन लेखिआएको सम्बन्धमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ को उपदफा ४ बमोजिम प्रमुख प्रशासकीय अधिकृत नखटाएसम्मका लागि बढीमा २०८२ कात्तिक मसान्तसम्मका लागि मात्र जिम्मेवारी दिइएको छ।

दरबन्दी अनुसार खटाइएको प्रमुख प्रशासकीय अधिकृत हाजिर हुने वातावरण मिलाउनुको सट्टा निमित प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवारी दिएपछि स्थानीयस्तरमा असन्तुष्टि छाएको छ।

स्थानीय तहमा दरबन्दी अनुसारको कर्मचारी व्यवस्थापनबाट पुनः मन्त्रालय आफैँ पछाडि हटेको छ। स्थानीय तहमा लामो समयदेखि निमित्त प्रमुख प्रशासकीय अधिकृतले जिम्मेवारी समालेको र यसले सुशासन, पारदर्शितामा प्रत्यक्ष असर पार्ने गरेकाले सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले समय समयमा दरबन्दी अनुसारको प्रमुख प्रशासकीय अधिकृत व्यवस्थापन गर्ने निर्णय गरे पनि कार्यान्वियन गर्न सकेको छैन।

रौतहटका १८ वटा स्थानीय तहमध्ये निमित्त प्रमुख प्रशासकीय अधिकृत जिम्मेवारीमा रहेका १६ वटा स्थानीय तहमा मन्त्रालयले दरबन्दी अनुसारको प्रमुख प्रशासकीय अधिकृत खटाएको थियो।

रौतहटको गरुडा, कटहरिया र यमुनामाई गाउँपालिकामा दरबन्दी अनुसारको प्रमुख प्रशासकीय अधिकृत हाजिर भए पनि बाँकी अन्य १३ वटामा अझै प्रमुख प्रशासकीय अधिकृत हाजिर हुन सकेका छैनन्।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले दसैँमा कर्मचारी तथा शिक्षकको तलब भत्ताका लागि साबिक निमित्त प्रमुख प्रशासकीय अधिकृतलाई प्रथम त्रैमासिकका लागि आर्थिक तथा प्रशासनिक अख्तियारी दिएको थियो।

सामान्य प्रशासन मन्त्रालयका सचिव रविलाल पन्थले राजदेवी नगरपालिकामा सरुवा हुनुभएका उपसचिव तिलोचन रिमाल इलाम जानुपर्ने भएकाले बढीमा एक महिनाका लागि निमित्त प्रमुख प्रशासकीय अधिकृत खटाइएको बताउनुभयो। दरबन्दी अनुसार खटाइएका प्रमुख प्रशासकीय अधिकृत तिहार, छठपछि हाजिर हुन जाने जानकारी गराएकाले तिहार, छठमा स्थानीय सरकारको कामकारबाही तथा तलब भत्तालगायतका काममा प्रभावित नहोस् भन्ने उद्देश्यले कात्तिकसम्मका लागि निमित्त प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवारी दिनु परेको उहाँले बताउनुभयो।

# किसानलाई कामको चटारो



तस्बिर : जनार्जन खत्री

मेसिन प्रयोग गरेर धान काट्दै किसान।

**सर्लाही समाचारदाता**
*सर्लाही, कात्तिक १ गते*

दसैँतिहार जस्ता नेपाली समाजका मुख्य चाडपर्वका समयमा सर्लाहीका किसान धान बाली भित्र्याउने काममा व्यस्त देखिएका छन्।

कृषि ज्ञान केन्द्र सर्लाहीले धानको चाँडो पाक्ने जात (अर्ली भेराइटी) धमाधम भित्र्याउने बेला भएको जनाएको छ। तिहार र छठपर्वको रौनक छाइरहेका समयमा खेतको धानबाली पाकिसकेको किसान भने पहिले धानबाली काट्ने काममा लागिपरेका छन्। साउनमा खडेरी जाँदा ढिलो गरी रोपिएको धानबाली भने भर्खर पसाउन थालेको किसानले बताएका छन्।

कृषि ज्ञान केन्द्र सर्लाहीका प्रमुख कमलदेवप्रसाद कुशवाहाले जिल्लामा अहिलेदेखि मङ्सिरसम्म पाक्ने धानबाली लगाइएको जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "सिँचाइ सुविधा कम रहेको क्षेत्रमा लगाइएको चाँडो पाक्ने जातको धान काट्ने बेला भएको छ तर हाम्रोमा धेरै किसानले मङ्सिरतिर पाक्ने धान लगाएका छन्।"

कुशवाहाका अनुसार आकासे पानीको धेरै भर रहेको चुरेवर्ती क्षेत्रमा प्रायः किसानले चाँडो पाक्ने धान रोप्ने गरेका छन्। लालबन्दी नगरपालिका रानीगन्जका किसान गोपाल अधिकारीले आफूहरूको क्षेत्रमा अधिकांश किसानले धमाधम धानबाली भित्र्याइरहेका जानकारी दिनुभयो।

यो वर्ष धान रोप्ने समयमा खडेरी परेर समस्या भए पनि त्यसपछि भने बेला बेलामा पानी परेकाले धानको उत्पादन राम्रै रहेको किसानले बताएका छन्। धान काट्न र झार्न खेत खेतमै मेसिन पुग्न थालेपछि किसानलाई बाली भित्र्याउन सहज भएको अधिकारीले बताउनुभयो।

सर्लाहीमा बागमती सिँचाइ आयोजना तथा विभिन्न खोलाको पानी र विद्युतीय प्रणालीबाट सिँचाइ हुने क्षेत्रमा ढिलो पाक्ने धान रोपिएको छ। ब्रह्मपुरी गाउँपालिका–६ का किसान फकिरा रायले दक्षिणी भेगमा धेरै जसो किसानले ढिलो गरी पाक्ने धान रोपेकाले छठपर्वपछि मात्रै धान काट्न सुरु गरिने जानकारी दिनुभयो। मध्य असोजमा भएको वर्षाले जिल्लाको दक्षिणी भेगमा धान बाली डुबानमा परेकाले धान उत्पादनमा असर पर्न सक्ने कृषि ज्ञान केन्द्रले जनाएको छ।

# बटेश्वरका किसान सुधारिएको कृषितर्फ

**जनकपुरधाम समाचारदाता**
*जनकपुरधाम, कात्तिक १ गते*

धनुषाको बटेश्वर गाउँपालिकाका किसान सुधारिएको खेती प्रणालीतर्फ अग्रसर हुन थालेका छन्। बटेश्वरका गणेश धानबाली उत्पादन कृषक पाठशालामा आबद्ध किसानले परम्परागत तरिका त्यागी आधुनिक र वैज्ञानिक विधिबाट खेती गर्न थालेका हुन्।

बटेश्वर गाउँपालिका–२, धुमासनका २५ जना किसानले सामूहिक कृषि पाठशालाबाट सिप र ज्ञान हासिल गर्दै आफ्नै खेतमा प्रयोगमा ल्याउन थालेका छन्। उनीहरूले धानबाली उत्पादनमा सुधारिएको विधि अपनाउँदा उत्पादन वृद्धि हुने विश्वास लिएका छन्।

कृषक पाठशालाकी अध्यक्ष सञ्जिला महतोका अनुसार विगतमा पुरानो तरिकाबाट खेती गर्दा श्रम र लगानी धेरै लाग्ने तर उत्पादन घट्ने समस्या थियो। महतोले भन्नुभयो, "कृषक पाठशालाबाट नयाँ तरिका सिकेपछि अहिले हामीले सुधारिएको बिउ, जैविक मल र समयमै निखार्ने प्रविधि अपनाएका छौँ। यसबाट उत्पादन

> "कृषक पाठशालाबाट नयाँ तरिका सिकेपछि अहिले हामीले सुधारिएको बिउ, जैविक मल र समयमै निखार्ने प्रविधि अपनाएका छौँ। यसबाट उत्पादन र आम्दानी दुवै बढ्ने आशा लिएका छौँ।"

र आम्दानी दुवै बढ्ने आशा लिएका छौँ।"

त्यस्तै समूहकी सदस्य शिवकुमारी कापरले पनि पाठशालाबाट आफूहरूमा ठुलो परिवर्तन आएको बताउनुभयो। उहाँले भन्नुभयो, "पहिले धानबालीमा रोग लाग्दा के गर्ने थाहा थिएन, अहिले त रोग नियन्त्रण र माटोको हेरचाह गर्न सक्ने भएका छौँ।"

अर्की सदस्य दुलारीदेवी कापरले भने सामूहिक सिकाइका कारण महिलामा कृषिप्रतिको उत्साह बढेको बताउनुभयो।

कार्यक्रम नेपाल सरकारको कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तर्गत खाद्य तथा पोषण सुरक्षा सुधार आयोजनाको उपआयोजना क्लस्टर एकाइ धनुषाद्वारा सञ्चालित र फुड एग्रिकल्चर अर्गनाइजेसन (एफएओ) को सहयोगमा सञ्चालन गरिएको हो।

आयोजना अन्तर्गत बटेश्वर गाउँपालिकामा हाल ४६ वटा समूह गठन गरी किसानलाई आधुनिक सिप, बिउ, प्रविधि र बजार पहुँचबारे कृषि तथा पशु तालिम दिइँदै आएको छ।

स्थानीय कृषि प्राविधिकका अनुसार सुधारिएको खेती प्रणाली अपनाउने किसानको सङ्ख्या बढ्दै गएको छ। यसबाट गाउँपालिकाको समग्र कृषि उत्पादनमा सकारात्मक प्रभाव पारेको छ।

Government of Bagamati Province
**Ministry of Internal Affairs and Law**
Hetauda, Nepal

**Invitation for Electronic Bids (E-Bidding)**

**(Date of publication : 2082-07-02 (2025-10-19)**

The Government of Bagamati Province, Ministry of Internal affairs and Law, Hetauda, Nepal invites electronic bids from eligible bidders under National Competitive Bidding procedures for listed item.

| IFB No. | Particulars | Bid Security Amount | Documentation Fee |
|---|---|---|---|
| MOIAL/BAGAMATI/NCB/WORKS/082-83/01 | *Construction of Second Floor and finishing Works* | NRs. 6,70,000.00 | NRs. 5,000.00 |

For more information visit moial.gov.np or PPMO e-GP system **www.bolpatra.gov.np/egp**.

**Office of the Auditor General**
Anamnagar, Kathmandu

**Invitation for Sealed Quotation for the procurement of Renewal of firewall.**

**Sealed Quotation No.: OAGN/NCB/OTHERS-02-2082-83**
**Date of Second Publication : 19-10-2025**

1. The Office of The Auditor General Nepal invites sealed quotations from registered Suppliers for the Renewal of firewall.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of The Office of the Auditor General, Anamnagar, 014770954, info@oagnep.gov.np or may visit PPMO website **www.bolpatra.gov.np**.
3. A complete set of Bidding Documents may be purchased from the office Office of The Auditor General Nepal Anamnagar, Kathmandu by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of NRs.3,000.00 till 03-11-2025 12:00 during office hours.
4. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP **www.bolpatra.gov.np/egp**. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following account
   **Name of the Bank** : Rastriya Banijya Bank Ltd., Singhdurbar, Kathmandu
   **Name of the Office** : Office of the Auditor General
   **Office Code no.** : 208003501
   **Office Account no.** : 1000100200010000
   **Rajaswa (revenue) Shirshak no.** : 14229
5. Sealed bids must be submitted to the office Office of The Auditor General Nepal Anamnagar, Kathmandu by hand or through e-GP system i.e **www.bopatra.gov.np/egp** on or before 03-11-2025 12:00. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 03-11-2025 14:00 at the office of Office of The Auditor General Nepal Anamnagar, Kathmandu Nepal. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of 43,000.00, (Forty Three Thousand only) which shall be valid for 30 days beyond the validity period of the bid. If bidder wishes to submit the Cash Security, the cash should be deposited in Deposit Account No.120120000100252 and office code 27-208-01 at Nepal Rastra Bank, Baluwatar, Kathmandu and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.

**नेपाल सरकार**
**भौतिक पुर्वाधार तथा यातायात मन्त्रालय**
**सडक विभाग**
**संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय, सुर्खेत**
**सडक डिभिजन साँफेबगर, अछाम**

**ठेक्का किन नतोड्ने सम्बन्धी १५ दिने सूचना**

**प्रकाशित मिति : २०८२/०७/०२**

यस सडक डिभिजन तथा तपशिलमा उल्लेखित निर्माण व्यवसायी बिच ठेक्काहरुको सम्झौता भै यस डिभिजनको कार्यक्षेत्रमा पर्ने तपशिलमा उल्लेखित निर्माण कार्यको लामो समय देखि सम्झौता बमोजिम कार्य प्रगति नगरेको र कार्य सम्पन्न गर्ने तर्फ तदारुकता नदेखाएकोमा कार्यालयबाट पटक पटक मौखिक तथा लिखित जानकारी गराउदा समेत लामो समय देखि निर्माण कार्य ठप्प रहेको र निर्माण कार्य सम्पन्न गर्ने तर्फ कुनै चासो नदेखाएकोले निर्माण व्यवसायीवाट Fundamental Breaches of Contract भएको हुदा सूचना प्रकाशनको मितिले १५ दिन भित्र कार्य सम्पन्न हुन् नसकेको कारण र कार्य सम्पन्न गर्ने सक्ने Updated Work Schedule, स्रोत परिचालनको भरपर्दो योजना र कार्य सम्पन्न गर्ने प्रतिबद्धत्ता र ठेक्का अन्त्य गर्नु नपर्ने कुनै मनासिव कारण भए स्पष्टीकरणसहित सम्पूर्ण अधिकारिक व्यक्तिहरु यस कार्यालयमा उपस्थित हुन् यो सूचना जारी गरिएको छ। अधिकारिक व्यक्तिहरु उपस्थित भै चित्त बुझ्दो स्पष्टीकरण र कार्य सम्पन्न गर्ने विश्वसनीय आधार पेश नभएमा ठेक्का सम्झौता शर्त तथा प्रचलित कानुन बमोजिम ठेक्का अन्त्य गर्ने तर्फ कारबाही अघि बढाइने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ।

**तपशिल**

| क्र. सं | ठेक्का नं | निर्माण कार्यको विवरण तथा स्थान | खरिद सम्झौता अन्त्य हुने ठेक्का सम्झौता शर्त तथा प्रचलित कानुन | निर्माण व्यवसायीको नाम |
|---|---|---|---|---|
| 1 | DROSNF/3373564/075-76/22 | Roadway Cutting and Structural Martadi Kolti Kawadi Bichchhasain Road, Bajura Section | GCC Clause No 72.1(a),(b) & (c) र सा.ख.ऐन २०६३ को दफा ५९(२)(क),५९(७) | श्री सेवीका- वेहाडाबाबा जेभी, धनगडी, कैलाली |
| 2 | DROSNF/337310113/076-77/02 | Reactive Maintenance (Patch Works) at Sanfebagar-Mangalsen | GCC Clause No 72.1 (a) & (b) र सा.ख.ऐन २०६३ को दफा ५९(२)(क), ५९ (७) | श्री सेवीका कन्स्ट्रक्सन एन्ड ईन्जिनियरिङग कन्सल्टेन्सी, बिरेन्द्रनगर ९, सुर्खेत |
| 3 | DROSNF/337310113/076-77/03 | Reactive Maintenance (Patch Works) at Sanfebagar- Martadi Road Section | GCC Clause No 72.1 (a) & (b) र सा.ख.ऐन २०६३ को दफा ५९(२)(क),५९ (७) | श्री सेवीका कन्स्ट्रक्सन एन्ड ईन्जिनियरिङग कन्सल्टेन्सी, बिरेन्द्रनगर ९, सुर्खेत |
| 4 | DROSNF/337310113/076-77/04 | Specific Maintenance (Major Patch Works and Drain Works) at specified chainage in Chaukhutte-Sanfe- Mangalsen-Martadi Road Section | GCC Clause No 72.1 (a), (b) & (c) र सा.ख.ऐन २०६३ को दफा ५९(२)(क),५९ (७) | श्री सेवीका कन्स्ट्रक्सन एन्ड ईन्जिनियरिङग कन्सल्टेन्सी, बिरेन्द्रनगर ९, सुर्खेत |
| 5 | SMT/NCB/GGB/08/067/68 | Construction of Guigad Steel Truss Bridge | GCC Clause No 72.1(a),(b) & (c) र सा.ख.ऐन २०६३ को दफा ५९ (२) (क),५९(७) | श्री राजेन्द्र-थेगिम जे.भी. धनगडी, कैलाली |
| 6 | RDSNF/33701138/079/80-03 | Road Rehabilitation Works on Sanfe- Mangalsen Road Section | GCC Clause No 72.1(a), (b) & (c) र सा.ख.ऐन २०६३ को दफा ५९(२) (क),५९ (७) | श्री मास्टा कन्स्ट्रक्सन & सप्लायर्स, मानाकोट-०६, बाजुरा |

**डिभिजन प्रमुख**

# पहिरोपीडितका लागि स्थायी पुनर्वास

**साहारा लिम्बू**
*फुङलिङ (ताप्लेजुङ), कात्तिक १ गते*

मैवाखोला गाउँपालिकाका पहिरोपीडितका लागि स्थायी पुनर्वासका लागि बाटो खुलेको छ। शुक्रबार बसेको विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको बैठकले स्थायी पुनर्स्थापनाको प्रक्रियालाई स्वीकृत गरेसँगै बाटो खुला भएको हो।

गाउँपालिकाका अध्यक्ष विजयप्रकाश वनेमले अब स्थायी पुनर्वासका लागि बाटो खुला भएको बताउनुभयो। उहाँका अनुसार चाँडै जग्गा खरिद र विस्तृत अध्ययन प्रतिवेदन (डिपिआर) सहित आवास निर्माण अघि बढाइने छ।

उक्त परियोजना मैवाखोलाको नमुना परियोजना हुने भएकोले केही समय लाग्ने हुँदा धैर्य रहन पनि वनेमले आग्रह गर्नुभयो। गाउँपालिकाले निरन्तर मेहनत गरेर स्थायी पुनर्स्थापनाको प्रक्रिया अघि बढाइरहेको थियो। सोही क्रममा यसअघि पालिकाले भूर्गभविद्सहितको विज्ञ टोलीको स्थलगत रूपमा अध्ययनसहितको प्रतिवेदन राष्ट्र विपत् जोखिम न्यूनीकरण तथा स्थायी पुनर्स्थापनाको प्रक्रिया अघि बढेको हो।



*तस्बिर : साहारा लिम्बू*

**निर्माणाधीन मदन भण्डारी रङ्गशालामा गाउँपालिकाले निर्माण गरेको अस्थायी एकीकृत आवास स्थल ।**

बैठकले मैवाखोला गाउँपालिका–३ र ४ मा रहेका ओदक, एकबाँसे र ताम्राङ बस्तीका ६५ परिवारलाई त्यही गाउँपालिका–३ को साँघुमा स्थानान्तरण गर्ने निर्णय गरेको छ। विसं २०८० असार ३ गते राति भीषण वर्षासँगै आएको पहिरोले ६५ परिवार विस्थापित भएका थिए। उहाँहरूलाई हाल मैवाखोला–३ को साँघुस्थित निर्माणाधीन मदन भण्डारी रङ्गशालामा अस्थायी आवास निर्माण गरेर राखिएको छ।

# हत्या अभियोगका शेर्पाको दुर्घटनामा मृत्यु

**राधा लुइटेल**
*फिदिम (पाँचथर), कात्तिक १ गते*

भौतिक सम्पत्तिका लागि मान्छेले कुन हदसम्मको अपराध गर्छ भन्ने उदाहरण पाँचथरमा भएको एउटा सवारी दुर्घटनापश्चात् खुलासा भएको छ। जहाँ ताप्लेजुङका ३२ वर्षीय ल्हाक्पानुर्बु शेर्पाको दुर्घटनास्थलमै ज्यान गएको थियो।

प्रारम्भमा सामान्य प्रकृतिको जस्तै लागेको उक्त दुर्घटनापश्चात् भेटिएका प्रमाणले गाडीमालिक बन्ने चाहनाका कारण शेर्पाले आफ्नै साथीको बीभत्स हत्या गरेर गाडी हत्याएको प्रहरीको अनुसन्धानमा खुलेको हो। जिल्ला ट्राफिक प्रहरी कार्यालय पाँचथरका प्रमुख पुण्य गौतमका अनुसार ल्हाक्पाले चोरेर ल्याउँदै गरेको पिकअप दुर्घटना चलचित्रको कथा जस्तै छ।

गौतमले भन्नुभयो, "बुधबार अपराह्न सडकमा ट्राफिकको सवारी जाँच चलिरहेको थियो, त्यही बेला इलामतर्फबाट आएको एउटा पिकअप ट्राफिकले रोक्न गरेको सङ्केत नमानी फिदिमदेखि हेवाखोलातर्फ हुइँकियो। शङ्का लागेर ट्राफिक र सँगै रहेका प्रहरीले केहीबेर पिछा गरेका थिए।"

अघि अघि पिकअप, पछि पछि दुई वटा मोटरसाइकलमा तीन जना प्रहरी थिए। राजमार्गमा ६०–८० मा कुदाइएको मोटरसाइकलले पिकअपलाई भेट्न सकेन। करिब २० किलोमिटर टाढा रहेको सल्लेरीबजार पुगेपछि पिकअप मेची राजमार्ग छोडेर कच्ची बाटो समात्दै सुभाङतर्फ मोडियो। त्यहाँबाट पुनः सुभाङतर्फ जाने बाटो छोडेर देब्रे मोडिँदै एकचेपातर्फ मोडियो। एकचेपा स्कुलनजिकै पुगेपछि पिछा गरिरहेका प्रहरी सदरमुकामतर्फ फर्किए।

प्रहरी फर्किएलगत्तै सल्लेरीबाट एकचेपा हुँदै तमोर कोरिडोरतर्फ अघि बढिरहेको पिकअप दुर्घटनामा परेको र चालकको मृत्यु भएको खबर आएको गौतमले सुनाउनुभयो। दुर्घटनालगत्तै ठुलो सङ्ख्यामा स्थानीय भेला भए। नजिकका जनप्रतिनिधि पनि खबर थाहा पाएर दुर्घटना स्थलमा पुगे भने केहीबेरमा प्रहरी पनि पुगे।

घटनास्थलको प्रकृति मुचुल्का बनाउने क्रममा गाडीभित्र चेकजाँच गर्दा बा ७ च ५४४९ नम्बर प्लेट र सोही गाडीको ब्लुबुक भेटियो। गाडीबाहिर टाँसिएको नम्बर प्लेटमा भने गाडी नम्बर ना २ च १६५१ लेखिएको पाइयो।

कागजात र गाडीमा भएको नम्बर फरक फरक भेटिएपछि प्रहरीले अनुसन्धान थालेको जिल्ला प्रहरी कार्यालय पाँचथरका प्रहरी प्रमुख प्रहरी नायब उपरीक्षक अनिशकुमार कर्णले बताउनुभयो।

अनुसन्धानबाट दुर्घटनामा परेको गाडी १५६१ नम्बरको नभएर ५४४९ नै रहेको पुष्टि भयो। जुन असोज २४ गते काठमाडौँको दक्षिणकाली–६, बैरेनीबाट लुटिएको थियो। उक्त गाडी सिन्धुपाल्चोक घर भएका ४२ वर्षीय सुरेश श्रेष्ठको रहेको प्रहरीको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ। असोज २४ गते राति बैरेनीमा गाडी लुट्नुअघि श्रेष्ठको हत्या भएको थियो। हत्यापछि लुटिएको गाडी विभिन्न ठाउँ घुमाउँदै पाँचथर ल्याइपुर्‍याउँदा दुर्घटनामा परेको प्रहरी प्रमुख कर्णले जानकारी दिनुभयो।

अनुसन्धानका क्रममा गाडीको चेसिस, इन्जिन र अन्य प्रमाण काठमाडौँ घटनामा लुटिएको पिकअपसँग मेल खाएकोले काठमाडौँ बसेर पिकअप चलाउँदै आएका सुरेश श्रेष्ठको हत्या गरी गाडी लुटिएको पुष्टि भएको हो। त्यसअघि श्रेष्ठको शव असोज २५ गते काठमाडौँको कीर्तिपुरस्थित डुकुछापमा बीभत्स हत्या गरिएको अवस्थामा भेटिएपछि प्रहरीले अनुसन्धान कार्य तीव्र बनाएको थियो।

"चालकले लाइसेन्स र ब्लुबुक नदिई भागेपछि केही गडबड छ, गल्ती नगर्ने मान्छे त्यसरी भाग्दैन," उपरीक्षक कर्णले भन्नुभयो। दुर्घटनामा मृत्यु भएका ल्हाक्पानुर्बु शेर्पाको साथबाट सवारीचालक अनुमतिपत्र र केही कागजात पनि फेला परेका छन्।

ताप्लेजुङको फुङलिङ नगरपालिका–९ निवासी ल्हाक्पा काठमाडौँमै बस्दै आएका र दुई दिनअघि ताप्लेजुङमा रहेका पितालाई फोन गरेर आफू गाउँमै चलाउन मिल्ने नयाँ गाडी लिएर आउँदै गरेको फोनमा जानकारी गराएको खुलेसँगै अपराधकर्ममा सामेल भएको थप पुष्टि भएको प्रहरीले बताएको छ। दुर्घटना हुनुअघि काठमाडौँमा श्रेष्ठको हत्या गरी गाडी लुटिएको सिसी क्यामरा फुटेज दुई दिनदेखि सामाजिक सञ्जालमा भाइरल भइरहेको थियो। त्यहीबेला लुटिएको गाडी पाँचथरमा दुर्घटनामा परेको हो। दुर्घटनामा ज्यान गुमाएका शेर्पा नै श्रेष्ठका हत्यारा भएको प्रहरी अनुसन्धानले देखाएको छ।

## प्रहरीको हतियार र पोसाक लुट्ने पक्राउ

**दमक समाचारदाता**
*दमक, कात्तिक १ गते*

जेनजी समूहको आन्दोलनका क्रममा इलाका प्रहरी कार्यालय दमकबाट प्रहरीको हतियार र पोसाक लुटपाटमा संलग्न दुई जनालाई प्रहरीले पक्राउ गरेको छ। प्रहरीको पोसाक लुटेर लगाई दुरुपयोग गर्ने दमक नगरपालिका–२, भाङबारीका ३३ वर्षीय रोशन साउदेन लिम्बू र हतियार लुटपाटमा संलग्न इलामको चुलाचुलीका १९ वर्षीय सुजन राईलाई शुक्रबार पक्राउ गरिएको इलाका प्रहरी कार्यालय दमकले जनाएको छ। पक्राउ परेकाको विषयमा आवश्यक अनुसन्धान भइरहेको प्रहरीको भनाइ छ।

जिल्ला प्रहरी कार्यालय झापाका प्रमुख राजन लिम्बूका अनुसार आन्दोलनका क्रममा गलत नियतका साथ प्रहरीमाथि आक्रमण गर्ने, हतियार र पोसाक लुटपाट गरी दुरुपयोग गर्नेलगायतका अवाञ्छित गतिविधि गर्ने केही व्यक्तिलाई पक्राउ गरेर अनुसन्धान सुरु गरिएको छ। लुटिएका हतियार तथा गोली, पोसाकलगायतका प्रहरीका भौतिक सामग्री फिर्ता गर्नका लागि बारम्बार अपिल गरिएको जनाउँदै यसलाई बेवास्ता गरेर दुरुपयोग गरेको पाइएमा कानुनबमोजिम कारबाही गरिने उहाँले उल्लेख गर्नुभयो।

**एक थान गोली प्राप्त**

यसै गरी दमकमा एक थान गोली पनि फेला परेको छ। दमक नगरपालिका–८, लक्ष्मीमार्गका ३८ वर्षीय कृष्णप्रसाद पाठकले बाटोमा बेवारिसे अवस्थामा गोली भेटेपछि ल्याएर प्रहरीलाई बुझाउनुभएको जनाइएको छ। एसएमजीको नौ एमएमको एक राउन्ड गोली प्रहरीलाई ल्याएर पाठकले दिएको प्रहरीले जनाएको छ।

## करिब चौँतिस लाख भेटी सङ्कलन

**फुङलिङ समाचारदाता**
*फुङलिङ, कात्तिक १ गते*

प्रसिद्ध धार्मिक स्थल पाथीभरा (मुक्कुमलुङ) मा एक महिनामा ३३ लाख ८२ हजार रुपियाँ भेटी सङ्कलन भएको छ। असोज महिनामा उक्त रकम बराबरको उक्त भेटी सङ्कलन भएको हो।

पाथीभरा क्षेत्र विकास समितिले हरेक महिनाको मसान्तमा सार्वजनिक गर्दै आइरहेको विवरण अनुसार असोज महिनामा भक्तजनले ३३ लाख ८२ हजार रुपियाँ भेटी पाथीभरा मन्दिरमा चढाएका छन्। अहिले पाथीभरा दर्शनका लागि प्रमुख सिजन भएका कारण दर्शनार्थीको सङ्ख्यामा समेत वृद्धि भएकाले भेटी रकम पनि यो महिना वृद्धि भएको पाथीभरा क्षेत्र विकास समितिका कार्यकारी निर्देशक प्रजिन हाङबाङले जानकारी दिनुभयो।

तीर्थयात्रीले मन्दिरमा चढाएको भेटी रकम समितिका कर्मचारीले नेपाल प्रहरीको रोहबरमा सङ्कलन गरी पोकामा लाहाछाप लगाई फेदीमा ल्याएर जम्मा गर्ने गरेका छन्। फेदीमा करिब एक सातासम्मको सङ्कलन गरी फुङलिङ रहेको कार्यालयमा ल्याएर दैनिक गणना गरी बैङ्कमा जम्मा गर्ने प्रचलन रहेको छ।

कर्मचारीले कार्यालय समयमा प्रहरी तथा सिसिटिभीको निगरानीमा भेटी गणना गर्ने गरी समितिले व्यवस्थापन गरेको छ। शुक्रबार सार्वजनिक तथ्याङ्क अनुसार असोज महिनामा २९ हजार १७४ जना तीर्थयात्री दर्शनका लागि पाथीभरा मन्दिर आएका छन्।

## छठपूजाको चहलपहल सुरु

छठलक्षित सामान बाँसको ढाकी, कुनिया, नरिवललगायतका सामग्री किनबेच हुन थालेको छ ।

**वराहक्षेत्र समाचारदाता**
*वराहक्षेत्र, कात्तिक १ गते*

छठपर्व नजिकिएसँगै पूर्वी तराईका बस्ती तथा घरआँगन सजिसजाउ गर्ने काम थालिएको छ। छठपूजाका लागि घाट निर्माण गर्ने कामसमेत सुरु भएको छ।

कात्तिक कृष्ण षष्ठीका दिन अस्ताउन लागेका सूर्य र भोलिपल्ट उदीयमान सूर्यको पूजा गरी अर्घ दिएर मनाइने छठपर्वको चहलपहल सुरु भएको हो। तराईवासीमा छठका गीतसमेत गुन्जिन सुरु भएका छन्।

तराई मधेशमा लाग्ने हाटबजारमा समेत छठलक्षित सामान बाँसको ढाकी, कुनिया, नरिवललगायतका सामग्री किनबेच हुन थालेको छ। नदी, खोला, तलाउ, पोखरीमा घाट सधैँ झैँ यस वर्ष पनि छठपर्व मनाउन सजाउन थालेको रामधुनीका सुनील चौधरीले बताउनुभयो। बर्सौंदेखि छठपर्व मनाउँदै आएका सुनसरी प्रकाशपुरका रामबाबु रौनियार भन्नुहुन्छ, "छठपर्वसँग आफ्नो विश्वास र आस्था भएकाले १५ दिनदेखि माछामासु नखाई पूजा गर्ने तयारीमा छु।"

छठपर्वका लागि जिल्लाका विभिन्न ठाउँमा घाट निर्माणको काम गर्न थालिएको छ। छठका बेला स्थानीय व्रतालुलाई सहजताका लागि सुरुमै घाट निर्माण गरिन्छ। विशेष गरी छठपर्वभन्दा एक हप्ताअगाडि नै तराई मधेशका महिला छठका सामग्री जुटाउन थाल्छन्। परापूर्वकालमा पाँच पाण्डवकी आमा कुन्तीले दुर्वासा ऋषिले दिएको मन्त्रको परीक्षा लिन इष्टदेव सूर्यको उपासना गर्दा प्रसन्न भएका सूर्यदेव स्वयम् उपस्थित भई आफू जस्तै तेजस्वी पुत्र दिएर उनको मनोकामना पूर्ण गरिदिएका थिए भन्ने धार्मिक विश्वास रहेको पाइन्छ। यही विश्वास अनुसार कात्तिक कृष्ण षष्ठीका दिन अस्ताउँदो सूर्य र भोलिपल्ट उदाउँदो सूर्यको पूजा गरी अर्घ दिएर आफ्ना सन्तानको सुख, सुस्वास्थ्यको कामना गर्दै छठपर्व मनाउने गरिँदै आएको छ।

छठपर्वको महत्त्व दिनानुदिन बढ्दो छ। विशेष गरी तराई मधेशको मिथिला संस्कृतिमा मनाइँदै आएको छठपूजा आजकल देशभर मनाउन थालेका छ। आफ्नो परिवारको सुस्वास्थ्य र समृद्धिको कामना गर्दै लिइने व्रत सबै समुदायको साझा बन्दै गएपछि छठले सबै धर्मावलम्बीलाई जोडेको हो।

छठ सप्तकोशी, सुनसरी खोला र विभिन्न नदी तलाउमा पूजास्थल निर्माण गरिन थालिएको छ। छठमा गहुँको पिठोको ठेकुवा, लड्डु उखु, नरिवल, केरा, भोगटेलगायतका फलफूल र चामल, गुँदको खिर र पुवा बनाएर सूर्यलाई चढाई घरपरिवार र इष्टमित्रलाई खुवाउने चलन छ।

## सञ्चालनमा आयो फिदिम–प्राङबुङ सडक

**फिदिम समाचारदाता**
*फिदिम, कात्तिक १ गते*

करिब ५१ किलोमिटर लामो फिदिम–नागिन–याङनाम–सिदिन–प्राङबुङ सडक बाढीपहिरोले क्षति पुर्‍याएको १३ दिनपछि सञ्चालनमा आएको छ। यो सडक खण्डको मुवाखोला र फेमेखोलाका डाइभर्सन बाढीले बगाउनका साथै आकासे, सिदिन र प्राङवुङका विभिन्न स्थानमा पहिरोका कारण असोज १८ देखि अवरुद्ध थियो।

पाँच दिनअघि सडकका विभिन्न स्थानका पहिरोसँगै फेमेखोलामा बाढीले पुर्‍याएको क्षतिलाई व्यवस्थापन गर्दै खुलाइए पनि मुवाखोलामा डाइभर्सन नबन्दा सडक सञ्चालनमा आउन सकेको थिएन। फालेलुङ गाउँपालिकाले मुवाखोलामा डाइभर्सन निर्माण गरेर सवारी आवागमनको व्यवस्था मिलाएको हो।

यो सडकले पाँचथर सदरमुकाम फिदिमदेखि नागिन, याङ्नाम, सिदिन हुँदै भारतको वेस्ट बङ्गालको सीमावर्ती फालेलुङ चारराते र सन्दकपुरलाई सडक सञ्जालमा जोडेको छ। सडक ठप्प हुँदा फिदिम नगरपालिकाका–११, १२ र १३ सँगै फालेलुङ गाउँपालिका प्रभावित थियो। फिदिम–प्राङवुङ खण्ड खुलेसँगै आवागमन सहज भएको प्राङवुङका व्यवसायी गणेश खपाङ्गीले बताउनुभयो।

## विद्यार्थीलाई शैक्षिक सामग्री

**इनरुवा समाचारदाता**
*इनरुवा, कात्तिक १ गते*

सुनसरीको कोशी गाउँपालिका–३ र ५, श्रीपुरका ७० जना विद्यार्थीलाई स्कुल ब्याग तथा शैक्षिक सामग्री प्रदान गरिएको छ। सशस्त्र प्रहरी बल नेपाल बिओपी श्रीपुरको कार्यालयले विद्यार्थीलाई शैक्षिक सामग्री प्रदान गरेको हो।

जिल्लाको कोशी गाउँपालिका–३, जमुवास्थित लोकतन्त्र अगमलाल जनता आधारभूत विद्यालयका २५ जना, श्री जनता आधारभूत विद्यालयका २५ जना, दारुलहुदा अल्सफिया मदरसाका १० जना र अल्फलाहा पब्लिक माध्यमिक विद्यालयका १० जना गरी ७० जना बालबालिकालाई स्कुल ब्याग र शैक्षिक सामग्री प्रदान गरिएको जनाएको छ।

कार्यक्रममा सशस्त्र प्रहरी बल, नेपाल नम्बर ४ गण हेड क्वार्टर सुनसरीका प्रमुख सशस्त्र प्रहरी उपरीक्षक निर्मल थापाले सम्बन्धित विद्यालयका प्रधानाध्यापकलाई औपचारिक रूपमा ब्याग र शैक्षिक सामग्री हस्तान्तरण गर्नुभयो।


Government of Nepal
Ministry of Water Supply
**Department of Water Supply and Sewerage Management**
**Water Quality and Sanitation Service Improvement Section**
**Panipokhari, Kathmandu**

**Expression of Interest (EOI)**

For the preparation of Detail Project Report Consulting service ID :**CS-01/DWSSM/WQSSIS/DPR/Package-01/082-83 and CS-01/DWSSM/WQSSIS/DPR/Package-02/082-83**

**Date of EOI publication: 2025/10/19 (2082/07/02 )**

The Water Quality and Sanitation Service Improvement Section (WQSSIS) invites Expression of Interest (EOI) from eligible consulting firms ("consultant") to provide the consulting services for the preparation of detail design report of Water Treatment Plants of various eight (8) water supply projects in each package. The details are available at www.bolpatra.gov.np/egp.

**Deputy Director General**



**Civil Aviation Authority of Nepal**
**Electromechanical Department**
Sinamangal, Kathmandu, Nepal

**INVITATION TO ELECTRONIC BID (E-BIDS)**

**First date of Publication 2nd Kartik 2082 (19th October 2025)**

1. Civil Aviation Authority of Nepal, Electromechanical Department (EMD) hereby invites electronic Bids from the eligible Bidders (manufacturers, suppliers or their authorized agents or representatives) for followings procurement under **National Competitive Bidding – Single Stage Single Envelope procedures.**

| S. N. | Bid Notice Number | Title | Cost of Bid Document (Non Refundable) NPR | Bid Security Amount NPR | Last Date and Time for Bid Submission | Date and Time of Bid Opening |
|---|---|---|---|---|---|---|
| 1 | NCB-03-EMD-EE-082/83 | SUPPLY, DELIVERY, INSTALLATION, REPLACEMENT AND TESTING OF 11KV HT POWER CABLE AT SIMARA AIRPORT | 3,000.00 + VAT | 98,000.00 | B.S. 2nd Mangshir 2082 (18th November 2025) at 12:00 Noon | B.S. 2nd Mangshir 2082 (18th November 2025) at 13:00 Noon |
| 2 | NCB-04-EMD-EE-082/83 | SUPPLY, DELIVERY, LAYING AND TESTING OF 11KV HT POWER CABLE FOR VOR/DME AT BIRATNAGAR AIRPORT | 3,000.00 + VAT | 2,12,000.00 | B.S. 2nd Mangshir 2082 (18th November 2025) at 12:00 Noon | B.S. 2nd Mangshir 2082 (18th November 2025) at 13:00 Noon |
| 3 | NCB-05-EMD-EE-082/83 | SUPPLY DELIVERY AND TESTING OF SIGNAL LIGHT GUN FOR DIFFERENT DOMESTIC AIRPORTS | 3,000.00 + VAT | 1,25,000.00 | B.S. 2nd Mangshir 2082 (18th November 2025) at 12:00 Noon | B.S. 2nd Mangshir 2082 (18th November 2025) at 13:00 Noon |
| 4 | NCB-06-EMD-EE-082/83 | SUPPLY, DELIVERY, INSTALLATION AND TESTING OF 150 KVA, 11/0.4 KV THREE PHASE DISTRIBUTION TRANSFORMER ALONG WITH SECONDARY DISTRIBUTION UP TO APRON AREA AT DIFFERENT DOMESTIC AIRPORTS | 3,000.00 + VAT | 2,98,000.00 | B.S. 2nd Mangshir 2082 (18th November 2025) at 12:00 Noon | B.S. 2nd Mangshir 2082 (18th November 2025) at 13:00 Noon |
| 5 | NCB-07-EMD-EE-082/83 | SUPPLY AND DELIVERY OF SPARE PARTS FOR GENERAL ELECTRICAL SYSTEM FOR DIFFERENT DOMESTIC AIRPORTS | 3,000.00 + VAT | 1,13,000.00 | B.S. 2nd Mangshir 2082 (18th November 2025) at 12:00 Noon | B.S. 2nd Mangshir 2082 (18th November 2025) at 13:00 Noon |

2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Civil Aviation Authority of Nepal, Electromechanical Department, Sinamangal, Kathmandu Nepal, Ph. No. 977-1-5718021, Ext-305, Website: www.caanepal.org.np or may visit PPMO egp system www.bolpatra.gov.np/egp.
3. Bidder may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following Rajaswa (revenue) account as specified below.
   **Information to deposit the cost of bidding document in Bank:**
   Name of the Bank: NMB Bank Babarmahal, Kathmandu, Nepal
   Name of Office: Civil Aviation Authority of Nepal
   Office Account no.: 0010012611500043
4. Electronic bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before Last Date and Time for Bid Submission. Bids received after this deadline will be rejected.
5. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.



**Civil Aviation Authority of Nepal**
**Electromechanical Department**
Sinamangal, Kathmandu, Nepal

**INVITATION TO ELECTRONIC BID (E-BIDS)**

**First date of Publication 2nd Kartik 2082 (19th October 2025)**

1. Civil Aviation Authority of Nepal, Electromechanical Department (EMD) hereby invites electronic Bids from the eligible Bidders (manufacturers, suppliers or their authorized agents or representatives) for followings procurement under **International Competitive Bidding – Single Stage Two Envelope procedures**

| S. N. | Bid Notice Number | Title | Cost of Bid Document (Non Refundable) | Bid Security Amount | Last Date and Time for Bid Submission | Date and Time of Bid Opening |
|---|---|---|---|---|---|---|
| 1 | ICB-01-EMD-EE-082/83 | SUPPLY AND DELIVERY OF SPARE PARTS FOR AERONAUTICAL GROUND LIGHTING (AGL) SYSTEM FOR DIFFERENT DOMESTIC AIRPORTS | NPR 3,000.00+VAT or Equivalent Amount in US$ | NPR 2,82,000.00 or Equivalent Amount in US$ | B.S. 17th Mangshir 2082 (3rd December 2025) at 12:00 Noon | B.S. 17th Mangshir 2082 (3rd December 2025) at 13:00 Noon |
| 2 | ICB-02-EMD-EE-082/83 | SUPPLY DELIVERY INSTALLATION UPGRADATION AND MAINTENANCE OF TAXIING GUIDANCE SIGN & IWDI AT DIFFERENT DOMESTIC AIRPORT. | NPR 3,000.00+VAT or Equivalent Amount in US$ | NPR 3,39,000.00 or Equivalent Amount in US$ | B.S. 17th Mangshir 2082 (3rd December 2025) at 12:00 Noon | B.S. 17th Mangshir 2082 (3rd December 2025) at 13:00 Noon |

2. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 23 of the Bidding Document.
3. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Civil Aviation Authority of Nepal, Electromechanical Department, Sinamangal, Kathmandu Nepal, Ph. No. 977-1-5718021,Ext-305, Website: www.caanepal.org.np or may visit PPMO egp system www.bolpatra.gov.np/egp.
4. Bidder may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following Rajaswa (revenue) account as specified below.
   **Information to deposit the cost of bidding document in Bank:**
   Name of the Bank: NMB Bank Babarmahal, Kathmandu, Nepal
   Name of Office: Civil Aviation Authority of Nepal
   Office Account no.: 0010012611500043
5. Electronic bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before Last Date and Time for Bid Submission. Bids received after this deadline will be rejected.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

गोरखापत्र
gorkhapatraonline.com

# अर्थबजार

सुनचाँदी
(प्रतितोला रुपियाँमा)

| | | |
|---|---|---|
| छापावाल सुन | : | २,५८,००० ▲ |
| चाँदी | : | ३३५० ▲ |

सेयर बजार

| | | |
|---|---|---|
| नेप्से इन्डेक्स | : | २४८७.१७ (-१८.४०) ▼ |
| कारोबार रकम | : | ३,२७०,०५४,९६४ ▲ |
| कारोबार भएका सेयर | : | ७,६४३,६३५ |
| कारोबार सङ्ख्या | : | ३६,५३१ |
| कारोबार भएका कम्पनी | : | ३११ |

# मुस्ताङमा आन्तरिक पर्यटकको ओइरो

## छ महिनामा तीन लाखभन्दा बढीले घुमे

**हरिकृष्ण शर्मा**
*मुक्तिनाथ (मुस्ताङ), कात्तिक १ गते*



तस्बिर : हरिकृष्ण शर्मा

**उपल्लो मुस्ताङको ल्होमन्थाङ गाउँपालिका छोसेरमा अवस्थित लिजी–नेचुङ नाका (कोरला) मा स्वदेशी पर्यटक ।**

जेनजी आन्दोलन तथा बाढीपहिरो जस्ता विपत्तिले पर्यटकीय चहलपहल घट्ने अनुमानविपरीत मुस्ताङमा पर्यटकको भिड बढ्न थालेको छ । धार्मिक तथा प्राकृतिक सुन्दरताका कारण मुलुककै महत्त्वपूर्ण गन्तव्यमा पर्ने मुस्ताङमा यस वर्षको पहिलो छ महिनामा तीन लाखभन्दा बढीले भ्रमण गरेका छन् ।

बेनी–जोमसोम–कोरला सडक, पोखरा–जोमसोम हवाईमार्ग तथा विश्वप्रसिद्ध अन्नपूर्ण पदमार्गको थोरङ्ला पास हुँदै मुस्ताङमा वैशाखदेखि असोजसम्म तीन लाख ३४ हजार ७२६ जिल्ला प्रहरी कार्यालय मुस्ताङले जनाएको छ । कुल पर्यटकमध्ये एक लाख ८४ हजार स्वदेशी र बाँकी एक लाख ५० हजार ३८८ जना विदेशी पर्यटक रहेका छन् ।

यो अवधिमा असोजमा सबैभन्दा धेरै स्वदेशी पर्यटकले मुस्ताङ भ्रमण गरेका छन् भने सार्क राष्ट्रबाट जेठ र तेस्रो मुलुकबाट वैशाखमा मुस्ताङ भ्रमण गरेको कार्यालयले जनाएको छ । असोजमा ६२ हजार ५३३ जना स्वदेशी पर्यटकले मुस्ताङ भ्रमण गरेका थिए । जसमध्ये ३४ हजार ५६४ पुरुष र २७ हजार ९६९ महिला पर्यटक रहेका छन् । सार्क राष्ट्रतर्फ तीन हजार ७१२ पुरुष, दुई हजार ९७५ महिला गरी कुल छ हजार ६८७ जनाले असोजमा मुस्ताङ भ्रमण गरेको कार्यालयको तथ्याङ्क छ । तेस्रो मुलुकबाट ६०८ पुरुष, ४४० महिला गरी दुई हजार ४२ जनाले भ्रमण गरेका थिए ।

गत वर्षको तुलनामा भने यस वर्ष मुस्ताङ भ्रमणमा आउनेको सङ्ख्या सामान्य घटेको छ । कार्यालयका अनुसार गत वर्षको छ महिनामा एक लाख ३० हजार ४४८ विदेशी र दुई लाख २६ हजार ७९० स्वदेशी गरी तीन लाख ५७ हजार २ सय २३८ पर्यटकले मुस्ताङ भ्रमण गरेको प्रहरी नायब उपरीक्षक छिरिङ किप्पा लामाले जानकारी दिनुभयो ।

जेनजी आन्दोलनका कारण पर्यटकको सङ्ख्या केही प्रभावित हुन पुगेको स्थानीय व्यवसायीको भनाइ छ । पर्यटकका लागि आकर्षक सिजन अक्टोबरमा नेपाल आउने तयारी गरेका विदेशी पर्यटकले जेनजी आन्दोलनका कारण असुरक्षा महसुस गरी भ्रमण रद्द गरेको उनीहरूको अनुमान छ ।

मुस्ताङ उद्योग वाणिज्य सङ्घका अध्यक्ष राजु लालचन आन्दोलनका कारण भारतीय र तेस्रो मुलुकका पर्यटक प्रभावित भएको तथा सोह्रश्राद्धका लागि कागबेनी आउने हिन्दु धर्मावलम्बीलाई पनि आन्दोलन र सडक अवरुद्धले प्रभावित बनाएको बताउनुहुन्छ । "अहिले फेरि पर्यटकको सङ्ख्या बढ्दा उत्साहित छौँ," उहाँले भन्नुभयो ।

पर्यटकले सुरक्षाकै कारण भ्रमण रद्द गरेको अवस्थामा आन्तरिक पर्यटकबाट मुस्ताङका व्यवसायीलाई राहत मिलेको छ । मुस्ताङ भित्रिने स्वदेशी तथा विदेशी पर्यटकको सीमाक्षेत्र घाँसा, अर्धनिषेधित क्षेत्रका रूपमा रहेको वारागुङ मुक्तिक्षेत्र गाउँपालिका–३, छुसाङको प्रवेशद्वारमा रहेको चेकपोस्टमा विवरण सङ्कलन गरिन्छ । फर्किने क्रममा लेते प्रहरी चौकीले तथ्याङ्क राख्ने गरेको छ ।

मुस्ताङ भ्रमणमा जाने स्वदेशी तथा विदेशी पर्यटक थासाङ, घरपझोङ, वारागुङ मुक्तिक्षेत्र, लोघेकर दामोदरकुण्ड र ल्होमन्थाङ गाउँपालिकाका भित्र रहेका धार्मिक तथा पर्यटकीयस्थलमा जाने गरेका छन् । मुस्ताङ भित्रिने अधिकांश पर्यटक प्रसिद्ध धार्मिक स्थल मुक्तिनाथ मन्दिरमा पुग्ने गरेका छन् ।

मुस्ताङ हुँदै छिमेकी जिल्ला मनाङको ङिस्याङ गाउँपालिका–९ स्थित विश्वकै अग्लो स्थान (४,९१९ मि.) मा रहेको तिलिचो तालमा पनि पर्यटक जाने गर्छन् । तिलिचो ताल जान मुस्ताङको बाटो सहज मानिन्छ । पछिल्लो समय बेनी–जोमसोम–कोरला सडक कालोपत्रे भएपछि दुईपाङ्ग्रे सवारीसाधनमा जाने पर्यटकको सङ्ख्या बढिरहेको पनि कार्यालयले जनाएको छ ।

# सयपत्री फूल बेलायत पठाइयो

**धनगढी समाचारदाता**
*धनगढी, कात्तिक १ गते*



कैलालीको धनगढी उपमहानगरपालिका–९ स्थित बङ्गरामा उत्पादित सयपत्री फूलको माला बेलायत पठाइएको छ । बेलायतमा रहेका नेपालीले तिहारका लागि माग गरेपछि सयपत्री फूलको माला बनाएर बेलायत पठाइएको हो । तिहारका लागि बेलायतमा तीन सय थान माला पठाएको व्यावसायिक फूल खेतीमा सक्रिय रोशन साउदले जानकारी दिनुभयो ।

"फूलका लागि थुप्रै अर्डर आएको छ," उहाँले भन्नुभयो, "फूल मात्रै र माला बनाएर बिक्री गर्दै आएका छौँ । यस वर्ष पहिलो पटक बेलायत पनि पठाएका छौँ ।"

अछामको मेल्लेख गाउँपालिका–३ का साउदसहित दशरथ साउद र कपिलवस्तुका भास्कर पङ्गेनीले बङ्गरामा २२ कट्ठा जग्गा भाडामा लिएर विगत चार वर्षदेखि फूल खेती गर्दै आउनुभएको छ । कृषि प्राविधिक तिनै जनाले मिलेर धनगढीसहित दाङ, बाँकेको कोहलपुर र कपिलवस्तुमा गरेर करिब नौ बिघा जमिनमा पुष्प खेतीलगायत अन्य कृषि बालीको खेती गर्नुभएको छ ।

तिहार नजिकिएसँगै सयपत्री फूल बारीमा ढकमक्क भइसकेको छ । यस वर्षको तिहारका लागि सयपत्री फूल तयार भइसकेको साउदले जानकारी दिनुभयो । उहाँले सयपत्रीको माला बनाउने, गाँस्न ६०/७० जनाले रोजगारी पाइरहेको बताउनुभयो ।

यस वर्ष गत वर्षभन्दा तिहार छिट्टै परेको र फूल उत्पादन पनि राम्रो भएका कारण फाइदा हुने अपेक्षा गरेको साउदले बताउनुभयो । उहाँको दी डिभाइन एग्रो फार्म नर्सरी एन्ड रिसर्च सेन्टरबाट सयपत्री फूल प्रतिकिलो पाँच सय र माला प्रतिमाला एक सयदेखि दुई सय रुपियाँमा बिक्री भइरहेको छ ।

## फूल खेतीमा युवा

## 'किन्ने होइन, उत्पादन गर्ने'

**रानी समाचारदाता**
*रानी (मोरङ), कात्तिक १ गते*

मोरङको सुन्दरहरैँचा नगरपालिकाका युवा 'फूल किन्ने होइन, उत्पादन गर्ने' अभियानमा जुटेका छन् । उनीहरूले स्थापना गरेको कोशी युवा कृषि फार्ममा एक बिघा क्षेत्र फूलले ढकमक्क फुलेको छ । "यो फूल हामी आफैँले बिरुवा उमारेर रोपेका हौँ," फार्मका सञ्चालक विजय ओझा भन्नुहुन्छ, "तिहार नजिकिएसँगै अत्यधिक मात्रामा माग भइरहेको छ ।"

फार्मले अहिले विराटनगर, इटहरी र धरानका फूल व्यापारीबाट पनि माग पाएको छ । बजारमा नेपाली फूलको आपूर्ति अभाव हुने बेला सुन्दरहरैँचाका युवाले उत्पादन गरेको फूलले बजारमा नयाँ उत्साह ल्याएको हो । सोही समूहले आठ बिघा क्षेत्रफलमा केरा खेती पनि गरेको छ । "हामी स्वदेशमै केही गर्न सकिन्छ भन्ने सन्देश दिन चाहेका हौँ," अर्का सञ्चालक मिलन लुइँटेल भन्नुहुन्छ, "भारतीय फूलको आयात घटाएर स्वदेशी उत्पादनलाई प्रोत्साहन गर्ने हाम्रो उद्देश्य पनि हो ।" खेतीसँगै फार्मले अन्य कृषि व्यवसायमा पनि विस्तार गर्ने योजना बनाएको छ ।


**नेपाल बैंक लिमिटेड**
**NEPAL BANK LIMITED**

**प्रधान कार्यालय**
**मानव स्रोत व्यवस्थापन विभाग**
मिति : २०८२।०७।०२

**नायब प्रमुख कार्यकारी अधिकृत तथा सहायक प्रमुख कार्यकारी अधिकृत पदमा बढुवाका लागि Online दरखास्त फाराम भर्ने सम्बन्धी सूचना**

श्री लोकसेवा आयोगको सहमति अनुसार यस बैंकको स्वीकृत दरबन्दीका आधारमा रिक्त रहेको तपसिल बमोजिम नायब प्रमुख कार्यकारी अधिकृत तथा सहायक प्रमुख कार्यकारी अधिकृत पदमा नेपाल बैंक लिमिटेड, कर्मचारी सेवा विनियमावली, २०७९ को व्यवस्था बमोजिम बढुवाद्वारा पूर्ति गर्न वि.सं. २०८२ साल आषाढ मसान्त सम्ममा विनियम ८९ को उप–विनियम (३) बमोजिमको योग्यता पूरा गरेका र विनियम ८३ बमोजिम बढुवाका लागि अयोग्य नरहेका सम्भावित उम्मेदवारहरूले देहाय बमोजिमको दस्तुर तिरी मिति २०८२/०७/२२ गते शनिबारसम्म अनलाइन दरखास्त फाराममा भर्नुपर्ने सम्पूर्ण विवरणहरू भरी दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । म्यादभित्र दाखिला नभएको र रीत नपुगी आएका दरखास्त उपर कुनै किसिमको कारबाही हुनेछैन । झुट्टा विवरण उल्लेख गरी अनलाइन दरखास्त फाराम भरेमा सोको जवाफदेही उम्मेदवार स्वयं हुनुपर्नेछ ।

**तपसिल**

| क्र.सं. | विज्ञापन नम्बर | तह | पद | रिक्त पद सङ्ख्या |
|---|---|---|---|---|
| १ | २०८२/८३/DCEO/1 | १२ | नायब प्रमुख कार्यकारी अधिकृत | १ |
| २ | २०८२/८३/ACEO/1 | ११ | सहायक प्रमुख कार्यकारी अधिकृत | १ |

**पुनश्च:**
- Online दरखास्त फाराम नेपाल बैंक लिमिटेडको वेबसाइट तथा INTRANET को Apply Job Vacancy Online मा Click गरी त्यहाँ राखिएको निर्देशन बमोजिम भर्न सकिनेछ ।
- INTRANET को HR Tab मा रहेको अनुसूची ३(ख) फाराम भरी Online दरखास्त फाराममा 'अन्य कागजात' मा upload गर्नुपर्नेछ ।
- Online आवेदन भरे पश्चात् प्राप्त हुने निर्देशन बमोजिम दरखास्त दस्तुर रु. २५।– नेपाल बैंक लिमिटेड मोबाइल बैंकिङ वा ConnectIPS वा eSewa वा FonePay मार्फत भुक्तानी गर्नुपर्नेछ । यसरी दरखास्त दस्तुर भुक्तानी गर्दा लाग्ने दस्तुर आवेदक स्वयंले नै व्यहोर्नुपर्नेछ ।
- तोकिएको कुनै पनि भुक्तानी माध्यमबाट दरखास्त दस्तुर भुक्तानी गरिसकेपछि Online Recruitment Portal मा "Payment Successful"/"Submitted" भए नभएको सम्बन्धमा आवेदक स्वयंले यकिन गर्नुपर्नेछ । दरखास्त दिने अन्तिम दिनसम्म **"Payment Successful"** र **"Submitted"** नभएको आवेदन स्वीकृत गरिने छैन ।
- Online दरखास्त फाराम नभरेका कर्मचारीलाई बढुवा प्रक्रियामा सामेल गराइने छैन ।

**प्रमुख कार्यकारी अधिकृत**



**Patan Academy of Health Sciences**
**Lagankhel, Lalitpur, Nepal**

**Notice of Intent of Acceptance**

**Date of Publication : 19 October 2025**

For the Provision on sub clauses 27.2 and 27.3 of Public Procurement Act, 2063. This is notifying to all bidders who submitted their bids for the Procurement of Surgical and Medical Supplies(PAHS/NCB/S&M/19/081/82) contracts as per the IFB Notice Published on 21 May 2025 that the following mentioned substantial responsive bidders are intended to award the contract.

| S.N | Name of Successful Bidder | Amount (Exclusive of Taxes) |
|---|---|---|
| 1 | A.B. Meditech Pvt.Ltd. | NPR.10,19,450.00 |
| 2 | Applied Biotech Pvt.Ltd. | NPR.3,12,000.00 |
| 3 | Axis Trade Link. | NPR.29,26,900.00 |
| 4 | Asim Suppliers. | NPR.5,79,720.00 |
| 5 | Bhagwati Medicine Distributors. | NPR.8,78,500.00 |
| 6 | Bikash Surgical Concern Pvt.Ltd. | NPR.42,01,825.00 |
| 7 | Dark Horse Surgical Pvt..Ltd. | NPR.5,67,58,000.00 |
| 8 | D.B.T.Enterprises Pvt.Ltd. | NPR.60,66,120.00 |
| 9 | Dispovan Syringe and Medical Devices Pvt.Ltd. | NPR.27,14,350.00 |
| 10 | Debika Medi Concern. | NPR.38,05,410.00 |
| 11 | Drishti Venture Pvt.Ltd. | NPR.30,895.00 |
| 12 | Dynamic Business Link. | NPR.14,98,800.00 |
| 13 | Fortuna Healthcare Pvt.Ltd | NPR.93,240.00 |
| 14 | Galaxy Healthcare Pvt.Ltd. | NPR. 9,52,700.00 |
| 15 | Ganesh Medi Concern Pvt.Ltd. | NPR.55,23,500.00 |
| 16 | Gaikhur Enterprises. | NPR.3,40,000.00 |
| 17 | Himalayan Medical Technologies Pvt.Ltd. | NPR.63,73,580.35 |
| 18 | Healthcare Technologies. | NPR.12,16,750.00 |
| 19 | Healthium Medical Technologies Pvt.Ltd. | NPR.7,59,000.00 |
| 20 | Intergrated Medicine Suppliers. | NPR.2,48,38,447.34 |
| 21 | Jaya Saibaba Surgical House Pvt.Ltd. | NPR.29,69,390.00 |
| 22 | Jupiter Trading Concern. | NPR. 22,250.00 |
| 23 | Kageshwori Trade Concern. | NPR.1,17,600.00 |
| 24 | KAN International. | NPR.18,930.00 |
| 25 | Lilly Healthcare Pvt.Ltd. | NPR.48,99,800.00 |
| 26 | Liminal Healthcare Pvt.Ltd. | NPR.2,549,147.20 |
| 27 | Mahashakti Suppliers | NPR.1,11,43,975.00 |
| 28 | Mandap Enterprises Pvt.Ltd. | NPR.74,67,470.00 |
| 29 | Max Meditech System Pvt.Ltd. | NPR.19,65,450.00 |
| 30 | Medipoint International Pvt.Ltd. | NPR.2,06,04,731.95 |
| 31 | Moksha Enterprises. | NPR.46,00,000.00 |
| 32 | National Electro-Tech Pvt.Ltd. | NPR.70,60,000.00 |
| 33 | New Bhandari Surgical House. | NPR.19,20,500.00 |
| 34 | New Era International Pvt.Ltd. | NPR.44,32,750.00 |
| 35 | New Laxmi Industries and Suppliers Pvt.Ltd. | NPR.11,62,190.00 |
| 36 | Oasis International Business Pvt.Ltd. | NPR. 97,80,000.00 |
| 37 | Om Medical Technologies Pvt.Ltd. | NPR.8,40,000.00 |
| 38 | Paramount Surgical Suppliers. | NPR.48,69,808.00 |
| 39 | Parth International. | NPR.99,70,050.00 |
| 40 | Platinum Surgitech Enterprises. | NPR.11,27,250.00 |
| 41 | P.M.Enterprises | NPR.27,95,749.80 |
| 42 | Premoni International. | NPR.3,19,301.90 |
| 43 | Ratna International. | NPR.52,51,700.00 |
| 44 | Rayamajhi Enterprises. | NPR.10,46,500.00 |
| 45 | RB Merchant Pvt.Ltd. | NPR.2,01,250.00 |
| 46 | Real World Solution Pvt.Ltd. | NPR.3,31,500.00 |
| 47 | R.G.Suppliers Pvt.Ltd., | NPR.1,27,03,500.00 |
| 48 | RY Traders. | NPR.2,37,74,990.00 |
| 49 | Saksham Corporation Pvt.Ltd, | NPR.24,90,150.00 |
| 50 | Samyak Trading Company Pvt.Ltd. | NPR.3,44,650.00 |
| 51 | Sanjeev Surgical House. | NPR.5,71,350.00 |
| 52 | Shree Laxmi Impex. | NPR.53,55,050.00 |
| 53 | Sindhu Surgical Concern Pvt.Ltd. | NPR.89,62,000.00 |
| 54 | Sure Health Nepal Pvt.Ltd. | NPR.1,63,400.00 |
| 55 | Vaishno Medisales Pvt.Ltd. | NPR.3,38,500.00 |
| 56 | Vital Healthcare Pvt.Ltd. | NPR.4,88,27,120.00 |
| 57 | Vision Meditech Pvt.Ltd., | NPR. 60,73,930.00 |
| 58 | Yeti Healthcare Pvt.Ltd. | NPR. 3,53,500.00 |

**Registrar, PAHS**



**KRISHI SAMAGRI COMPANY LIMITED**
**HEAD OFFICE, KULESHWOR, KATHMANDU.**

**Invitation for Electronic Bids**

**Date of publication :- Kartik 02, 2082 (October 19, 2025)**

1. The Krishi Samagri Company Limited, Head Office, Kuleshwor Kathmandu, Nepal invites electronic Bids from the eligible bidders for the procurement of following works.

| S. No. | Contract ID | Name of the Project | Cost Estimate with VAT and PS (NRs.) | Bid Security Amount (NRs.) | Bid Document Fee (NRs.) | Last Date and Time of Submission | Bid Opening Date and Time | Bid Validity Period | Bid Security Validity Period |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KSCL/NCB/W-01/2082/083 | 500 Mt. Godown construction work and roofing work at seed godown at Bhairahawa. | 1,07,43,074.21 | 2,70,000.00 | 3,000.00 | 2082/08/02 (Nov. 18, 2025) 13:00PM | 2082/08/02 (Nov. 18, 2025) 14:00PM | 90 days after bid opening | 30 days after bid validity period (2082/12/03) (Mar. 17, 2026) |
| 2 | KSCL/NCB/W-02/2082/083 | Office building construction work at Rajbiraj. | 82,15,438.17 | 2,06,000.00 | | | | | |

2. Bid Document fee should be deposited on the following bank details:
   **Account Name** : Krishi Samagri Company Limited, Head Office, Kuleshwor, Kathmandu.
   **Account Number** : 01701030001922 (Current Account)
   **Bank Name** : Nepal Investment Mega Bank Ltd.
   **Branch** : Kalimati Branch
3. Pre-bid meeting shall be held at Kartik 23, 2082 (November 09, 2025) at 14:00 PM.
4. A complete set of Bidding Documents may be downloaded from PPMO's Web Site **www.bolpatra.gov.np./egp**. Bidders may obtain further information and inspect the Bidding Documents at the office of Krishi Samagri Company Limited, Head Office, Kuleshwor, Kathmandu, Nepal Tel: (+977) 01- 5379717.

# सीमापारि भिड, वारि सुनसान

**भैरहवा समाचारदाता**
*भैरहवा, कात्तिक १ गते*

तिहार नजिकिँदै गर्दा रूपन्देहीको सीमापारि भारतको सुनौली बजारमा नेपाली उपभोक्ताको भिड बढ्दै गएको छ । दसैँदेखि नै सुरु भएको चहलपहल अहिले थप बढेको छ।

दिनभर सुनौली बजार भिडभाडले भरिने गरेको छ । बेलहिया नाकापारिको यो बजार अहिले नेपाली ग्राहकले धानेको छ। दसैँतिहारका बेला मात्र होइन, विवाहको सिजनमा पनि सुनौली किनमेलकर्ताले रौनक थप्ने गर्छन्।

यो समयमा खाद्यान्नदेखि कपडासम्मका सामान किन्न हजारौँ नेपाली ग्राहक सुनौली पुग्ने गरेका छन्। हातमा झोला बोकेर बेलहिया नाकातर्फ पैदल यात्रुको लस्कर देखिन्छ भने मोटरसाइकलमा भारत पस्न खोज्नेको लाइन पनि लामो हुने गरेको छ।

बुटवल–११, देवीनगरकी नमिता ढकाल पनि शुक्रबार सामान्य किनमेलका लागि सुनौली बजार पुग्नुभएको थियो। उहाँले भन्नुभयो, "आफूलाई चाहिने लेडिज सामान किन्न आएकी हुँ। बुटवलभन्दा केही सस्तो पनि पाइन्छ।"

हाल बुटवल र भैरहवामा चिनीको मूल्य प्रतिकिलो ९९ रुपियाँ पर्छ भने सुनौली बजारमा सोही चिनी ७२ रुपियाँ प्रतिकिलोमा पाइन्छ। त्यस्तै अन्य खाद्यवस्तु पनि केही सस्तो हुने उपभोक्ता बताउँछन् । तिलोत्तमा–४, शङ्करनगरी माया पुरी भन्नुहुन्छ, "धेरै जना सुनौली बजार सस्तो छ भन्छन्, हामी पनि जाऔँ न भनेर आएका हौँ । केही सामान सस्तो लाग्यो तर गुणस्तर कस्तो हो, त्यसको निश्चित छैन ।" नेपाली किनमेलकर्ताको बढ्दो आकर्षणले सीमावारिका व्यापारी भने चिन्तित भएका छन्। सिद्धार्थनगर उद्योग वाणिज्य सङ्घका पूर्वअध्यक्ष भीष्मप्रसाद न्यौपानेका अनुसार सुनौली बजारको प्रभावले सबैभन्दा बढी मार भैरहवाको व्यवसायमा परेको छ।



*तस्बिर : लक्ष्मण पौडेल*
**सुनौलीको पसलमा देखिएको नेपाली उपभोक्ताको भिड ।**

"हामीकहाँ त चुलोमा भाँडा बसाल्दा तेल सकियो भने पनि पारि गएर तेल ल्याउने स्थिति छ," उहाँले भन्नुभयो, "यसरी सामान सस्तोमा भित्रिँदा स्थानीय उद्योग र व्यवसायमा ठुलो असर पर्छ ।" न्यौपानेले राज्यले यसतर्फ ध्यान दिनुपर्ने बताउनुभयो। "भारतबाट आउने सामान कम्तीमा कानुनी रूपमा आउन पर्‍यो," उहाँले भन्नुभयो, "एक किलो चिनी ल्याए पनि रेकर्ड राख्ने प्रणाली बनाइयो भने तथ्याङ्क स्पष्ट हुन्छ र किनमेल गर्न सहज रूपमा लाइन बस्ने पनि घट्छ।"

बढ्दो सीमापारि किनमेलका कारण बुटवल र भैरहवाका बजारमा पनि कारोबार सुस्त छ । बुटवल उद्योग वाणिज्य सङ्घका अध्यक्ष हरिप्रसाद अर्यालका अनुसार अपेक्षित मात्रामा व्यापार हुन सकेको छैन। भैरहवा भन्सार कार्यालयका प्रमुख शिवलाल न्यौपानेले चेकजाँच कडाइका साथ भइरहेको बताउँदै यात्रु शाखाको निगरानी बढेको बताउनुभयो।

### अर्थमन्त्रीलाई सिङ्गापुरका राष्ट्रपतिको सुझाव

# 'खुलापनमा लगानी केन्द्रित गर्नुहोस्'

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, कात्तिक १ गते*

सिङ्गापुरका राष्ट्रपति थार्मान सनमुगारात्नमले आर्थिक विकासका लागि खुलापनमा लगानी केन्द्रित गर्न सुझाव दिनुभएको छ। विश्व बैङ्क र अन्तर्राष्ट्रिय मुद्राकोषको वार्षिक बैठकका लागि संयुक्त राज्य अमेरिकाको वासिङ्टन डिसीमा रहनुभएका अर्थमन्त्री रामेश्वरप्रसाद खनालसँगको शिष्टाचार भेटमा उहाँले देशको तीव्र आर्थिक विकासका मानव पुँजी, पूर्वाधार, ऊर्जा, व्यापार र खुलापनमा लगानी केन्द्रित गर्न सुझाव दिनुभएको हो।



सो क्रममा अर्थमन्त्री खनालले नेपाल सरकारले युवाको चाहना अनुरूप सुशासन कायम गरी आर्थिक विकासमा केन्द्रित हुने लक्ष्यका साथ काम गरिरहेको बताउनुभयो।

शनिबार नै अन्तर्राष्ट्रिय वित्त निगम (आइएफसी) का उपाध्यक्षसहितका अधिकारीसँगको भेटका क्रममा अर्थमन्त्री खनालले नेपालमा निजी क्षेत्रको विकास र प्रतिस्पर्धात्मक क्षमता विकासमा निगमको थप लगानी र प्राविधिक सहयोग आवश्यक रहेको बताउनुभयो। निगमले नेपालमा लगानी बढाउँदै लगेकोमा उहाँले धन्यवाद व्यक्त गर्नुभयो।

अन्तर्राष्ट्रिय वित्त निगमका अधिकारीले नेपालमा निगमको लगानी वृद्धि गरिने जानकारी दिँदै अन्तर्राष्ट्रिय पुँजीको आप्रवाह बढाउन केही कानुनी र नियामकीय प्रबन्धमा सुधारको खाँचो रहेको बताएका थिए। मन्त्री खनालले नियामकीय प्रबन्धमा तत्काल सुधार गर्ने उल्लेख गर्दै कानुनी सुधारका लागि समेत आवश्यक तयारी गरिने प्रतिबद्धता व्यक्त गर्नुभयो।

## तिहार बिदामा इन्धन पाइने

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, कात्तिक १ गते*

तिहार बिदामा पेट्रोलियम पदार्थको बिक्रीवितरण खुला हुने भएको छ । नेपाल आयल निगमले तिहारको सार्वजनिक बिदामा उपभोक्ताको हितलाई ध्यानमा राखी डिपो तथा कार्यालय खुला राखी पेट्रोलियम पदार्थको बिक्री गर्ने भएको हो।

बिदाको दिनमा सातै प्रदेशका डिपो सञ्चालनमा हुने निगमले जानकारी दिएको छ । चाडपर्वका बेला इन्धन खपत धेरै हुने हुँदा उपभोक्ताको सहजताका लागि समय तोकेर डिपो खुला गरिने निगमले जनाएको छ।

निगमका अनुसार कोशी प्रादेशिक कार्यालय विराटनगरमा कात्तिक ४ र ५ मा डिपो सञ्चालन हुने छ। यस्तै मधेश प्रदेशमा, गण्डकी प्रदेश र लुम्बिनी प्रदेशमा कात्तिक ३, ४ र ८ मा डिपो खुला हुने छ।

यस्तै बागमती, कर्णाली र सदूरपश्चिम प्रदेशमा कात्तिक ४ र ७ मा डिपो खुला हुने निगमले जनाएको छ । यस्तै इन्धन डिपो, धनुषा–५ र ७, इन्धन डिपो नेपालगन्ज–४ र ८, शाखा कार्यालय वीरगन्ज–३, ४, ८ मा सञ्चालन हुने निगमले जनाएको छ । यस्तै इन्धन डिपो दाङ कात्तिक ४ र ८ मा शाखा कार्यालय दीपायल कात्तिक ८ मा खुला हुने निगमले जनाएको छ।

## दी क्लिफमा नेपालै अग्लो हाइलाइन

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, कात्तिक १ गते*

पर्वतको कुस्मा र बागलुङको बलेवाबिचमा रहेको कालीगण्डकी खोचमा हाइलाइनको अभ्यास गरिएको छ।

हाल जर्मनीमा बसोबास गरिरहेका धनकुटाका हिलेका शङ्कर कोइरालाले आफ्नो 'ड्रिम प्रोजेक्ट' का रूपमा यो कार्यक्रम गर्नुभएको हो । कोइरालाले १५ वर्षदेखि युरोपका विभिन्न ठाउँमा हाइलाइन गर्दै आउनुभएको छ।

बन्जीलगायत एड्भेन्चर हबका रूपमा परिचित 'दी क्लिफ' मा पहिलो पटक हाइलाइन अभ्यास गरिएको हो । साहसिक पर्यटन प्रवर्धनको उद्देश्यले शङ्कर कोइरालाको संयोजनमा नेपालमा हाइलाइनको यस्तो प्रयास हुनु सराहनीय रहेको दी क्लिफका अध्यक्ष राजु कार्कीले बताउनुभयो।

नेपालमा पहिलो पटक सबैभन्दा ठुलो उचाइमा हाइलाइन गरिएको उहाँले जानकारी दिनुभयो । यसले साहसिक पर्यटनमा नयाँ सम्भावनाका ढोका खोल्ने उहाँको अपेक्षा छ।

४०८ मिटर लम्बाइको हाइलाइन गर्ने डोरीले कुस्मातर्फ हार्नेस जिपलाइन र बलेवातर्फ दी क्लिफलाई जोडेको छ।

हाइलाइन २० मिटरदेखि सयौँ मिटर उचाइमा तानिएको लाइनमा हिँड्ने साहसिक खेल हो। यो पर्वत, पुल र खोँचमा अभ्यास गरिन्छ।

धूमपान स्वास्थ्यका लागि हानिकारक छ ।

**Nepal Rastra Bank**
**Assets and Service Management Department**
**Baluwatar, Kathmandu**

**Invitation for Bids (E-Bidding)**

**Date of Publication: 2082/07/02**

Nepal Rastra Bank, Assets and Service Management Department, Baluwatar, Kathmandu invites electronic bids from eligible bidders for the procurement of Desktop Computer (Branded) under National competitive bidding - Single Stage Single Envelope procedures.

| IFB No. | Particulars | Bid Security (Rs.) | Documentation Fee (Rs.) |
|---|---|---|---|
| NRB/GOODS/NCB/ 02/082/83 | Supply & Delivery of Desktop Computers (Branded) - 124 Sets | NRS. 3,55,000 | NRS. 3,000 |

For more details, please visit PPMO website: www.bolpatra.gov.np/egp. or www.nrb.org.np

**काठमाण्डौ उपत्यका खानेपानी लिमिटेड**
**पदपूर्ति समिति**

**बढुवा सिफारिस सम्बन्धी सूचना**

(सूचना प्रकाशित मिति २०८२/०७/०२)

यस कम्पनीको प्रथम पटक प्रकाशित मिति २०८२/०३/२७ को कार्यक्षमताको मूल्याङ्कनको आधारमा हुने बढुवा सम्बन्धी सूचना अनुसार यस कम्पनीको कर्मचारी प्रशासन विनियमावली, २०६४ (संशोधन सहित) को विनियम २४(३) बमोजिम अंक गणना, कार्यसम्पादन र मूल्याङ्कन बापतको अंक समेत गरी कूल जम्मा प्राप्ताङ्कको आधारमा योग्यताक्रम निर्धारण गरी वि.नं. १६/०८१-८२ देखि २१/०८१-८२ सम्मका पदहरूको बढुवा सम्बन्धी सूचना कम्पनीको सूचना पाटी र वेबसाइटमा प्रकाशन गरिएकोले विनियमावलीको विनियम २०(ग) र २७(१) प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

विस्तृत जानकारी कम्पनीको वेबसाइट www.kathmanduwater.org मा हेर्न सकिने छ ।

सदस्य सचिव
पदपूर्ति समिति

**त्रिभुवन विश्वविद्यालय**
**परीक्षा नियन्त्रण कार्यालय, बल्खु, काठमाडौं**

**E-Bidding को माध्यमबाट बोलपत्र आव्हान गरिएको सूचना**

**(प्रकाशित मिति २०८२/०७/०२)**

त्रिभुवन विश्वविद्यालयको ५१ औं दीक्षान्त समारोहमा सहभागी हुने विद्यार्थीहरुको लागि निम्नानुसारका मालसामानहरु खरिद गर्न निम्न शर्तहरुको अधिनमा रहने गरी E-Bidding को माध्यमबाट बोलपत्र आव्हान गरिएको छ ।

| ठेक्का नं. | सामानको विवरण | बोलपत्र पेस गर्ने अन्तिम मिति र समय | बोलपत्र खोल्ने मिति, समय र स्थान | बोलपत्र फाराम दस्तुर |
|---|---|---|---|---|
| OCOE/NCB/ 03/2082/083 | Procurement of Original Certificate having Security Feature & Its Folder | २०८२।०८।०२ दिनको १२.०० बजेसम्म | २०८२।०८।०२ दिनको २.०० बजेसम्म | रु. ३,०००।- |
| OCOE/NCB/ 04/2082/083 | Procurement of Goun, Scarf & Convocation Cap | २०८२।०८।०२ दिनको १२.०० बजेसम्म | २०८२।०८।०२ दिनको ३.०० बजेसम्म | रु. ३,०००।- |

माथि उल्लेखित सामानहरुको बोलपत्र पेश गर्न इच्छुक इजाजत प्राप्त फर्म/कम्पनिले ई-बोलपत्रको माध्यमबाट तोकिएको प्रक्रिया पूरा गरी www.bolpatra.gov.np/egp बाट बोलपत्र सम्बन्धी कागजातहरु प्राप्त गर्न र पेश गर्न सकिनेछ । बोलपत्र फाराम माथि उल्लेखित मिति र समयमा उपस्थित अधिकार प्राप्त प्रतिनिधिहरुको रोहवरमा प्रतिनिधिको परिचय खुल्ने प्रमाणपत्र सहित (उपस्थित नभएपनि) यस कार्यालयको बैठक कक्षमा खोलिनेछ । तोकिएको दिन सार्वजनिक बिदा परेमा सो को भोलिपल्ट खोलिनेछ । म्याद नाघी आएका तथा रितपूर्वक नआएका बोलपत्रहरुमाथि कुनै कारवाही गरिने छैन । विस्तृत जानकारीका लागि यस कार्यालयको सामान्य प्रशासन शाखा अथवा स्टोर शाखामा सम्पर्क राख्न सकिनेछ ।

**नि. परीक्षा नियन्त्रक**

**नेपाल सरकार**
**भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय**
**सडक विभाग**
**हेभी ईक्वीपमेण्ट डिभिजन, मिनभवन, काठमाडौं ।**

**मालसामान खरिद सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना**

**(प्रथम पटक प्रकाशित मिति : २०८२/०७/०२ गते)**

यस डिभिजनलाई आवश्यक पर्ने तपसिल बमोजिमका मालसामान सप्लाई गर्न योग्य तथा इच्छुक फर्महरुबाट निम्न बमोजिमको सिलबन्दी दरभाउपत्रहरु आह्वान गरिएको छ। सूचना प्रकाशन भएको मितिले १५औ दिनसम्म कार्यालय समय भित्र दरभाउपत्रदाताले तोकिएका कागजातका साथै दरभाउपत्र खरिद गर्न लाग्ने दस्तुर बुझाई यस डिभिजनबाट दरभाउपत्र फारम प्राप्त गर्न सकिनेछ । विस्तृत विवरण दरभाउ पुस्तिकामा उल्लेख गरिएको छ ।

| सि. नं. | ठेक्का नं. | विवरण | दरभाउपत्र फारम दस्तुर रु | जमानत रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | HEDKTM/SQ/ GOODS/01/ 2082-083 | मालसामान खरिद (पार्टपुर्जा) प्यकेज-१ | १०००/- | ४०,०००/- | |
| २ | HEDKTM/SQ/ GOODS/02/ 2082-083 | मालसामान खरिद (पार्टपुर्जा) प्यकेज-२ | १०००/- | ४०,०००/- | |
| ३ | HEDKTM/SQ/ GOODS/03/ 2082-083 | मालसामान खरिद (पार्टपुर्जा) प्यकेज-३ | १०००/- | ४०,०००/- | |

**नोटः विस्तृत सुचनाका लागी यस कार्यालयको सुचना पाटी वा यस कार्यालयमा सम्पर्क गर्न सकिने छ ।**

**नेपाल सरकार**
**राष्ट्रिय परीक्षा बोर्ड**
**पदपूर्ति समिति**
**सानोठिमी, भक्तपुर**

**बढुवा सिफारिससम्बन्धी सूचना**

राष्ट्रिय परीक्षा बोर्डको देहायको बढुवा सूचना नं., सेवा, समूह र श्रेणीको रिक्त पदमा पदपूर्ति समितिको मिति २०८२/०६/३१ को निर्णयानुसार देहायबमोजिमका योग्यताक्रमका उम्मेदवारहरूलाई बढुवाका लागि सिफारिस गरिएको हुँदा राष्ट्रिय परीक्षा बोर्डको कर्मचारीको सेवा, शर्त र सुविधासम्बन्धी विनियम, २०७६ को विनियम ३३ बमोजिम सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**(क) जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाको योग्यताक्रम**
**बढुवा सूचना नं. : २/२०७९/०८०**
**पद : उपसचिव**
**सेवा : प्रशासन समूह : प्रशासन श्रेणी : अधिकृत द्वितीय**

| योग्यता क्र.नं. | कर्मचारी संकेत नं. | उम्मेदवारको नाम, थर |
|---|---|---|
| १ | १०२१ | रमेश अधिकारी |
| २ | १०२२ | रेशमराज भुसाल |
| ३ | १०२५ | अशोक न्यौपाने |
| ४ | १०२६ | संजय कुमार पाण्डेय |
| ५ | १०२८ | देवका खनाल |

**(ख) कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाको योग्यताक्रम**
**बढुवा सूचना नं. : ८/२०७९/०८०**
**पद : उपसचिव**
**सेवा : प्रशासन समूह : प्रशासन श्रेणी : अधिकृत द्वितीय**

| योग्यता क्र.नं. | कर्मचारी संकेत नं. | उम्मेदवारको नाम, थर | प्राप्तांक |
|---|---|---|---|
| १ | १०२९ | जनार्दन बास्तोला | |
| २ | १०३२ | निर्मल कुमार सुवेदी | |
| ३ | १०३० | इन्दिरा अधिकारी | |
| ४ | १०३८ | पुष्कल खनाल | |
| ५ | १०३३ | तारा आले | |
| ६ | १०३९ | इश्वरी पाँडे (शाह) | ९१.२०४ |

**सदस्य सचिव**

**नेपाल सरकार**
**राष्ट्रिय परीक्षा बोर्ड**
**पदपूर्ति समिति**
**सानोठिमी, भक्तपुर**

**बढुवा सिफारिससम्बन्धी सूचना**

राष्ट्रिय परीक्षा बोर्डको देहायको बढुवा सूचना नं., सेवा, समूह र श्रेणीको रिक्त पदमा पदपूर्ति समितिको मिति २०८२/०७/०१ को निर्णयानुसार देहायबमोजिमका योग्यताक्रमका उम्मेदवारहरूलाई बढुवाको लागि सिफारिस गरिएको हुँदा राष्ट्रिय परीक्षा बोर्डको कर्मचारीको सेवा, शर्त र सुविधा सम्बन्धी विनियम, २०७६ को विनियम ३३ बमोजिम सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**(क) जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाको योग्यताक्रम**
**वढुवा सूचना नं. : ४/२०७९/०८०**
**पद : लेखा अधिकृत**
**सेवा : प्रशासन समूह : लेखा श्रेणी : अधिकृत तृतीय**

| योग्यता क्र.नं. | कर्मचारी संकेत नं. | उम्मेदवारको नाम, थर |
|---|---|---|
| १ | १०९२ | संगीता के.सी. |

**(ख) जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाको योग्यताक्रम**
**वढुवा सूचना नं. : ५/२०७९/०८०**
**पद : कम्प्युटर अधिकृत**
**सेवा : प्राविधिक समूह : प्राविधिक श्रेणी : अधिकृत तृतीय**

| योग्यता क्र.नं. | कर्मचारी संकेत नं. | उम्मेदवारको नाम, थर |
|---|---|---|
| १ | ११०८ | अर्जुनप्रसाद दहाल |

**(ग) जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने वढुवाको योग्यताक्रम**
**बढुवा सूचना नं. : ६/२०७९/०८०**
**पद : सूचना प्रविधि अधिकृत**
**सेवा : प्राविधिक समूह : प्राविधिक श्रेणी : अधिकृत तृतीय**

| योग्यता क्र.नं. | कर्मचारी संकेत नं. | उम्मेदवारको नाम, थर |
|---|---|---|
| १ | ११०७ | भक्त प्रल्हाद बस्नेत |

**सदस्य सचिव**

**नेपाल सरकार**
**नेपाल कृषि अनुसन्धान परिषद्**
**राष्ट्रिय बंगुर अनुसन्धान कार्यक्रम**
**पाख्रीवास, धनकुटा**

**बोलपत्र आव्हानको सूचना नं. NSRP/02-2082/83**

**दोश्रो पटक प्रकाशित मिति २०८२/०७/०२**

यस कार्यालयको आ=व=२)८२.८३ को लागी तपशिलको बंगुर राशन बिध'तिय बोलपत्रको मध्यमवाट खरिद गर्न लागिएको हुँदा सम्बन्धित सबै उत्पादक फर्म तथा ;प्लार्य;लाई जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ। यस सम्बन्धि बिस्तृत सुचना सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाइट ध्धध.दयउिबतचब.नयख.लउ/भनउ मा राखिएको छ । अन्य थप जानकारीको लागि कार्यालय समय भित्र कार्यालयको सम्पर्क फोन नं. ०२६-५९०५१५ मा सम्पर्क राख्न सकिनेछ ।

| Bid identification No. | Name of Procurement | Bid Security Amount (NRs.) | Bid Document Fee (NRs.) |
|---|---|---|---|
| NSRPPakhribas/NCB/ Ration/02-2082/83 | Supply and Delivery for the Procurement of Swine Ration (बंगुर राशन) | 55,000.00 | 3,000.00 |

**Kathmandu Metropolitan City**
**यँ महानगरपालिका**
**Office of the Municipal Executive**
**Mechanical and Equipment Division, Teku**
**Kathmandu, Bagmati Province, Nepal**

**Invitation for Electronic Bids**

**Notice No. 05-082-83-NCBG-MECH-KMC**
Date of Publication : 2082-07-02

1. Kathmandu Metropolitan City, Office of the Municipal Executive has allocated funds from its own resources & GoN towards the cost of following works and intends to apply the funds to cover eligible payments under the contract and is open to all eligible Nepalese Bidders.

| IFB No. | Description of Work | Cost of Bidding Document (NRs.) | Bid Bond Amount (NRs.) | Last Date and Time of Bid Submission | Bid Opening Date and Time | Date and Time of Pre-Bid Meeting |
|---|---|---|---|---|---|---|
| 05-06-082-83-NCBG-MECH-KMC | Supply and Delivery of ***Spare Parts for Different Vehicles*** at KMC | 3,000.00 (Three Thousand Only) | NRs 2,00,000.00 (Rupees Two Lakhs Only) | 2082-08-02 12:00 hour | 2082-08-02 14:00 hour | ……….. |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at Mechanical and Equipment Division, Kathmandu Metropolitan City, Office of the Municipal Executive, Teku, Kathmandu, Bagmati Province, Nepal during office hours or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. A complete set of Bidding Documents is available online and can be downloaded from e-GP system: www.bolpatra.gov.np/egp. Interested bidders shall register in the e-GP system and deposit the above mentioned cost of bidding document in the **NIC Asia Bank Ltd., Kathmandu Metropolitan City, Procurement Unit, Account No. - 0012050061475043.**
4. The Employer reserves the right to accept or reject any bid, and to annul the bidding process and reject all bids at any time prior to contract award, without thereby incurring any liability to Bidders.
5. Matters not covered under this document will be as per the Public Procurement Act 2063, Public procurement Regulations 2064 & Kathmandu Metropolitan Public Procurement Regulations 2079 (1st Revision 2080).

**Environment Management Department**
**Mechanical and Equipment Division**

## राष्ट्रिय क्रिकेट टिममा अनिलको पुनरागमन

**काठमाडौँ** (गोरखापत्र), कात्तिक १ गते । आइसिसी टी ट्वान्टी विश्वकप एसिया तथा इस्ट एसिया प्यासिफिकको च्याम्पियन नेपाली क्रिकेट टोलीले अर्को हप्ता आइसिसी क्रिकेट विश्वकप लिग २ को त्रिदेशीय शृङ्खला खेल्ने छ।

सो शृङ्खलाका लागि नेपाली टिम शनिबार संयुक्त अरब इमिरेट्स (युएई) को दुबई पुगेको छ। त्रिदेशीय शृङ्खलामा नेपालले अमेरिका र घरेलु टिम युइएसँग दुई/दुई पटक खेल्ने छ।

सो शृङ्खला अन्तर्गत पहिलो खेल अक्टोबर २६ मा नेपाल र अमेरिकाबिच हुने छ। आठ टिम सहभागगी लिग २ मा २० खेलमा २८ अङ्कसहित अमेरिका दोस्रो स्थानमा छ। नेपाल १६ खेलमा १२ र युएई १६ खेमला छ अङ्कसहित सातौँ र आठौँ स्थानमा रहेका छन्।

यसबिच नेपाल क्रिकेट सङ्घ (क्यान) ले सो शृङ्खलामा खेल्ने नेपाली टिमको घोषणा गरेको छ। रोहित पौडेल कप्तान र दीपेन्द्रसिंह ऐरी उपकप्तानमा कायम हुनुहुन्छ। अनय खेलाडीमा सन्दीप लामिछाने, आसिफ शेख, अनिल शाह, कुशल भुर्तेल, सोमपाल कामी, करण केसी, नन्दन यादव, भीम सार्की, कुशल मल्ल, आरिफ शेख, ललित राजवंशी, गुलसन झा र शाहब आलम रहनुभएको छ।

शीर्ष क्रमका ब्याट्सम्यान अनिलले राष्ट्रिय टिममा पुनरागमन गर्नुभएको हो।

## छिन्नमस्ता वाहिनीलाई भलिबल उपाधि

**बर्दीबास** (गोरखापत्र), कात्तिक १ गते। सशस्त्र प्रहरी बल छिन्नमस्ता वाहिनी बर्दीबासले शनिबार गङ्गोत्री इङ्ग्लिस सेकेन्डरी स्कुल, महेन्द्रनगर धनुषामाथि पुनरागमन जित प्राप्त गरी खुला पुरुष भलिबल प्रतियोगिताको उपाधि जितेको छ।

तिहार तथा छठपर्वको अवसर पारेर गौरीबास युथ क्लबको आयोजनामा बर्दीबास-३ स्थित गौरीडाँडामा भएको प्रतियोगिताको फाइनलमा पहिलो दुई सेट गङ्गोत्रीले २५-१६ र २६-२४ ले आफ्नो पक्षमा पारेको थियो तर त्यसपछिका तीनै सेटमा पुनरागमन गर्दै सशस्त्रले २५-२०, २५-१८ र निर्णायक सेटमा १६-१४ को जित निकाल्दै उपाधि चुमेको हो।

प्रतियोगितामा प्रथम स्थान हासिल गरेको सशस्त्र प्रहरी टिमले ट्रफीसहित एक लाख एक हजार रुपियाँ पुरस्कार प्राप्त गरेको छ। उपविजेता बनेको गङ्गोत्री इङ्ग्लिश स्कुलले नगद ५१ हजार रुपियाँसहित ट्रफीमा चित्त बुझायो। फाइनलमा सशस्त्र प्रहरी छिन्नमस्ता वाहिनीका रोशन विकलाई 'म्यान अफ दी म्याच' तथा गङ्गोत्रीका रवीन्द्र गौतमलाई 'म्यान अफ दी सिरिज' को उपाधिसहित नगद पुरस्कार प्रदान गरिएको छ।

# नेपालको महिला फुटबल इरान र भारतसँगको खेलको तयारीमा



गोरखापत्र समाचारदाता
*काठमाडौँ, कात्तिक १ गते*

नेपालको महिला फुटबल टिम अहिले इरान र भारतसँगको अन्तर्राष्ट्रिय मैत्री फुटबलका लागि तयारीमा व्यस्त रहेको छ। नेपालले कात्तिक ७ मा इरान र कात्तिक १० मा भारतसँग मैत्री खेल खेल्दै छ। यी दुई खेलका लागि अखिल नेपाल फुटबल सङ्घ (एन्फा) ले शुक्रबार राति नेपालको २३ सदस्यीय टिमको चयन गरेको छ।

प्रशिक्षक नवीन न्यौपानेले छानेको नेपालको राष्ट्रिय महिला फुटबल टिममा सावित्री भण्डारी साम्बाको कप्तान पद कायम छ। अन्य खेलाडीमा अनिता बस्नेत, अन्जना राना मगर, एन्जिला तुम्बापो सुब्बा, विमला विक, दीपा शाही, हिराकुमारी भुजेल, मनमाया दमाईं, मीना देउवा र निशा थोकर हुनुहुन्छ। प्रीति राई, प्रतीक्षा चौधरी, पूजा राना, पुर्णिमा राई, रश्मिकुमारी घिसिङ, रेखा पौडेल, रेनुका नगरकोटे, सविता रानामगर, सजनी थोकर, समीक्षा घिमिरे, सरस्वती हमाल, सरु लिम्बू र उषानाथ पनि टिममा पर्नुभएको छ। सो टिममा अनुभवी मिडफिल्डर अनिता केसी पर्न सक्नुभएन। गीता राना पनि चोटका कारण टिममा हुनुहुन्न। पछिल्लो एसियन कप छनोटमा खेलेकी विमला चौधरी र चन्द्रा भण्डारीले यसपालि टिममा स्थान बनाउन सक्नुभएन। नेपालले एसियन कप छनोटपछि पहिलो पटक खेल्दै छ।

स्ट्राइकरद्वय पूर्णिमा र मीना पहिलो पटक राष्ट्रिय टिममा पर्नुभएको हो। यी दुवैले साफ यु-२० महिला च्याम्पियनसिप र एएफसी यु-२० महिला एसियन कप छनोटमा नेपालका महिला राष्ट्रिय यु-२० का लागि शानदार प्रदर्शन गर्नुभएको थियो। साफ यु-२० महिला च्याम्पियनसिपमा पूर्णिमा सर्वाधिक गोलकर्ता पनि बन्नुभएको थियो। गत वर्ष साफ च्याम्पियनसिपमा हिराकुमारी र दीपा घाइते हुनुभएको थियो। सजनी पनि साफ च्याम्पियनसिप पनि राष्ट्रिय टिममा पर्नुभएको हो।

नेपालले फिफा विन्डो अन्तर्गत इरान र भारतसँग खेल्न लागेको हो। दुवै विपक्षी फिपा वरीयतामा नेपालभन्दा माथि छ। फिफा वरीयता अनुसार भारत ६३, इरान ७० र नेपाल ८९ औँ स्थानमा रहेका छन्। त्यसैले पनि इरान र भारतसँगको खेल नेपाली महिला फुटबलको क्षमता जाँच्ने खेल हुने छ। यी दुवै खेल भारतको सिलोङमा हुने छ।

## नेप्लिज तेक्वान्दोद्वारा पदक विजेतालाई सम्मान

गोरखापत्र समाचारदाता
*काठमाडौँ, कात्तिक १ गते*



मलेसियामा भएको आठौँ जेविन मलेसिया ओपन तेक्वान्दो प्रतियोगितामा पदक जित्न सफल नेपाली खेलाडी तथा अफिसियललाई सम्मान गरिएको छ। काठमाडौँको डाँछीमा रहेको नेप्लिज तेक्वान्दो एकेडेमीले खेलाडी तथा अफिसियललाई शनिबार सम्मान गरेको हो।

एकेडेमीको तर्फबाट शङ्करापुर अस्पतालका मेडिकल डाइरेक्टर डा. रमेश ढकालले खेलाडी तथा अफिसियललाई सम्मान गर्नुभयो। सम्मानित हुने खेलाडीमा स्वर्ण पदक विजेता खेलाडीहरू केनिश खड्का, गोविन्द योन्जन तामाङ र आयुश बोहरा तथा रजत विजेता सन्दीप बस्नेत हुनुहुन्छ। यसै गरी टोलीको प्रशिक्षक श्रीकृष्ण खड्का, व्यवस्थापक गणेशबहादुर खड्का र टोली प्रमुख महेन्द्रराज घिमिरेलाई पनि सम्मान गरियो।

नेपाली खेलाडी तथा अफिसियललाई प्रोत्साहन स्वरूप सम्मान गरिएको नेप्लिज तेक्वान्दो एकेडेमीका अध्यक्ष तथा प्रमुख प्रशिक्षक अशोक खड्काले बताउनुभएको छ। मलेसियामा भएको उक्त प्रतियोगितामा अशोक पनि निर्णायकको रूपमा सहभागी हुनुहुन्थ्यो। उहाँ सो प्रतियोगिताको उत्कृष्ट निर्णायक घोषित हुनुभएको थियो।

## चेल्सी चौथो स्थानमा उक्लियो



तस्बिर : एपी

**प्रिमियर लिगमा शनिबार नटिङ्घम फरेस्टका मुरिलो र चेल्सीका रिस जेम्स प्रतिस्पर्धा गर्दै।**

**लन्डन**, कात्तिक १ गते। इङ्ग्लिस प्रिमियर लिगमा चेल्सीले शनिबार नटिङ्घम फरेस्टलाई ३-० ले हराएको छ। यस नतिजासँगै चेल्सी आठ खेलबाट १४ अङ्क हासिल गरी चौथो स्थानमा उक्लेको छ। सङघर्षरत् नटिङ्घम फरेस्ट मात्र पाँच अङ्क बनाएर १७ औँ स्थानमा छ। गत महिना एनन्गे पोस्टेकोग्लु प्रशिक्षकमा नियुक्त भएपछि नटिङ्घम आठ खेलमा जितविहीन छ।

चेल्सीका लागि १९ वर्षीय जोस आचेम्पोङ, पेड्रो नेटो र रिस जेम्सले गोल गर्नुभयो। नौ वर्षको उमेर चेल्सी एकेडेमीमा भर्ना भएका आचेम्पोङको यो सिनियर टिमका लागि पहिलो गोल भएको छ। सो खेलको ८७ औँ मिनेटमा चेल्सीका मालो गुस्टोले दोहोरो पहेँलो कार्डसहित मैदान छोड्नुभएको थियो।

यसबिच चेल्सीका प्लेमेकर कोल पाल्मरको थप छ हप्तासम्म मैदानमा उत्रन नसक्ने जनाइएको छ। इङ्ग्ल्यान्डका अन्तर्राष्ट्रिय खेलाडी पाल्मर गत महिना म्यान्चेस्टर युनाइटेडसँगको खेलमा घाइते हुनुभएको थियो। त्यसपछि उहाँ मैदानमा उत्रन सक्नुभएको छैन।

यसै गरी स्पेनी ला लिगामा इस्पानियोलले ओभिएडोलाई २-० ले हराएको छ। बार्सिलोना सहरको क्लब इस्पानियोलले अन्तिम समयमा दुई गोल गरी जित हासिल गरी आफूलाई अङ्क तालिकाको पाँचौँ स्थानमा उभ्याएको छ। इस्पानियालका लागि किके गार्सिया र पेरे मिलाले गोल गर्नुभयो। इस्पानियोलले सन् १९९५ पछि आभिएडोमा जित हात पारेको हो। एपी

## हरिपुर २ लाई मेयर कप

सर्लाही समाचारदाता
*सर्लाही, कात्तिक १ गते*

वडा नं. २ ले वडा नं. ३ लाई ३-० ले पराजित गरेर शनिबार दोस्रो हरिपुर नगरस्तरीय मेयर कप फुटबल प्रतियोगिताको उपाधि हात पारेको छ।

सर्लाहीको हरिपुर नगरपालिका-७ स्थित चिताइन खेल मैदानमा आयोजित प्रतियोगिताको फाइनलमा विजेता टिमका लागि शिवजी कुमर, रोहन बुढाथोकी र दिलीप धामीले गोल गर्नुभयो। विजेता हरिपुर-२ ले ट्रफीसहित एक लाख रुपियाँ प्राप्त गर्‍यो। उपविजेता हरिपुर-७ ले ५० हजार रुपियाँमा चित्त बुझायो।

फाइनल खेलको म्यान अफ दी म्याच वडा नं. २ का शिवजी कुमर, म्यान अफ दी सिरिज हरिपुर-२ कै विकल्प थापा र सर्वाधिक गोलकर्ता हरिपुर-७ का श्रीतम चौधरीलाई समेत पुरस्कृत गरिएको छ।

# कला / साहित्य

## 'चमेलीको फूल बैजनी रुमाल' लोकार्पित

**काठमाडौँ** (गोरखापत्र), कात्तिक १ गते। सुबिन भट्टराईको नयाँ कृति 'चमेलीको फूल बैजनी रुमाल' एक कार्यक्रमबिच लोकार्पण गरिएको छ। प्रज्ञा-प्रतिष्ठानको डबलीमा फाइनप्रिन्टद्वारा आयोजित कार्यक्रममा कृतिकार भट्टराई र प्रशंसक रश्मिला थापाले कृति लोकार्पण गर्नुभयो।

कृतिकार भट्टराईले आफ्ना कृतिहरू मनपराइदिएकोमा सबैप्रति आभार व्यक्त गर्नुभयो। उहाँले भन्नुभयो, "लेखन मेरो अभिन्न अङ्ग भइसकेको छ। यो मेरो सातौँ कृति हो र यसमा कथाको सङ्ख्या पनि सात रहेको छ। शीर्षकले बैजनी रङ भने पनि यसमा सबै रङ समेटिएको छ।" कृति फाइनप्रिन्टले प्रकाशनमा ल्याएको हो।

## अधिकारी सम्मानित

**काठमाडौँ** (गोरखापत्र), कात्तिक १ गते। कवि तथा गीतकार दिनेश अधिकारी सम्मानित हुनुभएको छ। उहाँको लेखन-यात्राको स्वर्ण वर्षको अवसर पारेर 'नझरेका फूलहरू' नामक संस्थाले एक कार्यक्रम आयोजना गरी उहाँलाई सम्मान गरेको हो। कार्यक्रममा अधिकारीको हालै प्रकाशित कवितासङ्ग्रह 'पानीको परेड' बाट कविहरू कवितावाचन गरेका थिए भने विभिन्न कलाकारले अधिकारीका गीतहरूको गायन र नृत्य प्रस्तुत गरेका थिए।

त्यस्तै कवि मनु मञ्जिलले कवि अधिकारी आफ्नो पुस्ताका अग्रणी कवि र गीतकार हुन् भन्दै उनको योगदानको चर्चा गरेका थिए। कार्यक्रममा कवि अधिकारीले कविता र गीतबारे सङ्क्षिप्त विचारसहित आफ्ना केही कविता र गीतहरू सुनाउनुभएको थियो। 'नझरेका फूलहरू' का प्रस्तोता केपी घिमिरेले कवि अधिकारीलाई सम्मान गर्न पाएकोमा संस्था आफैँ गौरवान्वित भएको धारणा व्यक्त गर्नुभयो।

## 'जेनजी तिहार' सार्वजनिक

**काठमाडौँ** (गोरखापत्र), कात्तिक १ गते। तिहारलक्षित 'जेनजी तिहार' बोलको गीतको भिडियो सार्वजनिक भएको छ। तुलसी बाँस्कोटा र सजिना लामिछानेको शब्द रहेको गीतमा स्वयम् बाँस्कोटा र आरबी खत्री शरदको सङ्गीत रहेको छ।

राजीव शाहले सङ्गीत संयोजन गर्नुभएको गीतमा आरबी खत्री शरद्, श्रद्धा दियाली, रमेश मैनाली, राजीव शाह र निर्मला कार्कीको स्वर रहेको छ। भिडियोमा आरबी खत्री शरद्, लक्ष्मीनाथ तिमल्सिना, सरिता भण्डारी, सजिना लामिछाने, रमेश मैनाली, शिव मैनाली, राज धामी, लक्ष्मी जोशीलगायतका कलाकारले अभिनय गर्नुभएको छ।

गीतलाई आरबीले निर्देशन गर्नुभएको छ भने राज पोखरेलको छायाङ्कन र राज धामीको सम्पादन रहेको छ। गीतले देश बन्छ भन्दै घरबाट हिँडेको छोरो राज्यको दमनमा परेर मारिएको खबर सुनेपछि आमा विक्षिप्त बन्नु पर्दाको अवस्थालाई चित्रण गरेको छ। गीत आदि शक्ति नामक युट्युब च्यानलमार्फत सार्वजनिक गरिएको छ।

# साहित्यमा नयाँ पुस्तासँगै नयाँ चिन्तन




सुकृत नेपाल
*काठमाडौँ, कात्तिक १ गते*

जेनजी आन्दोलनअघि काठमाडौँ उपत्यकाभित्र दैनिक तीनदेखि चार वटा साहित्यिक कार्यक्रम हुन्थे। यी कार्यक्रममा साहित्यकारदेखि साहित्य अनुरागीहरू व्यस्त देखिन्थे तर अहिले साहित्यिक गतिविधि सुस्त देखिएका छन्। साहित्यिक गतिविधिलाई पहिलेकै लयमा ल्याउने उपायको खोजी भने नभएको होइन। जेनजी आन्दोलनपछि अन्तरिम सरकार गठन भयो। देशले एउटा गति लिन थाल्यो। साहित्यिक क्षेत्रमा पनि यसको प्रभाव निश्चय नै परेको छ।

केही दिनअघि लेखक यज्ञशको संवादमा आधारित अभिनेता राजेश हमालको 'युगदेखि युगसम्म' पुस्तक सार्वजनिक भयो। यीबाहेक अन्य गतिविधि पनि भइरहेका छन् तर तुलनात्मक रूपमा पहिलेकै लय समाउन भने बाँकी नै छ। पुस्तक विमोचन, साहित्यिक मन्थन, विचारविमर्श जस्ता कार्यक्रमले पहिलेकै गति लिनेमा आशा गर्न सकिन्छ।

नेपाल प्रज्ञा प्रतिष्ठानका सदस्यसचिव डा. धनप्रसाद सुवेदी पहिलेको तुलनामा साहित्यिक गतिविधि कम भएको स्विकार्नुहुन्छ। "आन्दोलनसँगै चाडपर्वले गर्दा पनि साहित्यिक गतिविधि कम देखिएको हुन सक्छ," उहाँले भन्नुभयो। जेनजी आन्दोलनले दसैँतिहारमा गरिने भनिएका विभिन्न साहित्यिक गतिविधि धेरै नै प्रभाव पारेको उहाँको ठम्याइ छ। उहाँका अनुसार दसैँतिहारको बिचमा महोत्सव, गोष्ठी र विभिन्न स्थानीय पालिकासँग मिलेर गरिने भनिएका गतिविधि अन्दोलनले गर्दा अन्योलमा परेको छ। उहाँले थप्नुभयो, "दसैँतिहारको बिचमा हामीले जुन योजना बनाएर साहित्यक गतिविधि गर्ने भनेका थियौँ, त्यो गर्न सकेका छैनौँ। कति कार्यक्रम रद्द गर्नु परेको छ भने कतिको मिति परिवर्तन भएको छ। स्रष्टाहरू स्वयम्ले पनि आफूले लेखिरहेका विषय पछिल्लो पुस्ताले कसरी हेरिरहेको छ भनेर सोच्नुपर्ने बेला आएको पनि उहाँले औँल्याउनुभयो।

साहित्यकार युवराज नयाँघरेको भनाइ भने केही भिन्न छ। उहाँका अनुसार जेनजी आन्दोलनभन्दा अघि र पछि साहित्यिक गतिविधिमा तात्त्विक अन्तर छैन। साहित्यकारले समाजका अप्ठ्यारा र असजिला विषय हिजो पनि देखेका थिए र आज पनि देख्छन्। उहाँले कलात्मक साहित्यको विकास राजनीतिसँग नजोडिने बताउनुहुँदै त्यसको महत्त्व बेग्लै हुने जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "महाकवि देवकोटाले र पारिजातले लेखेको साहित्यमा जुन कलात्मक विशिष्टता छ, आज पनि त्यही चिन्तनले लेखिएको छ। केही गतिविधिमा कम बेसी भए होला तर रचनात्मक तथा सिर्जनात्मक ढङ्गले लेखनको गतिमा तात्त्विक फरक नपर्ने दाबी उहाँले गर्नुभयो। उहाँले भन्नुभयो, "मनको शान्ति नभएका कारणले पनि होला बलिया साहित्यिक काम हुन सकेका छैनन्।" अब नयाँ पुस्ता जस्तै नयाँ चिन्तनका साथ लेखकले लेख्ने उहाँको विश्वास छ।

अब हरेक आन्दोलन रूपान्तरणको आँधी भएर आउने कवि तथा साहित्यकार डा. नवराज लम्सालको धारणा छ। त्यही आँधीले समाजको अन्तरविरोध र साहित्यको मूल स्पर्श जीवित राख्नेमा उहाँ ढुक्क हुनुहुन्छ। सायद समाजबारे लेख्नेका लागि अब लेखनको नयाँ अध्याय सुरु हुने छ।

## उज्यालोको पर्व तिहार सुरु



गोरखापत्र समाचारदाता
*काठमाडौँ, कात्तिक १ गते*

उज्यालोको पर्वका रूपमा लिइने चाड यमपञ्चक अर्थात् तिहार शनिबार सुरु भएको छ। प्रत्येक वर्ष कार्तिक कृष्ण त्रयोदशीदेखि कात्तिकशुक्ल द्वितीयासम्म यो पर्व मनाइन्छ।

यमदीप दान पनि शनिबारदेखि सुरु भएको नेपाल पञ्चाङ्ग निर्णायक विकास समिति सदस्य एवं धर्मशास्त्रविद् प्राडा देवमणि भट्टराईले जानकारी दिनुभयो। उहाँले काग तिहार भने आइतबार परेको बताउनुभयो। बेलुकी त्रयोदशी तिथि परेका दिन धनत्रयोदशी एवं यमदीप दान पर्व मनाउने शास्त्रीय मान्यता छ। सायङ्कालमा त्रयोदशी भएका दिन यमदीप दान सुरु गर्नुपर्ने र प्रातः अर्थात् सूर्योदय कालमा त्रयोदशी भएका दिन कागतिहार मनाउनुपर्ने शास्त्रीय मान्यता अनुसार यस्तो निर्णय गरिएको समितिका अध्यक्ष प्रा. शम्भुप्रसाद ढकालले जानकारी दिनुभयो।

यमपञ्चकका अवसरमा यमदीप दान गरे यम यातनाबाट मुक्ति पाइने विश्वास छ। धन्वन्तरी जयन्ती भने आइतबार परेको छ। तिथिको घटबढका कारण सोमबार कुकुर तिहार र लक्ष्मीपूजा एकै दिन परेको पनि समितिले जनाएको छ।

यमदीप दान परिवारका सदस्य सङ्ख्याका आधारमा गरिन्छ। यमदीप दान गर्दा दक्षिण फर्काएर गर्नुपर्ने धर्मशास्त्रविद् प्रा. तोयराज नेपाल बताउनुहुन्छ। कार्तिक कृष्ण त्रयोदशीदेखि कार्तिक शुक्ल द्वितीया अर्थात् भाइटीकाका दिनसम्म यमदीप दान गरिन्छ। सोमबार अरुणोदय कालमा नरक स्नान गरेर बिहान कुकुर तिहार मनाइने र बेलुकी लक्ष्मी पूजा गर्नुपर्ने समितिका अध्यक्ष ढकालले बताउनुभयो।

## पुरस्कार प्रदान

चितवन समाचारदाता
*चितवन, कात्तिक १ गते*

कविडाँडा आख्यान पुरस्कार-२०८१ तीर्थ गुरुङको उपन्यास 'हिउँको गीत' लाई प्रदान गरिएको छ। कविडाँडा साहित्य समाज चितवनले शनिबार भरतपुरमा पुरस्कार प्रदान गरेको हो। कार्यक्रममा साहित्यकार सरुभक्तले हिउँको गीत सर्वदा नवीन उपन्यास भएकाले यो पुरस्कार पाउन सफल भएको बताउनुभयो। उहाँले भन्नुभयो, "अहिले नेपाली उपन्यास क्षेत्र १२२ औँ वर्षमा हिँडिरहेको छ। अहिलेसम्म एक हजार बढी उपन्यास लेखिए होला। पोखराबाट कविका रूपमा उदाएका तीर्थ गुरुङको यो उपन्यास नवीन शैलीको उपन्यास हो। उहाँको ऊर्जा कायमै रहोस् भन्ने शुभकामना दिन चाहन्छु।"

कवि भूपेन्द्र खड्काले पुरस्कृत कृतिको स्रष्टा गुरुङको चिनारी प्रस्तुत गर्नुभयो। उहाँले कास्कीको सुन्दरगाउँ सिकलेसमा जन्मिएका उपन्यासकार पाठशाला उपन्यासबाट बढी चर्चामा आएको बताउनुभयो। पुरस्कृत उपन्यासकार तीर्थ गुरुङले स्वास्थ्य अवस्था प्रतिकूल हुँदाहुँदै पनि मेहनतका साथ तयार गरिएको उपन्यास पुरस्कृत हुँदा खुसी व्यक्त गर्नुभयो।

## साहित्य सङ्गमको अध्यक्षमा बर्तौला



मकवानपुर समाचारदाता
*मकवानपुर, कात्तिक १ गते*

मकवानपुरमा क्रियाशील रहेको साहित्य सङ्गम मकवानपुरको अध्यक्षमा डिबी बर्तौला पुनः निर्वाचित हुनुभएको छ। संस्थाको यहाँ सम्पन्न १७ औँ अधिवेशनले बर्तौलालाई अध्यक्षमा पुनः निर्वाचित गरेको हो।

संस्थाको उपाध्यक्ष मनोज पोखरेल, सचिव रजनी पौडेल, सहसचिव भवानी तिम्सिना र कोषाध्यक्ष सञ्जित श्रेष्ठ चयन हुनुभएको छ। त्यस्तै सदस्यमा मिथिला अधिकारी, कमल नेपाल, विविधा रुम्बा र विधान आचार्य चयन हुनुभएको छ।

कार्यक्रममा अग्रज साहित्यकार नवराज शर्माले डा. गणेश लामाले स्थापना गर्नुभएको डा. गणेश लामा विज्ञान प्रतिभा सम्मानबाट रिविजन हुमागाईंलाई प्रदान गर्नुभएको थियो। हेटौँडा स्कुल अफ म्यानेजमेन्टमा विज्ञान सङ्काय अध्ययन गरी कक्षा १२ मा ३.९१ जिपिए हासिल गरेका हुमागाईंलाई सम्मान गरिएको हो।

यस्तै संस्थाले तीर्थदेवी सिलवाल र नवराज शर्मालाई सङ्गम सम्मान तथा पत्रकार सुजन ढकालसहित सहयोगी संस्था र व्यक्तिहरूलाई सम्मान गरेको छ। सो अवसरमा सौरभ मुखपत्र सार्वजनिक गरिएको थियो।


### नेपाल राष्ट्र बैङ्क

केन्द्रीय कार्यालय, विदेशी विनिमय व्यवस्थापन विभाग

**नेपाल राष्ट्र बैङ्कले तोकेको विनिमय दर**

२०८२ साल कात्तिक २ गते (अक्टोबर १९, २०२५) आइतबारको विनिमय दर

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपियाँ | १०० को | रु १६०।०० | रु १६०।१५ |

खुला बजार विनिमय दर (नेपाल राष्ट्र बैङ्कको प्रयोजनका लागि)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| अमेरिकी डलर | १ को रु. | १४०।४७ | १४१।०७ |
| युरो | १ को रु. | १६४।१५ | १६४।८५ |
| पाउन्ड स्टर्लिङ | १ को रु. | १८८।७३ | १८९।५३ |
| स्विस फ्रैङ्क | १ को रु. | १७७।४१ | १७८।१६ |
| अस्ट्रेलियन डलर | १ को रु. | ९१।१९ | ९१।५८ |
| क्यानेडियन डलर | १ को रु. | १००।११ | १००।५४ |
| सिङ्गापुर डलर | १ को रु. | १०८।५२ | १०८।९८ |
| जापानी येन | १० को रु. | ९।३५ | ९।३९ |
| चिनियाँ युआन | १ को रु. | १९।७२ | १९।८० |
| साउदी अरब रियाल | १ को रु. | ३७।४५ | ३७।६१ |
| कतारी रियाल | १ को रु. | ३८।५४ | ३८।७० |
| थाई भाट | १ को रु. | ४।३० | ४।३१ |
| संयुक्त अरब इमिरेट दिराम | १ को रु. | ३८।२४ | ३८।४१ |
| मलेसियन रिङ्गिट | १ को रु. | ३३।२४ | ३३।३८ |
| दक्षिण कोरियन वन | १०० को रु. | ९।८९ | ९।९४ |
| स्विडिस क्रोनर | १ को रु. | १४।८६ | १४।९२ |
| डेनिस क्रोनर | १ को रु. | २१।९८ | २२।०७ |
| हङकङ डलर | १ को रु. | १८।०८ | १८।१६ |
| कुवेती दिनार | १ को रु. | ४५९।३८ | ४६१।३४ |
| बहराइन दिनार | १ को रु. | ३७२।६२ | ३७४।२२ |
| ओमानी रियाल | १ को रु. | ३६४।८४ | ३६६।४० |

**नोट:** यो विनिमय दरलाई बैङ्कले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ।
* वाणिज्य बैङ्कहरूले तोक्ने विनिमय दर भने फरक हुन सक्नेछ।
* अद्यावधिक विनिमय दर बैङ्कको वेबसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ।


गोरखापत्र संस्थानका लागि महाप्रबन्धक **लालबहादुर ऐरी**द्वारा गोरखापत्रको छापाखाना, धर्मपथ, काठमाडौँमा मुद्रित तथा प्रकाशित। पो.ब.नं. २३, काठमाडौँ, नेपाल। द.नं. ०२। गो.हु.का.द.नं. ०९/०८१/०८२। नि. प्रधान सम्पादक **जुनारबाबु बस्नेत**
सम्पादकीय : फोन नं. ०१-५३२२९२१, रिपोर्टिङ : ०१-५३४४४२९, डेस्क : ०१-५३५६०८४, **E-mail: gcreportin@gmail.com,** विज्ञापन शाखा : फोन नं. ०१-५३२७४९३, ०१-५३२६५२९, **E-mail: mgorkhapatra@gmail.com,** ग्राहक सेवा शाखा : ०१-५३२०६३८, टोल फ्री नं. १६६०-०१-९४४४४

हाम्रो गौरव, राष्ट्रको पत्रिका

१२५ वर्षमा

# गोरखापत्र

वि.सं. १९५८ देखि
निरन्तर प्रकाशित, बहुभाषी राष्ट्रिय दैनिक

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः। सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्जनः।

gorkhapatraonline.com




विराटनगर संस्करण | विवेचना | तिहारको सामाजिक महत्त्व | मुस्ताङमा आन्तरिक पर्यटकको ओइरो १४

वर्ष १२५ | अङ्क १६२ | २०८२ साल कार्तिक २ गते आइतबार | कार्तिक कृष्ण त्रयोदशी | नेपाल संवत् ११४५ कौलागा १३ | 2025 October 19 Sunday | पृष्ठ : १२+४ | मूल्य : दस रुपियाँ

### राष्ट्रपति पौडेल बहुपक्षीय विमर्शमा

# 'निष्पक्ष र स्वतन्त्र निर्वाचनको वातावरण बनाऔँ'



तस्बिर : राष्ट्रपतिको कार्यालय

**राष्ट्रपति रामचन्द्र पौडेल अन्तरिम सरकारका प्रधानमन्त्री सुशीला कार्कीसहित मन्त्रीगण, सुरक्षा निकायका प्रमुखलगायतको सहभागितामा शनिबार राष्ट्रपतिको कार्यालय शीतल निवासमा छलफल गर्नुहुँदै ।**

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, कात्तिक १ गते*

राष्ट्रपति रामचन्द्र पौडेलले भयरहित वातावरणमा स्वतन्त्र, स्वच्छ र निष्पक्ष निर्वाचन हुन्छ भन्ने विश्वास दिलाउने वातावरण बनाउन सरकार र सुरक्षा निकायका प्रमुखलाई निर्देशन दिनुभएको छ।

राष्ट्रपति भवन शीतल निवासमा शनिबार भएको छलफलमा राष्ट्रपति पौडेलले राजनीतिक दल र आमनागरिकलाई चुनावबारे आश्वस्त बनाउन निर्देशन दिनुभएको हो। छलफलमा अन्तरिम सरकारका प्रधानमन्त्री सुशीला कार्कीसहित मन्त्रीहरू र चारै सुरक्षा निकायका प्रमुखको सहभागिता थियो।

राष्ट्रपति पौडेलले शान्तिसुरक्षा कायम गर्न र भयरहित वातावरणमा निर्वाचन गराउन सुरक्षा निकायले प्रभावकारी भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिनुभएको राष्ट्रपतिका प्रेस सल्लाहकार किरण पोखरेलले जानकारी दिनुभयो। राष्ट्रपति पौडेलले भदौ २४ गते लुटिएका हतियार र भागेका कैदीबन्दी सबैलाई अविलम्ब फिर्ता गर्न पनि आग्रह गर्नुभयो।

प्रधानमन्त्री कार्कीले स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा चुनाव गराउन सरकारले कुनै कसर बाँकी नराख्ने बताउनुभयो। उहाँले पूर्ण तयारी र सुरक्षा निकायलाई चाहिने सम्पूर्ण स्रोतसाधन उपलब्ध गराउन सरकार प्रतिबद्ध रहेको बताउनुभयो।

सुरक्षा निकाय प्रमुखले शान्तिसुरक्षा कायम गर्ने र भयरहित वातावरणमा निर्वाचन सम्पन्न गराउन सुरक्षा निकाय सक्षम रहेकाबारे आश्वस्त पार्नुभएको थियो। उहाँहरूले विगतमा योभन्दा कठिन परिस्थितिमा पनि शान्तिपूर्वक निर्वाचन सम्पन्न गराएको स्मरण गराउँदै सुरक्षा निकाय सम्पूर्ण रूपले निर्वाचनका लागि तयार रहेको पनि बताउनुभएको थियो। छलफलमा प्रधानमन्त्री कार्की, मन्त्रीहरू, प्रधान सेनापति अशोकराज सिग्देल, प्रहरी महानिरीक्षक चन्द्रकुबेर खापुङ, सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्याल र राष्ट्रिय अनुसन्धान विभागका प्रमुख टेकेन्द्र कार्कीको सहभागिता थियो। सरकारले आगामी फागुन २१ गते प्रतिनिधि सभाको निर्वाचनको मिति तोकेको छ। निर्वाचनलाई स्वतन्त्र, भयरहित र निष्पक्ष निर्वाचन गराउन आवश्यक तयारी गरिरहेको छ। निर्वाचन आयोगले पनि यसका लागि आवश्यक तयारी गरिरहेको जनाएको छ। पछिल्लो समय राष्ट्रपति पौडेलले पनि तोकिएकै मितिमा निष्पक्ष रूपमा निर्वाचन सम्पन्न हुने वातावरण बनाउन विभिन्न पक्षसँग संवाद गरिरहनुभएको छ।

## सन्तोषजनक प्रगति : प्रधानमन्त्री

प्रधानमन्त्री सुशीला कार्कीले फागुन २१ मा निर्धारित प्रतिनिधि सभाको निर्वाचन सम्पन्न गर्ने दिशामा सन्तोषजनक प्रगति भएको जानकारी दिनुभएको छ। उहाँले शनिबार सामाजिक सञ्जाल एक्समा लेख्नुभएको छ, "तयारी अझै द्रुततर गतिमा अघि बढाइँदै छ। सहज राजनीतिक निकासका लागि निर्वाचन सम्पन्न गर्न सबै पक्ष जिम्मेवार र ऐक्यबद्ध रहौँ।"

प्रधानमन्त्री कार्कीले राष्ट्रपति रामचन्द्र पौडेल, गृहमन्त्री ओमप्रकाश अर्याल र अन्य मन्त्रीसमेतको उपस्थितिमा चार वटै सुरक्षा निकायका प्रमुखसँग निर्वाचनको तयारी र सुरक्षा अवस्थाका विषयमा शनिबार शीतल निवासमा गम्भीर छलफल गरेको जानकारी दिनुभएको छ। उहाँले चुनावको वातावरण तयार गर्न भइरहेका प्रयासको समीक्षा भएको बताउनुभएको छ।

उहाँले भन्नुभएको छ, "सबै सुरक्षा प्रमुखले उच्च मनोबलका साथ सुरक्षा व्यवस्था मिलाउन तयार रहेको जानकारी गराउनुभएको छ। चुनावको वातावरण बनाउन राजनीतिक तहबाटै पहलकदमी लिइएको छ। राजनीतिक दलसँग संवादको सुरुवात भएको छ।"

### प्रबुद्ध समूहसँग राष्ट्रपतिको छलफल

राष्ट्रपति रामचन्द्र पौडेलले प्रबुद्ध एवं बौद्धिक अगुवासँग संवाद गर्नुभएको छ। राष्ट्रपति कार्यालय शितल निवासमा भएको संवादमा उहाँले देशको निकासका लागि प्रबुद्ध एवं बौद्धिक क्षेत्रका खबरदारी जारी रहनुपर्ने बताउनुभयो। राष्ट्रपति पौडेलले मुख्य तीन विषयमा परामर्श गर्नुभयो। उहाँले सरकारले घोषणा गरेको फागुन २१ गतेको निर्वाचन निष्पक्ष र भयरहित ढङ्गले सम्पन्न गर्नुपर्ने, राजनीतिक दलहरू निर्वाचनमा सहभागी हुनुपर्ने र जेनजीसँगै जनताको भावना अनुसार देश अघि बढ्नुपर्ने विषयमा संवाद गर्नुभयो।

» बाँकी पृष्ठ २ मा

# नामोनिसान छैन त्रिविका यी जग्गाको



तीनसय पचहत्तर रोपनी बिर्ता जग्गा
त्रिभुवन विश्वविद्यालयका निम्ति श्री ५ मुमा बडामहारानी-हरूबाट बक्सियो

काठमाडौं, आषाढ १७ गते। त्रिभुवन विश्व विद्यालय समितिबाट प्राप्त खबर अनुसार श्री ५ मुमा बडामहारानीहरू-बाट ३७५ रोपनी ललितपुर इलाकाको नीजि बिर्ता जग्गा त्रिभुवन विश्व विद्यालयका लागि चन्दा स्वरूप बक्सैको छ।

**२०१३ साल असार १७ गते गोरखापत्र दैनिकमै प्रकाशित समाचार ।**

**सूर्यप्रसाद पाण्डे**
*काठमाडौँ, कात्तिक १ गते*

> तत्कालीन श्री ५ मुमा बडामहारानीहरू कान्ति राज्यलक्ष्मी शाह र ईश्वरी राज्यलक्ष्मी शाहले ललितपुरको लुभुमा ३७५ रोपनी निजी बिर्ता जग्गा विश्वविद्यालय स्थापनाका लागि दिएका विभिन्न अभिलेखबाट देखिन्छ तर यो जग्गा अहिले कुन ठाउँमा छ र कसले भोगचलन गरिरहेको छ भन्ने सामान्य जानकारी कसैलाई पनि छैन ।

त्रिभुवन विश्वविद्यालय (त्रिवि) स्थापनाको क्रममा दिइएको जग्गा अतिक्रमण तथा सीमा मिचिएका तथ्य सार्वजनिक भइरहँदा केही स्थानका जग्गाको अझैसम्म नामोनिसानसमेत भेटिएको छैन।

२०१३ सालमा त्रिवि स्थापनाका लागि ललितपुरको लुभु, काठमाडौँको छाउनी, स्वयम्भू, महाराजगन्ज, काभ्रेको नगरकोटलगायतका स्थानमा जग्गा अध्ययन गरिएको थियो, जसमध्ये तत्कालीन श्री ५ मुमा बडामहारानीहरू कान्ति राज्यलक्ष्मी शाह र ईश्वरी राज्यलक्ष्मी शाहले ललितपुरको लुभुमा ३७५ रोपनी निजी बिर्ता जग्गा विश्वविद्यालय स्थापनाका लागि दिएका विभिन्न अभिलेखबाट देखिन्छ तर यो जग्गा अहिले कुन ठाउँमा छ र कसले भोगचलन गरिरहेको छ भन्ने सामान्य जानकारी कसैलाई पनि छैन।

त्रिभुवन विश्वविद्यालयको जग्गा तथा अचल सम्पत्ति खोजबिन समितिको प्रतिवेदन, २०८१ ले पनि यसलाई उजागर गरेको छ। तत्कालीन अवस्थामा बडामहारानीहरूले जग्गा दिएको विषय २०१३ साल असार १७ गते गोरखापत्र दैनिकमै समाचार छापिएको छ। "त्रिविलाई जग्गा दिइएको भनेको क्षेत्रको धरातलीय यथार्थ बुझ्न विश्वविद्यालय कमिसनले २०१३ वैशाख २ गते निरीक्षण गरेको त्रिविकै पहलमा लेखिएको विश्वविद्यालयको इतिहास (२०१६–२०२०) सम्बन्धी पुस्तकमा उल्लेख छ," प्रतिवेदनमा भनिएको छ।

प्रतिवेदन अनुसार उक्त स्थानका लागि आवश्यक पर्ने पानी गोदावरी खोला, ढुङ्गेमती, गोपालडोल, श्री ढुङ्गमतीबाट पाइप बिछ्याउनका लागि पाइपलाइनको दुरीसमेत गणना गरेको र त्यसरी दिइएको जग्गा गोदावरी नौधाराबाट ३.५ माइल उत्तरपश्चिममा र गुन्डुमती १.५ माइल दक्षिण पश्चिम कुनामा रहेको विश्वविद्यालयको इतिहाससम्बन्धी पुस्तकमा उल्लेख गरिएको छानबिन समितिले प्रस्ट पारेको छ। साथै २०१३ असार १४ गते कमिसनको नारायणहिटीमा बसेको बैठकले उक्त जग्गामा आवासीय विश्वविद्यालयसमेत स्थापना गर्न सकिने र उक्त जग्गा विश्वविद्यालयको कार्यमा राखिदिने निर्णय गरिएको विविध अभिलेखबाट पुष्टि भएको समितिको प्रतिवेदनमा छ तर समितिले गत वर्ष उक्त जग्गाबारेमा स्थानीयको सहयोगमा लुभु क्षेत्रको अवलोकन गरे पनि जग्गा यकिन हुन नसकेको बताएको छ। नापी कार्यालय ललितपुरको फिल्डबुकमा पनि साबिक लुभु पञ्चायत वडा नं. ९ (क) का विभिन्न कित्ताका जग्गा किसानले कमाइरहेको देखिएको थियो। २०२१ साल फागुनको नापी अनुसार जग्गावाला किसानको नाम, थर, वतन महलमा श्री ५ जिजुमुमा बडामहारानीको निजी बिर्ता जग्गा भनी उल्लेख भएको प्रमाण भेटिएको थियो।

साथै किसानको बेहोरामा पनि यो जग्गा श्री ५ बडा महारानीको बिर्ता हो मैले जोती खाएको भन्ने बेहोरा उल्लेख भएको पनि समितिका सदस्य बल्लभ अधिकारीले जानकारी दिनुभयो। यी सबै तथ्य केलाउँदा उक्त जग्गाको भौगोलिक अवस्थिति खोजबिन गर्न अझै केही समय लाग्ने देखिएको तर समितिको कार्यावधि सकिएकाले पूरा गर्न नसकिएको समितिले जनाएको छ। त्रिविले छुट्टै खोजबिन समिति गठन गरी थप अध्ययन गर्न उपयुक्त हुने सुझाव समितिले दिएको छ।

» बाँकी पृष्ठ २ मा

» अन्तर्राष्ट्रिय

## युद्ध रोक्न र शान्ति स्थापना गर्न आग्रह



**अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्प र युक्रेनका राष्ट्रपति भ्लोदिमिर जेलेन्स्की ह्वाइट हाउसमा भेटवार्ता गर्नुहुँदै ।**

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, कात्तिक १ गते*

अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले युक्रेनका राष्ट्रपति भ्लोदिमिर जेलेन्स्कीसँग ह्वाइट हाउसमा लामो भेटवार्तापछि युक्रेन र रुसलाई हालको सीमारेखामा युद्ध तुरुन्त रोक्न र त्यसलाई अन्त्य गर्न आग्रह गर्नुभएको छ।

"धेरै रगत बगिसकेको छ, अब दुवै पक्षले जितेको दाबी गर्न सक्छन् तर इतिहासले त्यसको निर्णय गर्ने छ," ट्रम्पले भन्नुभयो, "तपाईंहरू जहाँ हुनुहुन्छ, त्यहीँ रोकिनुहोस्, आफ्ना परिवारमा फर्कनुहोस् र शान्ति कायम राख्नुहोस्।" यसअघि केही हप्ताअघि ट्रम्पले युक्रेनले रुसबाट कब्जा गरेको सम्पूर्ण भूभाग फिर्ता लिन सक्ने विश्वास व्यक्त गर्नुभएको थियो तर हालको अभिव्यक्तिले उहाँको दृष्टिकोणमा केही परिमार्जन आएको अन्तर्राष्ट्रिय समाचार संस्था एपीले जनाएको छ। जेलेन्स्कीले भन्नुभयो, "अहिले नै युद्ध रोकिनु आवश्यक छ र त्यसपछि वार्ता अगाडि बढाउनु पर्छ।" तर ट्रम्पले युक्रेनलाई भूभाग फिर्ता दिन दबाब दिएकोसम्बन्धी प्रश्नमा उहाँले स्पष्ट जवाफ दिनुभएन।

ट्रम्पले रुसका राष्ट्रपति भ्लादिमिर पुटिनसँगको टेलिफोन वार्तापछि युक्रेनलाई लामो दुरीका टोमाहक क्षेप्यास्त्र उपलब्ध गराउने विषयमा केही अनिच्छा देखाउनुभएको छ। यी क्षेप्यास्त्रले युक्रेनी सेनालाई

» बाँकी पृष्ठ २ मा

# कामको दाम नपाउँदा नर्स पलायन

**सरोज ढुङ्गेल**
*काठमाडौँ, कात्तिक १ गते*

नेपालमा काम अनुसारको दाम पाउन नसक्दा नर्स विदेश पलायन हुन बाध्य छन्। प्रमाणपत्र तह अध्ययनका लागि सात लाख रुपियाँभन्दा बढी खर्च हुने र स्नातक तहको अध्ययनका लागि १५ लाखभन्दा बढी खर्च हुने गरेकोमा सरकार तथा निजी अस्पतालले अत्यन्त न्यून पारिश्रमिकमा काममा लगाएपछि नर्स धमाधम विदेश पलायन भइरहेका छन्।

करिस्मा शर्मा (नाम परिवर्तन) उपत्यकाको एक सरकारी अस्पतालमा नर्सिङ निर्देशकका रूपमा कार्यरत हुनुहुन्थ्यो। उहाँको तलबभत्ता सातौँ तहको थियो तर पनि नेपालमा भविष्य नदेखेपछि उहाँ केही समयअघि मात्र अमेरिका जानुभयो। करिस्मा एक उदाहरण हो, नेपालमा करिष्मा जस्ता हजारौँ नर्सिङ जनशक्ति पलायन भइरहेका छन्।

सरकारी अस्पतालमा नर्सको न्यूनतम तलब ३४ हजार ७३० रहेको छ। उक्त तलबदेखि असन्तुष्टि प्रकट गर्दै सरकारी तथा निजी अस्पतालमा कार्यरत हजारौँ नर्स पलायन भइरहेका छन्। अमेरिका, अस्ट्रेलिया, क्यानडा र युरोप मात्र होइन, पछिल्लो समय कुवेत, साउदी, दुबईलगायतका देशमा पनि पलायन हुने क्रम बढेको छ।

नेपाल नर्सिङ परिषद्को तथ्याङ्क अनुसार हरेक वर्ष एक हजारभन्दा बढी नर्स बिदेसिने गरेका छन्। परिषद्को तथ्याङ्कबाहेकका नर्स पनि विदेश जाने गरेका छन्। कतिपय नर्सिङ अध्ययन गर्न जाने र त्यहीँ कार्यरत छन्। नर्सिङ परिषद्का अनुसार २०८२ असार मसान्तसम्ममा ५० हजार ७७६ जना नर्सले विदेश जानका लागि अनुमतिपत्र (एनओसी) लिएका छन्।

### सरकारी सरह तलब दिन निर्देशन

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले निजी अस्पताल तथा मेडिकल कलेजमा कार्यरत नर्स तथा स्वास्थ्यकर्मीको पारिश्रमिक सरकारी सरह दिन निर्देशन गरे पनि हालसम्म सरकारी निर्देशनको




पालना हुन सकेको छैन।

पछिल्लो समय विभिन्न अस्पताल तथा मेडिकल कलेजमा कार्यरत नर्स कम पारिश्रमिक दिइएको भन्दै आन्दोलनमा उत्रिएका छन्। नर्स आन्दोलनमा उत्रिएपछि स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले निजी अस्पताललाई सरकारी सरह तलबभत्ताको व्यवस्था गर्न निर्देशन दिएको छ।

नेपालका मेडिकल कलेज तथा अस्पतालमा कार्यरत नर्सलाई ११ हजारदेखि तलबमा लगाएका छन्। सरकारले नर्सको आधारभूत तलब ३४ हजार ७३० तोकेको छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले नर्सिङ तथा स्वास्थ्यकर्मीको पारिश्रमिक सुविधाका सम्बन्धमा गत वर्ष २७ मङ्सिरमा भएको निर्णय तथा निर्देशन कार्यान्वयन गर्न स्वास्थ्य विज्ञान प्रतिष्ठान, सरकारी, सामुदायिक र निजी अस्पताल तथा मेडिकल कलेजलाई पाँचबुँदे निर्देशन दिएको छ। २०८१ मङ्सिर २७ गतेको निर्णय अनुसार जारी निर्देशन अझै पूर्ण रूपमा कार्यान्वयन नभएको भन्दै मन्त्रालयले अस्पतालहरूलाई तुरुन्त कार्यान्वयन गरी प्रतिवेदन मन्त्रालयमा बुझाउन निर्देशन दिएको हो।

नेपाल नर्सिङ सङ्घकी अध्यक्ष चन्द्रकला शर्माले नर्सको तलबभत्ता अत्यन्तै कम रहेको जानकारी दिनुभयो। उहाँले पछिल्लो समय मणिपाल मेडिकल कलेज र गण्डकी मेडिकल कलेजका नर्सलाई न्यून पारिश्रमिक दिने गरेको पाइएकाले सरकारलाई सङ्घका तर्फबाट ज्ञापनपत्र बुझाइएको बताउनुभयो। मन्त्रालयले स्वास्थ्यकर्मीलाई अनुभवको प्रमाणपत्र अनिवार्य रूपमा प्रदान गर्नुपर्ने र पारिश्रमिक बैङ्किङ प्रणालीमार्फत मात्र उपलब्ध गराउनुपर्ने व्यवस्था पनि स्पष्ट पारेको छ। मन्त्रालयले निर्देशन कार्यान्वयन नगर्ने अस्पताल र संस्थामाथि कारबाहीको प्रक्रिया अघि बढाइने चेतावनीसमेत दिएको छ।

### 'सरकारी सरह तलब दिन सक्दैनौँ'

यसैबिच नेपाल प्राइभेट मेडिकल तथा डेन्टल कलेज एसोसिएसनले नर्सलाई सरकारले तोकेबमोजिमको तलबभत्ता दिन नसक्ने पत्र स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयलाई पठाएको छ। एसोसिएसनका अध्यक्ष प्राडा ज्ञानेन्द्रमान सिंह कार्कीले सरकारले भन्दैमा नर्सलाई सरकारी सरह तलबभत्ता दिन नसक्ने प्रस्ट पार्नुभयो। उहाँले पाँच वर्ष नर्सले जागिर नछाड्ने प्रतिबद्धता गरे ४० हजार पुर्‍याउन सकिने बताउनुभयो। सबै सेवासुविधा सरकारी सरह चाहिन्छ भने निजी मेडिकल कलेजलाई सरकारीकरण गर्न उहाँले चेतावनी दिनुभयो।

### आइतबार सर्वपक्षीय छलफल

प्रधानमन्त्री सुशीला कार्कीले आन्दोलनरत नर्सका समस्या समाधान गर्न निर्देशन दिएपछि स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले सर्वपक्षीय छलफल सुरु गरेको छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले शुक्रबार सरोकारवाला पक्षका रूपमा आन्दोलनरत नर्सका प्रतिनिधि, नेपाल नर्सिङ सङ्घका प्रतिनिधि, निजी मेडिकल तथा डेन्टल

» बाँकी पृष्ठ २ मा

## पार्टी खोल्ने तयारीमा जेनजी अभियन्ता

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, कात्तिक १ गते*



**मिराज ढुङ्गाना**

जेनजी अभियन्ताले नयाँ राजनीतिक पार्टी खोल्ने तयारी गर्दै छन्। अभियन्ता मिराज ढुङ्गानाले देश विकासका लागि राजनीतिक दल खोल्ने तर पार्टीको नाम, विचार आदि तय भइनसकेको बताउनुभएको छ।

जेनजी अभियन्ताले शनिबार काठमाडौँमा राखेको पत्रकार सम्मेलनमा ढुङ्गानाले राजनीतिक पार्टी खोल्नु भनेको चुनाव लड्न मात्रै नभएको प्रस्ट पार्दै भन्नुभयो, "हामीले राजनीतिक पार्टी खोल्नुको अर्थ चुनावमा जान मात्र कदापि होइन। यसमा स्पष्ट होस्। भिडले राजनीति हुँदैन। कि त मैले

» बाँकी पृष्ठ २ मा

**अग्रलेख**



### राजनीतिक निकासको मूल बाटो

सरकारले भ्रष्टहरूलाई कानुनबमोजिम कारबाहीको दयारामा ल्याओस्। पीडितलाई न्याय दिलाउन आवश्यक कार्य गरोस्। सहिद, घाइते र तिनका परिवारलाई आवश्यक सम्मान, सुरक्षा, सुविधा देओस्। आन्दोलनका क्रममा निर्दोष नागरिकलाई पर्न गएको क्षति अध्ययन गरेर आवश्यक प्रबन्ध गरोस्।

● **रामनारायण विडारी**

» विचार पृष्ठ ४

१२५ वर्षमा

हाम्रो गौरव, राष्ट्रको पत्रिका

# गोरखापत्र

वि.सं. १९५८ देखि
निरन्तर प्रकाशित, बहुभाषी राष्ट्रिय दैनिक

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः । सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्जनः ।

gorkhapatraonline.com




कोहलपुर संस्करण | विवेचना | तिहारको सामाजिक महत्त्व | मुस्ताङमा आन्तरिक पर्यटकको ओइरो १४

वर्ष १२५ | अङ्क १६२ | २०८२ साल कात्तिक २ गते आइतबार | कार्तिक कृष्ण त्रयोदशी | नेपाल संवत् ११४५ कौलागा १३ | 2025 October 19 Sunday | पृष्ठ : १२+४ | मूल्य : दस रुपियाँ

### राष्ट्रपति पौडेल बहुपक्षीय विमर्शमा

# ‘निष्पक्ष र स्वतन्त्र निर्वाचनको वातावरण बनाऔँ’



तस्बिर : राष्ट्रपतिको कार्यालय

**राष्ट्रपति रामचन्द्र पौडेल अन्तरिम सरकारका प्रधानमन्त्री सुशीला कार्कीसहित मन्त्रीगण, सुरक्षा निकायका प्रमुखलगायतको सहभागितामा शनिबार राष्ट्रपतिको कार्यालय शीतल निवासमा छलफल गर्नुहुँदै ।**

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, कात्तिक १ गते*

राष्ट्रपति रामचन्द्र पौडेलले भयरहित वातावरणमा स्वतन्त्र, स्वच्छ र निष्पक्ष निर्वाचन हुन्छ भन्ने विश्वास दिलाउने वातावरण बनाउन सरकार र सुरक्षा निकायका प्रमुखलाई निर्देशन दिनुभएको छ ।

राष्ट्रपति भवन शीतल निवासमा शनिबार भएको छलफलमा राष्ट्रपति पौडेलले राजनीतिक दल र आमनागरिकलाई चुनावबारे आश्वस्त बनाउन निर्देशन दिनुभएको हो । छलफलमा अन्तरिम सरकारका प्रधानमन्त्री सुशीला कार्कीसहित मन्त्रीहरू र चारै सुरक्षा निकायका प्रमुखको सहभागिता थियो ।

राष्ट्रपति पौडेलले शान्तिसुरक्षा कायम गर्न र भयरहित वातावरणमा निर्वाचन गराउन सुरक्षा निकायले प्रभावकारी भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिनुभएको राष्ट्रपतिका प्रेस सल्लाहकार किरण पोखरेलले जानकारी दिनुभयो । राष्ट्रपति पौडेलले भदौ २४ गते लुटिएका हतियार र भागेका कैदीबन्दी सबैलाई अविलम्ब फिर्ता गर्न पनि आग्रह गर्नुभयो ।

प्रधानमन्त्री कार्कीले स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा चुनाव गराउन सरकारले कुनै कसर बाँकी नराख्ने बताउनुभयो । उहाँले पूर्ण तयारी र सुरक्षा निकायलाई चाहिने सम्पूर्ण स्रोतसाधन उपलब्ध गराउन सरकार प्रतिबद्ध रहेको बताउनुभयो ।

सुरक्षा निकाय प्रमुखले शान्तिसुरक्षा कायम गर्ने र भयरहित वातावरणमा निर्वाचन सम्पन्न गराउन सुरक्षा निकाय सक्षम रहेकाबारे आश्वस्त पार्नुभएको थियो । उहाँहरूले विगतमा योभन्दा कठिन परिस्थितिमा पनि शान्तिपूर्वक निर्वाचन सम्पन्न गराएको स्मरण गराउँदै सुरक्षा निकाय सम्पूर्ण रूपले निर्वाचनका लागि तयार रहेको पनि बताउनुभएको थियो । छलफलमा प्रधानमन्त्री कार्की, मन्त्रीहरू, प्रधान सेनापति अशोकराज सिग्देल, प्रहरी महानिरीक्षक चन्द्रकुबेर खापुङ, सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्याल र राष्ट्रिय अनुसन्धान विभागका प्रमुख टेकेन्द्र कार्कीको सहभागिता थियो । सरकारले आगामी फागुन २१ गते प्रतिनिधि सभाको निर्वाचनको मिति तोकेको छ । निर्वाचनलाई स्वतन्त्र, भयरहित र निष्पक्ष निर्वाचन गराउन आवश्यक तयारी गरिरहेको छ । निर्वाचन आयोगले पनि यसका लागि आवश्यक तयारी गरिरहेको जनाएको छ । पछिल्लो समय राष्ट्रपति पौडेलले पनि तोकिएकै मितिमा निष्पक्ष रूपमा निर्वाचन सम्पन्न हुने वातावरण बनाउन विभिन्न पक्षसँग संवाद गरिरहनुभएको छ ।

## सन्तोषजनक प्रगति : प्रधानमन्त्री

प्रधानमन्त्री सुशीला कार्कीले फागुन २१ मा निर्धारित प्रतिनिधि सभाको निर्वाचन सम्पन्न गर्ने दिशामा सन्तोषजनक प्रगति भएको जानकारी दिनुभएको छ । उहाँले शनिबार सामाजिक सञ्जाल एक्समा लेख्नुभएको छ, “तयारी अझै द्रुततर गतिमा अघि बढाइँदै छ । सहज राजनीतिक निकासका लागि निर्वाचन सम्पन्न गर्न सबै पक्ष जिम्मेवार र ऐक्यबद्ध रहौँ ।”

प्रधानमन्त्री कार्कीले राष्ट्रपति रामचन्द्र पौडेल, गृहमन्त्री ओमप्रकाश अर्याल र अन्य मन्त्रीसमेतको उपस्थितिमा चार वटै सुरक्षा निकायका प्रमुखसँग निर्वाचनको तयारी र सुरक्षा अवस्थाका विषयमा शनिबार शीतल निवासमा गम्भीर छलफल गरेको जानकारी दिनुभएको छ । उहाँले चुनावको वातावरण तयार गर्न भइरहेका प्रयासको समीक्षा भएको बताउनुभएको छ ।

उहाँले भन्नुभएको छ, “सबै सुरक्षा प्रमुखले उच्च मनोबलका साथ सुरक्षा व्यवस्था मिलाउन तयार रहेको जानकारी गराउनुभएको छ । चुनावको वातावरण बनाउन राजनीतिक तहबाटै पहलकदमी लिइएको छ । राजनीतिक दलसँग संवादको सुरुवात भएको छ ।”

### प्रबुद्ध समूहसँग राष्ट्रपतिको छलफल

राष्ट्रपति रामचन्द्र पौडेलले प्रबुद्ध एवं बौद्धिक अगुवासँग संवाद गर्नुभएको छ । राष्ट्रपति कार्यालय शितल निवासमा भएको संवादमा उहाँले देशको निकासका लागि प्रबुद्ध एवं बौद्धिक क्षेत्रका खबरदारी जारी रहनुपर्ने बताउनुभयो । राष्ट्रपति पौडेलले मुख्य तीन विषयमा परामर्श गर्नुभयो । उहाँले सरकारले घोषणा गरेको फागुन २१ गतेको निर्वाचन निष्पक्ष र भयरहित ढङ्गले सम्पन्न गर्नुपर्ने, राजनीतिक दलहरू निर्वाचनमा सहभागी हुनुपर्ने र जेनजीसँगै जनताको भावना अनुसार देश अघि बढ्नुपर्ने विषयमा संवाद गर्नुभयो ।

» बाँकी पृष्ठ २ मा

# नामोनिसान छैन त्रिविका यी जग्गाको



तीनसय पचहत्तर रोपनी विर्ता जग्गा
त्रिभुवन विश्वविद्यालयका निम्ति श्री ५ मुमा बडामहारानी-हरूबाट बक्सियो

काठमाडौं, आषाढ १७ गते । त्रिभुवन विश्व विद्यालय समितिबाट प्राप्त खवर अनुसार श्री ५ मुमा बडामहारानीहरू-बाट ३७५ रोपनी ललितपुर इलाकाको नीजि विर्ता जग्गा त्रिभुवन विश्व विद्यालयका लागि चन्दा स्वरूप बक्सैको छ ।

**२०१३ साल असार १७ गते गोरखापत्र दैनिकमै प्रकाशित समाचार ।**

**सूर्यप्रसाद पाण्डे**
*काठमाडौँ, कात्तिक १ गते*

त्रिभुवन विश्वविद्यालय (त्रिवि) स्थापनाको क्रममा दिइएको जग्गा अतिक्रमण तथा सीमा मिचिएका तथ्य सार्वजनिक भइरहँदा केही स्थानका जग्गाको अझैसम्म नामोनिसानसमेत भेटिएको छैन ।

२०१३ सालमा त्रिवि स्थापनाका लागि ललितपुरको लुभु, काठमाडौँको छाउनी, स्वयम्भू, महाराजगन्ज, काभ्रेको नगरकोटलगायतका स्थानमा जग्गा अध्ययन गरिएको थियो, जसमध्ये तत्कालीन श्री ५ मुमा बडामहारानीहरू कान्ति राज्यलक्ष्मी शाह र ईश्वरी राज्यलक्ष्मी शाहले ललितपुरको लुभुमा ३७५ रोपनी निजी बिर्ता जग्गा विश्वविद्यालय स्थापनाका लागि दिएका विभिन्न अभिलेखबाट देखिन्छ तर यो जग्गा अहिले कुन ठाउँमा छ र कसले भोगचलन गरिरहेको छ भन्ने सामान्य जानकारी कसैलाई पनि छैन ।

त्रिभुवन विश्वविद्यालयको जग्गा तथा अचल सम्पत्ति खोजबिन समितिको प्रतिवेदन, २०८१ ले पनि यसलाई उजागर गरेको छ । तत्कालीन अवस्थामा बडामहारानीहरूले जग्गा दिएको विषय २०१३ साल असार १७ गते गोरखापत्र दैनिकमै समाचार छापिएको छ । “त्रिविलाई जग्गा दिइएको भनेको क्षेत्रको धरातलीय यथार्थ बुझ्न विश्वविद्यालय कमिसनले २०१३ वैशाख २ गते निरीक्षण गरेको त्रिविकै पहलमा लेखिएको विश्वविद्यालयको इतिहास (२०१६–२०२०) सम्बन्धी पुस्तकमा उल्लेख छ,” प्रतिवेदनमा भनिएको छ ।

प्रतिवेदन अनुसार उक्त स्थानका लागि आवश्यक पर्ने पानी गोदावरी खोला, ढुङ्गेमती, गोपालडोल, श्री ढुङ्गमतीबाट पाइप बिछ्याउनका लागि पाइपलाइनको दुरीसमेत गणना गरेको र त्यसरी दिइएको जग्गा गोदावरी नौधाराबाट ३.५ माइल उत्तरपश्चिममा र गुन्डुमती १.५ माइल दक्षिण पश्चिम कुनामा रहेको विश्वविद्यालयको इतिहाससम्बन्धी पुस्तकमा उल्लेख गरिएको छानबिन समितिले प्रस्ट पारेको छ । साथै २०१३ असार १४ गते कमिसनको नारायणहिटीमा बसेको बैठकले उक्त जग्गामा आवासीय विश्वविद्यालयसमेत स्थापना गर्न सकिने र उक्त जग्गा विश्वविद्यालयको कार्यमा राखिदिने निर्णय गरिएको विविध अभिलेखबाट पुष्टि भएको समितिको प्रतिवेदनमा छ तर समितिले गत वर्ष उक्त जग्गाबारेमा स्थानीयको सहयोगमा लुभु क्षेत्रको अवलोकन गरे पनि जग्गा यकिन हुन नसकेको बताएको छ । नापी कार्यालय ललितपुरको फिल्डबुकमा पनि साबिक लुभु पञ्चायत वडा नं. ९ (क) का विभिन्न कित्ताका जग्गा किसानले कमाइरहेको देखिएको थियो । २०२१ साल फागुनको नापी अनुसार जग्गावाला किसानको नाम, थर, वतन महलमा श्री ५ जिजुमुमा बडामहारानीको निजी बिर्ता जग्गा भनी उल्लेख भएको प्रमाण भेटिएको थियो ।

> तत्कालीन श्री ५ मुमा बडामहारानीहरू कान्ति राज्यलक्ष्मी शाह र ईश्वरी राज्यलक्ष्मी शाहले ललितपुरको लुभुमा ३७५ रोपनी निजी बिर्ता जग्गा विश्वविद्यालय स्थापनाका लागि दिएका विभिन्न अभिलेखबाट देखिन्छ तर यो जग्गा अहिले कुन ठाउँमा छ र कसले भोगचलन गरिरहेको छ भन्ने सामान्य जानकारी कसैलाई पनि छैन ।

साथै किसानको बेहोरामा पनि यो जग्गा श्री ५ बडा महारानीको बिर्ता हो मैले जोती खाएको भन्ने बेहोरा उल्लेख भएको पनि समितिका सदस्य बल्लभ अधिकारीले जानकारी दिनुभयो । यी सबै तथ्य केलाउँदा उक्त जग्गाको भौगोलिक अवस्थिति खोजबिन गर्न अझै केही समय लाग्ने देखिएको तर समितिको कार्यावधि सकिएकाले पूरा गर्न नसकिएको समितिले जनाएको छ । त्रिविले छुट्टै खोजबिन समिति गठन गरी थप अध्ययन गर्न उपयुक्त हुने सुझाव समितिले दिएको छ ।

» बाँकी पृष्ठ २ मा

**» अन्तर्राष्ट्रिय**

## युद्ध रोक्न र शान्ति स्थापना गर्न आग्रह



**अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्प र युक्रेनका राष्ट्रपति भ्लोदिमिर जेलेन्स्की ह्वाइट हाउसमा भेटवार्ता गर्नुहुँदै ।**

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, कात्तिक १ गते*

अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले युक्रेनका राष्ट्रपति भ्लोदिमिर जेलेन्स्कीसँग ह्वाइट हाउसमा लामो भेटवार्तापछि युक्रेन र रुसलाई हालको सीमारेखामा युद्ध तुरुन्त रोक्न र त्यसलाई अन्त्य गर्न आग्रह गर्नुभएको छ ।

“धेरै रगत बगिसकेको छ, अब दुवै पक्षले जितेको दाबी गर्न सक्छन् तर इतिहासले त्यसको निर्णय गर्ने छ,” ट्रम्पले भन्नुभयो, “तपाईंहरू जहाँ हुनुहुन्छ, त्यहीँ रोकिनुहोस्, आफ्ना परिवारमा फर्कनुहोस् र शान्ति कायम राख्नुहोस् ।” यसअघि केही हप्ताअघि ट्रम्पले युक्रेनले रुसबाट कब्जा गरेको सम्पूर्ण भूभाग फिर्ता लिन सक्ने विश्वास व्यक्त गर्नुभएको थियो तर हालको अभिव्यक्तिले उहाँको दृष्टिकोणमा केही परिमार्जन आएको अन्तर्राष्ट्रिय समाचार संस्था एपीले जनाएको छ । जेलेन्स्कीले भन्नुभयो, “अहिले नै युद्ध रोकिनु आवश्यक छ र त्यसपछि वार्ता अगाडि बढाउनु पर्छ ।” तर ट्रम्पले युक्रेनलाई भूभाग फिर्ता दिन दबाब दिएकोसम्बन्धी प्रश्नमा उहाँले स्पष्ट जवाफ दिनुभएन ।

ट्रम्पले रुसका राष्ट्रपति भ्लादिमिर पुटिनसँगको टेलिफोन वार्तापछि युक्रेनलाई लामो दुरीका टोमाहक क्षेप्यास्त्र उपलब्ध गराउने विषयमा केही अनिच्छा देखाउनुभएको छ । यी क्षेप्यास्त्रले युक्रेनी सेनालाई

» बाँकी पृष्ठ २ मा

# कामको दाम नपाउँदा नर्स पलायन

**सरोज ढुङ्गेल**
*काठमाडौँ, कात्तिक १ गते*

नेपालमा काम अनुसारको दाम पाउन नसक्दा नर्स विदेश पलायन हुन बाध्य छन् । प्रमाणपत्र तह अध्ययनका लागि सात लाख रुपियाँभन्दा बढी खर्च हुने र स्नातक तहको अध्ययनका लागि १५ लाखभन्दा बढी खर्च हुने गरेकोमा सरकार तथा निजी अस्पतालले अत्यन्त न्यून पारिश्रमिकमा काममा लगाएपछि नर्स धमाधम विदेश पलायन भइरहेका छन् ।

करिस्मा शर्मा (नाम परिवर्तन) उपत्यकाको एक सरकारी अस्पतालमा नर्सिङ निर्देशकका रूपमा कार्यरत हुनुहुन्थ्यो । उहाँको तलबभत्ता सातौँ तहको थियो तर पनि नेपालमा भविष्य नदेखेपछि उहाँ केही समयअघि मात्र अमेरिका जानुभयो । करिस्मा एक उदाहरण हो, नेपालमा करिष्मा जस्ता हजारौँ नर्सिङ जनशक्ति पलायन भइरहेका छन् ।

सरकारी अस्पतालमा नर्सको न्यूनतम तलब ३४ हजार ७३० रहेको छ । उक्त तलबदेखि असन्तुष्टि प्रकट गर्दै सरकारी तथा निजी अस्पतालमा कार्यरत हजारौँ नर्स पलायन भइरहेका छन् । अमेरिका, अस्ट्रेलिया, क्यानडा र युरोप मात्र होइन, पछिल्लो समय कुबेत, साउदी, दुबईलगायतका देशमा पनि पलायन हुने क्रम बढेको छ ।

नेपाल नर्सिङ परिषद्को तथ्याङ्क अनुसार हरेक वर्ष एक हजारभन्दा बढी नर्स बिदेसिने गरेका छन् । परिषद्को तथ्याङ्कबाहेकका नर्स पनि विदेश जाने गरेका छन् । कतिपय नर्सिङ अध्ययन गर्न जाने र त्यहीँ कार्यरत छन् । नर्सिङ परिषद्का अनुसार २०८२ असार मसान्तसम्ममा ५० हजार ७७६ जना नर्सले विदेश जानका लागि अनुमतिपत्र (एनओसी) लिएका छन् ।

### सरकारी सरह तलब दिन निर्देशन

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले निजी अस्पताल तथा मेडिकल कलेजमा कार्यरत नर्स तथा स्वास्थ्यकर्मीको पारिश्रमिक सरकारी सरह दिन निर्देशन गरे पनि हालसम्म सरकारी निर्देशनको




पालना हुन सकेको छैन ।

पछिल्लो समय विभिन्न अस्पताल तथा मेडिकल कलेजमा कार्यरत नर्स कम पारिश्रमिक दिइएको भन्दै आन्दोलनमा उत्रिएका छन् । नर्स आन्दोलनमा उत्रिएपछि स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले निजी अस्पताललाई सरकारी सरह तलबभत्ताको व्यवस्था गर्न निर्देशन दिएको छ ।

नेपालका मेडिकल कलेज तथा अस्पतालमा कार्यरत नर्सलाई ११ हजारदेखि तलबमा लगाएका छन् । सरकारले नर्सको आधारभूत तलब ३४ हजार ७३० तोकेको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले नर्सिङ तथा स्वास्थ्यकर्मीको पारिश्रमिक सुविधाका सम्बन्धमा गत वर्ष २७ मङ्सिरमा भएको निर्णय तथा निर्देशन कार्यान्वयन गर्न स्वास्थ्य विज्ञान प्रतिष्ठान, सरकारी, सामुदायिक र निजी अस्पताल तथा मेडिकल कलेजलाई पाँचबुँदे निर्देशन दिएको छ । २०८१ मङ्सिर २७ गतेको निर्णय अनुसार जारी निर्देशन अझै पूर्ण रूपमा कार्यान्वयन नभएको भन्दै मन्त्रालयले अस्पतालहरूलाई तुरुन्त कार्यान्वयन गरी प्रतिवेदन मन्त्रालयमा बुझाउन निर्देशन दिएको हो ।

नेपाल नर्सिङ सङ्घकी अध्यक्ष चन्द्रकला शर्माले नर्सको तलबभत्ता अत्यन्तै कम रहेको जानकारी दिनुभयो । उहाँले पछिल्लो समय मणिपाल मेडिकल कलेज र गण्डकी मेडिकल कलेजका नर्सलाई न्यून पारिश्रमिक दिने गरेको पाइएकाले सरकारलाई सङ्घका तर्फबाट ज्ञापनपत्र बुझाइएको बताउनुभयो । मन्त्रालयले स्वास्थ्यकर्मीलाई अनुभवको प्रमाणपत्र अनिवार्य रूपमा प्रदान गर्नुपर्ने र पारिश्रमिक बैङ्किङ प्रणालीमार्फत मात्र उपलब्ध गराउनुपर्ने व्यवस्था पनि स्पष्ट पारेको छ । मन्त्रालयले निर्देशन कार्यान्वयन नगर्ने अस्पताल र संस्थामाथि कारबाहीको प्रक्रिया अघि बढाइने चेतावनीसमेत दिएको छ ।

### ‘सरकारी सरह तलब दिन सक्दैनौँ’

यसैबिच नेपाल प्राइभेट मेडिकल तथा डेन्टल कलेज एसोसिएसनले नर्सलाई सरकारले तोकेबमोजिमको तलबभत्ता दिन नसक्ने पत्र स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयलाई पठाएको छ । एसोसिएसनका अध्यक्ष प्राडा ज्ञानेन्द्रमान सिंह कार्कीले सरकारले भन्दैमा नर्सलाई सरकारी सरह तलबभत्ता दिन नसक्ने प्रस्ट पार्नुभयो । उहाँले पाँच वर्ष नर्सले जागिर नछाड्ने प्रतिबद्धता गरे ४० हजार पुऱ्याउन सकिने बताउनुभयो । सबै सेवासुविधा सरकारी सरह चाहिन्छ भने निजी मेडिकल कलेजलाई सरकारीकरण गर्न उहाँले चेतावनी दिनुभयो ।

### आइतबार सर्वपक्षीय छलफल

प्रधानमन्त्री सुशीला कार्कीले आन्दोलनरत नर्सका समस्या समाधान गर्न निर्देशन दिएपछि स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले सर्वपक्षीय छलफल सुरु गरेको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले शुक्रबार सरोकारवाला पक्षका रूपमा आन्दोलनरत नर्सका प्रतिनिधि, नेपाल नर्सिङ सङ्घका प्रतिनिधि, निजी मेडिकल तथा डेन्टल

» बाँकी पृष्ठ २ मा

## पार्टी खोल्ने तयारीमा जेनजी अभियन्ता

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, कात्तिक १ गते*



**मिराज ढुङ्गाना**

जेनजी अभियन्ताले नयाँ राजनीतिक पार्टी खोल्ने तयारी गर्दै छन् । अभियन्ता मिराज ढुङ्गानाले देश विकासका लागि राजनीतिक दल खोल्ने तर पार्टीको नाम, विचार आदि तय भइनसकेको बताउनुभएको छ ।

जेनजी अभियन्ताले शनिबार काठमाडौँमा राखेको पत्रकार सम्मेलनमा ढुङ्गानाले राजनीतिक पार्टी खोल्नु भनेको चुनाव लड्न मात्रै नभएको प्रस्ट पार्दै भन्नुभयो, “हामीले राजनीतिक पार्टी खोल्नुको अर्थ चुनावमा जान मात्र कदापि होइन । यसमा स्पष्ट होस् । भिडले राजनीति हुँदैन । कि त मैले

» बाँकी पृष्ठ २ मा

**अग्रलेख**



### राजनीतिक निकासको मूल बाटो

सरकारले भ्रष्टहरूलाई कानुनबमोजिम कारबाहीको दयारामा ल्याओस् । पीडितलाई न्याय दिलाउन आवश्यक कार्य गरोस् । सहिद, घाइते र तिनका परिवारलाई आवश्यक सम्मान, सुरक्षा, सुविधा देओस् । आन्दोलनका क्रममा निर्दोष नागरिकलाई पर्न गएको क्षति अध्ययन गरेर आवश्यक प्रबन्ध गरोस् ।

● **रामनारायण विडारी**

» विचार पृष्ठ ४